CC-0. In Public Domain. Digitization by eGangotri



पशुपतिमा सात दिन

डा. विष्णु दहाल

CC-0. Mumukshu Bhawan Varanasi Collection. Digitized by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिमा
सात दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिमा
सात दिन

डा. विष्णु दहाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिमा सात दिन

© डा. विष्णु दहाल

संस्करण : पहिलो, २०७३ फागुन
मुद्रण : स्थापित अफसेट प्रेस
मूल्य : रु. ३२५/-

मण्डप बुक्स
भृकुटीमण्डप, काठमाडौं
सम्पर्क फोनः ९८४१-६७१९७८
mandapbooks@gmail.com

ISBN : 978-9937-9127-2-3

यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक अनधिकृत रूपमा कुनै पनि माध्यमद्वारा पुनरुत्पादन गर्न पाइनेछैन । शैक्षिक वा प्राज्ञिक प्रयोजनका लागि प्रकाशकको लिखित स्वीकृति अनिवार्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धन्यवाद

मिति २०६५ पुष १७ गतेदेखि २३ गतेसम्म श्रीपशुपतिनाथको अर्चा पूजा, आराधना र गुप्त साधना गरेर बचेका क्षणमा लिपिबद्व केही अंशहरूलाई पुस्तक आकार दिने मण्डप बुक्सका राजकुमार गजुरेलको उत्कट चाहना मैले अनुभव गरें । मेरा गाउँले भाइ राजकुमारमा केही विशेष प्रतिभा लुकेर बसेको छ । आराध्य भगवान् श्रीपशुपतिनाथको कृपाले त्यो प्रकल्पना खुलस्त बनेर उदित होस् भन्ने मेरो इच्छा छ ।

संक्षेपमा यसभित्र धेरै विषयहरू घोषित छन् । अध्यात्म इतिहास, धर्म, दर्शन, समाज, संस्कृति, राजनीति र व्यक्तिको आस्था एवं विश्वास यसमा समावेश छन् । पाशुपत शैव धर्म र दर्शनको विशिष्ट र पवित्र धाममा भएको महत्त्वपूर्ण परिवर्तनबारे यसमा केही शब्दहरू छन् । पात्र र अनुभूति प्रधान छ । शब्द दोहोरिएका छन् । अरूका शब्दहरू पनि यसमा संग्रहित भएका छन् ।

श्रीपशुपतिनाथको भट्ट प्रकरणको विषयलाई लिएर विभिन्न पत्रपत्रिका, रेडियो, टेलिभिजनलगायत सञ्चार माध्यमबाट मेरा विचार र धारणा प्रसारण गर्नुहुने महानुभावप्रति हार्दिक कृतज्ञ छु । सञ्चारकर्मीहरूले मेरा विचार प्रवाह गर्ने अवसर दिनुभयो । श्रीपशुपतिनाथको पुजारी नियुक्त सम्बन्धमा आमजनलाई सु-सूचित गर्नुभयो ।

मलाई पाशुपत साधनामा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नुहुने मित्रहरूको स्वास्थ्य, सामर्थ्य र निर्भयता बढेर जाओस् भन्ने कामना गर्दछु । आस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र अनुराग फैलियोस् भन्ने अपेक्षा राख्दछु । साथै श्रीपशुपतिनाथको भट्ट प्रकरणमा आफ्नो मन, वचन र कर्मले योगदान पुऱ्याउने सबै देशभक्त धर्म र संस्कृतिप्रेमी महानुभावहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस पुस्तकभित्र रहेका मुख्य, गौण र अवान्तर विषय छुट्याउने र अझै बृहत रूपमा नयाँ ढंगले लिपिबद्ध गर्नु आवश्यक छ भन्ने विषय मैले महसुस गरेको छु ।

डा. विष्णु दहाल
पाशुपत क्षेत्र, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

खण्ड १ : श्रीपशुपतिनाथको यात्रा ९

प्राध्यापकबाट पुजारी ९
श्रीपशुपतिनाथमा सात दिन १०
गुप्तवासको अन्त्य १५
मन्दिरको ढोका खुल्यो २०
भेटीको कारण विवाद २४
पुजारीमा चयन र पृष्ठभूमि ३४
एक्लै पूजा आराधना ३६
राजनैतिक पार्टीहरूको भूमिका ३८
भारतीय भट्टको सत्ता र परिवर्तन ४२
वेदको कसीमा पूजा ४६
भण्डारीको चयन प्रक्रिया ४८
श्रीपशुपतिनाथमा राष्ट्रियताको लडाइँ ५१
श्रीपशुपतिनाथ र धर्म ५६
अबको यात्रा वैदिक साम्यवाद ५८

खण्ड २ : पशुपतितत्त्व र आध्यात्मिक अनुशासन ६३

सम्पदाको वैशिष्ट ६३
पाशुपत स्वरूप ६५
मुद्राको प्रयोग ६६
न्यासविधि ६८
यन्त्रविज्ञान ६८
पूजा र अनुहार ७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्य कर्म र विहित विधि	७१
आस्थाको जीवन	७३
ऋतम्भरा प्रज्ञाको खोज	७६
दीक्षा र मन्त्रदान	८२
महाविद्या र मुद्राविज्ञान	८६
तन्त्र र आगमको अनुभव	९०
सनातन सदाशिव	९३
पशुपति तत्त्व र बिन्दु साधना	९६
गुरुको सर्वलौकिक सत्ता	१०१
मन्दिर र भगवान्	१०३
श्रीपशुपतिनाथ र श्रीविद्या	१०५
षट्चक्र र महात्रिपुर सुन्दरी	१०८
जोगीको पूजा पद्धति	११०
प्रर्यावरण र मानवताको संश्लेषण	१११
योग र तन्त्रको समन्वय	११२
प्रतिपाद्य विषय र भावभूमि	११३
साधना र नाडी विज्ञान	११७
दण्ड र शरीरको परिचय	१२०
जोगीको कर्तव्य र चक्र चिन्तन	१२२
क्रमबद्ध प्रणालीको अन्त्य	१२५
साधनामा महाविधाको प्रयोग	१२६
भक्तभाज चन्दने बाहुन	१२९
लोसेको पाशुपत परिक्रमा	१३१
ज्योतिर्मय मनुज ब्रह्मचारी	१३६
परिशिष्ट १ : पाशुपत क्षेत्र	१३९
परिशिष्ट २ : हालसम्म श्रीपशुपतिनाथ मन्दिरमा मूलभट्टको कार्य सम्पादन गर्ने भट्टपुजारीहरू	१४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड १

श्रीपशुपतिनाथको यात्रा

प्राध्यापकबाट पुजारी

२०६५ साल पुष १३ मा मलाई श्रीपशुपतिनाथ मन्दिरको उत्तर मुख वामदेवको पूजा गर्न भनी पुजारीको नियुक्ति दिइयो । नियुक्तिपत्र कहिलेसम्मको र सेवा सुविधा के हुने उल्लेख थिएन । श्रीपशुपतिनाथका ६ मुख छन् । त्यसमध्ये उत्तरको जिम्मा मैले पाएँ । राजीनामा दिनुअगाडि उत्तरमुखको पूजा कृष्ण भट्टले गर्ने गरेका थिए । ६ मुखमध्ये मुलभट्टले पश्चिम, उर्ध्व र अधःमुखको पूजा गर्ने गर्छन् । अरु सहायक भट्टले अन्य मुखको पूजा गर्ने परम्परा विद्यमान छ । नियुक्ति पाएँ । खुसी लाग्यो । अहिलेसम्म कुनै नेपालीले नपाएको सौभाग्य मलाई मिल्दै थियो । म श्रीपशुपतिनाथको गर्भगृहमा प्रवेश गरेर श्रीको स्पर्श मात्र होइन पूजा गर्न जाँदै थिएँ ।

पुस १४ देखि १७ गते बिहानसम्म म श्रीपशुपतिनाथ मन्दिर परिसरभित्र गुप्तवासमा बसें । पहिला-पहिला गुप्तवासमा बसेको अन्य भट्टलाई सहयोग गर्न कार्यरत भट्टहरू आउँथे । तर, म तीन रात, चार दिन बस्दा उनीहरूले वास्तै गरेनन् । त्यो देहशुद्धिका लागि गुप्तवास थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथमा सात दिन

मेरो जन्म नुवाकोटको जिलिङ्ङ १ मा २०२८ साल फागुनमा भएको हो । तर, सन् र सम्वत् मिलाउने क्रममा तलमाथि परेर २०२९ कात्तिक लेखियो । मेरो परिवारमा आमा, श्रीमती र छोरा-छोरी छन् । हामी पुस्तौंदेखि नै पण्डित हौं । म तेह्रौं पुस्तामा छु अहिले ।

मेरो प्रारम्भिक अध्ययन वागेश्वरी प्रावि जिलिङमा भएको हो । त्यहाँ तीन कक्षा सम्म पढें । रणभुवनेश्वरी मा.वि (हाल क्याम्पस) नुवाकोट देवीघाटमा पाँच कक्षासम्म अध्ययन गरें । त्यस पछि म २०३८ सालमा काठमाडौं आएँ । महर्षि महेश योगीले खोलेको महर्षि वेद विज्ञान विद्यापीठ, शान्तभवन, ललितपुरमा भर्ना भएँ । संस्कृत पढाई हुने आवासीय विद्यापीठ थियो त्यो । सबै निःशुल्क थियो । २०४१ सालमा आन्तरिक विवादका कारण संस्था टुट्यो । तर, त्यो विद्यापीठले मेरो संस्कृतको राम्रो पुर्वाधार बनाइदियो ।

विद्यापीठ बन्द भएपछि ०४१ सालमै म काशीतिर लागें । त्यस पछिका १२ बर्ष म काशीमा बसें ।

काशीमा मेरो अध्ययनको प्रारम्भ त्रिपुराभैरवी घाटमा रहेको विश्वनाथ संस्कृत पाठशालाबाट भयो । त्यहाँ भारत, नेपाल र भुटानका गरी १२–१५ जना विद्यार्थी थियौं । मैले पूर्वमध्यमा र उत्तरमध्यमा त्यही पाठशालाबाट पास गरें । त्यसपछि मैले दक्षिणामूर्ति संस्कृत महाविद्यालयमा अध्ययन गरें । त्यहाँ एक वर्ष संस्कृत व्याकरणाशास्त्रमा शास्त्री प्रथम वर्ष पढें । त्यसपछि सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको अन्तर्राष्ट्रिय छात्रावासमा बसेर शास्त्री दोस्रो र तेस्रो वर्ष सकें । यो बनारसको प्रमुख शिक्षण संस्था मानिन्छ । यसको झण्डै तीन सय पचास वर्षको इतिहास छ । त्यहींबाट मैले नागरिक शास्त्रमा वि.एड्. गरें । आचार्य प्रथम र दोस्रो वर्ष, प्रथम श्रेणीमा उत्तीर्ण गरें । यो ५२ सालसम्मको कुरा भयो ।

सन् १९९७ मा 'पाणिनि' व्याकरणमा बौद्ध आचार्यले गरेको व्याख्यानको समीक्षा' विषयमा पिएच्डीका लागि आवेदन दिएँ । त्यस क्रममा मैले बौद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन, तन्त्र, भारतीय दर्शन र संस्कृत वाङ्मयका अरु विधा पढें । दर्ता गराएपछि शोध प्रबन्धका अन्य विधाको पर्याप्त अध्ययन गरें । पिएच्डी पुरा नहुँदै म नेपाल फर्के । स्थायी दर्ता गरेको दुई वर्षमा मेरो विद्यावारिधि सकियो र सन् १९९९ मा मैले विधावारिधिको उपाधि पाएँ । त्यसपछि मैले नेपालमा पुरातत्त्व विभाग राष्ट्रिय अभिलेखालयमा रहेका पुराना पाण्डुलिपिको अध्ययन गरें ।

भारतको बनारस पढ्दा अध्ययन सँगै सामाजिक कार्यमा संलग्न थिएँ । यो सन् १९९४ तिरको कुरा हो । त्यतिबेला केही भारतीय मन्थे - नेपालको धर्म, संस्कृति र राजनीति सबै भारतबाट सञ्चालित हुन्छ । नेपालको छुट्टै अस्तित्त्व कहाँ छ ? श्रीपशुपतिनाथमा त एउटा पनि नेपाली पुजारी छैन । तिम्रा भगवान् पनि तिम्रो पहुँच भन्दा टाढा छन् । भारतीयले भोग नदिए तिम्रा भगवान्ले पनि खान पाउँदैनन् । नेपालीको इष्ट हुँदैन । वेद तन्त्र जान्दैनन् । नेपाली आध्यात्मिक पनि हुँदैनन् ।

नेपालीको नियम-निष्ठा, आहार-विहार सबै तामसिक प्रकृतिको छ । उनीहरूले यसरी भनिरहँदा मलाई असाध्यै तनाव हुन्थ्यो । आखिर किन यस्तो नकारात्मक भाव फैलियो । म यसको खोजीमा लागें । धर्म र सत्कर्मको मार्ग त मैले अवलम्वन गरिरहेकै थिएँ । खोज्दै जाँदा श्रीपशुपतिनाथको पूजाविधि पनि पत्ता लगाएँ ।

म बनारस बस्दा भारतका विभिन्न आन्दोलनमा सहभागी भएँ । भुटान, गोर्खाल्यान्ड र उत्तराखण्ड आन्दोलन विशेष उल्लेखनीय छन् । म अन्तर्राष्ट्रिय छात्रवासमा बस्थें । जहाँ धेरै देशका विद्यार्थीहरू बौद्ध दर्शन लगायत संस्कृतका अन्य विषय अध्ययन गर्नका लागि आउँथे । मेरो प्रतिभा र व्यवहारलाई नजिकबाट नियालेपछि उनीहरू मध्ये लुंग्तेन ग्याछो र भन्ते रत्नसारले ५ वर्षका लागि अमेरिका र जापानमा खाने, बस्ने र पढ्ने व्यवस्था मिलाइदिने कुरा गरे । संस्कृतको यति ठूलो अध्ययन र अन्तर्राष्ट्रिय आन्दोलनमा संलग्न हुने भएपछि नेपाल फर्किने सोच नराख । यो विशेष सुविधाका लागि आग्रह भइरहँदा मैले स्वदेश फर्किने निर्णय गरें । भारतबाट अमेरिका वा जापान जाने प्रस्तावलाई छोडिदिएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनारसमा १२ वर्ष बसेर अध्ययन अनुसन्धान गरेपछि म २०५३ साल तिर जनकपुर आएँ । नेपाल भारतको सिमाना दशगजा छेउ महेन्द्र संस्कृत विश्वविद्यालयको आङ्गिक विद्यापीठ याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानी महोत्तरीमा पाणिनि व्याकरण पढाउन थालें । ०५३ देखि ०५९ सालसम्म मैले त्यहाँ पढाएँ । पछि ३ वर्ष केन्द्रीय विद्यापीठ वेलझुण्डी दाङमा पनि संस्कृत व्याकरण पढाएँ । बनारसको टीकामाणी संस्कृत कलेज र काठमाडौंको वाल्मीकि विद्यापीठमा समेत प्राध्यापन गरें । भारतमा पढाइ पूरा गरेपछि मैले स्वदेशमै अध्यापन पेसा थालें ।

२०६४ माघ १५ देखि पुरातत्त्व विभाग राष्ट्रिय अभिलेखालय, रामशाह पथमा व्याकरणसँग सम्बन्धित पुराना अभिलेखहरू, हस्तलिखित भोजपत्र, ताम्रपत्र र ताडपत्रलगायत सामग्रीको अध्ययन गर्न र सूचीपत्र तयार गर्न काजमा आएँ । पुजारीमा नियुक्ति हुनुअगाडिसम्म म त्यहीं कार्यरत थिएँ ।

म विभागीय काम गरिरहेको वेला पशुपति क्षेत्र विकास कोषमा २०६५ कात्तिकमा सम्पर्क भयो । मेरो सम्पर्कसूत्र हुनुहुन्थ्यो प्रा. डा. ऋषिप्रसाद शर्मा । उहाँलाई कोषका अधिकारीले पुजारी खोज्न सम्पर्क गरेका रहेछन् । श्रीपशुपतिनाथमा भट्टहरूले राजीनामा दिएपछि त्यहाँ राजसी ठाँटको पूजाविधि जानेको पुजारी चाहिएको रहेछ । डा. शर्मा र मेरो २०४० साल देखिकै सम्पर्क हो । त्यसैले उहाँसँग मेरो बारम्बार भेट भइरहन्थ्यो । कहिले पुरातत्त्व विभाग, कहिले नेपाल भारत सांस्कृतिक केन्द्र त कहिले रसियन लाइब्रेरीमा ।

भेटकै क्रममा उहाँले मलाई श्रीपशुपतिनाथमा पुजारीले राजीनामा दिएछन्, विधि जानेको नेपाली चाहिएको रहेछ, तपाई गर्न सक्नुहुन्छ भने म प्रस्ताव गर्छु भन्नुभयो । मैले एउटा नेपालीले श्रीपशुपतिनाथमा पसेर पूजा गर्ने अवसर पाउनु अहोभाग्य हो, म सक्षम छु भनें र स्वीकार गरें । मैले उहाँलाई सुरूदेखि नै मन्त्र र तन्त्रविद्याको पनि अध्ययन गर्दै आएको छु भनि जानकारी गराएँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथको पूजा सामान्य होइन भन्ने मलाई ज्ञान थियो । मैले त्यहाँको सबै विधि विज्ञान पत्ता लगाइसकेको थिएँ । श्रीपशुपतिनाथका जानकार र तन्त्रविद्याका साधक गिरधारी भट्टलाई भेटें । करिब १५ दिन लाग्यो मलाई यसको बाँकी विषय जानकारी लिन । दिनको तीन घण्टा मात्र सुतियो ती दिन । हुन त दैनिक अध्ययन गर्ने मेरो बानी नै हो । तर, ती १५ दिनमा अति नै खोज गरेर पढियो । पूजाविधिका सबै सामग्री र विधिको गहन अध्ययन गरें ।

'यतिदण्डैश्वर्य विधानम्' बारे पनि बुझें । त्यसवेला पशुपति क्षेत्र विकास कोषमा पनि यो विधान के रहेछ भन्ने प्रश्न उठेको रहेछ । रहेछ के भने, पहिला श्रीपशुपतिनाथमा दण्डी सन्यासी पुजारी रहेछन् । तिनले भगवान्लाई पनि नढोग्ने । पूजा गरिसकेपछि दण्डले ट्वाक्क हान्ने । पछि यो परम्परा हट्यो । मैले त्यो किताबपनि पढें । सन्यासीहरूको विभूति, तत्त्व, साधना र सिद्धिमा विभक्त त्यो गहन अनुसन्धानमूलक पुस्तकमा रहेको पूजाविधि र न्यास, विनियोगादि सबै पढें ।

श्रीपशुपतिनाथमा पूजा तीन किसिमले हुने गर्छ । यद्यपि षट्चक्रको यौगिक मान्यता अनुसार फलश्रुतिलाई हेर्दा छ प्रकारको क्रम निश्चित भएपनि त्यसलाई स्थूलरूपले तीन श्रेणीमा विभाजन गर्ने गरिएको छ । एउटा, सृष्टिक्रमअनुसार– यस्तो पूजा ब्रह्मचारीले गर्छन् । अर्को, स्थिति क्रमअनुसार । यो गृहस्थीले गर्छन् । अर्को, संहारक क्रमअनुसारको पूजा जुन सन्यासीले गर्छन् । 'यतिदण्डैश्वर्य विधानम्' को पूजा सन्यासीले गर्ने गर्छन् । हामी गृहस्थीले गर्ने पूजा स्थितिक्रम अनुसारको हो । भारतीय भट्टहरूले पनि जानी नजानी त्यही विधिमा पूजा गर्छन् ।

थप विधाको बारेमा जानकारी लिन म संस्कृतिविद्हरूको सान्निध्यमा गएँ । मन्त्रमहार्णव र श्रीयन्त्र एवं मुद्रा विज्ञानबारे मैले धेरै ग्रन्थ अध्ययन गरिसकेको थिएं । श्रीयन्त्र र मुद्राबारे मेरो आत्मविश्वास पुष्ट भइसकेको थियो । त्यो बेला म राति दुई-तीन घन्टाभन्दा सुतिनँ । बाह्र बजे सुत्थें र तीन बजे उठ्थें । अब मलाई पूर्णरूपमा आत्मविश्वास बढेकाले मैले प्रा. डा. ऋषिप्रसाद शर्मालाई भेटेर भनें -'हुन्छ म तयार छु ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो वेलासम्म मैले कोषका कुनै पदाधिकारीसँग भेटेको थिइनँ । मैले हुन्छ भनेपछि प्रा. डा. ऋषिप्रसाद शर्माले आफ्नो ज्ञानेश्वरस्थित निवासमा मलाई बोलाउनु भयो । उहाँको निवासमा कोषका सदस्य-सचिव श्रीपरमानन्द शाक्यजी हुनुहुन्थ्यो । यो त्यस्तै ७ पुस २०६५ तिरको कुरा हो ।

शाक्यजीले मलाई श्रीपशुपतिनाथको पूजाविधिका बारेमा केही प्रश्न गर्नुभयो । वहाँले तन्त्र, मन्त्र, मुद्रा, यन्त्र, र विनियोग बारे प्रश्न गर्नुभयो । मैले सम्भव भएसम्मको जवाफ दिएँ । मेरो जवाफले उहाँ सन्तुष्ट हुनुभएछ । हिड्नेवेलामा शाक्यजीले कार्ड दिनुभयो । उहाँले विभिन्न विद्वान्हरूसँग परामर्श गरेर वस्तुस्थितिको अझ सटीक विश्लेषण गर्नुभएछ । मैले आफ्नो बायोडाटा दिएँ । अरु कुनै कुरा भएन ।

दुई दिनपछि पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव श्रीपरमानन्द शाक्यजीको फोन आयो । यसबीचमा हामी पूर्ण आत्मविश्वासी हुन पुनः गिरधारी भट्टकहाँ गयौं । सँगै थियौं श्रीपरमानन्दजी र कोषका कोषाध्यक्ष श्रीगणेशप्रसाद अधिकारीजी ।

त्यहाँ मन्त्रदीक्षाको कुरा आयो । श्रीपशुपतिनाथका मूलभट्टले उत्तराधिकारीलाई मन्त्रदीक्षा दिनुपर्ने धार्मिक परम्परा छ । तर, भट्टहरू आफ्नो उत्तराधिकारी दक्षिण भारतीय नै हुन् भन्ने चाहन्थे । त्यसैले मूलभट्टले मलाई मन्त्रदान नदिन सक्थे । विक्रम सम्वत् १८०४ देखि एउटै क्षेत्र र एउटै परिवारसँग गाँसिएका मान्छे श्रीपशुपतिनाथका मूलभट्ट र भट्ट हुँदै आएका छन् । त्यसैले उनीहरू सकेसम्म आफ्नै नातेदार वा दक्षिण भारतीय नै ल्याउन चाहन्थे ।

यस अगाडि मूलभट्टको ठाउँमा आउने अर्को भट्ट पुजारीले १५-२० दिनसम्म पूजाविधि अवलोकन गर्ने रहेछन् । उनलाई भित्र पसाउने वेलामा श्रीपशुपतिनाथ मन्दिर भित्र हुने पूजाविधि मुलभट्टले देखाउने चलन थियो । माला कहाँ लगाउने । पञ्चामृत स्नान कसरी गराउने । भोग कसरी गराउने । श्रृंगार कसरी गराउने । गहना कसरी खोल्ने र कसरी लगाउने । भन्ने प्राविधिक कुरा देखाउने र एउटा मन्त्र सुनाउने चलन थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर, मन्त्र सुनाउने चलन लिखित भने होइन, कर्म परम्परा मात्र । मन्त्रको विषयमा छलफल हुँदा निष्कर्ष निस्कियो- भट्टले मन्त्र दिँदैमा मात्र दीक्षित हुने होइन, त्यसमा मन्त्र कुनै भट्टको पेवा पनि होइन । मैले साधनाका क्रममा मन्त्र पनि लिइसकेको थिएँ । भट्टले मन्त्र नदिए पनि कुनै फरक पर्ने थिएन । जब देश र समाजको प्रतिष्ठाको कुरा आउँछ, त्यहाँ अभिनव नवीनताको सरणि पनि गर्न सिक्नु पर्छ । म गुरु मान्न तयार थिएँ । तर उनी शिष्य मान्न तयार थिएनन् । यद्यपि हाम्रो वैदिक र लौकिक परम्परा, सभ्यता र सिद्धान्तको पाटो पृथक् रहँदा रहँदै पनि यो सहज ढंगले हल होस भन्ने म चाहन्थें ।

गुप्तवासको अन्त्य

लामो सूचीमा रहेका विद्वान् साधकहरूसँग अन्तर्वार्ताको कठिन शृंखला टुंगिएपछि हामी दुईजना श्रीपशुपतिनाथ मन्दिरमा भट्ट पुजारी बन्नका लागि तत्पर भएका थियौं । तर तन्त्रशास्त्रभित्र मौलाएको वामाचार प्रथाको प्रभाव मान्नु पर्छ, एक जनालाई अन्तिम रातमा अभिचार कर्म आदिको दुष्प्रभावले घेरा हालेर असफल बनाइदियो । गुप्तवास बस्ने पूर्व रातमा उनको मनस्थिति अचानक परिवर्तन भयो । उनी मर्न, बहुलाउन वा भाग्न तयार भए तर श्रीपशुपतिनाथ मन्दिरको गर्भगृहमा प्रवेश गरेर श्रीको सानिध्य हासिल गर्दै आराधना गर्न तयार भएनन् ।

भारतीय राजनीति र कुटनीतिको रणनीतिक केन्द्र बन्दै आएको श्रीपशुपतिनाथ मन्दिरमा पुजारी बनेर जाने स्वदेशी नागरिकमाथि जे पनि हुन सक्थो । गुप्तवास बस्नुअघि गर्नु पर्ने सबै आवश्यक तयारीहरू पुरा भैसकेपछि भारतीय भट्ट र आसेपासेहरूले हान्न लगाएको अदृश्य झटारो लाग्यो । गुप्तवासको रात यो तथ्य थाहा पाएपछि म रातको चौथो प्रहरमा ध्यानमा बसें र श्रीवाशुकीनाथ लाई पुकार लगाएं । श्रीशालिग्राम ढकालजीलाई केही नहोस् । उनी विचलित नबनुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले किन यसो गरें होला, धेरैलाई आश्चर्य लाग्न सक्छ, पहिलो कुरा नाग न भै नागचूड बन्दैनन्, नागचूड नै वास्तवमा नागभूषण हुन् । नागभूषण नागराजले घेरिएका हुन्छन् । त्यहाँसम्म पुग्न नागपास, आदिबाट बच्नुपर्छ । श्रीको मन्दिर भित्र प्रवेश गरिसकेपछि आवधिक पूजा, आराधना र साधनाको पूर्ण कालमा दुष्टचेताहरूले फैलाएको रोगव्याधिको विषाक्त अवगुण प्रभावहीन बनोस् भनी म श्रीवाशुकीनाथको ध्यानमा बसें ।

तीन रातको गुप्तवास अवधि सकियो । अरु दिन मुहूर्त अगावै निन्द्रा टुट्थ्यो । आज नसुत्दै रात बित्यो । आत्म मन्थन गरेपछि समाज र देशको अभ्युदय कामना गरें । विश्वभरि शान्ति र प्रगति फैलियोस् भन्ने अभिलाषा राखें । हातको औंलाका टुप्पा, मूल र मध्य हेरें । महाकाली, महालक्ष्मी र महासरस्वतीलाई नमस्कार गरें । पृथ्वी र पाञ्चायनको वन्दना गरें । सनकादि ऋषिमुनी, स्वर, लोक र प्रकृतिले यो महान् पवित्र अवसरमा सहयोग पुऱ्याउन् भन्दै स्तुति गरें । भगवान् श्रीपशुपतिनाथ, गुह्यकाली, देशभरीका पवित्र नदी, ताल, सरोवर, तीर्थ र शैवशक्ति पीठहरूले दैनिक जीवनलाई उल्लासमय बनाइरहुन् भन्दै प्रार्थना गरें । विश्वशान्ति र भाईचारा फैलियोस् भन्ने अभिलाषा बटुलें । स्वतन्त्रता र समृद्धिको स्वाद प्रत्येक जीवले पाओस् भन्ने भाव राखें । शौच स्नानादिबाट निवृत्त भई सन्ध्या, गायत्री, रक्षाकवच र मुद्रादि गरिसक्दा पूर्व दिशाबाट प्रकाश फैलिंदै आयो । मन्दिरको पश्चिम द्वारमा दर्शनार्थीहरू लामबद्ध भइसकेका थिए । वातावरण हर हर महादेवको गुन्जायमानले भक्तिमय बनेको थियो । त्यतिखेर विशिष्ट इतिहास निमार्णको महान् अवसर थियो ।

पूजाको सम्पूर्ण विधि व्यवस्था आत्मसात् गरेरै म पाशुपत आराधनाका लागि प्रवृत्त भएको हुँ । दशकौं वेद-वेदाङ्ग र तन्त्रशास्त्रको अध्ययन अनुसन्धान गरेर, साधनाको बल र राज्यशक्तिको सामर्थ्यले काम गरेपछि पाशुपत क्षेत्र आएर गुप्तवासको नियत अवधि पार गरें । शाश्वत सनातन सांस्कृतिक मूल्यको प्रवाह र विस्तृत सनातन विचारधाराको वौशिष्ट्यले पाशुपत तत्त्वको खोज र आराधाना गर्न प्रेरित गऱ्यो । अब यहाँ आइसकेपछि सामाजिक न्यायको अभिभारा पूरा गर्ने सुयोगलाई सदुपयोग गर्नुछ । हिजो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेलुकाको सूचना अनुसार १०:३० बजे पश्चिम ढोकाबाट मन्दिर प्रवेश गर्नु पर्नेछ । कोषका कर्मचारीहरू अव तयार हुनुपन्यो भन्दै विशेष परिधान लिएर आए । साथै पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरू पनि आइपुग्नुभयो । सबैको अनुहारमा परिवर्तनको स्पष्ट संकेत देखा परेको थियो । कर्मचारीहरूले परम्परा अनुसारको भट्टको पोशाक लगाइदिए । कडा सुरक्षा घेरामा सांस्कृतिक बाजागाजा साथ मूल मन्दिर प्रवेश गर्नुपूर्व बाह्य परिक्रमा आरम्भ गर्न प्रायश्चित्त गोदान आदि वागमती नदिको किनारमा सम्पन्न भयो ।

वागमतीको अवस्था देखेर केहीवेर मन अल्मलियो । आधुनिक प्रगतिले मानिसलाई धेरै सुख सुविधाका अवसरहरू थपिदिएको छ । तर मानिसले उपत्यकाको पर्यावरण सन्तुलनका स्रोत नदी र तालहरूको संरक्षण र सदुपयोग गर्न सकेनन् । एकछिन वागमतीमा स्वच्छ जलको प्रवाह हेर्न म आफै लालायित बनें । नदीको सभ्यतालाई बचाउन सकिएन भने हाम्रो धर्म र संस्कृति पनि प्रभावहीन बन्दै जानेछ ।

पाशुपत सत्ता र सनातन सांस्कृतिक वैभवको यो महान् केन्द्रमा ऐतिहासिक परिवर्तनको कालखण्डले विभिन्न तथ्यलाई उजागर गर्नेछ । त्यसैका लागि मेरो जागरण बढेर जानेछ । नवीनतम सन्दर्भ नियाल्दा श्रीपशुपतिनाथ मन्दिरमा तल उल्लेख गर्न सकिने केही सन्देशहरूलाई फैल्याउनु छ ।

१. सबै वेद र वैदिक शाखाहरूको सम्मान प्रकट हुने गरी श्रीपशुपतिनाथको पूजा विधि सञ्चालन गर्ने ।

२. सनातन सांस्कृतिक आस्थाबाट प्रेरित भई भक्तिभावले श्रीपशुपतिनाथ मन्दिरमा चढाइने भेटी र दिइने दक्षिणालाई पशुपति क्षेत्र विकास कोषमा दाखिला गर्न सघाउने ।

३. पाशुपत क्षेत्रको पर्यावरण संरक्षणमा विशेष चासो दिने । प्रकृतिको धर्मसँग घनिष्ठ सम्बन्ध हुन्छ । पाशुपत क्षेत्रको पर्यावरण सन्तुलन विग्रन नदिने । यहाँ हरियाली घटिरहेको छ, भारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदूषण फैलिरहेको छ । मूल पुजारी बनेर वागमती सभ्यताको पुनरुद्धार गर्न दीर्घकालिक अभियानहरू संचालन गर्न कोषलाई प्रेरित गर्ने र वागमतीमा घटेको जल प्रवाहलाई बढाउने उपाय खोज्न प्रेरणा दिने ।

४. संविधान निर्माण र कार्यान्वयनको अभिनव राष्ट्रिय संकल्पलाई उजागर गर्ने ।

संविधान परिवर्तनशील साझा दस्तावेज हो । संविधान देश र जनतालाई समृद्ध तुल्याउने प्रयोजनको लागि अति आवश्यक छ । यद्यपि यो संविधानसभाले राजनीतिक सहमति गरेर बनाउने दस्तावेज हो, तथापि विघ्नबाधा शमनका लागि राष्ट्रदेवसगँ पनि जोडिनु पर्दछ । श्रीपशुपतिनाथसँग यसलाई जोड्ने प्रयत्न गर्दा कतिपयलाई अप्ठ्यारो महसुस हुन सक्छ । तर म यसलाई स्वाभाविक र सहज ठान्दछु किनभने संविधान पनि आस्था र भरोसासँग जोडिएको विषय हो ।

फलाहार गरेर अध्ययन, चिन्तन, लेखन गर्दै गुप्तवास सकियो ।

११ गते नै मेरो मुण्डन भइसकेको थियो । १४ गते फेरि परम्परागत रूपमा भट्टको कपाल खौरिदै आएका नेवार नाउले नै मेरो कपाल खौरिए । १७ गते बिहान साढे १० बजे मन्दिर प्रवेश गर्ने कार्यक्रम थियो । तर, त्यस भन्दा अगाडि पाशुपत क्षेत्रमा रहेका दश महादेवको परिक्रमा गर्नुपर्थ्यो । साढे आठ बजेदेखि महादेवहरूको परिक्रमा सुरू भयो । एघारौं श्रीसदाशिव मूल मन्दिरभित्र थिए । त्यहाँ परिक्रमा गर्न बाँकी थियो ।

मन्दिर पस्नुअघि म दक्षिणढोकामा गएर उभिएँ । भट्टहरू आउँछन्, ढोका खुल्छ र पूजा गरौंला भनेर पर्खिएँ । भट्टहरू छिर्न मन्दिरको ढोका खोल्नुपर्ने साढे आठ बजे हो, तर साढे १० बजेसम्म खुलेन । साढे चार बजेसम्म पर्खिदा कोही आएनन् । त्यो दिन भट्ट र भण्डारी मिलेर श्रीपशुपतिनाथको नित्य पूजा भाँडे । श्रीपशुपतिनाथको पश्चिम ढोका बिहान चार बजे खुल्छ । पूर्वी ढोका साढे आठ बजे खुल्छ । उत्तर र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिण ढोका साढे दश बजे खुल्छन् र दुई बजे श्रीपशुपतिनाथका चारै ढोका बन्द हुन्छन् ।

पालोवाला भण्डारीहरू मन्दिरमा ताल्चा लगाएर हिंडिसकेका थिए । भगवान् श्रीपशुपतिनाथको अस्तित्वलाई स्वीकार नगरी धनको लोभमा त्रिकाल पूजाको वेला ताल्चा लगाएर भाग्ने प्रपञ्च रचेका कारण उनीहरू श्रीपशुपतिनाथको आयस्रोत दामासाहीमा बाँडेर खाने प्रवृत्तिलाई यथावत् राख्न चाहन्थे ।

कोषका अधिकारीले भण्डारीको खोज गरे । तर, भेटिएनन् । त्यसदिन समयमा ढोका खुलेन । पूजा गर्न भट्टहरूलाई कोषका पदाधिकारी र प्रशासनले आग्रह गर्दा भण्डारीहरूले गयौ भने खुट्टा भाँचिदिन्छौं भनेको कुरा भट्टहरूले सुनाएछन् । म भने भगवान्को कति खेर कृपा होला र मन्दिरभित्र प्रवेश पाइएला भनेर पर्खिरहेको थिएँ । श्रीपशुपतिनाथ मेरो सबैभन्दा आस्थाको केन्द्र थिए र छन् । त्यसैले पनि म त्यो क्षणको व्यग्र प्रतीक्षामा थिएँ ।

मन्दिरको ताल्चा नखुलेकाले आज भगवान्को स्नान, पूजा, निर्माल्य र श्रृंगार सबै समयमा सम्पन्न हुन सकेन । आज पहिलो दिन श्रीको पूजा आफूले पनि गरेनन्, मलाई पनि गर्न दिएनन् । यसकारण भारतीय भट्ट र पालोवाला भण्डारीहरूलाई म अपराधीको संज्ञा दिन्छु । श्रीपशुपथिनाथ मन्दिर भारतीय राजनीति र कूटनीतिको रणनीतिक केन्द्र नहुनु पर्ने हो । हामी आराध्यको मन्दिर ठान्छौं । शक्तिकेन्द्रहरू व्यापारको केन्द्र ठान्दा रहेछन् । यहाँ भयानक द्वन्द्व देखा पऱ्यो ।

मलाई मन्दिर प्रवेश गर्न नदिने भए भन्ने संकेतले हो कि १ बजेसम्म सबै सुरक्षा दल बाहिरिए । मेरो सुरक्षा घेरा टुट्यो । १ बजेदेखि ३ बजेसम्म नचिकेता बनेर तैपनि मन्दिरको द्वार खुल्छ कि भन्दै दक्षिण द्वारमा धैर्य र साहस बढाउँदै कुरिरहें । मेरो अवस्था र मलाई एक्लो देखेर कतिपय मानिसहरू उपहास गर्न थाले । आरोह र अवरोहको संघर्षपूर्ण ऐतिहासिक कालखण्डमा यस्तो भइरहने गर्छ । धेरै प्रकारका परीक्षा उत्तीर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नभै ऐश्वर्यको सान्निध्य पनि हासिल हुन सक्दैन । समग्र देश र वैदिक सनातन हिन्दु धार्मिक समाजको एकमात्र प्रतिनिधि बनेर श्रीपशुपतिनाथ मन्दिर प्रवेश गर्ने प्रतीक्षामा द्वारमा उभिरहँदा केही मानिसहरूलाई दया लाग्यो, यो पनि शुभ संकेत हो । धेरै वेर मन बरालिएन । आफ्नो आराध्यको स्मरण र स्तुति गाउँदै शतनाम, सहस्रनाम, रक्षाकवच र वैदिक सूक्तहरूको पाठ गर्दै समय बित्यो ।

होसपूर्वक बाँच्ने अभ्यास भयो र साक्षी बन्ने तरिका जानियो भने विपत्तिको समयमा पनि आनन्दको सुवास आउने रहेछ । मारण उच्चाटन आदि अभिचार क्रियाहरूको प्रभाव ममा परेन । श्रीनारायणको शरणमा नजाओस् भनेर हिरण्य कश्यपुले अनेक उपाय रच्दा पनि आखिर प्रल्हाद ईश्वर भक्तिमा लीन भए नै । मलाई विचलित गराउन दृश्य र अदृश्य षड्यन्त्रहरू धेरै भए तर म हिमाल झैं अटल बनेर सबै प्रकारका विघ्नबाधाहरूलाई पन्छाउन सफल रहें । यो देशको सत्ता र सिद्ध आत्माहरू मेरो साथमा थिए । यही सफलताको कारण बन्यो ।

मन्दिरको ढोका खुल्यो

पालोवाला भण्डारी र भारतीय भट्टहरूको कारणले २०६५ पुष १७ गते श्रीपशुपतिनाथको त्रिकाल पूजा रोकियो । सन्ध्या आरती पनि रोकिने सम्भावना बनेपछि देशको प्रशासनले हस्तक्षेप गऱ्यो । पुषको जाडो, चिसो सिंढीमा ६ घण्टा लामो प्रतीक्षा गरेपछि ४:३० बजे मन्दिरको पश्चिमद्वार खुल्यो । सर्वथा असम्भव परिकल्पना गरिदै आएको विषय एक्कासी उल्टियो । यो देशको सांस्कृतिक मूल्य मान्यताले पहिलो पटक श्रीपशुपतिनाथमा वैधानिकता पायो । हिमाली सभ्यता र लोक संस्कृतिले आफ्नो शिर उच्च रहेको अनुभव गऱ्यो । धर्म र अध्यात्मको सिंहासनमा नेपाली मन प्रसन्न सक्छ भन्ने भाव पलायो । श्रीपशुपतिनाथमा पूजा गर्ने भट्टलाई राजाले अनुमोदन गर्थे तर अनुमोदन गरिसकेपछि देशको राजा भन्दा भट्ट शक्तिशाली हुन्थ्यो । नयाँ परिवर्तनलाई नियाल्दा देशको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधानमन्त्रीले श्रीपशुपतिनाथको भट्ट नियुक्त गर्ने छन् । तर नेपालको प्रधानमन्त्री भन्दा श्रीपशुपतिनाथको भट्ट शक्तिशाली बन्ने प्रपञ्च र खतरा बढिरहेको छ । यसलाई हलुका ढंगले लिनु हुँदैन ।

बिहान ७ बजेदेखि १०:३० बजेसम्म भक्तहरूको उपस्थिति र कडा सुरक्षा घेरामा बाह्य परिक्रमा सम्पन्न भएको थियो । त्यसपछि विघ्नबाधा शमनका लागि लामो स्तुति गान चल्यो । तीन बजेपछि मन्दिरमा फेरि चहल पहल सुरू भयो । विस्तारै भक्तहरू जुट्दै आए । भगवान्को नित्य पूजा कुनै पनि हालतमा रोकिन हुन्न भन्दै, चारैतिरबाट आवाज उठ्न थाल्यो । पूर्णरूपमा हटिसकेको सुरक्षा घेरा फेरि बन्न थाल्यो । कोषका पदाधिकारी, कर्मचारी, समर्थक र सरकारको उपस्थिति बाक्लिन थाल्यो । मेरो मनमा तरङ्गहरू चल्न थाले । तन्त्रागम, वेद-वेदाङ्गको अध्ययन अनुसन्धानबाट खारिएको पुष्ट विचार स्थापित भएन भने यो देशमा के होला । पीडादायी संसारबाट मुक्तिको आशा बाँधेर श्रीपशुपतिनाथको शरणमा आउँदा पनि न्याय मिलेन भने भक्तले अब कुन बाटो रोज्ने ? यो त देशद्रोही र मानवता विरोधीहरूले खडा गरेको व्यवधान हो । लोभी, लालची र पापीहरूले सृजना गरेको अवरोध हो । मानव निर्मित पाषाण मूर्ति मात्र भए अर्के कुरा । श्रीपशुपतिनाथमा ईश्वरको बास छ भने गुफावास गरेपछि त चमत्कार देखिनै पर्छ । तीन दशक अघि जीवनको प्रेरणा लिएर श्रीपशुपतिनाथबाट हिडेको बालक आज पूजा गर्न भनेर घण्टौदेखि द्वारमा उभिएको छ । हे ईश्वर ! तिमी कहाँ छौ ? म द्वारमा प्रतीक्षामा छु भनेर पुकार्दा अचानक चमत्कार भयो ।

केही घण्टा अघि आत्मरक्षाको प्रश्न समेत उब्जेको थियो । संकटपूर्ण अवस्थामा श्री संझेर आएको भक्तको इच्छा-शक्ति पराजित भएन । जतिसुकै बाधा, व्यवधान र हिंसाका चित्रहरू फैलिए पनि मन्दिरको द्वार खुल्नै पर्दथ्यो । आखिर खुल्यो नै । अब वैदिक साम्यवादले वैधानिकता पाउने भयो । मानसिक दृढता बढाउन गरिने कामना शक्ति र वाचाशक्तिले बाटो लिने भयो । न्यायिक कृत्य गर्ने प्रतिज्ञा आफैं गर्न सकिदैन भने स्वतन्त्रताको सन्दर्भ जीवित रहिरहन्छ भन्ने विश्वास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दैन । ईश्वरको दरबारमा सामाजिक न्यायको सिद्धान्त पुष्ट हुन सकेन भने सज्जन व्यक्तिहरूका लागि मन्दिर र उपासना स्थलको के औचित्य रहन्छ र ?

सांस्कृतिक धरोहर भित्र मूल्य मान्यताको शैली र सभ्यताको इतिवृत्तलाई देशमुख बनाउन सकियो भने मात्र परिवर्तनको अर्थ रहन्छ । तन्त्र र वैदिक वाङ्मयको श्रीगणेश यही माटोमा भयो । यहाँका विद्वान्हरू तन्त्र र वेद जान्दैनन् भन्ने काल्पनिक भ्रम फैल्याइएको छ । पौराणिक मान्यताभित्र प्रचलित मीमांसालाई ख्याल गर्ने हो भने यो देश देवलोकमा पर्छ । यसलाई मनन गरेर प्रत्येक सामाजिक क्षेत्रमा सकारात्मक र सृजनात्मक कार्यको थालनी आवश्यक छ भन्दै आराध्यको आराधना गर्ने बाटो खुल्यो ।

यो देश, देशको असल संस्कृति, सनातन धर्म र देशभरिका पावन तीर्थहरूको स्मरण गदै, मानवता र पर्यावरण बीचको सन्तुलनलाई संरक्षण र संवर्द्धन गर्ने आरम्भिक बाह्य संकल्प लिंदै मन्दिरको द्वारमा मस्तक चढाएँ । आफ्ना श्रद्धेय गुरुहरू, तत्त्वदर्शी सनातन साधकहरू, अखिल विश्व ब्रह्माण्डमा व्याप्त ऐश्वर्य शक्तिलाई नमन गर्दै पवित्र जल सबै दिग् दिगन्तरमा छर्किएं । पाशुपत सदाशिव गण, महाविद्या, भूमण्डल, ग्रह, योगिनी सबैलाई श्रद्धा सुमन अर्पिदै म मन्दिरको पश्चिमद्वारबाट भित्र पसें । स्वतन्त्रता, सम्प्रभुता र गतिमान् जीवन शैलीका लागि आत्म उत्सर्ग गर्ने साधकहरूको आत्मालाई उकास्न नन्दीलाई प्रार्थना गरें । आफुलाई सौभाग्यशाली र धन्य ठान्दै हृदयदेशको परमत्मालाई प्रणाम गरें । विनियोग, न्यास र मुद्रा गर्दै श्रीपशुपतिनाथ मन्दिरको गर्भगृहमा विनयशील हुँदै प्रवेश गरें ।

मन्दिरभित्र प्रवेश गरे लगतै अर्कै आत्मानुभूति भयो । शरीरभरि आनन्दको सञ्चार फैलियो । शताब्दियौंपछि करोडौं नेपालीमध्ये म श्रीपशुपतिनाथ मन्दिरको गर्भगृहमा प्रवेश गर्ने पहिलो नेपाली बनें । मैले श्रद्धा र भक्तिपूर्वक श्रीपशुपतिनाथको स्पर्श गरें ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बेलुकाको आरती गर्नुपर्ने बेला भइसकेको थियो । बिहानको नित्य पूजा त रोकियो नै । म मन्दिर प्रवेश गरिसकेपछि पहिले क्षमापूजा गरें । मैले विधिअनुसार आचमन, प्राणायाम र न्यास गरें । अघिल्लो दिनदेखिका फुलपाती त्यसै रहेछन् । मैले सफा गरें । श्रीपशुपतिनाथको मूर्तिमा रहेका अघिल्लो दिनका चन्दन, फूल-माला सफा गरें र मूर्तिको शृंगार नबिगारी पवित्र जल चढाएर श्रीको मन्त्रस्नान गरें । विधिपूर्वक श्रीयन्त्रको पूजा र आरती गरें । मैले श्री पशुपतिनाथको ६ वटा मुख, शालिग्राम र श्रीयन्त्रको संयुक्त पूजा गरिसक्दा रातिको नौ बज्यो । त्यसपछि म फेरि गुप्तवास बसेकै ठाउँमा फर्के । भट्टहरूले छाडेर नहिंड्नाले मैले आवास पाउने कुरा रहेन ।

आज मलाई अत्यन्त गौरव बोध भयो र यो क्षण मेरा लागि सर्वदा अविस्मरणीय रहने छ । देश र समाजको प्रतिष्ठा अभिवृद्धिका लागि जीवन दाउमा लगाएर सफल हुने म अत्यन्त सौभाग्यशाली र भाग्यमानी नेपाली हुँ भन्ने बोध भयो । श्रीपशुपतिनाथको गर्भगृहमा प्रवेश गरेर सदाशिव श्रीपशुपतिनाथको विग्रह स्पर्श गर्दा मलाई लाग्यो अब मेरो जीवनमा पनि नयाँ पालुवा पलाउने छ । कुनै सकस महसुस नगरी विधिसम्मत ढंगले आफ्नो वैदिक शाखा र परम्परा अनुसारको नियम निष्ठा मैले परिपालन गरें ।

भोलि १८ गते बिहान साढे चार बजे एक्लै मन्दिर प्रवेश गर्नुछ । पुजारी प्रवेश गर्ने समय ८ बजेपछि भएपनि नेपाली प्रतिको दुर्भावनाले गर्दा भारतीय भट्टका संपोषक सहयोगी भण्डारीहरू समेत मन्दिरको द्वार खोल्न नआउने सम्भावना निश्चित जस्तै छ । दर्शनार्थी भक्तहरूको भावनालाई कदर गर्दै मैले आफ्नो सम्पूर्ण ऊर्जाको सदुपयोग गरेर यहाँ गतिमान् बन्नु छ भन्ने भाव मनमा श्रीको कृपाले आइरह्यो ।

मैले एक साता एक्लै श्रीपशुपतिनाथको पूजा गरें । कुनै सहयोगविना नै । ती दिनमा मैले कुनै विधि छोडिन ।

१८ गते बिहान साढे चार बजे एक्लै मन्दिर प्रवेश गरें । त्यसदिन पनि भण्डारी र भट्टहरू आएनन् । साढे दुई बजेसम्म म मन्दिरभित्र पूजामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लीन रहें । बिहान चिसो पानीले नुहाएर गएको, तर भगवान्‌को आराधना गर्दा केही चिसो अनुभव भएन । मान्छेहरू भित्र तातो आउँछ भन्छन्, तर वातावरण नै तातो होइन । दत्तचित्त भई एकाग्रताले पुण्यकार्यमा समर्पित बनेपछि बाह्य वातावरणको प्रभाव पर्दैन । धारणा शक्तिलाई जहाँ लगेर केन्द्रित गऱ्यो विचारको प्रवाह त्यतै लाग्छ । आराध्य श्रीको सेवामा लगनशील बनेपछि बाह्य विषयहरू आफै गौण ठहरिन्छन् ।

साढे दुई बजे मन्दिरबाट निस्किएँ । अनि दुध र फलाहार गरें । पाँच बजे फेरि मन्दिर प्रवेश गरेर सन्ध्याकालीन आरती गरें । सायंकालीन विधि पुरा गरेपछि साढे ७ बजे मन्दिरबाट निस्किएँ र पुरानै कक्षमा आएँ ।

२३ गते सम्म मेरो दैनिकी यस्तै रह्यो । यस बीचमा राष्ट्रका आराध्यदेव श्रीपशुपतिनाथको आरधनामा म लीन बनें ।

भेटीको कारण विवाद

मेरो नियुक्तिमा विवाद हुन सक्छ भन्ने मलाई पूर्वआभास थियो । स्वदेशीले पूजा गर्ने र मन्दिरको आयलाई कोषमा दाखिला गर्ने विषयले धेरैको टाउको रन्किन सक्छ । त्यसैले मलाई यो विषयको कारणले रगत पनि बग्न सक्छ कि जस्तो लागेको थियो ।

नेपाली मन्दिरमा नेपाली पुजारीको नियुक्तिको सबैतिरबाट स्वागत हुनेमा शंका थियो । सबैले गौरव महसुस गर्नेछन् कि जस्तो पनि नलागेको होइन । तर, जब पहिलो दिन साढे दश बजेसम्म पनि भट्ट मन्दिर प्रवेश गरेनन् त्यसपछि बल्ल मलाई लाग्यो केही जटिल समस्या खडा हुँदैछ ।

पूजा गर्न थालेपछि केही पत्रिका जान्थे । पत्रिकाबाहेक न मैले रेडियो सुने, न टेलिभिजन हेरें । बेलुकातिर यसो पढ्दा पत्रिकाहरूको कोण अलि जायज लागेन मलाई । नेपाली आमसञ्चार जगत् यस विषयमा धेरै प्रस्ट छैन जस्तो लाग्यो । सञ्चार क्षेत्रमा विदेशी लगानीको प्रत्यक्ष प्रभाव पर्दा आइपर्ने भयावह समस्याहरूको निराकरण विषयमा बेखवर हुनु राम्रो कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होइन । लगानीको ख्याल नगर्दा जहाँ राष्ट्रको प्रतिष्ठाको विषय आइपर्छ त्यहाँ सधैं देश हार्ने गर्छ ।

भट्टलाई हटाएर म यहाँ प्रवेश गरेको होइन । भट्टले राजीनामा दिएर ठाउँ खालि भएपछि मात्र म आवश्यक प्रक्रिया पुरा गरेर श्रीपशुपतिनाथको पुजारी बन्न आएको हुँ ।

मूल भट्टले राजीनामा दिएर मन्दिर प्रवेश नगरेका कारण मूल भट्टको दायित्व पनि मैल नै वहन गरेको हुँ । बरीयतामा उत्तरमुखको पुजारी दोस्रो नम्वरमा पर्छ । तर म सबै नम्वरमा परें । म उत्तरमुखको पुजारीमा नियुक्त भएपनि बाहिर मूलपुजारीका रूपमा प्रचार भइरहेको थियो ।

केहीले मलाई प्रचण्डका नातेदार, अझ भतिज नै भने । केहीले माओवादीको खल्तीबाट आएको भनेर आलोचना गरिरहेका थिए । मैले गरेको अध्ययन-अनुसन्धान, तप र सामाजिक योगदान सम्वन्धी कुरा कोही कसैले बहस चलाएनन्, केवल विरोधमात्र गरे । केहीले मलाई अप्रेसन गरेको हुनाले अयोग्य भनिरहेका थिए जब कि मैले अङ्ग्रेजी औषधि समेत कहिल्यै प्रयोग गरेको छैन ।

१८०४ सालदेखि अहिलेसम्म कहिल्यै भट्टहरूको छनोट विज्ञापनबाट भएको छैन । मूलभट्टको सिफारिसमा दरबारका बडागुरूज्यूले नाम पेस गर्ने र राजाले स्वीकृत गर्ने प्रचलन थियो । पहिलो पटक विस्तृत अन्तर्वार्ता र व्यापक बहस, संवादपछि भट्ट पुजारीको चयन भएको हो । यस विषयमा कोही बोलेनन् ।

चिन्न त मैले सबै पार्टीका नेतालाई चिनेको छु र म ती सबैलाई बराबर देख्छु । राजनीति मेरो विषयपनि होइन । माओवादीको गोजीको मान्छे भनेर प्रचार भइरहेको सुन्दा आश्चर्य लाग्यो । कांग्रेस वा एमाले सरकारको पालामा नियुक्त भएको भए मलाई कांग्रेस वा एमाले भन्दा हुन् । यो देशको दुर्भाग्य असल नियतले असल काममा प्रवृत्त भइरहँदा पनि जस भन्दा अपजस भाग लागिरहने गर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ दक्षिण एसियाकै प्रसिद्ध हिन्दु धार्मिक पर्यटकीय गन्तव्य हो । करोडौं मान्छेको प्रत्यक्ष आस्थाको केन्द्र हो पाशुपत क्षेत्र । धार्मिक मानिसहरूले आफ्ना विभिन्न समस्याको निदानका लागि श्रीपशुपतिनाथमा विशेष पूजा गर्छन् । धर्म, अर्थ, काम र मोक्षसिद्धिका लागि श्रीपशुपतिनाथमा विभिन्न पूजाको माध्यमबाट भेटीघाटी चढाउँछन् । यहाँ ११ सयदेखि १२ लाखसम्मको विषेश पूजा हुने गरेको छ । शिवरात्रीको एकदिनमा कम्तिमा ५ करोड रूपैयाँ जम्मा हुने अनुमान छ ।

श्रीपशुपतिनाथको भेटीघाटी व्यापक दुरूपयोग हुने गरेको थियो । म श्रीको मन्दिरमा नियमित पूजा गरिरहेको छु । बाहिर नेपाली पुजारी नियुक्त गरिएको विरोधमा टायर वालेर, डुंगामुढा गरेर, तीर्थयात्री र भक्तजनलाई तर्साउने र अपमान गर्ने काम भइरह्यो । श्रीपशुपतिनाथको भेटी दामासाहीमा बाँडेर खाँदै आएका भट्ट-भण्डारी र तिनका दलालहरूले राजनीतिको आवरणमा प्रतिकूल परिस्थिति सृजना गरिरहेका थिए । हुल दंगा मच्चाएर सत्यलाई असत्य, प्रकाशलाई अन्धकार बनाउने कार्य तीव्ररूपमा बढिरहेको थियो । धनबल र बाहुबलको भरमा लोकतन्त्रलाई बद्न नदिने प्रयत्न भइरहेको थियो र जनतालाई भ्रम छरिदै थियो धार्मिक सम्वन्ध र संस्कारको बारेमा ।

जसले हाम्रो सांस्कृतिक अस्तित्वलाई स्वीकार्दैन, हामीले पढ्ने वेदलाई मान्यता दिदैन त्यस्तो सम्वन्ध र संस्कार तिर हाम्रो चासो र समर्थन आवश्यक छैन ।

मन्दिरमा भट्ट पुजारी वाहेक अरु जान नमिल्ने भएको कारण मलाई पशुपति क्षेत्र विकास कोषले एउटा थुन्से दियो । त्यसमा पूजा गरेको बेलपत्र बाहिर निकाल्दा वेलपत्र फुल प्रसादमा अल्झिएर रहेको ४०,५० हजार रूपैया जम्मा हुन थाल्यो । जब कि यतिवेला धार्मिक पर्यटनको समय पनि होइन । श्रीपशुपतिनाथको दान र दातव्य दामासाहीमा वाँडेर खाने चलनको अन्त्य गरेर राज्य कोषमा जम्मा गर्ने कामको सुरूवात मैले गरे । तर यो पूर्ण हुन सकेको छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ मन्दिरको भेटीघाटीलाई दामासाही गर्दा दिनानुदिन श्रीपशुपतिनाथबाट धर्म हराइरहेको अनुभूति हुन्थ्यो । धर्मका लागि पवित्रता, निष्कपटता, पवित्र आचार-व्यवहार, नियम र निष्ठा आदि चाहिन्छ । कुनै भट्टले यति दक्षिणा नदिएसम्म पूजा नै गर्दिन भन्छ भने त्यहाँ कसरी धर्म रहन्छ । भट्टहरूको व्यवहारले श्रीपशुपतिनाथमा धर्म जीर्ण बनिरहृयो ।

मानिसहरू आज मेरो जन्म दिवस हो, मेरो जीवन राम्रो होस् भनी पूजा गर्न आउँछन् । भट्टहरू भने धर्मलाई पैसामा जोड्ने काम गर्छन् । श्रीपशुपतिनाथका भट्टहरूले दर्शनार्थीहरूको जन्मदिनमा अपशकुन थप्ने र नेपालीहरूको साइत विगारीरहेको पाएँ । अस्पतालमा बिरामी छ, निको भएन । गरीब र असहायहरूले भगवान् कहाँ छौ भनि पुर्काछन् । हे भगवान् ! भनेर मान्छे मन्दिर जान्छ । अनि मन्दिरमा सबै कुरा पैसामा चल्छ । तीर्थयात्री र भक्तजनलाई तर्साउने र अपमान गर्ने काम भैरहेको छ । आफ्ना भगवान्लाई स्तुति गर्न पनि भट्टको अनुमति लिनु पर्ने यस्तो अवस्था छ श्रीपशुपतिनाथमा ।

भण्डारीहरू झन मालामाल छन् । भट्टको भन्दापनि सुविधा उनीहरू बढी लिइरहेका छन् । संस्कृतमा एउटा उखान छ, "उँटको बिहेमा गधाको बाजा" गधा भन्छ आहा तपाईको कस्तो राम्रो रूप । उँटले गधालाई भन्छ वाह तपाईको कस्तो राम्रो स्वर । उँटको रूप र गधाको स्वर कति राम्रो हुन्छ आफै विचार गरौं । श्रीपशुपतिनाथमा भट्ट र भण्डारीको सम्बन्ध त्यस्तै छ । किनभने उनीहरूको स्वार्थ एउटै छ । जसरी हुन्छ श्रीपशुपतिनाथमा ब्रम्हलुट मच्चाउने । पर्यावरण र धर्म नाश गर्ने । धर्मको नाममा विदेशी हस्तछेप बढाउने ।

श्रीपशुपतिनाथमा सयौं नेपाली ब्राह्मण १००/५० रूपैयाँ र केही माना चामलका लागि रूमाल थापेर बस्दै आएका छन् । त्यो पनि भित्र होइन, मन्दिर बाहिर । तर भित्र भारतीय भट्टहरूको शासन छ । लुटतन्त्र छ । मेरो अभीष्ट नेपालमा पनि श्रीपशुपतिनाथको बारेमा जानकार व्यक्ति छन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नेबारे पुष्टि गर्नु हो । श्रीपशुपतिनाथको पूजाविधि तन्त्र-मन्त्र-यन्त्र-मुद्रा विनियोग यी विषय जान्ने मान्छे नेपालमै छन् भनेर भन्ने सिद्ध गराउनु हो । दोस्रो कुरा श्रीपशुपतिनाथ मन्दिरमा चढाइएको भेटी दामासाहीले बाँडेर खाने चलनको अन्त्य गर्ने काम मैले गर्न सकें त्यसमा मलाई गर्व छ ।

श्रीपशुपतिनाथमा जम्मा भएको भेटी समाजमा पिछडिएका वर्ग, सामाजिक कार्य जस्तै- विश्वविद्यालय स्थापना, धार्मिक पर्यटनको प्रवद्धर्न आदिमा खर्च गर्नु पर्छ । त्यस्तो नभएर सधैं दुरूपयोग गर्ने गरिएको छ । नेपाली पुजारी नियुक्त भएपछि त्यहाँ कति भेटी जम्मा हुँदो रहेछ भन्ने कुरा बाहिर आयो । भेटीघाटी पनि जम्मा भयो । नेपालीले पूजा पनि गर्न सक्यो भनेपछि एकथरी राजनीतिक व्यक्तिलाई सह्य भएन । नेपालीले नै श्रीपशुपतिनाथको पूजा गर्न सक्छ भने बाहिरबाट ल्याएका मान्छेलाई पूजा गर्न किन लगाउने ? मलाई के लाग्छ भने कुनैवेला नेपालीले पनि श्रीपशुपतिनाथको पूजा गरेको थियो भन्ने इतिहास मेटाउने कोसिस हुन सक्छ ।

नेपालीले श्रीपशुपतिनाथको पूजाआजा गर्नु र भेटीघाटी राज्यकोषमा जम्मा गर्नु भारतका लागि सह्य भएको थिएन । जब नेपाली पुजारी श्रीपशुपतिनाथमा पस्यो त्यसपछि त्यति धेरै पैसा जम्मा हुँदो रहेछ भन्ने कुरा पहिलो पटक सबैलाई थाहा भयो ।

नेपाली कर्मचारीले निर्धारित सीमाभन्दा बढी कमाइ गर्दा कर तिर्नुपर्छ । तर भारतीय भट्टले कर तिर्दैनन् । पाँच लाखदेखि बीस लाख मासिक तलब भत्ता खाने भट्टहरू त्यहाँ छन् । तलब मात्र होइन सार्वजनिक बिदाको दिन तलबको प्रतिशत्का आधारमा ओभरटाइम लिने गर्दछन् । भट्टले छाडेर जाने बेलामा उपदानको समेत व्यवस्था गरिएको छ ।

पशुपति क्षेत्र विकास कोषले भारतीय भट्टको पालन-पोषण र नौघरे भण्डारीको परिवार बढाउने काम मात्र गर्ने होइन । त्यहाँ रहेका खण्डित संरचनालाई पुनःनिर्माण गर्ने काम गर्नुपर्छ । गजुरहरू, मठ मन्दिरका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुर्तिहरू चोरीएका छन् । पुरातात्त्विक अवशेषहरू हराइरहेका छन् । ती सामानहरू कहाँ जान्छन् ? कस्ले लैजान्छन् ? कसैलाई चासो छैन । वागमतीमा कसरी सफा पानी बग्छ भन्नेमा कुनै चासो छैन । काठमाडौंलाई आज हामीले नेपाल उपत्यका भन्छौ । त्यो वागमती सभ्यतामा आधारित हो ।

पशुपति क्षेत्र विकास कोषको ध्याउन्न भारतीय भट्टलाई कसरी टिकाइरहने भन्ने मात्र छ । यसको कारण भनेको अर्थ राजनीति हो । यहाँको अरबौं रकम दुरूपयोग भइरहेको छ । किन यस्तो भइरहेको छ भन्ने प्रश्न उठाउन कोही कसैले सकेका छैनन् । सरकार र पशुपति क्षेत्र विकास कोष मूकदर्शक भएर हेरिरहेका छन् ।

पाशुपत क्षेत्र धर्म र संस्कृतिको केन्द्र स्थान मात्र होइन, यहाँ कला, सभ्यता र पुर्खाको पौरख समेत विद्यमान छ । यो मानव सभ्यता विकासको एउटा परिचायक हो । यो बन्नका लागि केही वर्ष वा केही सय वर्ष होइन हजारौं वर्ष लागेको छ ।

यो देशमा रहेको धार्मिक आस्थाको केन्द्रमा बसेर साधना गर्न पाउनु नेपालीको अधिकार हो । तर के गर्ने नेपाल देश नै हुन सकिरहेको छैन । पहिला हामीले नेपाललाई देश बनाउनु पर्छ । भारतीय भट्टले यो भारत हो भनेर श्रीपशुपतिनाथमा संकल्प लिन्छन् । के यो कुरा राष्ट्रवादी नेपालीका लागि सह्य कुरा हो ? नेपालको मन्दिरमा भारत हो भनेर संकल्प लिन मिल्छ र ?

भारतीयहरू नेपाललाई सांस्कृतिक दासताको युगमा राखिरहन चाहन्छन् । किनभने श्रीपशुपतिनाथमा जो भारतीय भट्टहरू छन्, उनीहरूले धर्मको नाममा लुटपाट गरीरहेका छन् ।

नेपाली धर्म र संस्कृतिका केही पक्षहरू भारतसँग मिल्नसक्छ तर यहाँ नेपालीहरूले न धर्म, न संस्कृति जान्दछन् भन्ने गलत अफवाह फैलाउने काम भएको छ । नेपालीहरू आफ्नो मन्दिरमा पूजा समेत गर्न जान्दैनन् भन्ने भ्रम पारिएको छ ।

. Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानवता र पर्यावरण जोगाउन श्रीपशुपतिनाथमा पूजा हुनुपन्यो । नेपाली मन्दिरमा नेपालीलाई नै पूजा गर्न प्रतिबन्ध जस्तो छ । यसलाई राजनीति र कुटनीति दुवै हिसावले मिलेर कसरी श्रीपशुपतिनाथको पूजा गर्ने त्यस्तो व्यवस्थामा हामी जानु पर्छ । नेपाली पुजारीलाई स्थान दिनुपर्छ । श्रीपशुपतिनाथमा निषेध गर्ने व्यवहार र वाक्यांशहरू हटाउनु पर्छ ।

श्रीपशुपतिनाथको मन्दिरमा कार्यरत भारतीय भट्टहरूले राजीनामा दिएका कारण नेपाली पुजारी नियुक्त भए पश्चात् उत्पन्न भएको विवादले हिंसात्मक रूप लिन खोजेको थियो । नेपाली पुजारीले श्रीपशुपतिनाथमा पूजाआजा गर्न थालेपछि एकथरी मानिसहरू पुजारीको नियुक्तिको प्रकृयाको निहुँ खोजेर श्रीपशुपतिनाथमा तनाव उत्पन्न गर्न खोजिरहेका थिए । यसै विषयलाई केही राजनीतिक दलहरू एवम् सञ्चार माध्यमले समेत माओवादीको विरूद्धमा प्रहार गर्ने हतियारका रूपमा उपयोग गरे ।

सधैं "श्रीपशुपतिनाथले हामी सबैको कल्याण गरून्" भनेर आफ्नो सन्देश अन्त्य गर्ने पूर्वराजाले पनि आफ्नो मुख खोल्दै यसलाई राजनीतिकरण गर्न नहुने भनी चासो र चिन्ता देखाए । भारतीय भट्ट हटाएकोमा भारतमा समेत केही हिन्दूले प्रदर्शन गरे । यस प्रकार यो विषयले नेपालको वर्तमान र पहिलेका शक्तिकेन्द्रदेखि दिल्लीसम्म हलचल ल्याइदियो । श्रीपशुपतिनाथमा दैनिक हुने पूजा आराधनाबाट लाखौं आम्दानी हुने कुरा सार्वजनिक हुदै आयो । तर विगतदेखि नै त्यहाँको आम्दानी र खर्चका बारेमा कहिल्यै सार्वजनिक गर्ने गरिएको थिएन । विगतमा विभिन्न सञ्चारमाध्यममा श्रीपशुपतिनाथमा भएको आम्दानीमा व्यापक अनियमितता हुने गरेको रिर्पोटहरू सार्वजनिक भएको धेरैलाई थाहा छ । त्यसमा श्रीपशुपतिनाथका मूलभट्ट अन्य भट्टहरू र भण्डारीहरूदेखि राजदरबार र राजनीतिक पार्टी कार्यालय मिलेको सार्वजनिक भएकै हो । म पुजारी भएर आएपछि पशुपति क्षेत्र विकास कोषले श्रीपशुपतिनाथमा भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आम्दानीको दैनिक रूपमा हिसाबकिताब देखाउन सुरू गरेको हो । यो आफैमा सकारात्मक सुरूवात हो । मैले नै पशुपति क्षेत्र विकासको नयाँ सुधारका पक्षमा राष्ट्रिय जागरण यात्रा सुरू गरें । यसले सफलता पाउन आवश्यक छ ।

श्रीपशुपतिनाथ मन्दिरको आयस्रोत वा पशुपति गुठीमा हजारौं रोपनी जमीन र अन्य आयका साधान स्रोतहरूका बारेमा सारा जनताले थाहा पाउनु पर्दछ । विगतमा श्रीपशुपतिनाथको करोडौं आम्दानी भारतीय भट्टहरूले भारतमा लैजाने, राजदरबारले खाने वा विभिन्न राजनीतिक दलहरूले भाग पाउने अधर्मी परम्पराको अन्त्य हुनु पर्छ ।

श्रीपशुपतिनाथमा धर्म गर्ने नाममा हुने सबै पापहरूको विस्तृत छानबिन हुनुपर्दछ । राष्ट्रिय स्वाभिमान माथि नै व्यङ्ग्य गर्ने, नेपाली मन्दिरमा भारतीय पुजारीको प्रावधान खुकुलो बनाउँदा अनावश्यक रूपमा कोकोहोलो मच्चाउनेहरू देखा परे । यस्तो दृश्यले श्रीपशुपतिनाथबाट तिनलाई ठूलो आम्दानी हुने गरेको बुझ्न सकिन्छ । हिजो खाइपाइ अएको सुविधा र सम्पत्ति गुम्न लागेकोमा धेरैको होसहवास् उडेको थियो । तिनीहरू हिंसामा उत्रिन थालेका थिए । श्रीपशुपतिनाथको आम्दानीले उक्त धार्मिक क्षेत्रको सम्भार, विकास र त्यहाँ रहेका वृद्धाश्रमको रेखदेख गर्न प्रर्याप्त पुग्छ । श्रीपशुपतिनाथमा धर्म गर्नुको अर्थ त्यसले धरैभन्दा धरै मानवको हित गरेको हुनुपर्दछ ।

म सबै नेताकहाँ गएको छु । श्रीगिरिजाप्रसाद कोइरालासँग मेरो बनारसमा दुईपटक भेट भयो । श्रीमाधव कुमार नेपाललाई उनकै घर गएर भेटेको छु । बनारसमा मैले विद्यार्थी राजनीति पनि गरें राष्ट्रिय छात्र संगठनको व्यानर मुनि रहेर । त्यो कांग्रेस (आई) निकट थियो । सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको महामन्त्री जितेपछि एमाले नेता श्रीमाधव कुमार नेपालले मलाई बधाई पत्र पठाउनुभएको थियो । प्रचण्डसँग धेरै पटक भेटेको छु । हात मिलाएको छु । संवाद पनि गरेको छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामी श्रीपशुपतिनाथलाई राष्ट्रका आराध्यदेव भन्छौं भने एउटा नेपाली पुजारी श्रीपशुपतिनाथमा प्रवेश गर्दा सबैले गौरव गर्नुपर्ने हो । तर भएन । लाग्यो, यो देशमा न सामाजिक स्वतन्त्रता छ, न राजनीतिक, न आर्थिक, न सास्कृतिक, न धार्मिक । बरू यो देश त सबै प्रकारका उपनिवेशवादबाट ग्रस्त रहेछ । यहाँ एउटै विषयमा पनि सयौं धारणा बन्दा रहेछन् । जटिल आन्तरिक कलहका कारण कहिल्यै सहमति र सहकार्य नहुने, भइहाले पनि सीमित स्वार्थ र राज्यको ढुकुटी कुम्ल्याउने प्रयोजनका लागि मात्र हुने । शान्ति र समृद्धिको कुरा गर्ने तर हिंसा र अस्थिरताका लागि काम हुदै छ यहाँ ।

भण्डारी र भट्टहरूले श्रीपशुपतिनाथ मन्दिरको भेटी पारदर्शी बनाउने मेरो प्रतिबद्धता पचाउन सकेनन् । त्यहाँ करोडौंको घोटाला छ । सामान्य उदाहरण दिऊँ, मैले चारजनाको काम सात दिन एक्लै गरें । ती दिन भण्डारीको समेत व्यवस्था थिएन । केवल एउटा द्वार खुलेको थियो । भक्तजनहरूको विशेष पूजा गर्न असमर्थ थिएँ । त्यस्तो अवस्थामा पनि प्रतिदिन ५० हजार सम्मको भेटी आयो । जब कि चारवटै द्वार खुल्दा र विशेष पूजा गर्दा ११ सयदेखि १२ लाखसम्मको पूजा हुन्छ । तर श्रीपशुपतिनाथको वार्षिक आय केही हजार रूपैयाँ मात्रै छ भन्ने सुनेको छु । अनुमान गरौं कति घोटाला छ । मलाई लाग्छ, श्रीपशुपतिनाथमा वार्षिक १५ देखि २० करोड घोटाला हुन्छ ।

भारतमा उग्र दक्षिणपन्थी अतिवादीहरूको एउटा ग्रुप नेपाल र नेपालीले हामीले भनेको मान्नुपर्छ भन्ने ठान्छन् । मैले भारतमा केही सामाजिक, सांस्कृतिक क्षेत्रमा काम गर्दा पनि यो महसुस गरेको हुँ । जब मुलायम सिंह यादव र अमर सिंहले मेरो नियुक्तिलाई नै आधार बनाएर श्रीपशुपतिनाथको पूजा नगरी गए । मलाई लाग्यो उनीहरूले म होइन, श्रीपशुपतिनाथप्रति अनादर देखाए । उनीहरूका लागि श्रीपशुपतिनाथ होइन, भट्टहरू पो देवता रहेछन् । उनीहरूले श्रीपशुपतिनाथसगैं नेपाली जनताको पनि अनादर गरे । उनीहरूको व्यवहार त्यति तल्लो स्तरको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि उनीहरू संगठित पनि छन् । त्यसमाथि अझ नेपाली जनता नेपाली पुजारी नियुक्तिको विषयमा पक्ष र विपक्ष हुदाँ दुःख लाग्यो ।

यस बीचमा कोषका पदाधिकारीसँग सम्पर्क त भयो, तर मेरो नियुक्ति बदर गर्ने सम्बन्धमा कुनै छलफल भएन । कोषका पदाधिकारीहरू सरकारको अडानमा दृढ थिए जस्तो लाग्यो ।

२३ गते बेलुका आरती गरेर फर्केपछि पशुपति क्षेत्र विकास कोषका पदाधिकारीले भने- विष्णुजी, एक कदमपछि हट्नुपर्छ जस्तो छ, तपाईं भोलि पूजा गर्न नजानु होला ।

यसबीचमा के भयो मलाई पत्तो थिएन । म भर्खर आरती सकेर आवास तिर आएको थिएँ । पछि थाहा भयो, म मन्दिर भित्र श्रीपशुपतिनाथको आरती गरिरहँदा संसद्मा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले मेरो नियुक्ति फिर्ताको घोषणा गरिरहनुभएको रहेछ । अनि त्यो घोषणा लगत्तै मेरो नियुक्ति बदर भयो ।

मलाई लाग्यो, लौ श्रीपशुपतिनाथमा पुजारीको विषयलाई लिएर संघीय गणतन्त्र नेपालको पहिलो सरकार पनि खतरामा पो परेछ । श्रीपशुपतिनाथमा एउटा नेपाली पुजारी नियुक्तिले सरकारलाई अन्तर्राष्ट्रिय दबाब पऱ्यो जस्तो लाग्यो मलाई । त्यस्तो दुःख लागेन । म सामान्य संस्कृतको प्राध्यापक थिएँ । अचानक पुजारी भएँ, अचानक हटाइएँ । मलाई यो सबै सामान्य लाग्यो । मैले यसैका लागि जीवन बाँचेको भए मलाई पीडा हुन सक्थ्यो । तर, मैले एक साता भएपनि श्रीपशुपतिनाथको आराधना त गरें नै । कारण कहिल्यै श्रीपशुपतिनाथको पुजारी बनौंला र मन्दिरमा छिरौंला भन्ने सोचेकै थिइनँ । त्यसैले पुनः मन्दिरबाट बाहिरिनुपर्ने अवस्था पनि मेरो लागि नौलो भएन । मलाई ठीकै छ, राज्य फेरि सचेत बन्यो, फेरि मेरो आवश्यकताको महसुस भयो र श्रीपशुपतिनाथको कृपा भयो भने फेरि मन्दिर प्रवेश गरौंला भन्ने लाग्यो । म खुल्ला हृदय लिएर मन्दिर प्रवेश गरेको थिए । बाहिरिदापनि खुल्ला हृदय नै भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२४ गते दिनभरि आफ्नै कक्षमा बसें । "भण्डारीहरू क्रुद्ध होलान्, सुरक्षाको प्रबन्ध मिलाउनुपर्छ कि" भनें कोषका पदाधिकारीलाई । बेलुका पश्चिम द्वारमा कोषको गाडी आयो, त्यो चढेर म कोषको कार्यालयमा गएँ । त्यहाँ पदाधिकारीले मलाई तपाईंको हातबाट ऐतिहासिक काम भएको छ, शताब्दियौ देखिको नेपालीहरूको चाहना पूरा भएको छ । हामी तपाइँलाई नागरिक अभिनन्दन गर्ने प्रवन्ध मिलाउँछौ । हात्ती चढाएर नगर परिक्रमा गराउँछौ भने । मैले आवश्यक छैन भनें । म सनातन धर्म, सभ्यता र संस्कृति प्रति आस्थावान् भक्तभाज लोशे बाहुन । मैले विधि पूर्वक श्रीपशुपतिनाथ मन्दिर प्रवेश गरेर एक सप्ताह पूजा, आराधना र साधना गर्ने अवसर पाएँ, यो नै मेरो सर्वश्रेष्ठ अभिनन्दन हो । धन्यवाद छ । मलाई अरु अभिनन्दन र प्रशंसाको आवश्यकता छैन र पर्दैन पनि भनेर कोषको प्रस्तावलाई अस्वीकार गरिदिएँ । त्यसपछि कोषका वरिष्ठ पदाधिकारी र सरकारका प्रतिनिधिले हामी क्षमा माग्छौं, हामी तपाईलाई अरु केही दिन सक्दैनौ भनें । अनि उनीहरूले लौ विदाइ भन्दै एउटा खाम र एउटा माला दिई विदाई गरे । मलाई केही आवश्यकता पनि थिएन ।

पुजारीमा चयन र पृष्ठभूमि

मलाई श्रीपशुपतिनाथको पुजारी नियुक्त गरियो । यहाँ त्यसको पृष्ठभूमि बताउन गइरहेको छु । त्यसबेला भर्खर नेकपा माओवादीका अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार गठन भएको थियो । त्यसैताका श्रीपशुपतिनाथका चारजना भट्टमध्ये दोस्रो नम्बरका श्रीकृष्ण योग भट्टले स्वास्थ्यको कारण देखाई राजीनामा दिएका कारण सो स्थान खाली थियो । पशुपति क्षेत्र विकास कोषका पदाधिकारीले पुजारी बन्न योग्य सत्र-अठारजना व्यक्तिको बायोडाटा संकलन गरेका थिए । तर, तीमध्ये कोही पनि चित्तबुझ्दो फेला नपारेपछि कोषका पदाधिकारीले विभिन्न श्रोत मार्फत अनेक विद्वान्हरूसगँ सम्पर्क गरे । त्यसै सिलसिलामा माओवादीका काठमाडौं जिल्ला इन्चार्ज पवनमान श्रेष्ठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्फत त्रिभुवन विश्वविद्यालयका संस्कृत प्राध्यापक डा. ऋषिप्रसाद शर्माले मलाई भेट्नुभयो ।

श्रीपशुपतिनाथमा नयाँ पुजारी राख्ने कुरा चलिरहेको छ, तपाईलाई पूजाविधि र इतिहासबारे के जानकारी छ ? डा. ऋषिप्रसाद शर्माले सोध्नुभयो ? मैले भारतमा पढ्दादेखि नै श्रीपशुपतिनाथका यावत् विषयमा जानकारी राख्दै आएको थिएँ । त्यसैले सबै कुरा बताएँ । त्यसपछि डा. ऋषिसरले मसँग बायोडाटा माग्नुभयो । पछि कोषमा पनि सो बायोडाटा प्रस्तुत गरें । श्रीपशुपतिनाथमा त्रिकालव्यापी पूजा हुन्छ । मुद्रा, न्यास, श्रीयन्त्र निर्माण, शृंगार, आवरण लगायका पूजाविधि मबाट सम्पन्न हुन सक्ने नसक्ने बारेमा कोषका पदाधिकारी बीच तीन सातासम्म छलफल भयो । अन्ततः उहाँहरू 'तपाईलाई छाडेर अर्को व्यक्ति छैन' भन्ने निष्कर्षमा पुग्नुभयो । ज्योतिषीले पनि मेरो 'बृहस्पति लग्नमा स्वगृही भएकाले विद्वत्तामा प्रश्न उठाउन कसैले नसक्ने' निचोड निकाल्दै योग्य भएको ठहर गरे ।

तत्कालीन माननीय संस्कृतिमन्त्री गोपाल किरातीसँग पनि छलफल भयो । कोषका संरक्षक एवं सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यु ले पनि सबै विवरण सुनेपछि हुन्छ भन्नुभयो । र, मलाई पुजारी नियुक्त गर्ने तयारी भयो । मैले त्यसबेला मुख्यतः दुईवटा कुरामा सजग गराउन खोजेको थिएँ । मैले भनेको थिएँ 'भारतीय भट्टलाई हटाएर नेपाली पुजारी नियुक्त भयो भन्ने ढंगले बाहिर प्रचार हुनसक्छ । त्यस ढंगले मेरो नियुक्त भएको होइन भन्नेबारे स्वदेश तथा विदेशका सञ्चारमाध्यमका प्रतिनिधिलाई स्पष्ट पार्नुहोस् ।' त्यसैगरी मैले अर्को कुरा भनेको थिएँ 'धर्म नमान्नेले कार्यकर्तालाई भर्ती गऱ्यो' भन्ने र ईश्वरमा विश्वास नगर्ने माओवादीले श्रीपशुपतिनाथमा आफ्नो कार्यकर्ता पठायो भन्ने भ्रम फैलनसक्छ । त्यसो भएमा थेग्न मुस्किल पर्छ ।

तर, मैले जे नहोस् भनेर चाहेको थिएँ, त्यही भयो । जब म पुजारीमा नियुक्त गरिएँ । देह, इन्द्रिय, मन र आत्मशुद्धिका लागि पुजारीले तीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन गुप्तबास बस्नुपर्ने भएकाले पुस १४, १५ र १६ गते म गुप्तबास बसें । अन्न, नुन नखाई मौन रही भुइँमा सुतें । पुसको जाडोमा ध्यान र स्नानको क्रम पनि सुरू भयो । पुस १७ गते बिहान ७:३० बजे म श्रीपशुपतिनाथ मन्दिरपरिसरमा प्रवेश गरें । १० वटा शैवमूर्तिहरूको परिक्रमा गरेर श्रीपशुपतिनाथको द्वारमा बिहान १०:३० बजे पुग्दा त सबै द्वार बन्द भएको पाएँ । त्यहाँका भट्ट र भण्डारीहरू मन्दिर बन्द गरी अलप भएका रहेछन् । मन्दिर खुलाउन भट्ट र भण्डारीसँग कोषका पदाधिकारीले बैठक गर्दा अपराह्नको ४:३० बज्यो । त्यस दिनको पूजा नहुने अवस्था सिर्जना भयो । तर, सरकारको तर्फबाट नै ताल्वा तोडेर मलाई भित्र पूजा गर्न प्रवेश गराइयो ।

रोचक संयोग के भने धर्म मान्नेहरू पूजा रोकेर मन्दिरमा ताल्वा लगाएर अलप भए । धर्म नमान्ने भनिएको माओवादी नेतृत्वको सरकारले चाहिं ताल्वा तोडेर पूजा गराउने वातावरण सिर्जना गऱ्यो । यस्तो महान् आश्चर्य मैले देखें ।

एक्लै पूजा आराधना

श्रीपशुपतिनाथमा कुनै पनि भारतीय भट्ट नआएपछि म एक्लैले सबै भट्टले गर्ने पूजा गर्नुपऱ्यो । वि. सं. २०६५ पुस १७ गतेदेखि २३ गतेसम्म मैले नै श्रीपशुपतिनाथको पूजाविधि सम्पन्न गराएँ । त्यस क्रममा मलाई अप्ठ्यारो त भयो नै तर कुनै पनि विधि छुटेन । मन्दिरमा श्रृंगार उतार्ने काम हुन्छ । त्यसका लागि तीनजना पुजारीको खाँचो पर्छ । म एक्लैले गर्नुपर्दा केही विघ्नबाधा अवश्य आए । म खासमा माओवादी भएर त्यहाँ गएको थिइनँ । आवश्यकता र योग्यताले त्यहाँ पुगेको थिएं । अनि विश्वका सनातन धर्मावलम्बीको आस्थाको केन्द्रमा भारतीय र नेपाली भन्ने विभेद खडा गर्नु पनि मेरो उद्देश्य थिएन । अर्को कुरा अन्य भट्टलाई हटाएर मलाई लगिएको पनि होइन । पुस २३ गते साँझ ७ बजे आरती सकेर बाहिर निस्कँदा कोषका पदाधिकारीले मलाई ताजा घटना सुनाए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्माननीय प्रधानमन्त्री प्रचण्डको सम्बोधन आएको रहेछ । प्रचण्डले मूल भट्टको राजीनामा स्वीकृत, मेरो नियुक्ति बदर र अर्को व्यवस्था नभएसम्म तिनै भट्टलाई पूजागर्ने जिम्मेवारी सुम्पिनु भएको रहेछ ।

मलाई स्वप्नमा समेत आक्रमणको प्रयास भइरहेको छ भन्ने संकेत आएको थियो । प्रत्यक्ष भौतिक आक्रमणको सम्भावना त थिएन तर अभिचार क्रियाहरूको माध्ययमबाट पनि मानिसलाई कसरी विचलित पार्न सकिन्छ ? कसरी मानसिक रूपमा कमजोर बनाउन सकिन्छ ? भन्ने काम भयो । नेपाली भट्ट मानसिक वा शारीरिक रूपमा छिन्न भिन्न भयो र श्रीपशुपतिनाथमा पूजा गर्न सकेन भन्ने सन्देश दिन सकियो भने यो विषय अझ हजार वर्ष पर धकेलिन्छ भनेर उनीहरूले सबै विधि अपनाए । म बैलाएं, भागें या मरें भने पहिला कुनै वर्ष श्रीपशुपतिनाथमा नेपाली भट्ट पुजारी राखेको तर नसकेर भाग्यो रे त्यहाँ नेपाली जानु हुँदैन भन्ने किंवदन्तीका कुरा स्थापित हुने भएकाले मैले प्रतीकार गर्न सक्दो विधि अपनाएँ ।

मैले आफुलाई के महसुस गर्छु भने 'म मसानघाटको खरानीबाट जिउँदो भएर आएको मान्छे' किन भने म हर प्रकारले मर्ने, बहुलाउने र भाग्ने कुराको विरूद्धमा सशक्त संघर्ष गरेर स्थापित भएको मान्छे । धेरै नेपालीहरू प्रधानमन्त्री भए हाम्रो देशमा तर श्रीपशुपतिनाथको भट्ट हुने अवसर कुनै नेपालीलाई जुरेन । म श्रीपशुपथिनाथको एक्लो पूजारी हुँ । ऐतिहासिक कालखण्डमा राज्यमा स्वाभिमान बढेका वेला मैले त्यो जिम्वेवारी पाएको थिएं । मलाई राज्यले जिम्मेवारी दिएको थियो । के गर्न पाएँ, के गर्न पाइएन अथवा केही गर्ने अवसर जुरेन भनेर मलाई हीनतावोध छैन । जति मैले गर्न सकें गरें । ठीक गरें ।

सांस्कृतिक रूपमा भारतलाई मैले राम्ररी चिनेको छु । मारिसस, गुयाना र ट्रिनीडाडको घटनालाई मैले अध्ययन गरेको थिएं । भारतको विषेशता के भने उसले आफ्नो चिजलाई छाड्दैन । एक जातीय अहंकारको मूढतालाई उसले त्याग्दैन । श्रीपशुपतिनाथको विषयमा भारतको बुझाई गलत रह्यो । मिडियाले पनि गलत संदेश फैलायो । जिम्मेवारी पूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिडियाले जनतालाई ठीक ढंगले सुसुचित गर्ने काम गरेन । पुजारी नियुक्तिको विरोध गर्नेहरूले कहिल्यै मेरो योग्यता र पूजाविधि बारे प्रश्न उठाउन सकेनन् र नेपाली नागरिक हुनुबाहेक मेरो अर्को अयोग्यता कसैले देखाउन सकेका छैनन् ।

राजनैतिक पार्टीहरूको भूमिका

माओवादी अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारले श्रीपशुपतिनाथ मन्दिरमा मलाई पुजारी नियुक्त गर्दा भारतमा समेत धक्का महसुस भयो । आफ्नो देशको पवित्र मन्दिरमा विदेशी पुजारी राख्नै पर्ने बाध्यताका सामु तत्कालीन माननीय संस्कृति मन्त्री श्रीगोपाल किरातीको मलाई पुजारी बनाउने निर्णय दुई साता पनि टिकेन र श्रीपशुपतिनाथमा भारतीय नागरिकलाई नै पुःन मूलभट्ट बनाइयो ।

तीन सय वर्षमा एक पटक नेपाली नागरिकलाई श्रीपशुपतिनाथको पुजारी बनाइयो तर सरकार कुटनीतिक पहल गर्नमा चुक्यो । श्रीपशुपतिनाथमा लामो समयदेखि भारतीय मूलका पुजारी रहँदै आएकोमा नेपाली पुजारी नियुक्ति सँगै चौतर्फी दवाव आयो र प्रचण्ड नेतृत्वको सरकार पछिहट्न बाध्य भयो ।

यदि मन्दिरको द्वार बन्द भएकै अवस्थामा म फर्केको भए मेरो जीवन निरर्थक हुन्थ्यो । अर्चाको विधि विज्ञान राम्ररी अंगालेर, संघर्ष गरेर, गुप्तवासको चरण पार गरेर म यहाँ आइपुग्दा पनि द्वार नखुलेको भए ईश्वरले हेरेनन् भन्ने हुन्थ्यो । भगवान्को प्रेरणाले राज्य जाग्यो र मैले पूजा गर्न पाएँ । आफुले जानेसम्म र सम्भव भएसम्म सबै विधि र प्रक्रिया पुऱ्याएर श्रीपशुतिनाथको पूजा गरें ।

पुजारीको रूपमा म श्रीपशुपतिनाथ मन्दिर प्रवेश गरेपछि विरोधको स्वर चर्को हुदै गयो । भारतले समेत नेपाल सरकारलाई भारतीय पुजारी नहटाउन दबाव दियो । यथार्थमा भारतीयलाई हटाएर नेपालीलाई राखिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि होइन । तरपनि मैले श्रीपशुपतिनाथको पहिलो नेपाली भट्ट बन्ने अवसर पाएं । सरकारले पनि आत्मविश्वासका साथ काम गर्न सकेन । सरकार चुक्यो । ऐतिहासिक परिवर्तनको एजेण्डाले स्थायित्व ग्रहण गर्न सकेन ।

'माओवादी कार्यकर्तालाई श्रीपशुपतिनाथ मन्दिर प्रवेश गराइयो, र भारतीय भट्टलाई हटाएर नेपालीलाई राखियो भन्ने भ्रामक सन्देश गयो भने यसले नराम्रो रूप लिन्छ र भारतले सहँदैन' भनेको थिएँ नभन्दै त्यस्तै भयो । नियुक्ति बारे निर्णय गर्नु अघि नै मैले यो विषयमा सजग गराएको थिएँ ।

निश्चयनै योग्यता र क्षमताको मूल्याङ्कन, परीक्षण र विश्लेषण नगरी पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्ले मलाई श्रीपशुपतिनाथको पुजारी बनाएन । नेपालीलाई आउने झन्झट, लामो सम्वाद, परिचर्चा र अन्तर्वार्ताको सामयिक शृंखला पार गरेपछि बल्ल पुजारी नियुक्त गरिएको हो । पाशुपत तत्त्वको खोजमा तीन दशक अध्ययन र अनुसन्धान गरेपछि म भट्ट हुनका लागि योग्य ठहरिएँ । तन्त्रशास्त्रको ज्ञान र महाविद्याको पूजा विज्ञानमा लामो अवधि पार गरेपछि श्रीपशुपतिनाथको पुजारी हुने अवसर जुरेको हो । कतिपय मानिसहरूले माओवादी आन्दोलनका स्रष्टा, गणतान्त्रिक नेपालको पहिलो प्रधानमन्त्री क. प्रचण्ड (पुष्पकमल दाहाल) को पारिवारिक सदस्यका कारणले मैले यो अवसर पाएको भनेर अपव्याख्या समेत गरे । आरोप लगाए । वेदमन्त्र, वैदिक सिद्धान्त, कल्पशास्त्र र तन्त्रशास्त्रका गूढ रहस्यहरूलाई नजानेको हुन सक्ने अनुमान गरे । कतिपयले श्रीपशुपतिनाथको मुलभट्ट मूल पुजारीले पाशुपत क्षेत्रको जात्रा र पर्वहरूको सञ्चालन र निर्देशन गर्नुपर्ने तर त्यो मलाई थाहा नभएको भनेर भ्रम फैलाए । कतिपयले मेरो आचरण, आहार र नियम निष्ठा माथि प्रश्न उठाए । जब कि कुनै पनि काल्पनिक मनगढन्ते आरोपहरू तय गर्ने, भ्रमहरू विकास गर्ने, ती विचरा नादानहरूलाई सत्य तथ्य वारे केही थाहा रहेनछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकतन्त्र, सामाजिक न्याय, समावेशी सिद्धान्त लागू नभएको कालखण्डमा प्रचलित धेरै धारणाहरू दरबार केन्दित रहे । त्यहाँ विश्लेषण र परिमार्जनको आधार थिएन । राष्ट्रिय स्वार्थ र सांस्कृतिक स्वतन्त्रताको अभीष्ट लक्ष्य नदेख्ने तात्कालिक शासकहरूले कुनै कारणले केही नियम बसाले भन्दैमा त्यसैलाई पछ्याउँदै सबैले अनुशरण गर्दै राज्यलाई कमजोर तुल्याउँदै अघि बढिरहनु पर्छ भन्ने मत अज्ञानताको द्योतक हो ।

लोकतान्त्रिक विधि व्यवस्था नरहँदा समाजको भलाई कसरी गर्न सकिन्छ ? यथार्थमा शासक भविष्यद्रष्टा हुनुपर्दछ । तव पो समाज र देशको उन्नति र प्रगति हुन्छ । जनतालाई दमन र उत्पीडनको घेरावन्दीमा पारेर शासन गर्ने परिपाटी हावी भएका वेला प्रचलनमा आएका अभ्यासहरूलाई परम्पराको नाउँमा शास्त्रीय आधार दिन खोजियो । यस्ता प्रवृत्तिहरूबाट लोकतान्त्रिक सांस्कृतिक चेतनाको विकास हुन सक्दैन । प्रकल्पहरूबाट जनताको धार्मिक, सामाजिक, सांस्कृतिक अधिकारहरू अझ कुण्ठित हुँदै जानेछन् ।

सार्वभौम नेपाली जनताको नागरिक सिद्ध अधिकार र स्वतन्त्रताको प्राधिकार सुनिश्चित गर्ने उद्देश्य बटुली संगठित भएका र कयौं पटक देशको शासन गर्ने अवसर पाएका राजनीतिक पार्टीहरू पाशुपत प्रकरणमा भारतीय हितको प्रवर्द्धनका लागि सडक संघर्षमा उत्रिए । म श्रीपशुपतिनाथमा देशको प्रतिनिधित्व गरेर, देशमा प्रचलित वैदिक शाखा र आम्नायको माध्यमले पूजा गर्न र राष्ट्रिय संकल्पशक्तिलाई प्रबल बनाउन आएको थिएं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सिंगो केन्द्रीय कमिटीले हस्तक्षेपकारी भूमिका खेलेको आरोप लगायो । भारतीय भट्टहरूको नियुक्ति हुँदा योग्यता र पारदर्शिता सम्बन्धी प्रश्न कहिल्यै नउठाएको उक्त पार्टीले २०६५ पौष २१ गते स्थापित मान्यता र प्रक्रिया उल्लङ्घन भयो भन्दै विज्ञप्ति निकाल्यो ।

कसले, किन र के का लागि यस्तो मान्यता चलायो ? यसको खोज नेपालका कुनै पार्टीले कहिल्यै गरेनन् । पूर्ण विधि र प्रकृया पार गरेर म श्रीपशुपतिनाथको पूजा गर्न आएको हुँ । राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कांग्रेस र अन्य राजनीतिक दलहरूले नेपाली पुजारीको नियुक्तिको विरोधमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सडकजाम गरे । टायर बाले । जनतालाई दुःख दिए । राजधानीमा प्रदूषण फैलाए । राष्ट्र निर्माता पृथ्वीनारायण शाहको मूर्ति भत्काइँदा निक्लन नसकेका आवाजहरू श्रीपशुपतिनाथमा नेपाली भट्ट प्रवेश गर्दा निक्लिए ।

जनताले राष्ट्रियताको श्रोत कहाँ खोज्ने ? त्यति पनि बुझ्ने प्रयत्न भएन । श्रीपशुपतिनाथमा राष्ट्रिय संकल्पको आवश्यकता छ । देशलाई एकताको सूत्रमा सङ्गठित गर्नको निम्ति देशका पवित्र ताल, तीर्थ, नदी, धाम र सिद्धस्थानहरूसँग श्रीपशुपतिनाथलाई जोड्नु पर्ने आवश्यकता छ । यो देशमा मानवता र पर्यावरण संकट उन्मुख भइरहेका वेला भारतीय भट्टले गर्ने पूजाविधिले जोखिमलाई बढाइरहेको छ ।

तन्त्र, वेद, ज्योतिष, धर्मशास्त्र र व्याकरणका विभागीय बोर्डहरू संस्कृत विश्वविद्यालयका विद्यापीठहरूमा झुण्डाइएको छ । त्यहाँबाट उत्पादित दक्ष जनशक्ति विहान वेलुका हातमुख जोड्ने व्यवस्था नजुटेर भौतारिरहेका छन् । करोडौं खर्च दिएर भारतबाट भट्ट आयात गरिँदै छ । यो देशको दुर्भाग्यलाई कसरी सौभाग्यमा बदल्ने ? श्रीपशुपतिनाथबाट बाहिरिदै गर्दा मलाई विभिन्न प्रश्नले अल्झाइरहेको छ । राजनीतिक दलहरूको वैचारिक अवसादलाई कसरी टुंगो लगाउने ?

देशको माटो र आत्मालाई चिनेको, यहाँका देवी देवताहरूलाई श्रद्धा गर्ने, ऐतिहासिक धार्मिक र सांस्कृतिक परम्पराको सम्मान गर्ने व्यक्तिलाई पो धर्मस्थानको नेतृत्व सुम्पनु पर्छ । विदेशीहरूलाई राष्ट्रदेवको जिम्मा दिएर कहिल्यै देश र समाजको उन्नति हुन्छ ? आफ्नो समाजको उन्नति नचाहनेहरू राजनीतिक नेतृत्व लिन हुल्लडबाजी गर्छन् । हाम्रो देशमा विद्यमान विश्व संम्पदाको स्रोत केन्द्र, आस्थाका धरोहर र नेपालीको साझा सम्पत्ति माथि विदेशीहरूको दादागिरी छ ।

दुर्भाग्य भनौं यस्ता घटनामा श्रीमिनेन्द्र रिजाल र श्रीमाधव कुमार नेपाल प्रवृतिले दलाली गरिरहेका हुन्छन् । यो एक प्रकारको सांस्कृतिक गुलामी हो । श्रीपशुपतिनाथमा भारतीय भट्टहरूको एकाधिपत्य रहुञ्जेल देशमा राष्ट्रिय स्वाधीनताको कुरा गर्नु वेइमानी हुनेछ । आत्म वञ्चना हुनेछ । कुटिल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्राष्ट्रिय अर्थराजनीतिको सन्दर्भ हेर्दा अव यो सारै जटिल भयो भन्ने लाग्छ । राजाले मुन्टो हल्लाएर स्वीकार गर्दै आएको विषयलाई पशुपति क्षेत्र विकास कोषका तत्कालीन संरक्षक वा देशको सम्माननीय प्रधानमन्त्री श्रीमाधव कुमार नेपाल र संस्कृति मन्त्री श्रीमिनेन्द्र रिजालले भारतीय नागरिकलाई श्रीपशुपतिनाथको भट्ट बनाउन औपचारिक कागजी नियुक्ति प्रक्रियामा लगेका छन् । यसको प्रकृतिलाई मूल्यांकन गर्दा स्वाभिमानी देशभक्तलाई ग्लानि बढेर जानेछ ।

राजसंस्थाको विधिवत् अन्त्य भइसकेपछि श्रीपशुपतिनाथको भट्ट प्रकरणलाई नियाल्दा देश एक कदम पराधीन हुने बाटोमा अघि बढेर जाने भयो भन्ने लाग्छ । यसले के देखाउँछ भने नेपालमा संविधानको कुरा, द्वन्द्व व्यवस्थापन र मानवअधिकारको विषय, संविधानलाई क्रियाशील हुन नदिन अप्ठ्यारो परिस्थिति नयाँ ढंगले सिर्जना हुनेछ । भारतले सधैं राष्ट्रिय सुरक्षाको नयाँ नयाँ प्रश्न उब्जाएर यो देशलाई कहिल्यै पनि माथि उठ्न र विशेष गरेर शान्ति र समृद्धिको बाटोमा प्रयत्नशील बन्न दिने छैन ।

कतिपय मानिसहरू भारत र नेपालको रोटी बेटीको सम्वन्ध रहेको कुरा गर्छन् । त्यसो भए हामी दुवै देशका नागरिकहरू एउटै जात र परिवारका मानिस हौं । फेरि श्रीपशुपतिनाथमा नेपाली भट्ट पुजारीको भारत किन विरोध गर्छ । वास्तविकता अर्के छ । भारतको सुरक्षा समृद्धिमा नेपालीहरूको ठूलो योगदान छ । त्यसको विपरीत नेपालको दुर्दशामा भारतको अजङ्गको सहभागिता रहँदै आएको छ । राज्यसत्ताको नेतृत्वलाई खरिदबिक्रि गर्दै देशको उद्यमशीलतालाई बजार विहीन बनाएर अस्थिरता र अशान्ति पैदा गर्ने भारतीय नीति नेपालमा हावि छ । त्यसको सवै नाटक मञ्चन श्रीपशुपतिनाथमा बसेर हुनेछ ।

भारतीय भट्टको सत्ता र परिवर्तन

पहिले राजालाई सम्मान प्रकट गर्न भट्ट शब्द प्रयोग गरिन्थ्यो । जब विद्वान् ब्राह्मणको नामपछि लगाइने उपाधिको रूपमा भट्ट ग्रहण हुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्यो । त्यसपछि राजालाई भट्टारक भन्ने चलन चल्यो 'राजा भट्टारको देवः' । 'अमरकोष' हेर्दा विद्वान् पुरूष वा दार्शनिक व्यक्तिलाई भट्ट भनेको पाइन्छ । शब्द प्रयोगको इतिहास खोतल्ने इतिहासकारका अनुसार भट्ट एक प्रकारको मिश्र जाति हो जसले भाट र चारण झैं राजाको दैलोमा पुगेर स्तुतिगान गर्ने व्यवसाय गर्थ्यो । क्षत्रियबाट बाहुनकी छोरीमा बीजारोपण भई जन्मेको जातकलाई पनि भट्ट भन्ने गरेको पाइन्छ ।

'भट्टं स्वामित्वमिच्छति' विग्रहलाई आधार मानेर व्यक्ति वाचक नामका पछि लगाइने सम्मान सूचक उपाधिको रूपमा पनि भट्ट शब्द प्रयोग हुँदै आयो । पाशुपत संकल्पमा 'श्रीराजराजेश्वरी महात्रिपुरसुन्दरी श्रीपशुपति महाभट्टारक देवता प्रीत्यर्थम्' उल्लेख छ । श्रद्धास्पद पूज्य आराध्यलाई महाभट्टारक भनिएकोले भट्ट शब्द भक्त पुजारीलाई प्रयोग भयो । भट्टको वास्तविक अभिधेयार्थ हो वेदार्थ तत्त्व जान्ने । वर्णसंकर जातिका लागि भट्ट कहिलेदेखि प्रयोगमा आयो अझ खोज्नु पर्नेछ ।

किंवदन्तीमा नेपालका राज्यसञ्चालकलाई सूतक वा जुठो पर्दा सारा नेपालीले श्रीपशुपतिनाथमा पूजा गर्न नमिल्ने भएकाले भारतवाट पुरोहित ल्याई पूजा सञ्चालन गरेको भन्ने सुनिन्छ । मलाई श्रीपशुपतिनाथमा पहिलो नेपाली पुजारी भनियो । नेपाल राष्ट्रको निर्माण भएदेखि यस्तो अवसर कुनै नेपालीले पाएको छैन । मेरो अध्ययनले अंशुवर्मा आफ्नो शासनकालमा श्रीपशुपतिनाथको पूजा आफैं गर्थे । जनताका छोराले देशमा अध्ययन गर्न पाएनन् । काशी तीर्थ यात्रा गएका बेला प्रताप मल्ल (कहीं यक्ष मल्लको पनि प्रसङ्ग छ) ले भट्ट लिएर आएको प्रसंग इतिहासविद्हरूले उल्लेख गरेका छन् । तर विक्रम संवत् १७५४, १७७३ मध्ये कुन साल हो स्पष्ट भएको छैन । त्यसैले श्रीपशुपतिनाथ भारतीय भट्टलाई सुम्पने प्रताप मल्ल नै हो वा अरु कुनै किटान हुन सकेको छैन । अर्को जनश्रुक्ति पनि छ आदि शंकराचार्य ज्योतिर्मठबाट हिमालय क्षेत्रको पदयात्रा गर्दै रूद्रगाढेश्वर (पाशुपतक्षेत्र) आए । उनले श्रीपशुपतिनाथको पूजा पद्धति निर्माण गरेर जोगीहरूलाई श्रीपशुपतिनाथको पुजारी बनाए । आचार्य शंकरसँग अनेक मिथक जोडिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्रीसदाशिवको पूजा आराधनाका नाउँमा पाशुपत साम्राज्य कब्जा गर्न वंशानुगत दक्षिणी भारतीय भट्टहरू कहिलेदेखि आए यकीन तथ्य छैन । तर उनीहरूले श्रीपशुपतिनाथमा बसेर भारतीय विचार र शक्तिलाई मात्र फैलाएनन् अपितु राजनैतिक प्रभावको विस्तारका लागि पनि ठूलो खेल खेले, पापड बेले । व्यापार व्यवसाय गर्न भनेर आएका अरबियन र बेलायतीहरूले जसरी भारतमा राजनीतिक साम्राज्य फैलाए । भाषा, वेशभूषा, आर्थिक र राजनीतिक प्रभाव प्रचारमा ल्याए । त्यसरी नै भारतीय भट्टहरू पनि श्रीपशुपतिनाथमा पूजाका नाउँमा आए । तर उनीहरूले यहाँ बसेर पूजाआराधना र भक्तिको संस्कार विकास गर्नु भन्दा भ्रष्टाचार र नैतिक पतनको बाटो देखाए । आफुले बढाएको धार्मिक, सांस्कृतिक र राजनीतिक सामर्थ्यबाट राजाहरूलाई पनि निस्तेज बनाए । भट्टहरूको यसै कृत्यबाट नेपालमा एक प्रकारले राजनीतिक हत्या र अराजकताको माहौल विकसित भयो ।

भारतीय भट्टहरूले धर्मको आवरणमा धाकधम्की देखाएर, भ्रष्टयोग गरेर खरबौं धार्मिक दान-दातव्य कुम्ल्याउँदै गए । उनको दृष्टि कमाउन र वर्चस्व स्थापित गर्नमा मात्र गयो । उनीहरू यो देशको सांस्कृतिक मूल्य मान्यतालाई छायामा पार्न सक्रिय रहे । नेपालमा भट्टहरू अस्थिरता बढाउने कारक पनि बने । त्यसैले उनीहरू प्रति यहाँ नकारात्मक धारणा बढेको छ । भिन्न भिन्न कारणहरूबाट श्रीपशुपतिनाथमा भारतीय भट्टहरूको वर्चस्व स्थापित हुँदै आएको छ ।

आचार्य शंकर दिग्यात्रामा रहँदा केही द्रविड ब्राह्मणहरू पनि सँगै थिए । कान्तिपुर उपत्यका प्रवेश गरेपछि यहाँको प्राकृतिक सौन्दर्य र रमणीय वातावरण देखेर उनीहरू मोहित भए । द्रविड ब्राह्मणहरूले यहाँबाट नर्फकने निधो गरे । उनीहरू आचार्य शंकरसँग अनुनय गरी श्रीपशुपतिनाथमा पुजारी बनेर बसें । यो प्रमाणहीन कुरा हो । यसमा कुनै प्रामाणिक तथ्य पनि भेटिंदैन । तर उनले जोगीहरूले गर्नुपर्ने आन्हिक कर्तव्य विधि र पूजा पद्धति 'यतिदण्डैश्वर्य विधानम्' निमार्ण गरे र दशनामी दण्डी सन्यासीहरूलाई श्रीपशुपतिनाथको पुजारी बनाए भन्ने कुरा यथार्थपरक हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गर्दैगर्दा आवाहनादि धार्मिक नियम वा विधि, प्रणाम आदि मुद्राहरूको प्रयोग र पूजा क्रम मिलेन भनेर अफवाह फैलियो । गृहस्थी र सन्यासीहरूको नित्य विधि, उद्देश्य र व्यवहारिक सिद्धान्त फरक छ । यसैलाई मुद्दा बनाएर सन्यासीहरूको समर्पण भावमा अनास्था बढाइयो । पन्ध्रौ, सोहौं शताब्दीको बीच तिर यस्तो अवस्था आयो ।

त्यसपछि नेपालमा लोकले सिद्ध गरेको राजा भगवान् हुन्छ भन्ने लोकायत सम्प्रदायको अधिमान्यता प्रचारमा आयो । राजा दिवंगत हुँदा प्रजालाई आशौच लाग्ने, दरबारमा सुत्केरो पर्दा जनतालाई सूतक लाग्ने नयाँ काल्पनिक मान्यताले प्रश्रय पायो । जूठो सुत्केरो दोषका कारण यस उपत्यकाका रैथाने पण्डितहरूले निरन्तर श्रीपशुपतिनाथको पूजा गर्न नपाउने भए । त्यसपछि प्रताप मल्ल (यक्ष मल्लको पनि प्रसङ्ग उठ्छ) तीर्थयात्राबाट फर्किदा उनले भट्टहरूलाई लिएर आए ।

श्रीपशुपतिनाथको पूजा गर्न आएका भारतीय भट्टहरूले त्यसपछि उत्तराधिकारीको रूपमा दक्षिणभारततिर बाटै भट्ट ल्याउने क्रम सुरू गरे । बीच-बीचमा यो राम्रो भएन भनेर दरबारमा कुरा उठ्ने गर्दथ्यो । तर त्यतिखेर सम्म उनीहरूले आफ्नो वर्चस्व बढाइ सकेका थिए । प्रशासनिक अधिकार पनि हासिल गरिसकेका थिए । त्यसपछि भय, त्रास र राजनीतिक प्रभावको विस्तारका कारण उनीहरू श्रीपशुपतिनाथ मन्दिर कब्जा गरिरहन नयाँ नयाँ रणनीति अपनाउन थाले । यतिखेर पनि उनीहरू त्यही सूत्रलाई प्रयोग गरिरहेका छन् । त्रिकालव्यापी पूजा छोडेर श्रीको आराधना, स्नान भोग आरती सबै त्यागेर हठात् मन्दिरको द्वार बन्द गरेर भागेका भगौडाहरू दिल्लीको राजनीतिक र प्रशासनिक शक्तिलाई प्रयोग गर्दै फेरि श्रीपशुपतिनाथ मन्दिर कब्जा गर्न प्रयत्नशील देखिन्छन् । उनीहरू नेपाली जनता, राजनीतिकर्मी, श्रीपशुपतिनाथका भक्तलाई समेत गुमराहमा राख्न अझै सफल छन् ।

पाशुपत शैव धर्मको तन्त्रशास्त्रीय पाण्डित्य परम्परा नेपालमा पहिलेदेखि नै विद्यमान थियो र विकसित पनि । राजनीतिक सत्ताको आडमा भारतीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्टहरू बल बढाउन समर्थ भए । उनीहरूले शिवस्व हरणका लागि हर उपाय अवलम्बन गरे । यहाँ वैदिक शाखा र आगम बोधको अभाव रहेको कुतर्क गरे । अनुपलब्ध विषयलाई कसले उपलब्ध गराउने ? एउटा जालसाजीपूर्ण भ्रमको बीज रोप्ने, उमार्ने र फैल्याउने काम भैसकेको छ ।

राजा गीर्वाणयुद्ध विक्रमबाट श्रीपशुपतिनाथमा चढाइएको गुठी विर्ता जग्गा हेर्ने अख्तियारी पाएपछि मूलभट्टले दरबारलाई समेत धम्क्याएर बहुमूल्य रत्न जडित गहनाहरू गायव गरे । राजा राजेन्द्र विक्रम शाहले प्रशासनिक दायरालाई अझ बढाइदिएपछि श्रीपशुपतिनाथको मूलभट्ट अधिकार सम्पन्न व्यक्तिका रूपमा स्थापित भयो । भारतीय दूतावासबाट परिचालित नेपाली मुटुमा बसेको यो समूहले यो देश र यहाँको समाजलाई कहिल्यै हित गर्ने छैन ।

वेदको कसीमा पूजा

श्रीपशुपतिनाथ वागमती सभ्यताका धरोहर हुन् । वागमती सभ्यताकै आडमा छ नेपाली सभ्यता । त्यसैले पाशुपतक्षेत्रको स्वच्छता, गरिमा, आर्थिक पारदर्शिता र आफ्नो स्वाभिमानबारे हामी गम्भीर हुनै पर्छ । वेदकै कसीमा मुल्याङ्कन गर्ने हो भने अहिले श्रीपशुपतिनाथमा वेदको एउटा शाखाले मात्र पूजाविधि सञ्चालन भइरहेको छ । जबकि श्रीपशुपतिनाथका चारवटा द्वार भनेका चार वेदका प्रतीक हुन् । यहाँ चारैवेदका मानिसले पूजा गर्न पाउनु पर्छ । चार वेदका कुल एक हजार एक सय एकत्तीस शाखा छन् । एउटा मात्र शाखाले पूजा गर्दा पूर्ण कसरी हुन्छ ? अहिले वेदको जुन शाखाले श्रीपशुपतिनाथको पूजा भइरहेको छ, त्यो भने तैत्तिरीय शाखा हो । त्यसलाई कृष्णयजुर्वेद पनि भनिन्छ । तैत्तिरीय शाखाका मानिसले मात्र श्रीपशुपतिनाथको पूजा गर्ने परम्परा बदलिनु पर्छ ।

तैत्तिरीय शाखा वेदको पूर्णरूप पनि होइन । त्यसको पनि रोचक प्रसंग छ । एकपटक गुरु वैशम्पायन र उनका चेला याज्ञवल्क्यबीच मतभेद भएछ । त्यसपछि गुरु वैशम्पायनले भनेछन- "तँ मेरो चेला भएर मसँगै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानको फुर्त्ती लगाउने । लौ मैले दिएको ज्ञान तत्काल फिर्ता गर' त्यसपछि वेदको ज्ञानबाट परिपूर्ण भएका याज्ञवल्क्यले सो ज्ञान नै वैशम्पायनलाई फिर्ता गरेछन् । उनले सूर्यसँग ज्ञान लिएर नयाँ वौदिक धारा चलाए सो शुक्लयजुर्वेद भयो । तर उनले फिर्ता गरेको ज्ञानचाहिँ वैशम्पायनका अन्य चेलाले तित्रा चरो बनेर लिएछन् । त्यसैबाट वेदको तैत्तिरीय शाखा बन्यो । त्यसलाई उच्छिष्ट वेद मानियो । त्यसैले श्रीपशुपतिनाथको पूजा व्यवस्थित नहुन्जेल देशमा स्थिरता र समृद्धिको मार्ग बन्न सक्दैन । जबसम्म चारै वेदको प्रतिनिधित्व हुने गरी श्रीपशुपतिनाथको पूजा गरिन्न, तबसम्म नेपालको हित हुने छैन ।

श्रीपशुपतिनाथको पुजारीलाई कुनै भूगोलको विवादमा तान्नु हुँदैन भन्ने कतिपय मानिसहरूको धारणा छ । धर्म संस्कृतिको अस्तित्व राजनीति भन्दा माथि हुन्छ । तर श्रीपशुपतिनाथमा अर्थराजनीतिक कारणले भारतीय भट्टवादको एकाधिपत्य छ । उनीहरू नेपालको अस्तित्वलाई स्वीकार्दैनन् । श्रीपशुपतिनाथमा भारतीय एकाधिपत्य नै प्रधान विवाद हो । विवाद वेदको पनि छ । सबै वैदिक सम्प्रदाय र शाखाका प्रतिनिधि मिलेर पूजा गर्ने वातावरण तय गर्नु पर्छ । सयौं नेपाली भारतमा पुजारी छन् भनेर श्रीपशुपतिनाथको सम्पूर्ण पूजा भारतीयलाई सुम्पिनु र यहाँ सबै भारतीय पुजारी चाहिन्छ भन्नु उचित होइन । हामी नै सक्षम छौं, तैपनि सबैको सहयोग र समर्थन आवश्यक छ । काशी विश्वनाथ मन्दिरमा कसैले चाहेर नेपाली पुजारी राखिएको होइन । खुल्ला प्रतिस्पर्धाबाट छानिएर आए । विभिन्न क्षेत्र र भाषाभाषी तीर्थयात्रीहरूलाई भावनात्मक रूपले जोड्ने भारतको केन्द्रीय नीति अन्तर्गत यस्तो प्रतिस्पर्धा गर्नुपर्ने वातावरण बनाइएको हो ।

ऐतिहासिक सम्पदा पुर्खाहरूले निमार्ण गरे, सांस्कृतिक सम्बन्ध विस्तारका लागि । संस्कृत वाङ्मयमा वेद मूल आधार हो । पहिले वेद ॐकारको रूपमा परिभाषित भयो । क्रमशः विकास हुँदै आकार बढ्यो । बृहत् भइसकेपछि वेदको ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन भयो । अथर्ववेद ९, सामवेद १०००, यजुर्वेद १०१ र ऋग्वेद २१ गरी वेद ११३१ शाखामा विभाजित छ । तर वैदिक वाङ्मयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबै उपलब्ध छैनन् । सामाजिक सन्दर्भ, गुरुकुलको परम्परा र शिष्य प्रशिष्यहरूको अध्ययन अनुसन्धानको विविध पद्धति अनुसार वैदिक शाखा फैलिएका छन् । मैले काशीमा बसेर लामो समय वैदिक वाङ्मय र तिनका अङ्ग र दर्शनहरूको अध्ययन अनुसन्धान गरें । तन्त्रका सैद्धान्तिक र व्यवहारिक पक्षको अन्वेषण गरें ।

श्रीपशुपतिनाथमा जुन विवाद चल्दै आएको छ । त्यो वैदिक विवाद हो । यजुर्वेद कृष्ण (तैत्तिरीय) र शुक्ल (माध्यन्दिनीय) गरी दुई पक्षमा विभाजित हुनु यसको मुख्य कारण हो । कृष्ण यजुर्वेद तन्त्रसंग जोडिन्छ भन्ने भारतीयहरूको भनाइ हो । शुक्ल यजुर्वेद विशुद्ध कर्मकाण्ड हो यसमा तन्त्र छैन भन्नेहरू छन् । यी दुबै भनाइ गलत छन् । तन्त्रशास्त्रको क्षेत्र व्यापक छ । तन्त्रशास्त्रलाई कतिपय ठाउँमा आगमशास्त्र पनि भनिन्छ । तन्त्रशास्त्रका आदिप्रवक्ता षण्मुखी सदाशिव हुन् । 'आगमं पञ्चवक्त्रात्तु' पञ्चवक्त्र शिवबाट आगमशास्त्रको उत्पत्ति भएको हो । श्रोत्री थिइन् पराम्बा पार्वती । सृष्टि, स्थिति र लय तन्त्रशास्त्रको सुरूवातको विषय हो । वेदका जस्तै तन्त्रशास्त्रका पनि शाखा छन् ।

तैत्तिरीय शाखा अध्ययन गर्ने कृष्ण यजुर्वेदीय त्रिलिङ्गा द्रविड ब्राह्मण मात्र श्रीपशुपतिनाथको पूजाका लागि योग्य छन् भन्ने भनाइ भ्रमको खेती हो । शुक्ल यजुर्वेदको शाखा अध्ययन गर्ने ब्राह्मणहरू पनि तान्त्रिक हुन्छन् । महाविद्याको उपासक हुन्छन् । श्रीयन्त्रको पूजा गर्छन् । नेपाल एकीकरण अघिदेखि राजनीतिक, सामाजिक कारणले श्रीपशुपतिनाथमा भारतीय भट्टले पूजा गर्दै आए । लिच्छवी सम्राट् अंशुवर्माले श्रीपशुपतिनाथको पूजा आफै गर्थे । त्यसपछि दण्डी सन्यासीको परम्पराले यो विधिमा प्रवेश गरेको हो ।

भण्डारीको चयन प्रक्रिया

संयोग र सौभाग्यको संयोजन अचम्म लाग्दो छ । यतिखेर म श्रीपशुपतिनाथको मूल मन्दिर र गर्भगृहमा एक्लै छु । चारजना भारतीय भट्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र पालो परेका अरु भण्डारीहरूको सामुहिक दायित्व एक्लै वहन गरिरहेको छु । भट्ट भारतीय भए पनि भण्डारी नेपाली थिए, तर यिनीहरूको सहयोग पनि मैले पाइन । मलाई सहयोग नगर्नुको एउटै कारण हो श्रीपशुपतिनाथको आयस्रोतमा दाइँ गर्न नपाउनु । देशको निर्माण गर्ने शाहवंशीय इतिहासलाई कलङ्कित तुल्याएर राजपरिवारलाई दरबारबाट विस्थापित गर्नेहरू श्रीपशुपतिनाथमा भारतीय परम्पराको कुरा गर्छन् । मलाई वाक्दिक् लाग्छ ।

शरीर फूर्तिलो र मन ऊर्जाशील, अनि मन र मस्तिष्कमा उत्साह व्याप्त भयो भने, मानिसको जीवनमा असम्भव भन्ने केही बाँकी रहँदैन । असल र योग्य नागरिकको धेरै प्रकारले चर्चा र विश्लेषण भइरहन्छ । यति हुँदाहुँदै पश्चिम द्वारमा पुगेर तीर्थालु दर्शनार्थीहरूले दिएका पूजा उपकरण लिँदै नन्दीलाई सूचना दिन थालें भने म मूल उद्देश्यमा एकाग्रचित्त भइरहन सक्दिन । त्यसैले यजमानहरूको संकल्प र पूजा सम्भव भएन । तीर्थालुहरूबाट पूजा सामग्री संकलन र दानभेटी लिने कार्य मबाट सम्भव भएन । मैले पशुपति क्षेत्र विकास कोषका पदाधिकारीलाई भनिदिएँ, ऐले तत्काल भट्टको पदपूर्ति त सम्भव देखिँदैन तर भण्डारीको व्यवस्था अबिलम्ब गर्नु पऱ्यो । तत्काल गर्नुपऱ्यो ।

तीर्थयात्रीहरूलाई कुनै प्रकारको असजिलो र झन्झटिलो भयो भन्नेकुरा ख्याल आउनु हुँदैन । सहज ढंगले सबैलाई चित्त बुझ्ने गरी दर्शनको व्यवस्था र फुल-प्रसाद वितरण आवश्यक छ । पूजा आराधनाको क्रम नसकी म मन्दिरको मूल गृहबाट पटक पटक निक्लन हुँदैन र सम्भव पनि छैन । त्यसैले अब पूजा सामग्री संकलन र चन्दन प्रसाद वितरणको व्यवस्थालाई स्वाभाविक र मर्यादित बनाउन योग्य भण्डारी छनोटको विकल्प छैन ।

बिहान चार बजे मूल मन्दिर प्रवेश गरेर साँझ सात बजे बाहिरिएको छु । सायँकाल अमृत प्राशन र आरती सम्पन्न गर्दा पन्ध्र घण्टा बितेछ ।

पुषको जाडो वेला भोक, प्यास र शौचादिका इच्छाहरू हराएर गए । नित्यकर्म, अध्ययन र नगरी नहुने आवश्यक भेटघाट मिलाएर २० घण्टा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खटिरहेको छु । देशको प्रतिष्ठा अभिवृद्धिको लागि धर्म गर्छु भनेर सम्पदा जिम्मा लिने मानिसले यति त गर्नै पर्दछ । लिएको सङ्कल्प पुरा गर्नु पर्छ । धर्म साधना अर्थात् जनसेवाको माध्यम यो शरीर वर्षदिन नखाँदा पनि घुमिरहेकै हुन्छ । छ महिना नसुत्दा पनि चलिरहेकै हुन्छ । यहाँ योगको अभ्यास र तन्त्रको प्रभावले मात्र यस्तो सम्भव भएन । महाभट्टारक भगवान् श्रीपशुपतिनाथको अनुग्रहले यस्तो अनुकूलन बनिरहयो ।

वंशानुगत सर्वोपरितालाई सर्वदा महत्त्व दिन प्रयत्नशील कतिपय मानिसहरू परम्पराको कुरा उठाउँछन् । त्यही कुरा मात्र रटान गर्छन् । देशमा आफ्नै वंशको मात्र कुरा गरेर पुग्दैन । आफ्नो स्वार्थ पूर्तिका लागि नौघरे परम्पराको कुरा गर्ने भण्डारीहरूको नीति ठीक छैन । दायित्व वहन गर्ने नैतिक सामर्थ्य र योग्यताको मुल्याङ्कन पनि आवश्यक छ । सत्य र न्यायको परम्परा मात्र स्वीकार्य हुन सक्छ । स्वार्थ, भ्रामक, मनगढन्त र तथ्यहीन कुरालाई परम्परासँग जोडेर प्रचार गरिरहनु आवश्यक छैन । लोकतान्त्रिक मूल्य, मान्यता र सामाजिक न्यायको सीमाभन्दा बाहिर गएर निश्चित वर्ग र परिवारले धर्मको आवरणमा एकलौटी देशको सम्पत्ति प्रयोग गर्न पाइरहने तथाकथित परम्पराको यो देशमा अन्त्य हुनु पर्दछ ।

२०६५ पुष १७ गते श्रीपशुपतिनाथका पालोवाला भण्डारीहरूले नेपालीलाई मन्दिर प्रवेश गर्न नदिने भनेर श्रीपशुपतिनाथ मन्दिरको नित्य स्नान, पूजा-शिरमाला, भोग-आरती पनि रोके । दश बजेदेखि चार बजेसम्म उनीहरू मन्दिरको मूल द्वारमा ताल्चा लगाएर भागे । पशुपति क्षेत्र विकास कोष, सरकार र नागरिक समाजका प्रतिनिधिहरूले उनीहरूलाई खोजे तर भेटिएनन् । मैले पाएको सूचना अनुसार भण्डारीहरूले श्रीपशुतिनाथको मूल द्वारको साँचो भारतीय दूतावास लैनचौर गएर महामहिम राजदूत श्रीराकेश सूदलाई दिए । प्रधानमन्त्री प्रचण्डलाई यही मुद्दामा चारैतिरबाट घेरा हाल्ने र माओवादी नेतृत्वको सरकार गिराउने भारतीय योजना थियो । भण्डारीहरू भावनामा बगेर देशको हित विपरीत राष्ट्रिय आराध्यको मूल ढुकुटीको साँचो विदेशी दूतावासमा लगेर बुझाउँछन् भने यिनीहरूबाट आम नेपालीले के आशा गर्ने ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूतावाससँग मिलेर काम गर्ने सहमति गर्दै श्रीपशुपतिनाथका पालोवाला भण्डारीहरू भारतीय दूतावास लैनचौरबाट बाहिर निक्लिए । राजनीतिक सवालको उत्तर पार्टी र सरकार सञ्चालन गर्नेले देलान् । उत्तर दिनुपनि पर्छ । यदि यो सूचनाको विश्वसनीय तथ्य प्रामाणिक हो भने श्रीपशुपतिनाथका पालोवाला भण्डारीहरूले देशद्रोहको कुकृत्य गर्न भ्याए । मन्दिरको दान दातव्य दामासाहीमा बाँडेर खान पल्केका द्रव्यभोगीहरूलाई आकर्षक मासिक तलब दिने प्रस्ताव गरेकै थियो । भारतीय दूतावासमा गएर श्रीपशुपतिनाथको मूल द्वारको साँचो बुझाउने दुस्साहसलाई यिनीहरू कसरी सिद्ध गर्न सक्छन् ।

शैक्षिक योग्यता पुरा गरेका, धार्मिक आचारमा निपुण र उत्कृष्ट सामाजिक कार्यको अनुभव हासिल व्यक्तिहरू मध्येबाट श्रीपशुपतिनाथ मन्दिरमा भण्डारी चयन गर्नु पर्दछ । कथित परम्पराको नाउँमा धार्मिक, सांस्कृतिक सम्पदाहरूको एकल दोहन गरेर श्रीपशुपतिनाथका भण्डारीहरू दुराचार र दुर्व्यसनका अखाडाहरूमा भेटिँदै आएका छन् । तामसिक भोग विलासको चक्रले उनीहरू श्रीको द्वारमा उभिन अयोग्य छन् भन्ने कुरा देशभर फैलिएको छ ।

पारिवारिक सुख, पापमोचन, विघ्नशान्ति, पवित्रता र ऐश्वर्य वृद्धिका लागि मानिस मन्दिरको ढोका चहार्छ । मन्दिरको ढोकामा चन्दन, पञ्चामृत, फुल-प्रसाद र माला दिने व्यक्तिहरू आफैं पापी छन् भने तिनले स्पर्श गरेका पूजाद्रव्य पवित्र, पापनाशक, आपत्ति निवारक र धनवर्धक कसरी हुन सक्छ ?

योग्य प्रमाणित व्यक्तिहरूलाई मात्र धर्मस्थानको द्वार कुर्न दिनु पर्छ । देशको असीमित श्रोतहरू तस्करी भइरहयो । हामीले चाल पाएनौं । अझै कति हुने हो ।

श्रीपशुपतिनाथमा राष्ट्रियताको लडाइँ

श्रीपशुपतिनाथमा भएको भारतीय हस्तक्षेप राजनीतिक प्रकृतिको हो । मानिसहरू यसलाई विस्तारवादको विरूप चित्र ठान्दछन् । राष्ट्रियता भित्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म, संस्कृति-परम्परा, रीति-रिवाज, सामाजिक संस्कारहरू पनि पर्छन् । यी शब्दका अर्थहरूको सम्बन्ध अन्तर्राष्ट्रिय परिवेशसंग पनि जोडिएको हुन्छ । हाम्रो देशमा वैदिक सनातन हिन्दु धर्मलाई नकारात्मक विस्तारवादी राजनीतिक चरित्र जस्तै जनआकाङ्क्षाको अवमूल्यन गर्ने परिपाटी स्थापित गर्न प्रयोग गरिदै आएको छ । कुरूप व्यवहार र पद्धतिको परिचय फैल्याउने प्रयत्न हुँदै आएको छ । त्यस्ता कठोर मूढताहरू विभिन्न आवरणमा देखा पर्छन् । देश समृद्ध नभएकै कारण, जनता शैक्षिक, सामाजिक र आर्थिक दृष्टिले सबल हुन समर्थ नभएकै कारण यी बिभत्स विरूपहरू देखिन्छन् । विदेशी शासकहरूको अहङ्कारलाई बल पुऱ्याएर स्वदेशी माथि शासन गर्ने दलाली प्रवृत्तिको अन्त्य न भै सांस्कृतिक स्वतन्त्रताको आवाज मुखरित हुन सक्दैन ।

नेपालीहरूले धर्मकर्म जान्दैनन् भनेर श्रीमाधव कुमार नेपाल सरकारले भ्रम फैल्यायो । श्रीपशुपतिनाथमा देखिएको समस्या भनेको राष्ट्रियताको पक्षमा उभिने र देशमा नयाँ जागरण ल्याउनेका विरूद्ध देशलाई बन्धक बनाइ राख्ने समूह बीचको संघर्ष नै हो । गणतान्त्रिक नेपालको पहिलो सरकारले मलाई पुजारी नियुक्त गर्दा विरोध गर्नेहरू भारतीय विस्तारवादका दलाल हुन् भन्ने कुरा सिद्ध भयो । भारतको हैकमवादी राजनीतिक प्रवृति हावी हुन्जेल देशको स्वतन्त्रता र समृद्धि दिवास्वप्न झैं भइरहने छ । आज सनातन राष्ट्रियता र सनातन संस्कृतिमाथि धावा बोल्ने दुष्प्रवृत्तिहरूलाई तह लगाएर अघि बढ्नु पर्ने स्थिति सिर्जना भएको छ । देशका मठ, मन्दिर र देवालय हाम्रा सांस्कृतिक परिचय हुन् । हाम्रो सांस्कृतिक परिचयमाथि भारतीय प्रभुत्वको कालोछायाँ छ । पशुपति क्षेत्र एक प्रकारले नेपालको कलाकेन्द्र पनि हो । यहाँका पुर्खाले भारतीय भट्ट र तिनका सेवक नौघरे राजभण्डारीहरूको लुटतन्त्रलाई कानुनी मान्यता प्रदान गर्न यो सम्पदा निर्माण गरेका होइनन् ।

श्रीपशुपतिनाथ मन्दिरमा भारतीयको निरन्तर प्रवेशलाई हामीले कसरी लिने यो विषयमा गहन अध्ययन हुनुपर्छ । इतिहासको एक विशेष कालखण्डमा विधि र प्रकिया पुऱ्याएर नेपाली नागरिक प्रवेश गर्दा प्रक्रिया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेन भनेर होहल्ला गर्नेहरू प्रक्रिया र कानुन दुवैको अवमूल्यन हुने गरी भारतीयलाई प्रवेश गराउँदा स्वागतमा बाजा बजाउँदै हिंडे । ती भारतीय भट्टहरूको शैक्षिक योग्यता कति छ ? तिनको आचरण नियम निष्ठा कस्तो छ ? तिनको धार्मिक संस्कार कुन प्रकारको छ ? यसवारे कहिल्यै कुनै प्रश्न उठेन । पुण्यकृत्यहरू द्वारा एक भक्तिनिष्ठ भई साधनाको धार्मिक कृत्य पुरा गरी शुद्धि संस्कारबाट संस्कारयुक्त भएर मात्र श्रीपशुपतिनाथ मन्दिर प्रवेश गर्नु पर्ने हो । कुनै धार्मिक संकल्पको अपुरो अवस्थामा व्रतभङ्ग भइसकेपछि गुप्तवासको क्रम बीचमै छुटेपछि भारतीय भट्टहरूलाई शस्त्रबलको सहारामे जवरजस्ती श्रीपशुपतिनाथ मन्दिर प्रवेश गराउने कार्य भइरहेको छ । यो नेपालको धर्म र संस्कृतिलाई अवमूल्यन गर्ने निन्दनीय कर्म हो । श्रीपशुपतिनाथको धार्मिक, साँस्कृतिक र आध्यात्मिक साधनाको सुदीर्घ परम्परामाथि यो गम्भीर कुठाराघात हो । यसले के देखाउँछ भने एकातिर परम्पराको कुरा गरेर वर्चस्व स्थापित गरिराख्ने । अर्कोतिर परम्परा भत्काउदै आफ्नो अनुकूल व्याख्या गर्दै लग्ने । परम्पराको नाउँमा जसरी पनि भारतीय भट्टलाई निरन्तरता दिनु पर्छ भन्ने दलालहरू धर्मलाई मजाकको रूपमा लिन्छन् । फेरि आस्था, निष्ठा र सिद्धान्तहीन ती तथाकथित पूजकहरू पैसाका लागि जे गर्न पनि तयार देखिन्छन् ।

धर्मको मर्म मानवताको प्रवर्द्धन, पर्यावरणको संरक्षण, पवित्रता, समन्वयवाद र विश्वबन्धुत्वको गतिशील चेतनामा टिकेको हुन्छ । श्रीपशुपतिनाथको मूलभट्टले धर्मको आडमा श्रीपशुपतिनाथलाई पूर्ण रूपमा अर्थराजनीतिसँग जोडिदियो । पाशुपत क्षेत्रको वैशिष्ट्यलाई श्रीमहाबलेश्वर र उनका सेवकहरूले उपहासमा परिणत गराउने काम गरे । यो कुत्सित कार्य उनका उत्तराधिकारीहरूले पनि जारी राखेकै छन् ।

श्रीपशुपतिनाथको पूजाविधि नेपालीले गर्न सक्दैनन् भन्ने भ्रम यहाँ फैलाइयो । हामी नेपाली पूर्ण अध्ययन नै नगरी भ्रमका पछाडि कुद्छौं । तथ्यको गहिराइमा गएर अन्वेषण गर्ने हो भने यो विधि सुगम छ । यसका दुईवटा पक्ष छन् । एउटा कर्मकाण्ड, अर्को भक्तिसाधना । ज्ञान र कल्पशास्त्रको संयोजन गर्दा पूजा वा उपासना फलीभूत हुन्छ । पाशुपत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वको ज्ञान, श्रीप्रति समर्पण नै पाशुपत साधनाको निष्कर्ष हो । यो विधि भारतीय भट्टले जान्दछन्, सनातन नेपालीले जान्दैनन् भन्नु मनोवैज्ञानिक दासताको पराकाष्ठा हो ।

श्रीपशुपतिनाथ सनातनी नेपालीहरूका मौलिक देवता हुन् । यद्यपि श्रीपशुपतिनाथको विश्वव्यापी मान्यता छ । सनातनी साधकले पाशुपत तत्त्वलाई सहजै बुझ्न सक्छ । तन्त्रशास्त्रको दिव्यउपदेश यही खण्डमा भएकाले यहाँका मानिसहरू तन्त्रशास्त्रमा अनभिज्ञ छन् भन्नु सुहाउँदो कुरा होइन । दश महाविद्या मध्ये श्रीराजराजेश्वरी षोडशी महात्रिपुरा सुन्दरीको पूजा उनको बासस्थान श्रीयन्त्रमा स्थापित गरेर हुन्छ । प्रस्तार, पृष्ठ र सम्प्रदाय अनुकूल पूजाको योग्य श्रीयन्त्र श्रीपशुपतिनाथको ईशानदेशमा बनाएर बाह्य र आभ्यन्तर आवरणमा पूजा गर्नुको तात्पर्य शैव र शाक्त परम्परालाई एकीकृत ढंगले बुझनुपर्छ भन्ने हो । यो अर्धनारीश्वर सिद्धान्त हो । यो सृष्टिको सिद्धान्त पनि हो ।

राजाका पालामा निजी स्वार्थकालागि भारतीय भट्टले चलाउँदै आएको पूजाविधिमा व्यापक त्रुटि छ । त्यस्तो पूजा विधिमा नेपालका कुनै कुण्ड, नदी, ताल, तीर्थ, धाम, र पुण्य क्षेत्रहरूको उच्चारण हुँदैन । स्थानिय देवीदेवताको त्यहाँ उपेक्षा हुन्छ ।

प्रदूषित भइसकेका भारतमा बग्ने नदी र पण्डाहरूको गुजारा चलाउने अखाडाहरूको नाम लिएर भारतीय भट्टहरू श्रीपशुपतिनाथको पूजा गर्छन् । यही कारण नेपालमा शक्ति, प्रगति, प्रेरणा र सौन्दर्यको प्रवर्द्धन भइरहेको छैन । देशमा एकताको सामञ्जस्य समुचित ढंगले प्रदर्शित छैन । पाशुपत साधनामा निपुण नेपालीले मात्र यसलाई संबोधन गर्न सक्छ ।

सेतो र कालो गरी मिथिलामा यजुर्वेदको विभाग भयो । सौर्य जगत्को आत्मा सूर्यलाई आधार मानेर पढिने वेद सेतोवेद भयो । यसलाई शास्त्रमा शुक्लयजुर्वेद भनिन्छ । शाब्दिक वमन, हेय र उच्छिष्ट भागलाई चराचुरूङ्गी बनेर अँध्यारोमा ग्रहण गरेका कारण कालोवेद नामकरण गरियो । शास्त्रमा यसलाई कृष्णयजुर्वेद भनिन्छ । मिथिला,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवध र पर्वतीय प्रान्तमा शुक्लयजुर्वेद अध्ययन अध्याापनमा छ । भूत प्रेत आदि तामसिक प्रवृत्तिहरूको प्रयोग र परिचालनमा कालो वेदको उपयोग हुन्छ । प्रसिद्ध देवालय मन्दिरहरूको मूलद्वार भित्र यो वेद पढिँदैन । ढोकामा बसेर कृष्णयजुर्वेद पाठ गर्न सकिन्छ । अकुत दान दातव्य र मन्दिरको आयश्रोतलाई मन्दिरको स्वच्छता र पवित्रतामा समेत खर्च नगरी दामासाहीमा बाँडेर खान पल्केका लोभी पापीहरूले कालोवेदको भय र त्रास देखाएर श्रीपशुपतिनाथमा भारतीय एकाधिकार लाद्ने कुचेष्टा गरेका छन् । महर्षि याज्ञवल्क्यकै समयमा विस्थापित यो विचार र कर्मकाण्ड पद्धति आधुनिक कालमापनि हाम्रो सम्पदामाथि थोपरिएको छ । कदाचारलाई बढावा दिने भारतीय भट्टहरू र तिनका मतियार भण्डारेहरूको बुद्धि सप्रिएन भने श्रीपशुतिनाथको द्वारमा एकदिन कालोवेद जल्ने छ ।

श्रीपशुपतिनाथमा भारतीय चासो किन भने भारतमा रहेका कतिपय उग्रदक्षिणपन्थी रूढिवादीहरू यो सनातन देशको स्वतन्त्र अस्तित्वलाई स्वीकार्दैनन् । अहिलेपनि उनीहरू भन्छन् पशुपतिनाथमा भारतीय पुजारीको एकाधिपत्य रहेसम्म नेपालीहरू आफ्नो बुद्धि-विवेकको प्रयोग गर्न सक्ने छैनन् । भारतीय भूगोलमा आधारित पौराणिक कथाहरूले पनि उनीहरूमा दम्भ बढाएको छ । सूर्यअस्त, नेपाल मस्त । देश नसामा मस्त छ । धनकालागि आफ्नै चेलीबेटीपनि बेच्न तम्सिने नेपालीले धर्म र संस्कृतिको मर्म बुझ्न सक्दैन भन्ने उनीहरूको आरोप छ । यस्तो अमर्यादित भनाइले मलाई सधैं घोच्ने गर्छ । मेखला, मृगचर्म र पलाँशदण्ड धारण गरेर त्रिकाल सन्ध्या र विहान वेलुका पलाँसका समिधाले हवन गर्दै वेद-वेदाङ्ग पढेको मैले पाशुपत तत्त्व र आध्यात्मिक अनुशासन बारे लामो समय खर्चेको छु । पूजाविधि र इतिहास बारे अध्ययन गरेको छु । समय आइपरे पछि त्यसलाई प्रयोग गरें । आवश्यक पर्दा निरन्तर गरिरहने छु । भैतिकवादको व्यावसायिक युगमा, अन्तर्राष्ट्रिय अर्थराजनीतिको यो विशेष कालखण्डमा शास्त्रीय धारणाहरूको औचित्यपनि युगानुकूल प्रवाहशील भइरहन्छ कि पुरानै सन्दर्भ र अर्थ अनुसार चलिरहन्छ यो पनि चाखलाग्दो छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साम्राज्यवादी तथा विस्तारवादीले आफ्नो पहुँच हरेक तरीकाले लाद्न खोज्दछन् । आर्थिक, राजनैतिक, सामाजिक धार्मिक र अन्य तवरबाट तर सबैभन्दा डरलाग्दो साम्राज्य भनेको धार्मिक साम्राज्य हो ।

श्रीपशुपतिनाथ र धर्म

सम्मानित सर्वोच्च अदालतमा विचाराधीन विषय रहेकै अवस्थामा कथित परम्पराको नाउँमा श्रीपशुपतिनाथ मन्दिरमा भट्ट आयात गर्ने श्रीमाधव कुमार नेपाल सरकारको योजनाले धर्म, संस्कृत र संस्कृतिको अध्ययन अनुसन्धानमा समय खर्चिने देशभक्तहरूलाई मर्माहत तुल्यायो । मानवताको प्रवर्द्धन, विश्वशान्तिको चाहना, संस्कृतिक सद्भाव र जनताको सर्वविध उन्नतिमा चिन्तन र प्रयत्नले क्रियाशील सनातनीहरूलाई यस विषयले गम्भीर बनायो । भक्ति, ज्ञान र कल्पनशास्त्रको संयोजनले मात्र पूजा सम्भव छ । यो आधिकारिक विधि देशभक्तहरू समेत जान्दछन् ।

देशमा लोकतान्त्रिक संस्कार र जनताको अधिकार स्थापित गर्ने प्रसङ्गमा नयाँ संवैधानिक स्वरूप तयार पार्ने काम भइरहेका बेला भारतीय भट्ट आयात गर्ने एमाले काङ्ग्रेस सरकारको निर्णय र संस्कृति मन्त्री श्रीमिनेन्द्र रिजाल भारतीय भट्ट पुजारी खोज्न दक्षिण भारततिर लाग्नु दुर्भाग्य हो । धर्मको नाममा शक्तिकेन्द्र धाउनु हो र यो सारै लाजमर्दो विषय पनि हो । यस्ता क्रियाकलापले देशभित्रका लोकतान्त्रिक सांस्कृतिक चेतनाको विकाशमा विराम लगाउने र देशमा वैदिक सनातन हिन्दु धर्मावलम्वीहरूको आवाजलाई दवाउने प्रयत्न गरेको छ । यसले के देखाउछ भने नयाँ दिल्लीका पिउसाहरू देशभक्तिको ढोंग देखाएर सरकारमा पुग्दछन् अनि भारतीय हितको प्रवर्द्धनका लागि सर्वस्व गुमाउन तयार हुन्छन् ।

धर्म, संस्कृत र संस्कृतिको विश्वव्यापी मान्यता छ । यो राजनीतिक सीमा भन्दा माथि उठेको विषय हो भन्नेमा दुईमत छैन । अर्को स्वदेशको संस्कार र त्यो संस्कारमा तपित अनुशासन पद्धतिबाट विकसित मौलिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान परम्पराको पनि अन्वेषण नगरी अघि बढ्ने अवस्था छैन । राष्ट्रिय आराध्यदेव श्रीपशुपतिनाथ मन्दिरको अकुत दान दातव्य र आयस्रोतलाई मन्दिरको सरसफाई र पवित्रतामा समेत खर्च नगरी दामासाहीमा बाँडेर खाने भारतीय भट्ट प्रवृत्तिले यो देशमा धर्म होइन अधर्म बढाइरहेको छ । यस्तो खराव कृत्यलाई सनातनीहरूले मूकदर्शक बनेर हेरिरहनु हुँदैन । हिमालयको काखमा अवस्थित यो सुन्दर उपत्यकाको मुटु श्रीपशुपतिनाथमा जे भइरहेको छ, संसारभरीका कुनै पनि तीर्थ वा उपासना केन्द्रहरूमा त्यस्तो सुनिँदैन । धर्मको नाउँमा चढाइने चढावाको दुरूपयोग गर्नेहरू यहाँ धर्मको ठेकेदार बनेका छन् । नेपालमा विरालोलाई दूध कुरूवा बनाइएको छ । मानवताको प्रवर्धन सनातन आस्थाको संरक्षण, तीर्थालुहरूको सुविधा र मन्दिरको विश्वव्यापी गरिमा बढाउन खर्चनुपर्ने चढावाको यहाँ दुरूपयोग भइरहेको छ ।

राजसंस्थाको उन्मूलन गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने राजनीतिक पार्टिहरूले परम्पराको नाउँमा भट्ट आयातलाई प्रोत्साहित गरिरहेका छन् । पूजाविधि विशेषज्ञहरू उपलब्ध हुँदाहुँदै भारतबाट ल्याई सबै पाचँ जना भट्ट नियुक्त गर्ने कथित परम्परालाई अन्त्य गर्न नसक्नु रहस्यमय एवं विडम्वना युक्त छ । यो देशभित्रका विद्वान् र शुक्लयजुर्वेदीयहरूको लागि ज्यादै लाजमर्दो विषय हुन गएको छ ।

विश्वसम्पदा सूचीमा सूचीकृत पाशुपत क्षेत्रलाई मुठभेडको केन्द्र बनाउने प्रपञ्च रचिएको छ । वागमती सभ्यताको आडमा विकसित धार्मिक र सांस्कृतिक मान्यताहरू वागमतीको पानी झै प्रदूषित भइरँहदा समेत ख्याल गर्न नसक्नु दुःखदायी छ । यसमा सुधार गर्नुको साटो अरु सांस्कृतिक दासता बढाउने कार्यमा यहाँका राजनीतिक दलहरू लागेका छन् ।

शुक्लयजुर्वेदको ऐतिहासिक महत्त्वलाई अवमूल्यन गर्दै माध्यन्दिनीय शाखाको अध्ययन गर्नेहरूलाई श्रीपशुपतिनाथको पूजाबाट वञ्चित गर्ने कार्य भइरहेको छ । पछिल्लो तीनसय वर्षदेखि ठीक ढंगले श्रीपशुपतिनाथको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा हुन सकिरहेको छैन । ढोकामा पाठ गर्ने स्तुतिगान गरेर श्रीको पूजाविधि पुग्दैन । ऐतिहासिक सांस्कृतिक विरासतको महान् कालखण्डमा वेदको विभाजन भएयता बौद्धिक रूपमा शुक्लयजुर्वेदीहरू यसरी अपमानित कहिल्यै बनेका थिएनन् । नेपालमा अर्थराजनीतिको आडमा बौद्धिक र सांस्कृतिक दासता बढाउने कार्य भइरहेको छ । स्वदेशी पूजा विशेषज्ञहरूलाई प्राथमिकता नदिई दान र धर्मको सर्वदा दुरूपयोग गर्ने भारतीय भट्टलाई श्रीपशुपतिनाथ मन्दिर प्रवेश गर्न कहिले सम्म दिने हो ? यसमा ठूलो आन्दोलनको आवश्यकता रहेको प्रतीत हुन्छ ।

अबको यात्रा वैदिक साम्यवाद

मलाई माओवादीको कार्यकर्ता भनेर मूल विषयदेखि परगेल्ने काम भयो । तर, म माओवादी कार्यकर्ताको हैसियतले श्रीपशुपतिनाथ मन्दिरको पूजा गर्न गएको होइन । राजनीतिक विषयलाई उछालेर कतिपय मानिसले धर्म र अध्यात्म, पूजा र साधनाको विषयलाई गौण बनाए । वेद तथा पौरस्त्य दर्शनले समाजको वर्ग विभाजन गर्दा जातीय छुवाछूत गरेको भ्रम फैलाइएकाले त्यसलाई चिर्न 'वैदिक साम्यवाद' को विचारधाराका पक्षमा काम गरिरहेको म एक सांस्कृतिक कार्यकर्ता हुँ । सबै प्रकारका विभेद र अनिश्चयलाई परित्याग गर्ने साहस हामी सबैले बटुल्नु पर्छ ।

वैदिक साम्यवादीहरू विसंगतिहरूको समन्वयले नयाँ समाजको निर्णाणका लागि प्रयत्नशील रहँदै आएका छन् र उनीहरू सहअस्तित्वमा विश्वास राख्दछन् । समुपेत चाहन्छन् । सामाजिक न्याय, सद्भाव र समन्वयनबाट मात्र समानता कायम हुन्छ । विशुद्ध द्वन्द्व र आर्थिक क्रियाकलापलाई मात्र प्राथमिकता दिंदा नैतिक मूल्य र मानवी भावना क्षीण हुँदै जाने खतरा छ । सर्वहारावर्गको अधिनायकत्व कतिन्जेल टिक्न सक्छ र ? मैले यहाँ युजनको आवश्यकता देखेको छु । वैदिक साम्यवादीहरू आर्थिक समानताको विषयसँगै सहज जीवनशैलीको परिचर्चा गर्छन् । वैदिक सिद्धान्त अनुसार विश्व ब्रह्माण्डमा द्वन्द्वको पक्ष छ । द्वन्द्वकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्रियाबाट सृष्टि हुन्छ । विश्वास र आस्थालाई द्वन्द्वरहित बनाउन सकिन्छ । वेदान्त दर्शनले अद्वैतलाई स्थापित गरेको छ । चेतनालाई प्रधान मान्ने कि जडलाई प्रधान मान्ने प्रश्न उठ्छ । चेतनाबाटै सबै कुरा सृष्टि भएको हो । साम्यवाद शब्द पश्चिमा व्याख्याका आधारमा प्रयोग भएको होइन । यो संस्कृत भाषाको प्राचीन शब्द हो । आध्यात्मिक ज्ञान र बोध भैसकेपछि मानिस सामाजिक न्यायको पक्षमा लाग्छ । समानताको पक्षमा उभिन्छ । अन्तराभाव र सामञ्जस्यका लागि काम गर्छ । साधर्म्य र सामञ्जस्यको अन्तरा-भावलाई पूर्णता दिएर मात्र हामी आफ्नो साम्राज्यलाई प्रवर्द्धन गर्न सक्छौं ।

म ईश्वरको अस्तित्व स्वीकार गर्छु । उपनिषद्का अनुसार यो विश्व ब्राह्माण्डमा जे जती देखिएका छन् ती सबै ईश्वरको रूप हो । ती सबै ईश्वरको विकास हो । ईश्वर मान्नुको अर्थ सम्पूर्ण विश्व ब्रह्माण्डमा व्याप्त, चराचर जगत्मा परिव्याप्त सबै तत्त्वहरू ऐश्वर्यले परिपूर्ण छन् भनेर स्वीकार गर्नु हो । अस्तित्वको अहोभावले स्वीकार हो । मानिसको जीवनमा पनि जब भौतिक पदार्थहरूबाट तृप्ति र संतोष नमिल्ने अवस्था आउँछ । त्यसपछि अभिनव मार्गको खोज गरिरहँदा एकाएक ऐश्वयर्यको अनुभूति हुन्छ । जसले जहाँबाट रसानुभूति गर्छ, त्यसका लागि त्यो नै सुखको कारक हुन्छ । यो व्याख्या र विश्लेषणबाट मात्र बुझिने विषय होइन । व्याख्या र विश्लेषणबाट मात्र आध्यात्मिक तत्त्व र परमार्थ राख्ने ऐश्वर्य तत्त्वको साक्षात्कार हुने भए वेदले पनि नेति नेति भन्नु पर्दैनथ्यो ।

यो देशमा कानुन र कानुन कार्यान्वयन गर्ने निकायहरूको के हविगत छ । सबैलाई थाहै छ । त्यसैले म अदालत गइन । मलाई कुनै ग्लानि छैन । न पछुतो नै छ । म पाशुपत क्षेत्रमा बस्छु । भारतीय दलाल, अपराधी र भण्डारीहरूले आक्रमण गर्न सक्छन् है विष्णुजी । सुरक्षित हुनुपर्छ भन्छन् मेरा साथिहरू र शुभचिन्तकहरू । मलाई कुनै डर, त्रास र भय छैन । मैले इतिहास बनाएको छु । मैले केही दिन देशको गरिमा, समाजको इज्जत र प्रतिष्ठा बढाउनको लागि खर्चेको छु । यहाँ पृथ्वीनारायण शाहको त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मान छैन । देशका लागि विभिन्न समयमा योगदान गर्ने व्यक्तिको त सम्मान छैन । सांस्कृतिक मूल्यहरू अर्थहीन बनिरहेका बेला मैले आफ्नोबारे केही आशा बटुल्नु छैन ।

भट्ट र भण्डारी बीचको आर्थिक सम्बन्धको उद्देश्य सबैले बुझेका छन् । श्रीपशुपतिनाथमा वार्षिक करोडौं रूपैयाँ हिनामिना भइरहेको छ । म त्यसलाई पारदर्शी बनाउन दत्तचित्त थिएँ । तर, विरोध भयो । अचम्म लाग्दो विरोध ।

म बनारस, जनकपुर र दाङ जहाँ बसे पनि काठमाडौं आउँदा 'कारसेवा' गर्छु । पाशपत क्षेत्रमा अन्य कुनै मन्दिर, पाटी, पौवा, चौतारामा गएर कुचो लगाउने, फोहोर सफा गर्ने काम गर्छु । सांस्कृतिक सम्पदाहरूलाई सफा र पवित्र राख्नु पर्छ भन्ने मान्यतामा म अडिग छु ।

म पछि भट्टहरू श्रीपशुपतिनाथमा छिर्दा उनीहरूले क्षमा पूजा गरे । पहिले जानाजानी धन र राजनीतिको मोहमा परेर उनीहरूले अक्षम्य अपराध गरे । अब उनीहरू आडम्बर देखाउँदै छन् । म कुनै भट्टभन्दा कम छैन । परिआए म भट्ट-भण्डारी दुबैसँग पूजाविधिबारे सार्वजनिक बहसका लागि तयार छु ।

मैले जुन लुगा लगाएर मन्दिर छिरेको थिएँ, त्यो परिधान त्यहीं छाडेर हिडें । यसबीचका दिन नाटकीय भए । त्यसमा मलाई न पछुतो छ न कुनै लोभ । पुजारी हुनु अगाडि म प्राध्यापन गर्थे, अब फेरि त्यहीं काम गर्दैछु ।

वेद अर्थ नलाग्ने गाउँले गान होइन । वेदको एक एक शब्दमा जादुको छडी छ । शब्द सिद्ध गर्ने व्याकरणको नियम, शब्द प्रयोग गर्ने सन्दर्भ, ऐतिहासिक ध्वनि विज्ञानको अध्ययन र अन्वेषण गर्दा वैदिक शब्दमा धेरै अर्थहरू समावेश भएको देखिन्छ । हिमाली सभ्यता र लोक जीवनको विविधतामा हुर्केका महामानव महर्षिहरूले वैदिक शब्दबाट वाङ्मय जगत्को विस्तार गरे । तिनै शब्दबाट जीवन दर्शनका आयामहरू, उत्कर्षका सोपानहरू, विचारका वैशिष्ट्यहरू, व्यवहारका विधिहरू खोतले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदले मानवता र पर्यावरण बीचको सन्तुलनलाई ज्यादै महत्त्व दिएको छ । आत्मिक अनुशासन बढाउने, पुरूषार्थको खोज गर्न प्रेरित गर्ने र जीवनलाई उद्यमशील बनाउँदै समाज, देश र विश्व जगत्को अभ्युदय खोज्ने तथा वातावरण मैत्री बन्ने विधिहरू वैदिक शब्दहरूमा सन्निवेश छ । तथ्य र सत्यको सिद्धान्त तिनै शब्दहरूमा अनुस्यूत छ ।

हिमाली सभ्यता र लोक जीवनका आयामहरू थरिथरिका छन् । ती आयामहरूको आलोकमा बनेका, हुर्केका र विचार पथ र संस्कृतिबाट एक शाश्वत सनातन वैभव पुस्तान्तर हुँदै आएको छ । विचारको उत्कर्षमा मौलाएका विधि र आचारको खोज फरक अध्ययन र विश्लेषण गर्दा योगदानको ज्यादै ठूलो चर्चा देखिन्छ । सामाजिक व्यवहारका विधिहरूमा स्वच्छ र पवित्रताको बखान छ । वेदमा वर्णित समानताको वा सामाजिक न्यायको सिद्धान्तलाई विशेष ख्याल गर्नुपर्ने हुन्छ । अनुश्रव वैदिक विचारधारामा जीवन निर्माण र परिष्कारको चिरस्थायी विधि विद्यमान छ । लोक कल्याणको उपकारक व्यवस्थालाई पछ्याउने ऐतिहासिक परिवर्तनको रूपरेखा वैदिक विचारधाराको अंग हो । शब्दातीत अनिर्वचनीय वैदिक पथलाई शब्दका माध्यमले कसरी टटोल्ने । शब्दमा निहित आध्यात्मिक ज्ञान र रहस्यलाई शब्द कै माध्यमले प्रकट गर्ने प्रयत्न गर्दा केही त छुटी नै हाल्छ । त्यसैले त वेद आफै नेति नेति भन्छ ।

विवेचनात्मक ज्ञानको भण्डार भनेर धेरै पहिलेदेखि भावनात्मक संवेदहरू पुस्तान्तर हुँदै आए । अग्नि, इन्द्र, द्यौ, वरूण र उषाको स्तुति गान भन्दै वैदिक ऋचाहरूलाई नाटकीय आख्यानको रूपमा परिभाषित गर्ने कतिपय मानिसहरूले वातावरण मैत्री र सामाजिक सम्बन्धहरूको विश्वास पूर्ण संश्रयलाई देखेनन् । विवेकशील ज्ञानद्वारा निर्देशित समानताको सिद्धान्त प्रतिपादन गर्ने वैदिक दर्शन लोक कल्याणकारी विश्व व्यवस्थाको पथ प्रदर्शक रहिआएको छ । त्यसलाई पनि बुझ्नेनन् । विश्व साहित्यको सवै भन्दा प्राचीनतम विचारधारालाई खण्डखण्डमा विभाजन गरेर स्वीकार र अस्वीकार, अपेक्षा र उपेक्षामा चिराचिरा पारियो । मनुष्यलाई हितकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै प्रवृत्तिहरूको यथोचित सम्मान भएन । उन्नत र प्रगतिशील सामाजिक विचारको हेरचाह गर्ने दार्शनिक सिद्धान्तको खोज त्यति सरल छैन । तर समस्त वैदिक वाङ्मयमा छिपेका, ईश्वरीय ज्ञानको सिद्धान्तलाई समाजका सामु स्पष्ट राखिदिनु आवश्यक छ । यसलाई मान्यता प्रदान गर्दै प्रचार प्रसारमा लैजानुपर्ने आवश्यकता पनि टड्कारो छ । ईश्वरको दरबारमा समर्पित वैदिक साम्यवादलाई भारतीय उपमहाद्वीपको सांस्कृतिक दर्शनका रूपमा परिभाषित गराउने ध्येय पनि सन्निवेश छ । निश्चित शाखा र सम्प्रदायको मूढतामा श्रीपशुपतिनाथलाई बन्धक बनाइराख्ने जो दुष्प्रयास भइरहेको छ । यसको अन्त्यका लागि पनि वैदिक साम्यवादको परिचर्चा आवश्यक छ । युद्धवीर आर्य कम्यूनहरूमा विकसित तुकबन्दीहरूलाई सिद्धान्तको मार्गदर्शक मानिएको होइन ।

प्रकृतिको सान्निध्यमा अभिनव समाजको निर्माणका लागि ईश्वरीय संकेत सुन्ने ऋषि मुनिहरूले, सामाजिक अभियन्ताहरूले देखेर सुनाएका ऋचाहरूलाई, प्रामाणिक तथ्यहरूलाई पथ प्रदर्शक मानिएको हो । त्यसैले निश्चित विचार र कर्मकाण्डलाई मात्र भरपर्दो ईश्वरीय रूप मान्ने प्रवृत्तिलाई कदापि स्वीकार गरिने छैन । सम्पूर्ण वेद र वैदिक शाखाहरूको सम्मान प्रकट हुने गरी श्रीपशुपतिनाथको पूजा आराधना चल्नु पर्दछ । वागमती सभ्यताको प्रतीक श्रीपशुपतिनाथ मन्दिर त्रिलिङ्गा द्रविड बाहुनहरूको भरण पोषणका लागि मात्र बनेको होइन । तिनका दासहरूको वृत्ति विकासकालागि मात्र निर्माण गरिएको होइन ।

❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्ड २

पशुपतितत्त्व र आध्यात्मिक अनुशासन

सम्पदाको वैशिष्ट

पाशुपतक्षेत्र संस्कृत र संस्कृतिको जीवन्त प्रतिबिम्ब हो । प्रतिबोधका लागि यसको उपयोग हुँदै आएको छ । एउटा लामो संस्कार र सभ्यताले निर्माण गरिदिएको यो स्मारक मानव विकासको अतीतसँग गहिरो सम्बन्ध प्रष्ट्याउँदै उभिएको छ । सामाजिक न्याय, सहिष्णुता, सद्भाव, समन्वय र सह अस्तित्वको उपासना स्थलका रूपमा यसको ख्याति अझ आवश्यक छ ।

अर्थराजनीतिको सिर्जनात्मक विकास र प्रयोगमा पछि परेर देश कमजोर भएको र जनशक्ति बरालिएको छ । संस्कृत र संस्कृतिमा हामीले केही हासिल गरेका छौं । संस्कृत वाङ्मयसँग गाँसिएको शब्दमात्र होइन । वाङ्मयसँग गाँसेर मात्र बुझ्ने हो भने यसले उपनिवेशवादी संस्कृतिलाई पछ्याउँछ । त्यसैले संस्कृत शब्दलाई शास्त्रमा मात्र सीमित राखेर व्याख्या गर्नु उपयुक्त लाग्दैन ।

संस्कृत मनलाई प्रसन्न पार्ने व्यवहार हो । यो भाषाको माध्यमबाट, कलाको माध्यमबाट, व्यवहारको माध्यमबाट प्रस्फुटित हुन सक्छ । कला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ण र स्वस्थ मनको व्यवहारिक पुकार हो । यो संस्कृत हो । वास्तुशास्त्रमा यसको समुन्नत शैली र प्रकार देख्न पाइन्छ । मन छुने उत्कृष्ट कला पनि संस्कृत हो । यसको विकास र विस्तारमा निरन्तरता दिन पछि पर्नु हुँदैन । भविष्यको आशमा बाँच्न बाध्य पारिँदै आएका हामीसँग बाटो पहिल्याउने सीमित आधार छन् । त्यसमध्ये संस्कृत कला एक हो ।

पाशुपत क्षेत्रलाई अलौकिक सौन्दर्यको केन्द्र बनाउनुपर्छ भनी सदैव क्रियाशील रहँदै आएको तथ्य उद्घाटित भइसकेको छ । प्रदूषित वागमती सभ्यताले गर्दा आउँदो केही दशकपछि यो उपत्यका मानव बस्तीका लागि अत्यन्तै हानिकारक हुने प्रारम्भिक अध्ययनहरू प्रकाशमा आइरहेका बेला यसप्रति सनातनवादीहरूको चासो र चिन्ता बढिरहेको छ । वागमती सभ्यताको जगमा यहाँको धर्म, संस्कृति र मानवबस्तीको विकास भएकाले कतै सभ्यतालाई लथालिङ्ग पारेर अगि बढिँदै त छैन भन्ने प्रश्न तेर्सिएको छ ।

विश्वसम्पदा सूचीमा सूचीकृत, संसार भरि छरिएर रहेका सनातनवादीहरूको श्रद्धा र आस्थाको केन्द्र, नेपाल राष्ट्रका आराध्यदेव, पाशुपत क्षेत्र साधना र आनन्दको सार्वभौमिक उपासना स्थल रहेकोले यसको गरिमा र महिमालाई पवित्रता र गुणग्राहितासँग जोड्न वागमतीलाई हेर्नुपर्ने हुन्छ । पाशुपत क्षेत्रलाई दिव्यधाम बनाउन, वागमतीमा कसरी सफा पानी प्रवाहित हुन सक्छ । कार्यारम्भ गर्ने वेला आएको छ । वागमती सभ्यताको पुनर्जीवनका लागि प्रयास थालिएन भने यो उपत्यका निराशा र प्रदूषणको खण्डहरमा बदलिनेछ ।

देशभित्र राजनीतिक स्वतन्त्रताको बहसमा सहभागी हुन चाहने राजनीतिक कार्यकर्ताहरू त केही जन्मिए । सांस्कृतिक स्वतन्त्रताको कुरा कोट्याउने र यसको बहसमा सहभागी हुन चाहने सांस्कृतिक कार्यकर्ताहरू अपेक्षित रूपमा जन्मिन सकेनन् । संस्कृत र संस्कृतिको सन्दर्भमा व्यापक बुझाइको कमीले राजनीतिक स्वतन्त्रताको अभीष्ट ध्येयार्थ पनि पुरा हुनसकेको छैन । एक स्वाभिमान र सचेत संकल्पशक्तिले ओतप्रोत नेपाली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेतनाको समग्र उत्थान र विकासमा टेवा पुऱ्याउने आकाङ्क्षा बटुलेर संस्कृत र संस्कृतिको क्षेत्रमा खट्ने सांस्कृतिक कार्यकर्ताको अभाव महशुस गर्ने समय ऐले देखिएको छ । देशभित्र सद्भाव र समन्वयको वहुपक्षीय आधार निमार्ण गर्ने सङ्कल्प तयार गर्नका लागि यो रिक्तताको परिपूर्ति आवश्यक हुन जान्छ ।

पाशुपत स्वरूप

गणेश पुराणमा बन्धनमा पर्नेलाई मुक्ति दिने वा बाँधिनेको बन्धनलाई फुकाइदिने अर्थमा पशुपति शब्दको प्रयोग भएको छ । (परात्परः पशुपतिः पशुपाशविमोचकः) । कुण्डलिनी जागरणबाट शक्तिको ऊर्ध्वगमन भइरहेको अर्थमा पशुपति शब्द शिवसहस्रनाममा आएको छ । (ऊर्ध्वगात्मा पशुपतिर्वातरंहा मनोजवः) । त्यसै प्रकरणमा संसारको निमार्ण गर्ने अर्थमा पनि पशुपति शब्द भेट्टाइन्छ । (लोककर्ता पशुपतिर्महाकर्ता ह्यनौषधः) । शिवअष्टोत्तरशतनाममा महादेवलाई पशुपति भनिएको छ । (मृडःपशुपतिर्देवो महादेवो व्ययो हरः) । पशुपति अष्टकमा गिरिजापति नै पशुपति हुन् भनी प्रार्थना गरिएको छ । (गौरीपते पशुपते पशुपाशनाशिन्) । शिवमानसपूजामा पशुपतिलाई दयानिधिको रूपमा चित्रित गरेर आरती उतारिएको छ । (दीपं देव दयानिधे पशुपते) । वेदसारशिवस्तोत्रमा पशुहरूको मालिक भनेर पशुपतिको वन्दना गरिएको छ । (पशूनां पतिं पापनाशं परेशं) ।

शिवको एक अनुचर, एक उपदेवताको रूपमा पशुपतिलाई लिइएको छ । शिवले छानेको गोठालो, जीवहरूको बन्धनमुक्तिका लागि नियुक्त सहायकको सन्दर्भमा पनि पशुपतिको संक्षेपमा चर्चा पाइन्छ । संसारमा निर्मित अन्य शिवमूर्ति र ज्योर्तिर्लिङ्गहरूभन्दा श्रीपशुपतिनाथको महिमा पृथक् छ । यहाँ षण्मुख सदाशिवको उपासना हुन्छ । शास्त्रमा पनि धेरै यो रूपको व्याख्या भएको पाइँदैन । वेदशारशिवस्तोत्रमा पञ्चमुख सदाशिव भन्नेसम्म पाइन्छ । (भवानी कलत्रं भजे पञ्चवक्त्रम्) । त्यहीं पञ्चमुख सदानन्दको प्रसङ्ग पनि आएको छ (सदानन्दमीडे प्रभुं पञ्चवक्त्रम्) । शिवशतनाममा सदाशिवकै रूपमा प्रसंङ्ग उठेको छ । (हविर्यज्ञमयःसोमः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चवक्त्र सदाशिवः) । विभिन्न स्तोत्रगान, सहस्रनाम र पुराणहरूमा समेत व्यक्त नभएको श्रीपशुपति तत्त्वको आराधना नेपालमा भइरहेको छ ।

पाशुपतक्षेत्रको पूर्ण अभिलेख अज्ञात छ । भेटिएका अभिलेख र सुनिएका श्रुति वा किंम्वदन्तीबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि ऐतिहासिक पुराकालदेखि धार्मिक र सांस्कृतिक सहअस्तित्वको श्रद्धाकेन्द्रका रूपमा श्रीपाशुपत क्षेत्रको ख्याति जगद्विख्यात रहिआएको छ । सनातन साधक, रहस्यविद् र शास्त्रकारहरूले समेत भेउ पाउन नसकेका षण्मुख सदाशिवको यान्त्रिक, तान्त्रिक र मान्त्रिक विधिले उपासना गर्नुपर्ने कुरा पवित्र पुण्यात्मा साधकहरूले व्यक्त गरेका छन् ।

अध्यात्म भनेको आफूभित्रको संसार हो । आध्यात्मिक अनुशासनभित्र रही गुरुमुखबाट प्राप्त हुने संकेतविद्याको आधारमा साधना र उपासना गरेर श्रीपशुपतिनाथको तत्त्व बुझ्न सकिन्छ । यो सूक्ष्मातिसूक्ष्म भए पनि जिज्ञासा पलायो र भगवत्कृपा भयो भने जान्न सकिन्छ । जानेर श्रीपशुपतिनाथको महिमा थाहा पाइन्छ ।

मुद्राको प्रयोग

धर्मनिष्ठ भक्तिमा औंलाहरूको विशिष्ट आकार बनाइने प्रविधिलाई मुद्रा नामले सम्बोधन गरिएको छ । जीवन्त जीवनको अहोभाव पाउन मुद्राको महत्त्व आफ्नै छ । मुद्राले पापलाई पगालेर ग्रहदोषबाट छुटकारा गराउँछ । मुद्रा शक्तिबोध गराउने क्रिया अभिव्यक्ति हो । आगमशास्त्रमा मनलाई पवित्र भावमा पारेर देवता खुसी पार्न प्रयोग गरिने अङ्गुली आकृतिलाई मुद्रा भन्ने प्रचलन छ । यो तीन प्रकारको हुन्छ । मानसिक अनुसन्धानबाट उद्भूत मनोजा, मन्त्रहरूबाट उद्भूत-वाग्भवा, शरीरका अङ्गहरूको विशिष्ट आकृतिबाट उद्भूत-देहोद्भवा अङ्गविक्षेपात्मक मुद्रा । तन्त्रालोक आदिमा मुद्रा चतुष्टयको पनि चर्चा छ । नित्यषोडशिकार्णव आदिमा मुद्राले सर्वार्थसिद्धि प्रदान गर्ने, त्रिपुरादर्शन गराउने, ग्रहदोषबाट मुक्ति दिने र पाशबन्धन आदिबाट छुटाइदिने कार्य गर्छ भनी व्याख्या गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रा मूकभाव हो । वाणीको सीमा सकिएपछि अर्थात् शब्दद्वारा गरिने स्तुतिगान अर्थहीन हुनथालेपछि इष्टदेवलाई प्रसन्न राख्न मुद्राको आविष्कार भएको हो । भाषाशास्त्र जस्तै अनन्तानन्त नभए पनि यो विकसित प्राविधिक ज्ञान हो । स्वात्मशक्तिलाई जागृत गर्नको निम्ति उपदिष्ट तीन साधनमध्ये मुद्रा प्रमुख हो । शैवागम परम्परामा मुद्रालाई शक्ति भनिएको छ ।

संगीतशास्त्रमा नृत्यको वर्णन आउँछ । यहाँ नृत्यको साथै अनेक भावभङ्गिमाहरू प्रस्तुत गरिन्छ । नृत्यमा नर्तकको मनोभाव पोखिन्छ । नर्तकले बाह्यदृश्यहरू, घटनाहरू, मनोभावहरू, मानसिक स्थितिहरू, भावोद्वेगहरू र रसानुभूतिहरू प्रकट गर्छ । त्यस्तै हो मुद्रा । मुद्रा परमात्माको क्रियाशक्ति हो । कुण्डलिनी शक्ति कलाग्नि रूद्रको मुखमा सुतेको हुन्छ । गुरूकृपा र मुद्रासाधनबाट यो जागृत हुन्छ भन्ने सङ्केत छ । तन्त्रशास्त्रमा परमसुखद् ब्रह्मानन्दको प्राप्तिका लागि मुद्राको अभ्यास गर्नुपर्ने शिक्षा दिइएको छ ।

पाञ्चरात्र र पाशुपत सम्प्रदायमा कायिकी मुद्रा, कपालमुद्रा, खट्वाङ्गमुद्रा आदिको चर्चा पाइन्छ । पशुपतिनाथको उपासनामा मुद्राको प्रयोग अति आवश्यक देखिन्छ । "संक्षोभद्रावणाकर्षवश्योन्मादमहांकुशखेचरी बीजयोन्याख्येति नव मुद्राः प्रदर्शयेत्" भन्ने वाक्यले मुद्राको सम्बन्धमा स्पष्ट्याउँछ । यसका अतिरिक्त इषुमुद्रा, आवाहनमुद्रा, स्थापनमुद्रा, सन्धिमुद्रा, धेनुमुद्रा, सरलीमुद्रा, निर्वाणमुद्रा, महामुद्रा, लिङ्गमुद्रा, योनिमुद्रा, त्रिशूलमुद्रा, अक्षमुद्रा, वरमुद्रा, अभयमुद्रा, मृगमुद्रा, खट्वाङ्गमुद्रा, कपालमुद्रा, डमरूमुद्रा, शङ्खमुद्रा, घण्टमुद्रा, कलशमुद्रा, पाशमुद्रा, अङ्कुशमुद्रा, धनुषमुद्रा, बाणमुद्रा, खड्गमुद्रा आदिको पनि चर्चा छ । महाबन्ध, महावेध, उड्यान, मूलबन्ध, जालन्धर, वज्रोली, शक्तिचालन, विपरीतकरणी, शाम्भवी, भैरवी, कर्णिका, रूचक, कुण्डल, शिखामणि, भस्म, यज्ञोपवीत, चतुर्दशमुद्रा आदि आवश्यकता अनुसार प्रयोग गर्न सकिने हुन् । इष्ट खुसी पार्ने प्रयत्न अवलम्बन गर्न यसको प्रयोग हुँदै आएको छ । भगवान् श्री प्रसन्न नहुञ्जेल मुद्राको प्रयोग अनेकानेक विधिबाट गरिरहन सकिन्छ । गुरूबाट यसको जानकारी लिनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्यासविधि

न्यास भनेको वचनबद्धता हो । शरीरको भिन्नभिन्न अङ्गहरूमा भिन्नभिन्न देवताहरूको ध्यान सामान्य रूपमा मन्त्रपाठका साथ तदनुरूप हावभावसहित सम्पन्न गरिने गरिन्छ । श्रीपशुपतिनाथमा पूजाविधिको चरणमा ऋष्यादिन्यास, करशुद्धिन्यास, आसनन्यास, वर्णन्यास, वाग्देवतान्यास, सृष्टिन्यास, स्थितिन्यास, एकोन्यास, द्वितीयोन्यास, तृतीयोन्यास, चतुर्थोन्यास, पञ्चमन्यास, पञ्चावृत्तिन्यास, रहस्यन्यास, कामन्यास, रत्यादिन्यास, मनोभवन्यास, वारणन्यास, स्वतन्त्रन्यास, अङ्गन्यास, करन्यास, देहन्यास, देवतान्यास, दन्तन्यास, चरणन्यास, प्रत्यर्पितन्यास, मन्त्रन्यास, विभूतिपञ्जरन्यास, अक्षरन्यास, जगद्वशीकरणन्यास, सम्मोहनन्यास, मातृकान्यास, मालिनी, लघुषोढा, महाषोढा आदि विभिन्न न्यास प्रविधिहरू अपनाउनुपर्ने हुन्छ ।

यन्त्रविज्ञान

श्रीपशुपतिनाथमा षण्मुख सदाशिवको ईशानदेशमा श्रीयन्त्रको निमार्ण गरी श्रीराजराजेश्वरी षोडशी महात्रिपुरासुन्दरीको पूजा हुन्छ । श्रीयन्त्रको मुख्य तीन सम्प्रदाय हुन्छन भन्ने श्रुति छ । हयग्रीव सम्प्रदाय, आनन्दभैरव सम्प्रदाय र दक्षिणामूर्ति सम्प्रदाय । हयग्रीव सम्प्रदायमा त्रिवृत्त हुँदैन । आनन्दभैरव सम्प्रदायमा त्रिवृत्त हुन्छ । किन्तु यसमा पूजा हुँदैन । दक्षिणामूर्ति सम्प्रदायको श्रीयन्त्रमा त्रिवृत्त हुन्छ र त्यसमा पूजा पनि गरिन्छ । कुलाचार, समयाचार, सम्प्रदाय र आचार्यभेदले गर्दा श्रीयन्त्रको निमार्णमा पर्याप्त अन्तर देखापर्दछ । श्रीयन्त्रलाई साक्षात् शिवशक्तिको शरीर मानिएको छ । यसरी हेर्दा अर्धनारीश्वर भावमा पाशुपत चक्रलाई बुझ्न सकिन्छ । शैवशक्तिलाई एकीकृत गर्दा अद्वैत सत्ताको बोध हुन्छ ।

त्रिकोण अष्टकोण अन्तर्दशार बहिर्दशार चतुर्दशारलाई शक्तिचक्र मानिएको छ । विन्दु अष्टदलपद्म षोडशदलपद्म चतुरस्रलाई शिवचक्र मानिएको छ । बनावटको दृष्टिले श्रीयन्त्र तीन प्रकारको छ । समतल आकारको श्रीयन्त्रलाई भूपृष्ठ, कछुवाको पिठ्यूँभै केही उठेको आकारलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कच्छपपृष्ठ, सुमेरू पर्वतझैं आफ्नै अनुपातमा पूरा माथि उठेको आकारलाई मेरूपृष्ठ भनिन्छ । उपासनाको दृष्टिले आगमशास्त्रमा श्रीयन्त्रको तीन प्रस्तार देखाइएको छ । मेरूप्रस्तार, कैलासप्रस्तार, र भूप्रस्तार । यसको उपयोग यथाक्रम कामेश्वरी आदि नित्या र वशिन्यादि वाग्देवताहरूको संक्षोभिणी आदि मुद्रा तथा अणिमादि सिद्धिहरूको तादात्म्यमा हुन्छ ।

श्रीयन्त्रलाई श्रीपुर भनिएको छ । यो ब्रह्माण्डको प्रतीक हो । प्रणवरूप शब्दब्रह्मको पनि प्रतीक हो । श्रीयन्त्र पराम्बा जगदम्बा श्रीविद्या रूप षोड्शी महात्रिपुरासुन्दरीको बासस्थान हो र यो उनको दिव्यधाम पनि हो । दिव्यरथ पनि । यहाँ समस्त देवताहरूको आराधना हुन्छ । सबै प्रकारका उपासना व्यवस्थित हुन्छ । श्रीयन्त्रमा सबै आम्नाय क्रम आचार विद्या एवं तत्त्वहरूको समावेशीकरण भएको छ । यसमा सबैका लागि अवकाश छ । श्रीयन्त्रको सन्निवेश अत्यन्त मनोहर छ , विन्यास विचित्र प्रकारको छ । श्रीयन्त्रको बीचमा बिन्दु र बाहिर भूपुर छ । भूपुरको चारदेशमा चार ढोका छ । बिन्दुदेखि भूपुरसम्म दश प्रकारका अवयव छन् । बिन्दु त्रिकोण (कामेश्वरी बज्रेश्वरी भगमालिनी) अष्टकोण, अन्तर्दशार, बहिर्दशार, चतुर्दशार, अष्टदल, षोडशदल, तीनवृत्त र तीन भूपुर । पूजाको अवसरमा बिन्दुलाई पनि तीन मानिन्छ । सबै मिलाएर श्रीयन्त्रको सोह्र अवयव हुन्छ । यसमा त्रिकोणदेखि चतुर्दशार पर्यन्त जो पाँच अवयव हुन्छन्, एकपछि अर्को यसरी अनुस्यूत हुँदै जान्छ कि अवान्तर कोणरेखाहरू स्वतः बन्दै जान्छन् । चतुर्दशार कोषको छेउ बाहिरको अष्टदलका साथ मिलेको हुन्छ । अष्टदलको छेउ प्रथम षोडशदलका साथ, षोडशदलको छेउ प्रथम वृत्तका साथ । जसको कारण अरु केही कोष्ठ र कोण बन्ने गर्छन् जसलाई स्पन्दीचक्र पनि भनिन्छ । भूपुरदेखि अष्टदलसम्म सृष्टिचक्र, चतुर्दशारदेखि अन्तर्दशारसम्म स्थितिचक्र, र अष्टारदेखि विन्दुसम्म संहारचक्र मानिएको छ । आगमशास्त्रमा श्रीयन्त्रलाई एक दिव्य द्वीपको रूपमा वर्णन गरिएको छ । दिव्य नगरको रूपमा पनि निरूपण भएको पाइन्छ । यसमा कल्पवृक्ष पारिजातदेखि सबै प्रकारका फलफूल र लता वनस्पतिहरूले घेरिएको वासन्तिक दिव्य वातावरणले परिपूर्ण नन्दन उद्यानका बीच अनन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योजन विस्तीर्ण रत्नभण्डारहरूको भित्र अवस्थित श्रीपुरको मध्यमा उच्चतम ऐश्वर्य र वैभवको हीरा मणि आदि आभूषणको सिंहासनमा अनन्तकोटी ब्रम्माण्डनायिका षोडशी महात्रिपुरसुन्दरी विराजमान छिन् । यसको प्रतीक श्रीयन्त्र हो । यसै चक्राकार रथमा बसेर सम्पूर्ण देवदेवी योगिनी आदि विभूतिहरूको समूहले परिवृत्त भई महात्रिपुरासुन्दरीले भण्डासुरको संहार गर्नुभएको थियो ।

पूजा र अनुहार

भक्ति, ज्ञान र कल्पशास्त्रको संयोजनले मात्र पूजा फलिभूत हुन्छ । पूजार्ह भगवान् श्रीपशुपतिनाथ सनातन, जैन बौद्ध, शिख र हिन्दुहरूको साथै सौर्य, साङ्ख्य, पातञ्जल, गान्धर्व, भागवत, पाञ्चरात्र, शैव, पाशुपत, कापालिक, कालामुख, भैरवशासन, लिङ्गायत, वैष्णव, शाक्त, वैनायक आदि सम्प्रदायका अनुयायीका पनि अर्च्य हुन् । आगम र निगमको विशाल वाङ्मयले पनि षड्वक्त्र श्रीपशुपतिनाथको गुणगान गरेर भ्याएको छैन ।

सृष्टि, स्थिति, संहार, अनुग्रह, तिरोधान र विश्रान्ति गरी छ क्रमका पूजाविधि मध्ये श्रीपशुपतिनाथमा स्थितिक्रम अनुसार पूजाविधि सञ्चालन गर्नुपर्छ । सत् चिद्, आनन्द, इच्छा, ज्ञान, क्रियाशक्तिहरूमा ज्ञानशक्तिलाई आधार मानेर क्रमदीक्षा र मन्त्रदीक्षा अनुरूप अघोरतन्त्रमा व्यक्त भावना आत्मसात् गरी दक्षिणामूर्त्तिका रूपमा पनि श्रीपशुपतिनाथको पूजा चलाउनु पर्छ भन्ने गुरु ज्ञान प्रसारित भएको छ ।

सद्योजात (पश्चिम), वामदेव (उत्तर), अघोर (दक्षिण), तत्पुरूष (पूर्व), ईशान (ऊर्ध्व) कालाग्निरूद्र (पातालवक्त्र) गरी षण्मुख श्रीपशुपतिनाथको पूजा वा ध्यान गर्ने साधकले जिज्ञासा, आकर्षणशक्ति, बुद्धि विकास, ज्ञानविज्ञान प्राप्ति, सिद्धिलाभ, इष्टदेवको स्वरूप बोध, ऐश्वर्य, वैभव र सामर्थ्य आदिको यथार्थ अनुभव गरी दिव्यता हासिल गर्छ । आत्मशुद्धि, देहशुद्धिपछि विधेय कर्मकाण्ड परम्पराअनुसार श्रद्धा भक्तिपूर्वक पूजा सम्पादित हुन्छ । घण्टा, धूप, आरती, मलापकर्ष, सामान्यार्घ्य, विशेषार्घ्य, अर्घकलश, चन्दन निस्तारण, आरती, रूद्राभिषेक, पञ्चामृत स्नान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णकलश समर्पण, तैलाभ्यङ्ग भीमसेनपाती, यज्ञोपवीत, श्रृङ्गार, क्रमपूजा, आरती, भोग, चन्दनलेपन, पीठपूजा श्रीचक्रपूजा, शीरमाला फूल अक्षता चामर शंखजल आरती भोग ताम्बूल दर्पण पुष्पाञ्जलि प्रदक्षिणा चण्डेश्वर पूजा निर्माल्य आदि विधिहरू यथाक्रम सम्पन्न हुनेछन् ।

श्रीविद्याको पूजामा तीन क्रम छन् । कालीक्रम, सुन्दरीक्रम र ताराक्रम । यसमध्ये कालीक्रमलाई कुण्डलीक्रम भनिन्छ र सादि विद्या पनि । यो सत्त्वगुण प्रधान हो । सुन्दरीक्रमलाई हंसक्रम भनिन्छ र हादि विद्या पनि । यो रजोगुण प्रधान हो । ताराक्रमलाई समवरोधिनीक्रम भनिन्छ र यही तीन क्रम 'दीक्षा' नामले प्रसिद्ध छ । यो पूर्ण भइसकेपछि साधक शिवस्वरूप बन्छ । अग्निको विशाल राशिबाट उठ्ने झिल्का झैं महाविद्या महात्रिपुरसुन्दरीबाट सारा मन्त्रवर्ण अभिव्यक्त हुन्छन् ।

विशेष तिथि पर्वहरूमा विशेष पूजा हुने नै भयो । गच्छे अनुसार भगवान्लाई अर्पण गर्ने परम्परा पनि छँदै छ । महास्नान, महाभिषेक, श्रृङ्गार र भोग सबै ठाउँमा एकै नासको हुँदैन । वैभव सम्पन्नता आदिले श्रद्धालाई पनि प्रभावित तुल्याउँछ । श्रीपशुपतिनाथमा सामान्य विधि विधानको पूजा गरेर पुग्दैन । सात्विक भावले राजसी पूजा गर्नको निम्ति त्यस्तै संस्कार र परम्पराको हुनुपर्छ । अन्तर्याग र बहिर्याग गरी पूजाका दुई रूप हुन्छन् । आध्यात्मिक तत्त्वहरूलाई नै उपकरण मानेर मानसपूजाको रूपमा ध्यान धारणा आदिद्वारा गरिने आराधनालाई अन्तर्याग भनिन्छ । यो भावनात्मक हुन्छ । यसको साधार र निराधार गरी दुई भेद चर्चामा आएको छ । भौतिक उपकरण आदिको सहारामा गरिने पूजा आराधनालाई बहिर्याग भनिन्छ । यो क्रियात्मक हुन्छ । यहाँ वैदिक र तान्त्रिक गरी दुई भेद स्पष्ट देखिन्छ ।

कर्तव्य कर्म र विहित विधि

कर्तव्य कर्म वा विहित विधिको अनुसरण गर्नमा समर्थ जसलाई अरू नियमहरूको अपेक्षा अधिमान्यता दिइने गरिन्छ । त्यस्तो कार्यविधिको अवलम्बन सर्वत्र एकै खालको हुँदैन । त्यसैले श्रीपशुपतिनाथमा विशिष्ट वा फरक ढंगको नियम निष्ठा र विधि विज्ञान आवश्यक पर्दछ । यो ठीक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा हो । गौण र मुख्यको व्यवस्था फरक फरक हुन्छ । यसको तात्पर्य स्वदेशीहरू मुख्य कार्यमा प्रयत्नशील बन्न सक्दैनन् भन्ने हुँदैन । यहाँको शैव शक्ति परम्परा उन्नत छ । त्यो उन्नत यहाँको संस्कृतिले बनाएको हो । आयात होइन ।

इन्द्रलाई पनि थुनेर राखेको, फेरि थाहा पाइसकेपछि पनि जात्रा गरेर टोल-टोल घुमाएको यो स्वर्गभन्दा प्यारो भूमि किन विदेशीहरूको रणनीतिक केन्द्र बन्न पुग्यो । सम्झेर ल्याउँदा धेरै कुरा स्मृतिमा दौडिरहन्छ । सन्तुलित पर्यावरण भित्र मानवताको प्रवर्द्धन गर्दै उच्चतम मानवीय मूल्य र संस्कारको विकासका लागि सनातन धर्म र संस्कृतिले फराकिलो बाटो देखाएको छ । पाशुपत भक्ति, वैदिक ज्ञान र सृजनात्मक कर्मको संयोजन गरेर श्रीपशुपतिनाथको सान्निध्यमा राष्ट्रिय भाव अर्पण गर्न आएको, अव समर्पित भएर धर्म मार्गमा लाग्ने भनेको यहाँ पनि सांसारिक प्रपञ्चको भयावह रूप देखा पऱ्यो ।

देश काल संकीर्तन गरेपछि 'श्रीराजराजेश्वरी षोडशी महात्रिपुरसुन्दरी श्रीपशुपति महाभट्टारक देवता प्रीत्यर्थम्' भनेर संकल्प लिएं । नियत उपचारहरूको क्रममा अभ्यस्त नभएको भए सारै कठिन हुन्थ्यो । आभ्यन्तर र बाह्य दुवै प्रकारका प्रयत्नहरूमा रमाउन अभ्यास योग गरेकै हो । तब त उपचार आफैं जुट्ने, आफैं भेट्ने पवित्र धार्मिक साम्राज्यको केन्द्रमा आइपुगें । उपचार भनेको सौजन्यको बाह्य प्रदर्शन हो । आवाहन सेवा, सुश्रूषा सम्मान, पूजा नमस्कार, शिष्टता नम्रता, अभ्यास अनुष्ठान आदि सबै सहज ढंगले सम्पन्न होस् भनेर उत्सुकता वश भगवान् श्रीलाई संझे । श्रद्धाञ्जलि अर्पित गर्ने वा सम्मान प्रकट गर्ने साधन कति हुन सक्छन् ? शास्त्रमा प्रसंङ्ग अनुसार विविध संख्यामा अभिव्यक्त भएका छन् । शास्त्रोक्त ५ - १० - १६ - १८ - ६४ - १०८ सम्मका उपचार पूजा सामग्रीको संख्यामा पर्याप्त भेद देखा पर्छ । पूजामा अर्पण गरिने बाह्य उपचार सामग्री समताको आधारमा निर्माण गरिएको काल्पनिक प्रत्यास्मरण अभिज्ञान हो । यसको सूक्ष्म रूप भिन्न छ । स्थूल र बाह्य रूपलाई मात्र देखाएर हुने बोध स्थायी हुँदैन । यसको मूल तात्पर्य हो प्रार्थना सम्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु । भगवद् अनुष्ठान पुरा गर्नु । विराट् सामूहिक आस्थाको समुच्चय केन्द्रसा धार्मिक, सांस्कृतिक र आध्यात्मिक गतिविधिहरू व्यापकत्व कै आधारमा चल्छन् । लिङ्ग, महालिङ्ग र ज्योतिर्लिङ्गका हजारौ शैव मन्दिरहरू भारतीय उपमहाद्वीपमा रहेका छन् । तिनका आ-आफ्नै किसिमका महत्त्व छन् । ती सबै भन्दा पृथक् शैव शक्तिको प्रतीकको रूपमा श्रीपशुपतिनाथको चर्चा सनातनी आस्तिकहरूका बीच चलिरहन्छ ।

बाह्यान्त कर्म शुद्धि र भावशुद्धिको निम्ति धार्मिक र आध्यात्मिक विधिबाट पुण्यशीलता आर्जन गरी सनातन जगत्को विचार र आस्थाको यस परम पावन पवित्र धाममा प्रवेश गर्दा सुखद् अनुभूतिका क्षणहरू धेरै आए । सत्य र तथ्यको अन्वेषण गरेर निक्लिने भक्ति भावपूर्ण वचन, अनुभूति र प्रयोगमा रहस्यमय कुराहरू लुकेका हुन्छन् । मन र इन्द्रियमा आवेग आइरहने र नियन्त्रण पनि गर्न असमर्थ व्यक्ति भगवद् आराधनामा टिक्न सक्दैन । किन कि भ्रान्त चित्त वाला आफै श्रद्धाहीन हुन पुग्छ । समर्पण भावले परिपूर्ण, शैव शक्तिको ज्ञान राख्ने र प्रयोग गर्न जान्ने, स्वेच्छाले गृहीत धार्मिक अनुष्ठानमा सफल, विहित संस्कारहरूको दृढता पूर्वक परिपालन गर्ने वेदविद् र तन्त्रविद्को कार्यादेश भित्र परेपनि सबै यसैको सेरोफेरोमा चलिरहन्छ भन्ने कुरा होइन ।

सङ्गठित स्वार्थीहरूले देशभित्र र बहिरका तत्त्वहरूलाई परिचालित गरेर अभिचार क्रिया र व्यवहारका भरमा यहाँ कब्जा जमाउँदै आएका रहेछन् भन्ने कुरा पनि प्रमाणित भयो । अनिष्ट त्रासको भयावह चित्र प्रस्तुत गरेर एकाधिपत्यलाई निरन्तरता दिइरहने प्रवृत्ति हावी हुँदै आएको देखियो । धर्म मार्गमा स्वान्त सुख र आनन्दको पवित्र गंगा बग्दछ । यो सकारात्मक र श्रृजनात्मक हुने गर्छ ।

आस्थाको जीवन

मधुको आवास र वसन्तको उद्यानमा खेलेर बढ्दै गर्दा हृदयको कुनामा एउटा प्रकाश देखापऱ्यो । त्यो प्रकाशले जता बाटो देखायो म त्यतै लागें । मेखला, मृगचर्म र पलाँस दण्डधारी उपकुर्वाण बनेर मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद-वेदाङ्गको अध्ययन गरें । त्यसबाट सादा र संयमित जीवनको सशक्त पक्ष स्पष्ट बनेर आयो । पलाँसका समिधाले हवन गर्दै वरूण, अग्नि, प्रजापति, इन्द्र, वायु, उषा र धातासंग मेधाको माग गरें । धोती र पछ्यौरा गुथी दण्डी बनेर भारतका धेरै तीर्थहरू डुलें । धन या लौकिक समृद्धिको इच्छा राखेर मैले शैवशक्तिलाई कहिल्यै पनि पुकारिन । धर्म, कर्म, नियम र नैतिक निष्ठाको प्रभावलाई सधैं उन्नत र प्रबल बनाउने अभिनव आकाङ्क्षा जीवनको आरम्भिक कालदेखि सँगै आयो । सभ्य र सुसंस्कृत बनेर देश निमार्णमा प्रयत्नशील रहने आन्तरिक भावार्थ र भाति यसै बेलादेखि उकासिँदै आयो ।

एउटा बनावटी धार भन्दा सधैं पृथक् लाग्ने तर सुदूर अतीतको संग्रहसार बनेर विचार फैलिँदै आयो, प्रभाव बढ्दै आयो । भगवान् एकान्तमा खोज्ने कि भीडमा ? म भीडदेखि अलिकति पृथक् रहेर, प्रकृतिको सन्निकट बनेर ऐश्वर्यको अनुभव लिन थालें । एउटा धीति, तिर्खा र प्यास थियो । अनुशासन र संघर्ष नै समग्र जीवनको अभिधेय ठानेर प्रयोजन र उद्देश्यमा तल्लीन रहँदा एउटा अकल्पनीय दृश्य मानसपटलमा छायो । मानिस आफै भविष्यको बाटो लाग्ने अठोट लिएर जन्मेको हुन्छ । अधि बढिरहेको हुन्छ । दृश्य र अदृश्य शक्तिले मानिसलाई डोऱ्याइरहेको हुन्छ, एक चुम्बकीय शक्तिको घेरा चित्र अलौकिक जीवन पनि चलिरहेकै हुन्छ ।

विक्रम संवत् २०३६ साल जेठतिर भगवान् खोज्न भन्दै साँझ घरबाट निक्लिएको बालक नील सरोवर हुँदै सात दिनमा श्रीपशुपतिनाथ पुग्छ । त्यही पुरानो बालक तन्त्र र वेद वेदाङ्गको अध्ययन अनुसन्धान गरेर विद्यावारिधि भएपछि सनातन सांस्कृतिक वैभवको केन्द्र श्रीपशुपतिनाथमा भट्ट पुजारी बनेर मन्दिर प्रवेश गर्छ । यो अतीत र वर्तमानको संयोजन रहस्यमय त छ नै । परम आश्चर्य जनक पनि छ । श्रीपशुपतिनाथको मार्गदर्शन प्रभावपूर्ण छ ।

अमोघ विक्रम मेरो आस्था हो । त्यसैले अमोघ दृष्टि, बल र वाणीको संयोजन गरेर पाशुपत दर्शनका लागि म यहाँ आइ पुगेको छु । ज्ञात तत्त्व मै मन रमिरहेकाले प्रयत्नको प्रभावबाट इतिहासको रेखाङ्कन गर्न समर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्ने छु भन्ने विश्वास बढेको छ । त्यसैले अभ्यर्थीको अभीष्ट अभ्यर्थना त्यतिकै बिलाउँदैन भन्नेमा म ढुक्क छु । विश्वस्त छु । एक हप्ताको पूजा गरें मैले । आराधना र साधना पूर्ण भएपछि परिस्थिति सहज रह्यो भने मानवता र पर्यावरणको प्रवर्द्धन र परिशुद्धिका लागि म महाभट्टारक श्रीको पूजा आराधनामा संलग्न रहि रहनेछु अन्यथा बहिर्गमन अवश्यभावी छ । दृढ संकल्पले कृततीर्थ बनेर म पाशुपत दर्शनको महिमामा डुबुल्की लगाउन आइपुगेको हुनाले सात दिनसम्म कुनै छलछाम र विघ्नबाधाले मलाई असर पार्न सकेन । ईश्वरलाई मैले कृताञ्जलि दिएको छु । यसभन्दा बढी दिने सामर्थ्य केही छैन ।

पाशुपत क्षेत्र भूमण्डलको महातीर्थ भएपनि यतिखेर भारतीय भट्ट र तिनका सेवकहरूले अभिचारादि तामसिक मारण उच्चाटन आदि कृत्यहरू सम्पादन गर्नका निम्ति करोडौं धन लगानी गरिरहेका छन् । मलाई मन्दिर प्रवेश गर्न नदिने सबै उपायहरू रचना गरिएकै हो । मन्दिर बाहिर परि स्थितिलाई जटिल बनाउन, मनोवैज्ञानिक त्रास बढाउन केही मानिसलाई मादक बनाइयो । हिंसाको वातावरण सृजना गरेर ऐतिहासिक यो महत्त्वपूर्ण अवसरलाई छेकबार गर्दै टुङ्ग्याइ दिने प्रयास तीव्र भएकै हो । त्यसैले लामो परिणाम बारे राम्ररी अनुमान गर्न सकिन्छ ।

साधकमा आन्तरिक र बाह्य संकेतको सधैं समन्वय भइरहने गर्छ । विज्ञान र आध्यात्म जगत् दुई ध्रुव जस्तो देखिएपनि यथार्थमा यिनका बीच सारै घनिष्ठ सम्बन्ध हुन्छ । चेतन अचेतन दुबैमा विधि-निषेध, स्वीकार-तिरोभाव र अपेक्षा-उपेक्षा विद्यमान रहिरहन्छ । छ कि छैन, हो वा होइन यो एउटै तथ्यलाई प्रकट गर्ने दुई धारा हो । आस्तिक र नास्तिक एकखाले प्रवृत्ति हो, यी दुई विपरीत ध्रुव होइन ।

सांख्य दर्शनको अभिमतलाई नियाल्दा ख्याल आउँछ धेरै कारणले वस्तु तत्त्वको दर्शन र बोध हुँदैन । सधैं बोधातीत भनेर व्याख्या भइरहेको विषयलाई प्रत्यक्ष गर्ने अवसर जुरेको छ । दैवतन्त्रमा आशा राख्ने वा विश्वास गर्ने व्यक्ति दैवहीन रहन सक्दैन । युगको प्रभाव भनेर जति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आलाप गरेपनि यो सम्पूर्ण जगत् दैवकै अधीनमा छ । सत्कर्मले भाग्योदय गराउँछ । विनय वाक्को प्रयोग गर्दै जीवनलाई परिष्कारको पथमा अग्रसर गराइरहँदा मलाई लाग्यो सर्वव्यापक आत्मा विश्वको बीजशक्ति हो । यसैबाट संसारका सारा वस्तुहरू जन्मिन्छन् । यो विप्रलापको कुरा होइन । यो मृदुभाषी मिलनसार बनेर गंगोलियाको गुरुकुलमा अध्ययन र अन्वेषण गर्दै प्रकाशमा आएको तथ्य हो । गुरुकुलमा विश्वात्मा बनेर बाँच्न सिकाइन्थ्यो, त्यहाँ जीवन र जगत्लाई हितकर र उपयुक्त विषय चिन्हित गरिन्थ्यो । धर्मज्ञानको ज्ञाताले जीवन निर्वाहको साधन खोज गर्दा पर्यावरणको सन्तुलानलाई पनि ख्याल गर्नुपर्ने हुन्छ ।

वागमती सभ्यताको गिर्दो अवस्था देखेर कतिपयको मन खिन्न हुन्छ । राज्य निरीह बन्दा, प्रशासन आत्मकेन्द्रित हुँदा यस्तो अवस्था आइपर्छ । परिष्कृत संस्कृति-सभ्यताको पुनर्निमार्ण गर्ने राष्ट्रिय संकल्प बन्यो भने अझ राम्रो भएर आउन सक्छ । सभ्यताप्रति उत्सुक बनेर, परिशुद्धिका लागि लगनशील रहेर उद्देश्यमा संलग्न हुँदा ध्येय पूर्ण हुन्छ । आध्यात्मिक सत्कार्यमा आस्था छ भन्दैमा आफैं पूर्णता हासिल हुने होइन । सत् कर्ममा प्रवृत्त हुने रूचि पनि बढ्दै जानु पर्छ । त्यसैले सभ्यताको प्रतीकलाई मात्र होइन, आन्तर्यमा रहेको वैशिष्ट्यलाई पनि सम्बोधन गर्नुपर्छ । सफा र पवित्र वातावरणमा हुर्किन पाउने अधिकारलाई अझ सशक्त बनाएर लैजानु पर्छ । फोहोर र अपवित्रतामा अधर्म र अन्यायको वास हुन्छ । हामीलाई धर्म र न्यायको आवश्यकता छ ।

ऋतम्भरा प्रज्ञाको खोज

मानिसको जन्म शिक्षित, समुन्नत र समृद्ध भएर अनन्त प्रवेशका निम्ति भएको हुन्छ । आरम्भमा बनारसको घाट र गुरुकुलमा एउटा जीवन्त दर्शन, सभ्यता, संस्कृति र संस्कारको वास छ भनेर म त्यता लागें । यसको तात्पर्य काठमाडौं उपत्यकामा आनन्दको श्रोत नभेटेर होइन । अनुभव, करूणा, भावना, समझ र स्वाभाविक संवेदनाको खोजका लागि म काशी गएँ । विश्वविदित, निष्कपट, सर्वसम्मत एक सरल र सहज मार्गको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजका लागि त्यो बाटो तय भएको थियो । संवेदना कै कारण निरन्तर खोजमा लागिरहँदा मानिस एक दिन त्यस्तो अनन्त परिष्कृत संस्कृत तत्त्व भेटाएरै मात्र तृप्त हुन्छ । संवेदनाले हृदयलाई छुन्थेन भने मानिस कुनै खोजमा जुट्ने पनि थिएन । संवेदना छ तब त मानिस सम्भावनाहरूको पर्खाइमा बाँचिरहेको छ । यो संवेदनात्मक शक्ति आध्यात्मिक उन्नतिमा उन्मुख हुन सकेको खण्डमा निश्चय नै अपरिमित कल्पना र विमर्शलाई अझ बढी प्रभावकारी ढंगले प्रकट गर्न सकिन्छ । विभिन्न चरणमा पुरा हुने आध्यात्मिक यात्रा सबैका लागि बोधगम्य नहुन सक्छ किन कि धर्म साधना, इष्ट साधना आदिमा प्रयुक्त हुने विधिहरू सबै एकै तहका हुँदैनन् । चैतन्य युक्त नौ द्वारको मानव देहले प्रत्यक्ष शैक्षिक ज्ञान र वैज्ञानिक प्रयोगको वातावरण हासिल गर्न सक्यो भने भौतिक सुख सुविधाले परिपूर्ण सृजनात्मक प्रज्ञा सहजै प्राप्त गर्छ भन्ने धारणा विकसित हुनुको पछाडि धेरै कारणहरू हुन सक्छन् ।

विश्वनाथ संस्कृत पाठशालाको छात्रावास प्रवेशपछि अध्ययन आरम्भ गर्ने नयाँ अवसर मिल्यो । भाषा र वातावरणको पूर्ण जानकारी नमिलुन्जेल कुनै मेसो मिलिरहेको थिएन । गङ्गामा पौडी खेलेर वारिपारि गर्ने, घाटमा बसेर गायत्री पुरश्चरण गर्ने र भावातीत ध्यान गर्ने सहज उपाय ठानेर त्यसैमा प्रवृत्त भइरहनु ठीक लाग्यो । आरम्भका दिनमा गङ्गाको तीरमा अष्टाध्यायी, अमरकोष रट्ने, ध्यान गर्ने गर्दथें । परिवार छोडेर परदेश लागेपछि विवेक, उपाय र व्यवहार नै आफन्त हुँदो रहेछ । नित्यकर्म सम्पन्न गरेपछि गङ्गाको तीरमा बसेर घण्टौं सूक्तपाठ गर्ने अभ्यास बन्यो । अष्टाध्यायी, अमरकोष र वैदिक ऋचा (मन्त्र) हरू कण्ठस्त गर्न थाल्नुको आफ्नै आनन्द र महत्त्व रह्यो ।

सुखका प्रकारहरू अनन्त छन् । शाब्दिक वैखरी ध्वनिले मात्र लामो समय सुख कहाँ दिइरहन सक्छ र ? अर्थ र भावहरू पनि हृदयमा उत्रिनु पर्‍यो । एक दिन चिन्तित मुद्रामा ललितादेवीको दर्शन गरेर राजराजेश्वरी जान साम्राज्येश्वरको सिढी चढिरहेको थिएँ । मणिकर्णिकाको चिताभष्म त्यो दिन निदारमा थिएन । साम्राज्येश्वरको प्राङ्गणमा एक जना सन्त भेटिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनलाई देखेर म आकर्षित भएँ । नजिक पुग्दा उनी मुस्कुराए । तिमी चिन्तित नबन । म सतर्क भएँ । उनले भने- तिमी भैरवी क्षेत्रबाट आएको, त्रिपुरा भैरवीमा बस्छौ, उनको उपासना र दर्शन गर । गुरु आफै खोज्दै आउनु हुनेछ । मेरो शरीरमा एक्कासि तरङ्ग फैलियो । भैरवी क्षेत्रसँग मेरो सम्बन्ध यिनलाई कसरी थाहा भयो ? मैले मध्यरात स्वप्नमा समुद्र तरेर अमृत पान गरेको कुरा पनि उनले भनिदिए । मैले राती देखेको स्वप्न वारे वर्णन गरेको सुनेपछि मलाई उनी प्रति अनायास श्रद्धा जाग्यो । त्रिपुरा भैरवीको साधना पद्धति आउँदैन । सन्तले घण्टाभर समय दिएर मन्त्रोद्धार, विनियोग, न्यास, आवरणपूजा, षोडशउपचार पूजन, स्तोत्र, कवच, हृदय, शतनाम र सहस्रनाम आदिको विधिवत उपदेश दिए । आध्यात्मिक विधि विज्ञानका उपायहरू पनि सुझाए । पछि सन्तले भने, मैले पाउन केही बाँकी छैन । सिकाउने र बाटो देखाउने काम पनि सधैं हुँदैन । स्वाध्याय र साधनामा प्रयत्नशील बनिरहयौ भने तिमीले ईश्वरको सान्निध्य र गुरुको वात्सल्य पाइरहने छौ । हिंड्न जानेर अल्छी गरेनौ भने ईश्वर तिम्रा साथमा रहिरहनें छन् । काशी आगमनको उद्देश्य पनि पुरा हुनेछ ।

विक्रम संवत् २०४२ साल वसन्त पञ्चमीका दिन दशाश्वमेध घाटमा जे. कृष्ण मेननसँग भेट भयो । नील सरस्वती, महामाया र षोडशीको साधनापथमा पारङ्गत जे. कृष्ण मेनन सिद्धि प्राप्त योगी र साधक हुनुहुन्थ्यो । वहाँसँग भेट भएपछि केही संस्कृतिका अन्तरङ्ग विषयहरू उठे र सबै विषयको यथोचित समाधान पनि हुँदै गयो । जङ्गमवाडी क्षेत्र स्थित वहाँको आवासमा आउने जाने क्रम सुरू भयो । त्यहाँ पूर्णिमा, अमावस्या र संक्रान्तिको रातमा हुने तान्त्रिक हवनमा सहभागी हुन थालें । त्यहाँ मैले देवी देवताहरूले प्रत्यक्ष हवि ग्रहण गरेको देखें । राती ११ बजेदेखि ३ बजेसम्म हवन चल्दो रहेछ । त्यसअघि सप्तशती पाठ, श्रीयन्त्रको अभिषेक र कुङ्कुमार्चन सम्पन्न हुँदो रहेछ । आवासमा श्रीयन्त्रको पूजा अर्चना र सप्तशती पाठ भने नित्य हुने रहेछ । तान्त्रिक हवन कर्म भने विशेष दिनमा मात्र चल्ने । एक दिन मैले आफ्नो अनुभव सुनाएपछि मेननजीले भन्नु भयो, अव तिमी नील सरस्वतीको दीक्षाका लागि व्रत आरम्भ गर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिब्बती परम्पराबाट विकसित यो साधना पद्धति धेरै उन्नत भै सकेको छ । मध्यमा र वैखरी ध्वनिको प्रयोग र परिशीलनलाई उज्वल बनाउँदै जीवजन्तु र प्रकृतिसँग सामञ्जस्य स्थापित गर्ने प्रयोजनका लागि पनि नीलसरस्वतीको उपासना गरिन्छ । वहाँले सुझाए अनुसार मेरो व्रत उपवास आरम्भ भयो । अष्टमी, प्रतिपदा, त्रयोदशी, आइतवार विहीवार र पुष्य नक्षत्रका दिन म उपवास बस्थें र बोल्दैनथें । यी दिन उपवास र मौन संकल्पमा परिवर्तन भयो । महाकारूणिक सिद्धार्थ गौतम बुद्धले प्रयोग गर्नुभएको निकायको वहाँले परिचर्चा गर्नुभयो । बुद्धले यही बाटोबाट सत्य र ज्ञान पत्ता लगाउनुभएको थियो । बौद्ध तन्त्रमा पनि वहाँ पोख्त हुनुहुन्थ्यो ।

विद्याको चाहना भए शङ्करको उपासना गर- 'विद्यामिच्छेत्तु शङ्करात्' भनाइ चर्चितै छ । केदारेश्वर, जागेश्वर, तिलभाण्डेश्वर, दक्षिणामूर्ति विश्वनाथ र रणकेश्वर आदि सुप्रसिद्ध शैव मन्दिरहरूमा क्रमिक रूपले विधिपूर्वक अनुष्ठान र पूजा आराधना सम्पन्न भइसकेको थियो । नील सरस्वतीको उपासना पद्धतिमा दीक्षित भएपछि मेरो बौद्धिक र सामाजिक दायरा फैलिन थाल्यो । एकान्त वासमा रमाउने स्वभाव अलिकति परिवर्तन हुन थाल्यो । मैले उल्लेख गनुपर्छ नील सरस्वतीको दीक्षा लिएर साधना गर्न थालेपछि म क्रान्तिकारी रूपान्तरणको बाटो अँगाल्न पुगें । म हुर्केको र भोग्दै आएको जीवन चक्रबाट माथि उठेको आभास हुन थाल्यो । हेर्ने र बुझ्ने तरिकामा पनि फरक पर्न थाल्यो ।

आध्यात्मिक शक्ति र तन्त्र साधनामा सिद्ध जे. कृष्ण मेनन सुप्रसिद्ध महायोगी बापूका परम शिष्य हुनुहुन्थ्यो । एक दिन वहाँले भन्नुभयो अव तिमी महाविद्याको ज्ञान हासिल गर्ने साधना पद्धतिमा प्रवेश गर । लौकिक र अलौकिक दुबै अर्थमा पूर्णताका लागि साधना आवश्यक र अनिवार्य छ । स्वस्थ र समुन्नत जीवन निर्माणका लागि कर्तव्य संझेर यसमा लाग्नु पर्छ । शरीरस्थ चक्र, नाडीहरूको ज्ञान र क्रिया प्रक्रिया बुझ्नका लागि पनि यसबाट मद्दत पुग्छ ।

आभ्यन्तर र बाह्य गरी दुई भागमा विकसित यो संसार अचम्मको छ । किलामा बाँधिएको पशुले आँखा हेर्छ । आकाशमा उड्दै गरेको चराले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि आँखा हेर्छ । तर बोधमा त फरक पर्छ नि । समुद्र, आकाश, जमिन र जमिन मुनि असंख्य जीवजन्तु वास गर्छन् । ती सबैका दृष्टि, कर्म र संस्कारका प्रकारहरू छुट्टाछुट्टै छन् । ती सबैमा ईश्वरको वास छ । अखिल विश्व ब्रह्माण्डमा फैलिएको ईश्वर तत्त्व बुझ्नको निम्ति पहिले आफुलाई बुझ्नु पर्ने हुन्छ । आत्म तत्त्वको खोज गर्नु पर्ने हुन्छ । आत्म तत्त्वको खोजको निम्ति नाडी र चक्रहरूको परिज्ञान आवश्यक पर्छ । सूक्ष्म नाडी र चक्रहरूको पूर्ण जानकारी महाविद्याको साधनाबाट हासिल हुन्छ । तामसिक अभिचार कर्मबाट हुने क्षणिक नश्वर लाभका लागि कतिपय मानिसहरू मरिहत्ते गर्छन् । तर यस्तो गर्नु ठीक होइन । हिंसा र निन्दाको बाटो लाग्न पनि हुँदैन । शास्वत अविनाशी सनातन सत्ताको ज्ञान सात्विक जीवन दर्शनबाट उपलब्ध हुन्छ । वास्तविक इमान्दार बनेर ईश्वर आराधनामा लाग्दा, आन्तरिक सत्य भावनाहरूबाट उत्पन्न गुणमा आरूढ हुँदा जो अनुभव मिल्छ त्यो अन्य मार्गबाट पाइँदैन ।

नील सरस्वतीको दीक्षा प्राप्त गरेर साधनाको विशेष चरण पार गरेपछि गुरु महाराजको आज्ञाबाट म अघि बढें । निश्चित व्रत अनुष्ठानपछि वहाँको अनुकंपाले षोडशीको दीक्षा हासिल गरें । श्रीयन्त्र के हो ? यसको निर्माण कसरी भयो ? यो कुन तत्त्वको प्रतीक हो ? वर्तमानमा यसको प्रयोग कहाँ कहाँ भइरहेको छ । सबै विषय विस्तार पूर्वक सुनेर ग्रहण गरिसकेपछि देव आराधनाको समय र यसबाट आउने परिणाम बारे जिज्ञासा राखें । आचार्य जे. कृष्ण मेननले भन्नु भयो - 'त्रिकालं देवतार्चनम्' । प्रातः, मध्यान्ह र सायं छुट्टाछुट्टै कालमा गर्दा हुन्छ । एकै पटक तीनै काललाई सम्मिलित गरेर गर्दा पनि हुन्छ । यो साधकको अवस्था विशेषमा भर पर्छ । त्रिकालको सम्बन्ध सूर्यका साथमा जोड्ने कि नक्षत्रका साथमा ? उद्देश्य र प्रयोजनको बोध गरेर गुरुकुल पद्धति अनुसार यसको सन्दर्भ ग्रहण गर्नुपर्छ । सूर्यलाई जोडेर अगाडी बढ्दा प्रातः, मध्यान्ह र अपरान्ह व्यापी बुझ्नु । सूर्यबल र चन्द्रबल कालका दुई पाङ्ग्रा छन् । कतापटि फर्केर कार्यारम्भ गर्ने त्योपनि बुझ्नुपर्ने हुन्छ । सृष्टिमा सबैको महत्त्व भएपनि कुन बाटोबाट कसलाई बुझ्ने हो निश्चय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु पर्छ । तत्त्वको अनुभूति र साक्षात्कार सारमा एक रहेपनि प्रकार भिन्न भिन्न हुन्छन् । कर्मको साथ ज्ञानको सम्वन्ध जोडिएपछि वास्तविक तत्त्वको साक्षात्कार हुन्छ । कर्म गर्दागर्दै जब चित्त निर्मल हुन्छ त्यतिखेर ज्ञानको उदय हुन्छ । ज्ञानको परिपक्व अवस्थामा भक्तिको पादुर्भाव हुन्छ । भक्तिबाट एक प्रकारको उत्साह र मादकता प्रकट हुन्छ ।

कर्म अनुशासित संघर्षको एक रूप हो । कर्म सबैको मूलमा रहन्छ । कर्म नगरी ज्ञानको उदय हुँदैन । ज्ञान, कर्म र भक्तिको स्रोत भिन्नभिन्न जस्तो लाग्ला, वास्तवमा यी ओदानका खुट्टा जस्तै हुन् । ज्ञान, कर्म र भक्तिको तीन खुट्टे ओदानमा ईश्वरको बास हुन्छ । कामेश्वरी, बज्रेश्वरी, भगमालिनी भनौं वा महाकाली, महालक्ष्मी र महासरस्वती भनौं नामरूपमा फरक पर्न सक्छ, सार तत्त्व एउटै हो । ज्ञान, कर्म र भक्तिको त्रिवेणीमा ईश्वर भेटिन्छ । आँखाले देखेन भने सन्त र परमहंसको शरणमा जाउ । अवशेष प्राक् कर्मको प्रभावले अवरोध बनिरह्यो भने सत्सङ्गबाट त्यो हटेर जान्छ । अनि भगवत् शक्तिको साम्राज्य छर्लङ्ग प्रकट हुँदै जान्छ ।

ईश्वर चारै तिर फैलिएको छ । संसार ईश्वरको विस्तार हो । संसारलाई ईश्वरको मायाले ढाकेको छ । सर्वव्यापक ईश्वर सर्वत्र विराजमान छ । सत्कर्मको माध्यामले ईश्वरीय सत्ताको अनुभव बटुल्न सकिन्छ । शरीरस्थ चक्रहरूको बारेमा उपदेश गर्दै गुरुदेवले भन्नु भयो मूलाधार कर्मयोगको प्रतीक हो । बहिर्मुखी व्यक्तिहरूका लागि उपयुक्त यो केन्द्रको साधनाले शरीरको विकास प्रक्रियालाई बुझ्न मद्दत गर्छ ।

स्वाधिष्ठान तन्त्र योगको प्रतीक हो । इन्द्रियहरूको नियामक भइ इन्द्रियहरू कै माध्यमबाट स्वयंबोधको दिशामा, आत्मिक भोग विलासको मार्गमा प्रवृत्त गराउने विषय हो तन्त्रयोग । भोगको माध्यमबाट योगको यात्रा तय गर्नु यसको अभीष्ट लक्ष्य हो । मणिपुरचक्र हठयोगको प्रतीक हो । श्वासप्रश्वासको गतिमा लयबद्धता कायम राखी रक्षाभाव जगाउने कार्य ज्ञानेन्द्रियले गर्छ । अनाहत भक्तियोगको आधार हो । यो केन्द्रकाट प्रेम जागृत हुन्छ । अर्का प्रति जाग्नु प्रेम हो । विशुद्धि चक्र ज्ञानयोगको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिष्ठान हो । विचारको तरङ्ग यहाँबाट प्रवाहमान बन्छ । मैत्री, कल्पना र धारणाको वास्तविक स्वरूप पनि यहीबाट प्रकट हुन्छ । आज्ञाचक्र ध्यानयोगको निवास स्थान हो । आत्माको खोज र जागरणको आरम्भ यही केन्द्रबाट सुरू हुन्छ । आफैं प्रति जाग्नु ध्यान हो । ध्यानलाई बुद्धत्वमा परिणत नगरून्जेल जिन्दगी सार्थक बन्न सक्दैन । सहस्रारचक्र सांख्ययोगको प्रतीक हो । समाधिमा जानका निम्ति सहस्रारचक्रको साधना गरिन्छ । मन्दिर प्रवेश, भगवद्भक्ति, शास्त्र-अध्ययन, स्तुति- जप- ध्यान हुदैं समाधिसम्म पुग्ने क्रमिक विधि प्रचलित छ । अष्टाङ्गयोगको क्रम पनि छ ।

सहस्रारचक्रको स्थान ईशान देश हो । ईशान देशमा अखिल विश्व ब्रह्माण्डको प्रतीक सूक्ष्म यन्त्र हुन्छ । 'ईशानमूर्ध परमं प्रकाशः' यही प्रकाशको स्रोतलाई तन्त्रमा श्रीयन्त्र भनिन्छ । बुद्धि, मनीषा, धिषणा, धी, प्रज्ञा, शेमुषी, मति, प्रेक्षा, उपलब्धि, चित्, संवित्, प्रतिपत्, ज्ञप्ति, चेतना, र मेधा गरी पञ्चदश आवरण भित्र ऋतम्भरा शक्तिको वास हुन्छ । यसरी षोडश आवरणमा जेलिएकी षोडशी महात्रिपुरासुन्दरी महाविद्याको रूपमा प्रतिष्ठित हुनुले सहस्रारचक्रको महिमा चक्रहरूमा सर्वाधिक महत्त्वपूर्ण रहने कुरा निर्विवाद छ । विशिष्ट तीन लगामको नियन्त्रिका भएकीले उनलाई महात्रिपुर सुन्दरी भनिएको हो ।

महाविद्याको पूर्ण परिष्कृत साधनाबाट ऋतम्भरा प्रज्ञा हासिल हुन्छ । सत्यलाई भरण पोषण गर्ने मेधाशक्ति, शाश्वत नियमको संग्रह गर्ने विवेक शक्तिको अन्वेषण गर्दा मन चङ्गा हुन्छ । मन चङ्गा त कचौरामा गङ्गा भन्नुको तात्पर्य मन शान्त, पवित्र र सहज भइसकेपछि तथ्यहरू आफैं खुल्दै जान्छन् । दिव्य, पवित्र र पावन वैभव देख्ने मनको आँखा ऋतम्भरा प्रज्ञाको खोजबाट खुल्छ । अनि अक्षय सुख र अविनाशी आनन्दका लागि कुनै सांसरिक वस्तु आवश्यक पर्दैन ।

दीक्षा र मन्त्रदान

चेष्टा निरूपण गरेर उपयुक्त कृतात्मा ठानेपछि गुरु शिष्यलाई ज्योतिर्मय, तेजस्वी बनाउन दीक्षा र मन्त्रदान गर्छन् । दीक्षामा अत्यन्त मनोरम र उज्वल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सौन्दर्यको भाव प्रकट हुन्छ । दीक्षाको उपक्रमपछि उद्देश्यमा प्रयत्नशील रहिरहन कुनै बाधा व्यवधानले असर गर्दैन । दीक्षाअघि धर्म संस्कारका लागि चाहिने समर्पणको भावना प्रबल रहेको नरहेको बारे अन्वेषण गरिन्छ । स्वच्छन्दतन्त्रमा (१,१८-१९-२०) शिष्यको स्वरूपबारे स्पष्ट बर्णन छ । सर्वत्र करूणा युक्त, गुरूप्रदिष्ट विषयमा दृढ, घमण्ड कपटादि शून्य, देव-अग्नि-गुरु र शास्त्रभक्तिमा समर्पित, निश्चित मतिमान्, गुरु शुश्रूषामा अच्छी नगर्ने, सुनियन्त्रित आदि गुणले युक्त 'ईदृशो वै भवेच्छिष्यः' देखेपछि शिष्य दीक्षार्ह हुन्छ । गुरु आफै विश्वस्त भएपछि शिष्य दीक्षाका लागि पात्र ठानिन्छ ।

गुरु एक आधार हुन् । यी कुनैरूपमा प्रकट भएर साधकलाई योग्य ठहऱ्याउन सक्छन् । साधनाका लागि आवश्यक धार्मिक कृत्य प्रतिपालन गरेपछि दीक्षा र मन्त्र ग्रहण गर्ने सामर्थ्य हासिल हुन्छ । वास्तवमा यो एक जटिल संस्कार हो ।

आर्थिक उपार्जन, संगठन निमार्ण र मानिसलाई जड बनाएर उसको शोषण गर्ने उपायका रूपमा पनि दीक्षा प्रचलनमा छ । मणि, मन्त्र र औषधिको प्रभाव अचिन्त्य हुन्छ । ईश्वरसँग गरिने गुप्त वार्ताको अर्थमा मन्त्र शब्द रूढ भएपनि तथ्यमा यो एउटा संकल्प योजना हो । मन्त्रदाता आध्यात्मिक गुरूको उपदेश विधिबाट शिष्यले ग्रहण गर्ने यो एक रहस्यमय परामर्श हो । कुनै उद्देश्यमा कृतकाम बनेर प्रवृत्त हुन यस प्रकारको योजना आवश्यक पर्छ ।

भोग र मोक्षलाई उपलब्ध गराउने, पापलाई विनष्ट गर्ने, माया र दोषहरूको बन्धनबाट छुटाइदिने दीक्षाको महिमा अपरम्पार छ । दीक्षाले शिष्यलाई ज्ञानी बनाएर लौकिक अनुभवको आस्वादन उपलब्ध गराउनुका साथै स्वतन्त्रता र परित्राणको साधन समेत प्रदान गर्दछ । तीन प्रकारका व्यक्ति दीक्षाका अधिकारी हुन्छन् ।

१) विज्ञातकल, २) प्रलयाकल र ३) सकल

पहिलो प्रकारका अधिकारी समस्त दोष कर्मबाट मुक्त हुन्छन् । दोस्रो प्रकारका अधिकारी मलकर्मबाट उत्सृष्ट हुन्छन् । तेस्रो प्रकारका सकल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकारी कलामा निपुण बन्छन् । साधारा र निराधारा गरी दीक्षा दुई प्रकारका हुन्छन् । यसमा पनि समयदीक्षा, संस्कारदीक्षा र निर्वाणदीक्षाको प्रकल्पना हुन्छ । सजीव र निर्वीज क्षेत्रमा विभाजित साधारा दीक्षा पनि चार प्रकारका हुन्छन् । तीव्र शक्तिको निपातन गरेर भगवान् महाभट्टारक श्रीको पूजा योग्य बनाउने साधारा दीक्षाको प्रसंग यहाँ उठ्छ । मानिसलाई समयको अनुसार आचारयुक्त बन्न सवीज दीक्षा दिइन्छ । नित्य, नैमित्तिक र काम्य कर्मको अवसरमा साधक र आचार्य दुबैलाई जुन माध्यमबाट एकाधिकार प्राप्त हुन्छ त्यसलाई साधिकार दीक्षा भनिन्छ । यसमा पनि क्रियावती र ज्ञानवती गरी दुई प्रकारको भेद देखिन्छ । कुण्ड र मण्डलको संयोजनमा क्रियावती दीक्षा सम्पन्न गरिन्छ भने ज्ञानवती दीक्षा मानसिक व्यापारबाट सम्पन्न हुन्छ ।

अधिकार प्राप्त आचार्यले नित्य क्रिया सकेर मन्त्रयोगद्वारा भूतशुद्धि गरेपछि विशेषार्घ्य (तिल, चामल, सर्स्यूं कुश, दुबो, अक्षता, जल, जौ, दूध, दही, फल फूल, भेटी मिलाएर बनाइने दिव्य तत्त्व) दिएर मूलमन्त्रको जप गरेर उद्भव मुद्रा प्रदर्शन गर्दै दीक्षा प्रदान गर्दछन् । अभिलषित संकल्प शक्तिलाई गतिशील बनाउन दीक्षाविधि आवश्यक पर्दछ । हृदयमा चम्किदै गरेको दिव्य ताराको समान ज्ञानको भावना बटुलेर अर्थात् भावलाई प्रबल बनाएर उद्भव मुद्रा प्रदर्शन गरेपछि दीक्षा विधि आरम्भ हुनछ । यस अवसरमा निर्धूम अग्निमा अभिप्रेत अर्थको सिद्धिका लागि होम गर्ने सर्वोत्तम विधि पनि उपलब्ध छ ।

होम कार्य दक्षिणावर्त ज्वाला दन्किने स्निग्ध र सुगन्धित अग्निमा मात्र गर्नु पर्छ । प्रतिष्ठा, विद्या र शान्ति कलामा निपुण बन्नका लागि दीक्षा आवश्यक पर्छ । भाव, ईश्वर र सदाशिव गरी शान्ति कलामा तीन तत्त्व हुन्छन् । प्रभव, समय, शुद्ध, विमल, शिव, धन, निरञ्जन, अङ्गार, सुशिरा, दीप्त, कारण, त्रिदशेश्वर, कालसूक्ष्म, अम्बुजेश्वर यी शान्तिकलामा विद्यमान हुन्छन् । शिष्यको स्वप्न जान्ने निवृत्तिकला शोधक गुरु पाशको बन्धनबाट छुट्ने उपाय खोज्न शिष्यलाई प्रेरित गर्छन् । यस अवसरमा आसक्तिहरूबाट जोगाउने र सांसारिक बन्धनहरूबाट निवृत्त गराउने गुरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलाषित संकल्प शक्ति प्रवर्द्धन गर्दै शिष्यलाई सधैं सजग र सचेत रहन उक्साँउछन् ।

दीक्षा व्रतको परिणाम हो । भक्ति र साधनाको धार्मिक कृत्य समुन्नत बनेपछि दीक्षाको उपक्रम चल्दछ । सात्विक भाव र संस्कारबाट ईप्साको उत्पत्ति हुन्छ । खानपानमा शुद्धता, बोली व्यवहारमा सन्तुलन र असल संगतले उचाइ लिन थालेपछि रूचि फेरिदै जान्छ । कामना बदलिंदै जान्छ । प्रतिज्ञा मूल प्रस्ताव हो । जब प्रकथनको उद्देश्य माहेश्वर तथा सदाशिव श्रीपशुपतिनाथ हुन्छन् त्यसपछि दीक्षा र मन्त्रदानको औपचारिक कर्मकाण्ड प्रश्न बनेर आउँछ । म स्वप्नमा पवित्र प्रवाहशाली नदी र आँधी तुफानले छाल देखाइरहेको समुद्र तरिरहेको हुन्छु ।

कमण्डलुको जल चढाउदै २०६५ पुस १६ गते मध्यरात पनि सेतो धोती फेरेर पाशुपत परिक्रमा गर्दै थिएँ । श्रीवासुकीनाथलाई घेरा हालेर ब्रह्मनाल झरिरहँदा मुक्तिमण्डपको अधिल्तिर भगवान् आशुतोष र ममतामयी पराम्बा भेट भए । व्यक्तिगत निरीक्षण र प्रयोगबाट उपलब्ध ज्ञान र स्मृतिजन्य मानसिक संस्कारबाट प्राप्त हुने अनुभव बीच म थपक्क उभिएँ । अखण्ड र असाधारण अनुसूचकको चारै तिर वैभवै वैभव छ । त्यो प्रकाशात्मक आभा, र सौन्दर्य देखेर म धन्य बनें ।

अनुक्रमको आरम्भ विघ्नै विघ्नले भरिएको छ । त्यस्तो बाधा अड्चन हराउँदै जाओस्, इष्टसिद्धि बढ्दै जाओस् भनेर तिम्रो परिक्रमा मार्गमा म आफै आएँ । आगमेश्वर, ताम्रेश्वर, भष्मेश्वर, रूद्रगाढेश्वर र वासुकीनाथको परिक्रमा गरेर तल ओर्लिंदा पूर्णिमाको रात सेतो हात्ती र घोडाको लश्करमा मनोरम हिमालको यात्रा गररहेको हुन्छु । पाशुपत क्षेत्रमा गुप्तवासको अन्तिम रात शैवशक्तिको साक्षात्कार गरें ।

दिव्यज्योति मात्र नभएर त्यहाँ एउटा आकार पनि छ । मलाई अग्रीय प्रत्यय कारक बोधको आरम्भ हुन थाल्यो । दीक्षा र मन्त्रदान बारे तीव्र जिज्ञासा बढ्न थाल्यो । पराम्बा भगवती षोडशीलाई साक्षी राखेर माहेश्वर महाभट्टारक श्रीले संकेत गर्नुभयो 'तिमी दीक्षित भयौ, तिम्रो दीक्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र मन्त्रबारे अव प्रश्न उठ्ने छैन । तिमी मन्त्रविद् बन ।' पुलकित मनका तरङ्गहरू रोमाञ्च बने । म भित्र अद्भुत हर्षको विश्वास सञ्चार भयो । म आराध्य श्रीपशुपतिनाथ मन्दिरबाट कृतकाम बनेर निक्लन चाहन्छु । यो प्राधीत विषय हो । प्रश्न उठ्यो भने समाधान दिने । केही क्षणको अन्तरालमा मेरो शिर छोएर आराध्य भगवान् श्रीबाट आज्ञा भयो । निरन्तर संकेतका लागि सान्निध्य पाइरहने छौ । पाशुपत भक्तिले तिमी यहाँ आइपुगेका छौ । आफ्नो उद्देश्यमा सफल भएर फर्किने छौ । अभय बनेर बाटो लाग । निर्भय बनेर अघि बढ ।

महाविद्या र मुद्राविज्ञान

पाशुपत साधना र आराधनामा महाविद्या र मुद्रा विज्ञानको धेरै ठूलो महत्त्व छ । साधक दशै महाविद्यामा निपुण हुन सक्ने भएपनि श्रीपशुपतिनाथ मन्दिरमा सात्त्विक साधनाकै प्राबल्य छ । पाँच सौम्यरूपा महाविद्यामा षोडशी, भुवनेश्वरी, भैरवी, मातङ्गी र कमलाको गणना हुन्छ । षोडशीलाई महात्रिपुरसुन्दरीको उपमा दिइन्छ ।

त्रिपुरा भैरवी, नीलसरस्वती र पीताम्बराको उपासना गरिरहँदा महानिशाको सन्ध्याकालमा हवनको पूर्णाहुति पछि सिद्धाचार्य जे. कृष्ण मेनन भन्नुहुन्थ्यो अब महाविद्याको मूलरूपतिर बढ । रौद्ररूपा महाविद्या जस्तै अभिचार, इष्टपूर्ति, अनिष्ट हरण र सांसारिक जीवनमा फलदायिनी शक्तिको रूपमा मात्र षोडशीको उपासना हुँदैन । सांसारिक मोहजालबाट पृथक् हुँदै आत्म साक्षात्कार र शैवशक्तिको विशिष्ट अनुस्मृति हासिल गर्न षोडशीको उपासना गरिन्छ । आध्यात्मिक, आधिभौतिक र आधिदैविक तापहरूबाट जोगिएर राष्ट्रको शक्ति, प्रगति, प्रेरणा र सौन्दर्यको अभिवृद्धिका लागि महाविद्याको आराधना गर्दा अभीष्ट ध्येय फलदायी हुन्छ ।

तन्त्रमा आराध्यलाई आमन्त्रण गर्दा यन्त्र वा प्रतिमामा गरिन्छ । शरीर वा घरलाई देखाएर आवाहन गरे मात्र दैवी आत्मा त्यस ठाउँमा प्रकट हुन सक्छ । शक्ति त चारैतिर व्याप्त छ । तर अव्यक्त छ । यस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा निमन्त्रणाको कुनै विशेष महत्त्व हुँदैन । न्यौता आधार र आश्रयलाई लिएर हुन्छ । आसन व्यवस्थित भए मात्र बस्नोस् भन्ने कुरा हुन्छ । यन्त्र, प्रतिमा र आसनको व्यवस्था नगरी आव्हान गर्नु उचित हुँदैन । त्यसैले यसको ख्याल श्रीराजराजेश्वरी षोडशी महात्रिपुरसुन्दरीमा अवश्य गर्नु पर्छ । श्रीयन्त्र षोडशीको घर हो । श्रीयन्त्रलाई कतिपय साधकहरू श्रीचक्र पनि भन्ने गर्छन् । श्रीयन्त्रमा ब्रह्माण्डको रूपरेखा पाइन्छ । मूर्त्त जगत्को प्रतीकात्मक स्वरूप नै श्रीयन्त्र हो । धर्म, प्रकाश, आत्मा, अन्तरआत्मा, परमात्मा, ज्ञानात्मा, बोधात्मा, मातृमेघ र प्रभा गरी श्रीयन्त्रका नौ कोण हुन्छन् । सर्वानन्दमय, सर्वसिद्धि, सवहररोग, सर्वरक्षाकर, सर्वार्थसाधक, सर्वसौभाग्यदायक, सर्वसंक्षोभण, सर्वासापरिपुरक र त्रैलाक्यमोहन रेखाहरू मध्ये चार अधोमुखी र पाँच ऊर्ध्वमुखी हुन्छन् । यन्त्र निमार्णको विधि सर्वसुलभ नभएका कारण आभ्यन्तर पूजा उपासनामा साधकहरू शरीरलाई यन्त्र भावना गरेर प्रसन्न गर्ने उपाय खोज्छन् । भनिएकै छ 'देहःदेवालयःप्रोक्तः' । काठ, धातु र पाषाण मूर्तिको प्रयोग प्रचलन नरहेको अवस्थामा यो विधि सरल र सहज देखिन्छ । कायिक, वाचिक र मानसिक आराधनाको निम्ति प्रयत्नशील कुशल व्यक्तिहरू आवश्यकता अनुसार यस्तो गर्छन् । योग्य प्रवीण व्यक्तिहरू उपयुक्त कक्षको निर्माण गरी एकान्तभावले यन्त्र विशेषको प्रबन्ध गर्दै पूजा उपकरणहरूको प्रयोग गर्छन् ।

ऐश्वर्यको विश्व विभूति सदाशिव श्रीपशुपतिनाथको सामीप्यमा प्रबन्धको व्यक्तिगत आवश्यकता पर्दैन । पूजा सम्पन्न गर्नको निम्ति चाहिने उपकरणहरू यहाँ स्वतः उपलब्ध छन् । यहाँ परम सौभाग्यका सूचकहरू स्वत विद्यमान छन् । सबै महाविद्याको केन्द्र ईशान हो । परम प्रकाशको देश, मालिक बस्ने शिव र सूर्यको देशमा अखिल विश्व ब्रह्माण्डको प्रतीक श्रीयन्त्र श्रीखण्ड चन्दनादिले बनाएर ब्रह्माण्ड नायिका षोडशीको गुप्त आवरणमा पूजा हुन्छ । तान्त्रिक पूजामा मुद्रा प्रदर्शनको ज्यादै महत्त्व हुन्छ । मुद्राहरू विशेष सन्दर्भलाई लिएर प्रदर्शन गरिन्छ । उदाहरण स्वरूप केही यस प्रकार छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क) मण्डलको निर्माणपछि

'धेनुमुद्रयाऽ मृतीकृत्य मत्स्यमुद्रया ऽऽच्छाद्य'

पूजा गृहमा अर्थात् मन्दिरको गर्भगृहमा प्रवेश गरेर पूजा उपकरण भित्र्याइ सकेपछि मुद्रा विज्ञानको आरम्भ हुन्छ । प्रतीकात्मक इशाराको माध्यमले अभिव्यक्त गरिने मुद्राहरू धेरै छन् । सन्दर्भ र प्रसङ्ग अनुसार इष्टलाई खुशी तुल्याउन विभिन्न भाव भङ्गिमा प्रदर्शन गरिन्छ । धर्मनिष्ठ भक्तिमा औंलाहरूको प्रयोग आवश्यक पर्छ । यो ईश्वरसँग कुरा गर्ने एउटा रहस्यमय तरिका हो । सबै शब्दका माध्यमले वर्णन गर्न सहज हुदैन । अनुग्रहका लागि यस्तो गरिन्छ । अखिल विश्व ब्रह्माण्डको आवाहन गरेर त्रैलोक्यलाई हृदयस्थ गरेपछि प्रमाणित इशाराको माध्यमले पूजा उपकरणलाई अमृतत्व प्रदान गर्न पहिले धेनु मुद्रा गरिन्छ । त्यसपछि अमृतत्वमा परिणत पूजा उपकरणहरू माथि बाह्य दृष्टिको, पूजा विरोधी शक्तिको प्रभाव नपरोस् भनेर मत्स्य मुद्रा देखाइन्छ । पूजा अवधिभर धेरै पटक धेनु र मत्स्य मुद्राको प्रसङ्ग चल्छ ।

ख) चन्दन फूल अक्षता छर्केपछि

'क्रौं इति अङ्कुशमुद्रया'

अर्घ्य पात्रलाई राम्ररी स्थिर गरेर 'ह्रां हृदयाय नमः' भन्दै त्यसमा पवित्रीकृत जल भरेर मन्त्रले चन्दन अक्षता, फूल छर्केपछि अङ्कुश मुद्रा प्रदर्शन गरिन्छ । महत्त्वपूर्ण तीर्थ र पवित्र नदी ताल तलैयाहरूको जललाई आकर्षण गरेर अर्घ्यपात्रमा स्थापित गर्नका निम्ति अङ्कुश मुद्रा देखाइन्छ । सन्दर्भलाई बुझेर अङ्कुश मुद्राको बीज मन्त्रमा केही फरकपन आउँछ ।

ग) चण्डेश्वरलाई अर्घ्यको जलले नुहाइदिएपछि

'कवचेनावगुण्ठ्य योनिमुद्रया नमस्कृत्य'

'तद्विष्णोः परमं पदम्' मन्त्रले पूजा सम्पन्न भइसकेका गणेश आदिलाई अर्घ्यपात्रको जल दिएर बचेको अर्घ्य जलले चण्डेश्वरलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नुहाइदिएपछि अर्घ्यपात्र धुने । मूलमन्त्रले धूपपात्रलाई अक्षता, फूल आदिले पूजा गर्दै अमृतीकरणका लागि धेनुमुद्रा र छोप्नका लागि मत्स्यमुद्रा प्रदर्शन गर्ने । कवचले पर्दा हालेर योनि मुद्राले नमस्कार गर्ने । धेनु र मत्स्य मुद्रा झैं योनि मुद्राको पनि पूजाकालमा दशौं पटक प्रयोग हुन्छ ।

घ) आवाहन गर्दै आउ बस भनेपछि

'आवाहनादि अष्ट संक्षोभिण्यादि चतुर्दश मुद्राश्च प्रदर्शयेत्'

भक्तहरूलाई अनुग्रह गर्ने प्रयोजनका लागि विग्रह धारण गरेकी, श्रीचक्रमा घुम्ने, परमात्मामा वास गर्ने, श्रीमहात्रिपुर सुन्दरीको आवाहन गर्छु । यो आवाहन 'त्रिखण्डा' मुद्राले गर्ने । त्यसपछि 'हस्त्रैङ्', 'हस्क्लीङ्' उच्चारण गर्ने । त्यसपछि सय पद्म योजन श्वेत कमलको वनभित्र रहेकी, आनन्दको कारणरूप आकृतिमा सजिएकी, सम्पूर्ण प्राणिहरूको हितमा लाग्ने हे परमेश्वरी माता ! तिमी यहाँ आऊ भन्दै पुकार्ने । जतिवेलासम्म पूजा गरिरहने छु तबसम्म स्थिर भएर बस । सबै प्राणिहरूकी जननी हे आमा ! तिनै लोककी महासुन्दरी बनेर निमन्त्रणालाई स्वीकार । यस क्रममा आवाहन आदि आठ र संक्षोभिणी आदि चौध मुद्रा प्रदर्शन गर्ने । यी मुद्राले सर्वव्यापिका जगत् ईश्वरी ईशालाई आवाहन गरेर महायन्त्रमा स्थापित गर्छन् । दर्शन र पूजाको क्रम चलुञ्जेल महायन्त्रमा स्थापित सर्वेश्वरी ईशा महाशक्ति श्रीराजराजेश्वरी षोडशी श्रीमहात्रिरपुरा सुन्दरी ! ब्रह्माण्ड नायिका । आकृतिमा स्थिर भएर बस भनेर अनुनय विनय गर्ने ।

ङ) फूल अक्षताले पूजेपछि

'पुष्पमालां समर्प्य मुद्रा चटुष्टयं प्रदर्शयेत्'

पानी कलश स्थापना गरिसकेपछि 'तत्त्वायामि.' भन्दै सुफाला, किनासा, शुना, शिरा, हविषा तोषमाना सुपिप्पला, ओखति, मित्रा, वरूणा आदिलाई सम्झिने । पूर्वै क्रमले धूपदियो गर्ने । 'पुष्य कुरूते.' पढ्दै निराजन गर्ने । मूल मन्त्रले फूल अक्षता चढाएपछि चारवटा मुद्रा प्रदर्शन गर्ने । शङ्खमाथि फूल चन्दन छोडेर धेनुमुद्रादि देखाउने । पाशुपत स्तोत्र कवच, उपनिषद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्दै सबै तत्त्वमा फैलिएको परमेश्वरलाई तृप्त होऊ भन्ने । नैवेत छेउ ल्याएर कलशलाई विसर्जन गरिदिने । अब रित्तो कलश भरेर त्यसमा 'तत्त्वायामि.' र सुनसेफलाई बोलाएर सम्मान गर्ने । फूलमाला लगाइदिने । चार मुद्रा देखाउने । नैवेत खाउ भनेर हात जोड्ने, प्रार्थना गर्ने । योनिमुद्राले नमस्कार गर्ने । आवरण पूजा सकेपछि पादुका पूजा गर्ने । अर्घ्यपात्र स्थापना गरेर 'इमं मे वरूण.' भन्दै जल भर्ने । 'गन्धद्वारान्.' पढ्दै चन्दन 'अर्चतः प्रार्चतः' पढ्दै अक्षता चढाउने । धेन्वादि मुद्रा देखाउने । दियो धूप निवेदन गर्ने ।

च) चण्डेश्वरलाई निर्माल्य सुम्पेपछि

'द्रौं द्रीं क्लीं ब्लूँ सः वायुमुद्रा, धँ धेनुमुद्रा,
ह्रीं पाशमुद्रा, कों अंकुशमुद्रा,
ऐं क्लीं सौःशालिनी मुद्राश्च प्रदर्शयेत्'

शङ्खमाथि चन्दन फूल अक्षता चढाएर धेनु आदि मुद्रा देखाउने । सुनको शङ्खलाई लिएर तीन पटक प्रदक्षिणा गर्ने । मूलमन्त्रले देव मस्तकमा शङ्ख छोएर 'शङ्खमध्ये.' मन्त्रले देव आत्मालाई पुण्य जलले अभिमन्त्रण गर्ने । फेरि शङ्खमा जल भर्दै चन्दन आदिले राम्ररी पूजा गरेर धेनु आदि मुद्रा प्रदर्शन गर्ने । यसपछि छ वटा न्यास गर्ने । विनियोग, दिग्बन्ध र ध्यान गर्ने । 'सर्व ज्वालिनी फट्' मन्त्रले चण्डेश्वरलाई निर्माल्य दिने । निर्धारित बीज मन्त्र उच्चारण गर्दै सर्वसंक्षोभिणी मुद्रा, सर्वविद्राविणी मुद्रा, सर्वाकर्षिणी मुद्रा, सर्ववशङ्करी मुद्रा, सर्वोन्मादिनी मुद्रा, सर्वमहाङ्कुश मुद्रा, सर्वखेचरी मुद्रा, सर्वबीज मुद्रा, सर्वयोनि मुद्रा, सर्वत्रिखण्डा मुद्रा, वायुमुद्रा, धेनुमुद्रा, पाशमुद्रा, अङ्कुशमुद्रा र शालिनी मुद्रा प्रदर्शन गर्ने ।

तन्त्र र आगमको अनुभव

संस्कृत भाषाको पहिलो रूप तन्त्र हो । तन्त्र एक सुल्झिएको स्पष्ट व्यावहारिक अर्थात् प्रविधिक ज्ञान हो । यसमा दार्शनिक जिज्ञासाहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथोचित समाधान भेटिन्छ । तन्त्रमा प्रत्येक प्रकारको सांसारिक आशा र अभिलाषाहरूलाई पूर्ण गर्ने, धर्मसाधनको माध्यमले शरीर रचनाका अवयवहरूलाई स्वस्थ र सबल बनाउने उपायहरू वर्णन गरिएका छन् । सभ्यता र विज्ञानको चमत्कारिक कालमा पनि सार्वाधिक जीवित शास्त्र भनेर तन्त्रलाई लिइन्छ । तन्त्रको प्रतिपाद्य विषय ज्ञान, योग, क्रिया र चर्या हो ।

संस्कृत वाङ्मयको विशाल ज्ञान भण्डारमा तन्त्रशास्त्रले ठूलो योगदान पुऱ्याएको छ । बाह्य जगत्मा तन्त्रबारे धेरै भ्रमपूर्ण धारणाहरू पनि फैलिएका छन् । वास्तवमा तन्त्र वाङ्मय त्यस्तो होइन । इष्ट साधनामा यसको भरपुर प्रयोग हुन्छ । तन्त्रको प्रसिद्ध दुई माार्ग मध्ये दक्षिणमार्गको उद्देश्य जीवन मुक्ति हो । जीवन मुक्ति भनेको आत्म साक्षात्कार हो ।

शैव शक्तिको प्रत्यक्ष अनुभवबाट पाइने विविध बोध धाराहरूले आत्म साक्षात्कारका लागि मार्ग प्रशस्त गर्दछन् । व्यक्ति, समाज र देशको उन्नतिमा बाधक बन्ने शक्तिको शमन नभै यो अनुभव हासिल हुन सक्दैन । शारीरिक र मानसिक बाधाहरूको निराकरण, रोग निवारणका लागि तान्त्रिक रसायनविधिको प्रयोग र राष्ट्रको सर्वतोभावेन अभ्युदयका लागि उपाय अवलम्बन गर्ने स्थूल र सूक्ष्म विधिहरूको ज्ञान नबटुली भुंग्रोलाई हत्केलामा भर्न पनि संभव हुँदैन । स्थूल, सूक्ष्म र परा गरी तन्त्र साधनाका तीन सोपान छन् । प्रतिमा र यन्त्र गरी स्थूलको पनि दुई वटा रूप हुन्छन् । उपासकको कुलाचार वा कुल परम्परा, वैदिक शाखा, देश ,काल र आगम भेदले गर्दा मन्त्रमा फरक पर्छ ।

मन्त्र गुप्त भाषाको बाह्य रूप हो । हावा, पानी, माटो र गुरुकुल फरक पर्दा भाषा र त्यस भित्रको ध्वनिमा फरकपन आउँछ । चुरो कुरो साधकको उत्कर्ष र उसको विवेकले गर्दा सबै प्रकारका भेद, ध्वनि र रूपहरूको विविधता समेटिदै जान्छ । प्रारम्भमा धेरै भेदहरू देखिन्छन् । निष्कर्षसम्म पुग्दा कुनै अन्तर भेटिँदैन ।

परम्परागत सिद्धान्तको उपदेशका रूपमा परिभाषित आगमलाई ज्ञानको प्रवाह मानिन्छ । विविध अर्थ ग्रहण गर्ने सन्दर्भका लागि आगम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्द प्रयोग भएता पनि पानीको मूल जस्तै यो ज्ञानको उद्‌गमकै रूपमा बढि प्रचलित रही आएको छ । आगमको विस्तार र सङ्‌ख्याबारे छुट्टै परिचर्चा हुनसक्छ ।

पाशुपत दर्शन र पूजा आराधनाका लागि प्रवृत्त भइरहँदा पहिले शैवागम र रूद्रागम कै सन्दर्भ उठाउनु सान्दर्भिक हुन्छ । पाशुपत शैव धर्मको स्रोत पाशुपतसूत्र पनि परिचर्चामा छ । शैवागम भित्रकै विशिष्ट पक्ष भएकोले मूलको परिचर्चा गर्दा कुरा समेटिँदै आइहाल्छ । शैवागम र रूद्रागममा सानो भेद परिलक्षित हुन्छ । भेद दृष्टि सम्प्रदायकै कारणले आउने हो । द्वन्द्वरहित अवस्थामा भेद साँघुरिँदै जान्छ । शैवागम भेद प्रधान शैवतन्त्र हो भने रूद्रागम भेदाभेद प्रधान । शैवागम कायिक आगमका नामले परिचित छ । यस अनुसार सबै आगमहरूको श्रोत सदाशिव श्रीपशुपतिनाथ नै हुन् । यिनकै भिन्न भिन्न मुखहरूबाट तन्त्रागमको प्रादुर्भाव भएको हो । प्रादुर्भूत आगमको सङ्‌ख्या लौकिक र वैदिक दुवै श्रेणीमा पाँच पाँच छन् । ती प्रत्येकको अरु पाँच पाँच भेदहरू पनि विकसित भएका छन् । यसरी सङ्‌ख्याको परिगणनलाई ख्याल गर्दा पचास पुग्छ ।

लौकिक आगममा मूल रूपले सिद्धान्तागम, गरूडागम, वशीकरणागम, भूतागम र भैरवागम पर्छन् । पाशुपत आगम वैदिक धारा भित्र पर्दछन् । सबै आगमिक साधनामा अनुकूल मन्त्र, मण्डल, यन्त्र, न्यास, मुद्रा र महाविद्याको योग रहने गर्छ । कार्यकारण भेदले गर्दा छुट्टै मन्त्र, यन्त्र र महाविद्याको प्रसङ्ग उठ्नु स्वाभाविक पनि हो । कायिक, योगज, चिन्त्य, कारण, अजित, सुदीप्त, सूक्ष्म, सहस्र, सुप्रभेद, अंशुमान आदि शैवागमका अवान्तर विशिष्ट गुणहरू र विनय, परमेश्वर, निःश्वास, प्रोद्‌गीत, मुखबिम्ब, सिद्धमन, विरज, किरण, ललित, आग्नेय आदि रूद्रागमका प्रकारहरूको परिभाषामा फरकपन देखाइने गर्छ ।

शारीरिक, मानसिक र आत्मिक शुद्धिका लागि गुप्तवासमा रहँदा शैवागमको विशाल ज्ञान भण्डार तिर ध्यान गयो । शुद्धिकाल कसरी यापन हुन्छ ? पहिलो पटक यस्तो जिज्ञासा पाशुपत क्षेत्र बाहिर पनि फैलिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । शैवागम र रूद्रागमको साङ्गोपाङ्ग प्रयोग एउटै सन्दर्भमा हुँदैन । शुद्धिकाल पछि श्रीको सन्निध्य हासिल हुन्छ । साधनामा सरल र सरस भन्ने विषयमात्र आउँदैन । यहाँ शैवागम र रूद्रागम मध्ये कुन सैद्धान्तिक आधारमा उभिएर आराधना सुरू गर्ने भन्ने भ्रमाकुल पनि अवशेष छैन । भेदका खम्बाहरूले स्वयं पाशुपत तत्त्वमा पनि विभाजन देखाएका छन् । जस्तै सृष्टि पाशुपत, स्थिति पाशुपत, संहार पाशुपत, अनाकुल पाशुपत, भाषा पाशुपत, मुक्त पाशुपत, गुरु पाशुपत, रचना पाशुपत, जीवन पाशुपत, संघात पाशुपत आदि । यी भेदहरूको प्रभावले मलाई त्यति असर गर्दैन । सम्पूर्ण तन्त्र आगमको स्रोत श्रीपशुपतिनाथ हुन् । आम्नायको ख्याल गरेर कहाँबाट कति व्यवस्थित र परिमार्जित भएको छ ? के आवश्यक र अपरिहार्य छ ? उज्वल परम्पराको सरणि गर्दै मानवता र पर्यावरणको हित प्रवर्द्धन गर्न मै तन्त्रागमको ध्येयलाई ग्रहण गर्नुपर्ने हुन्छ । आध्यात्मिक अनुभूतिलाई शब्द, मुद्रा, नृत्य, दृष्टि र संकेतभावका माध्यमले प्रकट गर्ने गरिन्छ । त्यसको सीमाबारे देश काल, परिस्थिति र भावभूमि अनुसारै उत्तर ग्रहण गर्नु पर्ने हुन्छ ।

सनातन सदाशिव

'अश्नुते आशु शीघ्रम्' अनायास प्रसन्न हुने, छिटो खुसी हुने आशुतोष शैव तत्त्व नै सदाशिव हो । सदशिव नित्य माङ्गलिक र सदा सौभाग्य प्रदायक हुन्छन् । सदाशिव हमेसा प्रसन्न, स्वस्थ र समृद्ध रहने कुरा शिवकथाका वाक्यावलिबाट स्पष्ट हुन्छ । शैवागम अवधूत सदाशिव 'अवधूतः सदाशिवः' को परिचर्चाले परिव्याप्त छ । 'एष धर्मः सनातनः' नित्य, शास्वत र स्थिर रहिरहने प्राचीन सनातनी विद्याको मुहान सदाशिव निष्कलंक छ । ईर्ष्या द्वेषादिले रिहत सिधा सादा विश्वात्मा हंस नामले विख्यात छ ।

ईशानस्य कला ह्येता निरञ्जन परानुगाः ।
हंस हंसोति यो ब्रूयात् हंसो नाम सदाशिवः॥

नील सरस्वती तन्त्रमा देवताले पनि जान्न नसक्ने सहस्रार महापद्ममा शक्तिहरूसँगै सदाशिवको वास हुन्छ, स्पष्ट संकेत छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहस्रारे महापद्मे नीलकण्ठं सदाशिवम् ।
ब्रह्मादि गोप्यं देवेशि ध्यायेच्छक्तिसमन्वितम् ॥ १८.३५

भूषले ढाकिएको चामल धान कहलाउँछ । धान र चामल छुट्याउन भूषको भूमिका प्रबल हुन्छ । त्यस्तै जीव र सदाशिवलाई पृथक गर्न कर्मको प्रधानता रहन्छ । कर्मबन्ध जीव हुन्छ भने कर्ममुक्त सदाशिव । यसको तात्पर्य सघन कर्मको प्रभावले जीवलाई मात्र घेर्छ । अर्थात् जीव कर्मफलको घेराबन्दीमा पर्छ । सदाशिवलाई कर्मफलले छुँदैन । जीवलाई पशु भनिनुको सन्दर्भ पनि कर्मफलसँग जोडिएको छ ।

तुषेण बद्धो व्रीहिः स्यात् तुषाभावे तु तण्डलः ।
कर्मबद्धो भवेज्जीवः कर्ममुक्तः सदाशिवः ॥ त्यही २०.३

परम्परागत उपदेश सिद्धान्त, तन्त्र शास्त्र आदिका प्रवक्ता, लौकिक र रहस्यमय वैदिक ज्ञानका स्रोत सदाशिव हुन् । सत्यलोकदेखि पाताल लोकसम्मका यावत् विशिष्ट निर्देश, अनुभवको वर्णन गरिएको तन्त्रशास्त्र अपरिमेय छ । तन्त्र, महातन्त्र, तिनका लाखौं लाख विचार पथहरू सबै सदाशिवबाट निर्धारण गरिएका हुन् ।

लक्ष्यकोटी महातन्त्रं मम वक्त्राद् विनिर्गतम् । त्यही १९.४

कुशल बुद्धिमान् चतुर व्यक्तिले सूक्ष्म विवेचन शक्तिको प्रयोग गर्न सक्छ । विद्वत्ता र बुद्धिमत्ताको उच्चतम श्रेणीमा पुग्न सक्ने पण्डितले मात्र प्रयोगमा निपुणता हासिल गर्छ । सदाशिवको ठाउँ पत्ता लगाएर बुझ्न समर्थ बन्ने व्यक्ति नै वास्तवमा पण्डित हुन्छ । जगदम्बाको विहारभूमि मनोरम सहस्रार महापद्ममा विराजमान हुने सदाशिवसँग जो सम्बन्ध जोड्न समर्थ हुन्छ त्यो नै वास्तविक पण्डित हो । पण्डितको गरिमा र महिमा सारै उच्च छ ।

विहारे जगदम्बायाःसहस्रारे मनोरमे ।
सदाशिवेन संयोगं यः करोति स पण्डितः ॥ त्यही २०.८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैरवश्च सदाशिवः(त्यही २०.५६) 'देव देव महादेव विश्वनाथः सदाशिव' आदिबाट महाक्रान्त शैवतत्त्वलाई बुझ्न सकिन्छ । पुरूष र प्रकृतिको साहचार्यले सृष्टिको विकासक्रम अघि बढेको भन्ने धारणा तन्त्रमा स्पष्ट पाइन्छ । तन्त्र आगमको विशुद्ध मार्गबाट शैवशिक्षा प्रष्फुट भएको हो । शैवशिक्षा भनेको स्त्रीतत्त्वको सम्मान हो । शक्ति नभै शिव बन्दैन । शैवशिक्षामा श्रद्धाको अभिव्यक्ति हुन्छ । जीवन छ भने प्राण शक्तिका कारण छ । शिवबाट प्राणशक्ति बहिर्गमन गरेपछि बाँकी रहन्छ शव । त्यसैले तन्त्रशास्त्रमा द्वेषभाव रहित भएर स्त्रीको पूजा भावले आदर गरिएको छ । तन्त्रशास्त्रमा जति स्त्रीको प्रतिष्ठा अन्यत्र देखिंदैन ।

स्त्री द्वेषो नैव कर्तव्यो विशेषात् पूजनं स्त्रियाः । त्यही १३.२७

स्त्रीलाई भय नदेखाउनु । स्त्रीको त्रुटी पनि नहेर्नु । सधैं स्वभाव र लाभको प्रसंशा गर्नु । महत्त्वको गुणगान गर्नु । सयौं अपराध गरेर दोषै दोषले भरिपूर्ण भइ पापवृत्तिमा प्रवृत्त भएपनि स्त्रीलाई रिस गरेर फुलले पनि न हिर्काउनु ।

दोषान्न गणयेत् स्त्रीणां गुणमेव प्रकाशयेत् ।
शतापराध संयुक्तां पुष्पेणापि न ताडयेत् ॥ त्यही १६.७

यहाँ उल्लेख गरिएका केही रहस्यमय पद्यहरू सदाशिवले पराम्बा भगवतीसँग संवाद गरेका वेला उच्चारण भएका हुन् । शिवभक्तलाई थाहा छ देवाधिदेव महादेव सदाशिवको स्वरूप र महिमा वर्णन गरेर सकिदैन । अझ नाम रूपले सम्पन्न गर्ने कार्य श्रेष्ठतम सदाशिव एक्लैले गर्न सक्छन् भन्ने संकेत भेटिन्छ 'सर्वाङ्गानि सदाशिवः' (शिवरक्षा स्तोत्र)। सदाशिव नै श्रीपशुपतिनाथ हुन् । श्रीपशुपतिनाथको छ मुख छ । यहाँ महातन्त्रको समष्टि भएको छ । तन्त्रमा प्रकृति स्त्री तत्त्वलाई ठूलो श्रद्धा र सम्मान व्यक्त गरिएको छ । यद्यपि भेदबुद्धि प्रतीत हुन्जेल साधना पूर्ण हुँदैन । सनातन सदाशिवको उपदेश सिद्धान्तकै कारण यन्त्रात्मक श्रीपशुपतिनाथ अर्धनारीश्वर रूपमा पनि परिकल्पित हुन्छन् । श्रीयन्त्रको स्थापना र श्रीशोडषीको आवाहन पूजन त्यसैको सङ्केत हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपति तत्त्व र बिन्दु साधना

सच्चिदानन्द विभवात् सकलात् परमेश्वरात् ।
आसीच्छक्तिस्ततो नादो नादाद् विन्दु समुद्भवः ।। शारदा तिलक १७६

सच्चिदानन्द ब्रह्मले परिपूर्ण आद्या शक्तिबाट नाद उत्पन्न हुन्छ । नादबाट बिन्दुको प्रादुर्भाव हुन्छ । यस्तो बिन्दु आफैमा अविभाज्य शक्ति तत्त्व हुने गर्छ । तन्त्रका जति अन्तरङ्ग र बहिरङ्ग साधनाहरू अभिव्यक्त भएका छन् । ती सबैको मूलमा बिन्दु साधनाको परिचर्चा छ । बिन्दु साधना आफैमा रहस्यमय छ । बिन्दु साधनाका तीन क्रियाहरू परिचर्चित छन् । पहिलो बिन्दु शोधन क्रियालाई लिइन्छ । यसलाई थोपा वा दृष्टि शुद्ध पार्ने क्रिया भनिन्छ । यसमा निपुण नभई, यसलाई स्वच्छ र पवित्र नगरी अन्य विधिमार्गमा प्रवेश सहज हुँदैन । कुनै अन्य पथबाट तन्त्रमार्गमा प्रवेश भइहाल्यो भने पनि त्यसबाट साधना फलीभूत भइरहन्छ भन्ने निश्चय रहँदैन । दोस्रो बिन्दु उत्थान क्रिया हो । यो कुण्डलिनी जागरणको आरम्भ र अभ्यासमा फलदायी हुन्छ । क्रियाको रूपान्तरणका लागि यसको अभ्यास आवश्यक पर्छ । चक्रबोध गर्ने र शक्तिको सक्रिय गतिलाई व्यवस्थित ढङ्गले बढाउने यो सहज उपाय हो ।

शरीरस्थ नसाका सूक्ष्म गाँठाहरूलाई बुझेर, यसको बन्धनबाट उन्मुक्ति दिने र जीवनको स्रोतसँग परिचय गराउने पद्धति वा साधनालाई ख्याल नगरी आस्तिक शक्तिवर्धन सम्भव हुँदैन । तेस्रो बिन्दु धारण क्रिया हो । यो विन्दु साधारण गर्ने विधिभित्र सुरक्षण र देखभाल पनि पदर्छ । रक्षा पुरूषले भैं यसको गति र प्रवाहलाई आफैं भित्र उम्लिन दिने तर खेर जान नदिने । लुगा लगाउनु वा पञ्चतत्त्वबाट कुनै वस्तु ग्रहण गर्नु जस्तो होइन । शरीर भित्र रहेको रहस्यलाई हेरेर साधनाको अनुकूल बनाउनु हो । यसबाट बोध शील समताको मार्गमा सम्यक् गति हासिल हुन्छ । लोक लोकान्तरमा भइरहेका परिघटना र तिनको प्रभाव मुल्याङ्कन गर्ने सामर्थ्य यसबाट बढ्छ । यो उत्सव र आनन्दको नयाँ अनुभव र अनुभूति आर्जन गर्ने आयाम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधनाबाट उपलब्ध हुने विषय हो आनन्द । आनन्दमा उपमा र उपमेय दुबै हुन्छ । त्यसैले आनन्दको उदाहरणका लागि अन्य कुनै शब्द वा वस्तु आवश्यक पर्दैन । अनुभूतिको आधारमा बिन्दु उत्थानबाट जो आनन्द हासिल हुन्छ त्यसलाई विरजानन्द, भवानन्द, नित्यानन्द, आत्मानन्द, दिव्यानन्द र परमानन्द आदि शब्दहरूबाट ग्रहण गर्न सकिन्छ । यी आनन्दका प्रकारहरूबाट उपलब्ध हुने समाधि सात प्रकारका हुन्छन् । परमानन्दबाट उपलब्ध हुने समाधिलाई परम समाधि भनिन्छ । मनोग्रन्थीबाट मुक्त भएर परम पद हासिल गर्न इच्छुक साधकहरू यो पथमा अग्रसर हुन्छन् । ईश्वरको वैभवमा प्रवेश गर्न प्रेरित हुनु बिन्दु साधनाको लक्ष्य हो ।

बिन्दु मन्थनबाट परम सुख र मोक्ष दुवै हासिल हुन्छ । शरीर व्यवस्थाका आन्तरिक अवयवहरूलाई सुदृढ र सम्मुन्नत बनाउने प्रयोजनका लागि यसले परम औषधिको काम गर्छ ।

शरीरमा बिन्दु स्थिर रहुन्जेल मृत्युको भय हुँदैन । बिन्दुपतन भइसकेपछि नाश अवस्यम्भावी छ । मरण भयबाट जोगिन चाहने साधकले बिन्दु रक्षामा ध्यान दिनु पर्छ ।

बिन्दु स्थिर गर्ने अनेक उपायहरूको वर्णन शास्त्रमा उल्लेख छ । दुबै आँखीभौंको बीच नाकको मध्य भागमा ध्यान गर्दा बिन्दु स्थिर हुन्छ । गुरु उपदिष्ट मार्गको सहायतालै प्रत्येक दिन साधनालाई अघि बढाउने साधक बिन्दु सिद्धिमा सफल हुन्छ । निपुण बन्छ । बिन्दुसिद्धि भइसकेपछि साधनाका निश्चित चरणहरू पार हुँदै जान्छन् ।

विन्दुसंरक्षणस्यानो विधिः सम्प्राप्यते ऽपि च
नासामूले च मध्ये च ध्यानाद् विन्दुः स्थिरोभवेत् ॥ ३२५

गुरुप्यदिष्ट मार्गेण प्रत्यहं यः समाचरेत्
विन्दुसिद्धिर्भवेत्तस्य महासिद्धि प्रदायिका ॥ ३२६

यतिदण्डैश्वर्यविधानम्, साधनापाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिव पार्वतीको संवाद तन्त्र नामले विख्यात छ । तन्त्र विष्णुक्रान्ता, रथक्रान्ता र अश्वक्रान्तात्मक गरी तीन भागमा विभक्त भएर प्रचलित छ । स्वरूप र अवस्थाको निरूपण, विधिवत् क्रिया प्रक्रियाको साङ्गोपाङ्ग वर्णन, उपासनाको, योगको प्रविधि तन्त्रमा समेटिएको हुन्छ । त्यसमा शक्तिहरूको यान्त्रिक, मान्त्रिक र पुरषविध आदि स्वरूपहरू एकत्र समावेश भएका हुन्छन् । परमेश्वरको रूपलाई पूर्णतया अभेद रूपले विमर्श गर्ने पराशक्ति समाविष्ट नभइ तन्त्रको कुनै आयाम बोध गम्य बन्दैन ।

जीवनको व्याख्याबाट फैलिएका आन्तरिक सत्य अनुभूतिलाई प्रकट गर्ने माध्यम धेरै छन् । शब्द, मुद्रा, नृत्य, दृष्टिभाव, संकेतभाव आदि सबै तन्त्रबाट प्रष्फुटित हुन्छन् । बिन्दुको महत्त्व र प्रभाव सम्बन्धमा एउटा लौकिक अभिव्यक्तिबाट परिचित हुन सकिन्छ । 'जल विन्दु निपातेन क्रमशः पूर्यते घटः' । थोपा थोपा मिलेर घैंटो भरिन्छ । थोपा थोपाको सञ्चयले एउटा सरोवर बन्छ । बिन्दु बोध र संचयबाट लोकमा यशको विस्तार हुन्छ । बिन्दुचित्रक, बिन्दुजाल, बिन्दुरेखा, बिन्दुवासर आदि सामसिक शब्दहरूका माध्यमले पनि बिन्दु शब्दको महत्त्व बुझ्न सकिन्छ ।

विश्व ब्रह्माण्डको सञ्चालन गर्ने एउटै शक्ति छ । जसलाई साधकहरू आद्या शक्ति भन्ने गर्छन् । सूक्ष्मप्राण वायुको रूपमा यो शक्ति सम्पूर्ण अखिल विश्व ब्रमाण्डमा परिव्याप्त छ । ब्रह्माण्ड विज्ञानका अनुसार यो शक्ति दुई रूपमा विभाजित छ । पहिलो शक्ति योगमाया हो र दोस्रो कालशक्ति । पहिलो शक्तिले मानिसभित्र जीवात्म शक्तिको रूपमा काम गर्छ । यो शक्तिकै कारण मानिस सांसारिक बन्धनमा पटक पटक बाँधिन्छ । जन्म लिन्छ, बढ्छ र मर्छ पनि । सांसारिक मोहमायामा लिप्त रहदै हुर्किरहन्छ । जन्म, गति र लय मायाबाट प्रभावित हुन्छ ।

यसै दृष्टिले दार्शनिकहरू शक्तिलाई मायाको रूपमा परिभाषित गर्छन् । दोस्रो काल शक्तिलाई महामाया महाविद्या भनेर पुकारिएको छ । कालशक्ति नै गतिशील बनेर क्रियाशक्तिमा रूपान्तरित हुन्छ । काल शक्तिको माध्यामले आत्मालाई जीव भावबाट मुक्त गरेर परमशक्ति स्वरूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाउने काम हुन्छ । आत्मा शुद्ध, चैतन्य, मौलिक वा वास्तविक रूपमा प्रकट हुन समर्थ भएपछि बिस्तारै परमात्मामा प्रवेश गर्दछ । यस्तो प्रवेश तब मात्र सम्भव छ जब साधनाद्वारा बिन्दुलाई स्थिर गरिन्छ । शास्त्रमा बिन्दु स्थानको परिचर्चा प्रर्याप्त मात्रामा भएको छ । आज्ञा चक्रमा बिन्दुको वास रहन्छ । बिन्दु साधनाको केन्द्रपनि प्रकारान्तरले आज्ञा चक्र नै हो ।

आज्ञा चक्रे भवेद् विन्दुर्नादः स्यात् तत उच्चकैः ।
सहस्रारे महालिङ्गमिति योगे विभावयेत् ॥ साधनापाद

धर्म मार्गको जस्तै तन्त्रका धरै सम्प्रदायहरू छन् । ती सम्प्रदायहरूसँग सम्बन्ध राख्ने अनेकन साधना वा उपासना मार्ग पनि उपलब्ध छन् । जहाँसम्म प्रश्न शक्तिको हुन्छ । शक्तिसँग सम्बन्धित केवल एउटै सम्प्रदाय छ त्यो हो शाक्त सम्प्रदाय । यस सम्प्रदायमा शक्ति साधनाका मुख्य दुई मार्ग छन् । ती हुन् दक्षिण मार्ग र वाम मार्ग । शक्ति सम्प्रदायकी अधिष्ठात्री शिवारूढ महाकाली हुन् । महाकालीका धरै रूपहरू छन् । श्मशानकाली, भद्रकाली सिद्धिकाली आदि अष्टकालीको चर्चा छ । महाकाली महाविद्याको रूपमा प्रकट हुँदा उनका रूप, उद्देश्य र कार्यहरू पृथक् पृथक् हुने गर्दछन् । दक्षिणमार्गमा उनलाई दक्षिणकाली भन्ने गरिन्छ । दक्षिण मार्गमा साधनाको प्रकार अनुसार सत्त्वगुणी र रजोगणी हुन्छ । वाममार्ग साधनामा पुरूष नगन्य हुन्छ र प्रकृति प्रधान ।

शिव उपेक्षित र शक्ति प्रधान ठानिन्छ । प्रकृति अथवा शक्तिमाथि अधिकार स्थापित गर्नु र उसलाई अनुकूल बनाउनु वाम मार्गको पहिलो लक्ष्य हुने गर्छ । यसै लक्ष्यको सिद्धिको निम्ति पञ्चमकारको प्रयोग चक्रार्चन, चक्रपूजा, भैरवीपूजा र गुह्यपूजा हुन्छ । वास्तवमा वाममार्ग अति रहस्य र गहन खोज हो । साधकहरू यसको गुह्य, रहस्यमय र गोपनीयपक्षसँग विरलै परिचित हुन सक्छन् । तन्त्रमा प्रचलित दुवै प्रसिद्ध मार्गमा बिन्दु उत्थानको प्रसङ्ग विद्यमान छ । जागरण, प्रत्यक्ष ज्ञान कुनै पनि मार्गमा सही ढङ्गले पर्दापण गर्न र निर्विघ्न गति स्थापित गर्नका निम्ति बिन्दु साधना आवश्यक पर्छ । शरीरभित्रको ऊर्जा शक्तिलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्मल बनाएर शाश्वतचित्त विनिर्मित गर्न सकिएन भने समापिका क्रिया सम्भव हुदैन । पूजाअर्चालाई विघ्नरहित बनाउन, भयरहित बनाउन बिन्दु साधनाका निश्चित चरणबाट पनि अघि बढेकै हुनु पर्छ । तन्त्रमा आधारित सात्त्विक साधनाको प्रसङ्ग उठाउने हो भने निर्मलीकरण र स्थिर बिन्दुबाट फैलिने आभाले मात्र बाधा व्यवधान र भयलाई हटाउँछ । बिन्दु ज्योतिरूप हुन्छ, नाद शब्द रूपक ।

"यतिदण्डैश्वर्य विधानम्"को तत्त्वपादमा प्रणवको कुटात्मक महानिर्वाण स्वरूपको परिचर्चा गरिरहँदा नाद र बिन्दुको पनि प्रसङ्ग उठेको छ । त्यहाँ अकार वाग्भव कूट, उकार कामराजक, मकार शक्तिकूट, षोडशीको शरीर नाद र बिन्दु महाँषोडशी हुने कुरा उल्लेख छ ।

शैव शक्तिको एकीकृत महापीठ श्रीपशुपतिनाथमा पूजाअर्चाको प्रसङ्ग उठ्दा बिन्दु तत्त्वको खोज किन गर्नु पऱ्यो ? प्रश्न उठ्न सक्छ । व्यवसायिक अर्थ राजनीतिको आडमा गरिने कर्मकाण्डमा साधनाको कुनै पनि पक्ष समावेश हुँदैन । किन्तु आध्यात्मिक भक्ति पथको संगति र संरचनाको सन्दर्भ उठ्दा दक्ष र प्रभावशाली साधकले सबै व्याख्या विषयको हेक्का राख्नुपर्ने हुन्छ । शैव पीठमा शक्ति चक्रको पूजा गर्नु भनेको शैव शक्तिको एकीभाव बोध गर्नु हो । शब्दार्थ जस्तै एकको उच्चारणबाट अन्यको बोध गर्ने सामर्थ्य बढोस् भन्नु हो । आराधना वा उपसनामा साधक पूर्णतया दिग्भ्रमित नभई एकाग्र चित्त भएर सम्पूर्ण भावले जुटोस् भनेर बिन्दु साधनाको उपसंहार गरिएको हो ।

आन्तरिक भावदशाको कारणलाई संशोधन गरेर अघि बढ्न सकिने धार्मिक अनुष्ठान सूक्ष्म हुन्छ । त्यसैले सूक्ष्म कुरा उठाइएको हो । बिन्दु साधनाका चरणहरू पार गरिसकेपछि आध्यात्मिक भक्ति पथका पथिकहरू भट्किँदैनन् । अन्वेषणका पद्धति र प्रणालीहरू सुगम र बोधगम्य बन्छन् । रोग, व्याधि, आलस्य आदि विघ्नहरू सहजै हावी हुँदैनन् । सांसारिक मायाजाल भोग विलास आदिबाट मन मुक्त हुन्छ । मुक्त मनले मात्र आत्मज्ञानको द्वार खोल्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिग्भ्रमित, चञ्चल, अस्थिर र अज्ञानबाट घेरिएको मनले न आत्मालाई देख्न सक्छ न परमात्मालाई बुझ्न सक्छ । बन्धन र मोक्षको पथ मनले निर्माण गर्छ । मन आफ्नो केन्द्रशक्तिबाट माथि उठेपछि मन्त्र बन्दछ । कालाग्निरूद्रको त्रिनाडीभित्रै मन अल्झिरह्यो भने ज्ञानको उदय नहुनसक्छ । देहलाई देवालय मानेर गरिने साधना झन् जटिल हुन्छ । नैगमिक र आगमिक सिद्धान्तमा वर्णित संकेत विद्यामा बिन्दु साधनाको परिचर्चा यथास्थानमा छ । कतिपय आचार्यहरूले अन्तेवासी बनेर गुरूको सन्निध्यमा मात्र यसको प्रशिक्षण प्राप्त गर्न सकिन्छ भनेका छन् ।

साधना प्राप्तगर्न मन, वचन र कर्मको तालमेल हुनु आवश्यक छ । आस्था, श्रद्धा र भक्तिको संयोजन पनि आवश्यक छ । पथ प्रदर्शक नभइ विरलै यात्राले गन्तव्य हासिल गर्न सक्छ । गुरु सूक्ष्मदर्शी हुन्छन् । सर्वव्यापक सूक्ष्म तत्त्वमा प्रवीणता हासिल गर्न गुरूको आवश्यकता पर्छ नै । शब्दब्रह्मको औचित्यसँग जोडिएकाले बिन्दु तत्त्वको महिमा वर्णन गरेर सकिँदैन । राष्ट्रिय आराध्यदेव भगवान् श्रीपशुपतिनाथको साक्षात्कार गर्न गुप्तवासमा बसेका बेला केही क्षण देदीप्यमान बनोस् भन्ने अभिप्रायले यी शब्द प्रकट भए । शारदा तिलक तन्त्रको राघव भट्ट कृत पदार्थादर्श नामक टीकामा यो श्लोक उद्घृत छ ।

क्रियाशक्ति प्रधानायाः शब्दशब्दार्थकारणम्
प्रकृते बिन्दुरूपिण्याः शब्दब्रह्मा भवत् परा

क्रियाशक्ति जसमा प्रधान छ त्यस्तो बिन्दुरूप प्रकृतिले शब्द र शब्दार्थको कारण नामक शब्दब्रह्म उत्पादन गर्छ । तन्त्र, मन्त्र र यन्त्र भित्रका गुह्य कुरा पहिले शब्दकै माध्यमबाट प्रकट हुन्छन् । शब्दको महत्त्व लौकिक र अलौकिक दुवै प्रसङ्गमा रहन्छ । पूजा आराधना र स्तुति पहिले शाब्दिक व्यवहारकै भरमा चल्छ ।

गुरूको सर्वलौकिक सत्ता

गुरूको शास्वत सत्ता अर्थयुक्त छ । अर्थपूर्ण भएकोले लाभदायक पनि छ । समस्त इच्छा कामनाहरूलाई शान्त गर्ने सामर्थ्य सन्निहित भएर नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुको सार्वभौम महिमा वर्णन योग्य रहिआएको छ । गुरुको सारूप्य खोजेर पाइँदैन । गुरुको सर्वज्ञता सिद्ध छ । गुरुको विश्वव्यापी मान्यता स्थापित छ । जाती र वर्गले गुरुको शुद्ध आत्माको गौरवगान गरेका छन् । गुरु समान उन्नत पदवी अरु केही हुनै सक्दैन । सर्वजन व्यापक गुरुको ताकत जसले बुझ्दैनन् त्यसले असल बुद्ध बन्ने अभिलाषा बटुल्न सक्दैन । सबै प्राणीहरूसँग सम्बन्ध राख्ने मूल तत्त्वको बोध पनि गुरु अधीन छ । लोक परलोक दुबैसँग सम्बन्ध राख्ने सबै शिक्षाका स्रोतहरू गुरुबाट प्रवाहित हुन्छन् ।

गुरु नै परब्रह्म हुन् । गुरुको अनुज्ञा वा आदेश महत्त्वपूर्ण हुन्छ । त्यसैले गुरुको अनुमति, सहमति र स्वीकृति लिएर कालपूजाको अभ्यास गरिन्छ । परब्रह्म परमात्माको नाम हो । दृश्यमान संसारको निमित्त र उपादान कारण ब्रह्म हो । यही बह्म तत्त्वबाट संसारका सबै वस्तु उत्पन्न हुन्छन् । र यही बह्म तत्त्वमा फेरि लीन पनि हुँदै जान्छन् । उच्चतम, महत्तम, पूज्यत्तम र सर्वोतम ब्रह्मको ज्ञान गुरुको अधीन हुन्छ । अनुभव गरेर, गुरुको आज्ञाकारी बनेर, शरीर, वंश र ईश्वरको संधारण गर्नुपर्छ भन्ने धारणा विद्यमान छ ।

गुरु नै सबै क्रिया, चेष्टा र व्यवसायको पथप्रदर्शक हुन् । दयालु गुरुको करूणाले सांसारिक मायाजालको बन्धनबाट मुक्ति पाइन्छ । मतिभ्रमबाट जोगिएर परमात्मा मिलनको सौन्दर्य हासिल हुन्छ । गुरु कृपाबाट पूर्ण र शास्वत शान्ति पाइन्छ । गुरुको चरण कमलको सन्निध्यबाट सन्तोष र आनन्दको अभीष्ट प्रिय पद उपलब्ध हुन्छ ।

गुरु मन्त्र नै सबै प्रकारका संवेदनाहरूको स्रोत हो । गुरु मन्त्र नै मूल शक्ति हो । गुरु मन्त्र नै प्रज्ञाको आशय हो । गुरु मन्त्रको अन्वेषणबाट प्रत्यक्ष ज्ञान प्राप्त हुन्छ । गुरुको ध्यान, चिन्तन मननबाट दिव्य अन्तर्ज्ञान उदित हुन्छ । गुरु कृपा बढेपछि ईश्वरको अनुग्रह मिल्न थाल्छ । शास्त्रको अध्ययन अनुसन्धानमा मन प्रवृत्त हुन जान्छ । मनोयोग र स्वयं प्रयासको अर्थ स्पष्ट हुन थाल्छ । यसको तात्पर्य इच्छा अनुसार साधकले तत्त्वज्ञान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हासिल गर्न सक्ने सम्भावना मौलाएर जान्छ । साधकको सदिच्छामा गुरुकृपाको संयोजन भयो भने जीव धन्य बन्छ ।

कालिदासले भनेका छन् 'आज्ञा गुरूणां ह्यविचारणीया' (रघु .१४.४६) गुरुको आज्ञालाई विचार नगरी शिरोधार्य गर्नु शिष्यका लागि गुरुको उपदेश शिरोमणि भैं सधैं सम्मान द्योतक र प्रसिद्धिकारक हुन्छ । श्रद्धेय आदरणीय व्यक्तिको कृपापूर्ण निर्देशनबाट प्रगमन सम्भव हुन्छ । गुरुजनको अनुकम्पा र आशिर्वचनले जीवन गुणान्वित बन्छ । सद्भावनाको अभिव्यक्तिमा कर्मको सूक्ष्म प्रभाव लुकेको हुन्छ । कर्मको दोषलाई गुरु कृपाबाट परिहार गर्न सकिन्छ । बोल्नमा कुशल वाग्विदग्धले प्राञ्जल भाषामा वाग्व्यवहार गर्दा मन कति प्रसन्न हुन्छ । स्नेहले परिपूर्ण बनेर गुरुवाट संतृप्त बनाउने अभियान आरम्भ भयो भने भाग्य प्रबल बन्दै जान्छ । अनि जीवन प्रकाशमय बन्न के बेर ।

'पानी पिउनु छानेर, गुरु मान्नु जानेर' लोकोक्ति प्रसिद्ध छ । भेदभावमा नलागी सम्पूर्ण तथ्यहरूको अन्वेषण गरेर गुरु थापियो भने शरणागतको अभ्युदय निश्चित छ । म आफै विश्वसनीय गुरुप्रदिष्ट मन्त्रले कष्टबाट उम्किन समर्थ भएँ । सनातनीहरूका परम आराध्य श्रीपशुपतिनाथ को अर्चक बन्न प्रवृत्त भएँ । प्रशस्त विघ्नहरू देखा परे तर ती पलायन भए । गुरु, ईश्वर र जनशक्तिलाई नमन गर्दै २०६५ पुस १७ गते अपरान्ह ४:३५ बजे श्रीपशुपतिनाथको पश्चिम द्वारबाट श्रीको अर्चना आराधना गर्न गर्भ गृहमा प्रवेश गरें । त्रिकालव्यापी पूजा अनुष्ठानको दिवाक्रम भट्टभण्डारीको नियतले भङ्ग भयो । ईश्वर अनुकम्पा र राज्यको सहयोगले मैले छुट्न गएको उक्त विधिलाई दोस्रो चरण सन्ध्याकालमा पुरा गरें ।

मन्दिर र भगवान्

मन्द्यतेऽत्र मन्दिरम् । मन्दिरलाई ईश्वरको वासस्थान भनेर अर्थ्याइएको छ । ईश्वर वेदबाट विनिर्मित भएको हो । मन्दिरलाई हर्ष र आनन्द प्रवर्धन गर्ने स्थल भनेर महाभारतमा पुष्टि गरिएको छ । दिव्य आलोक प्रदान गर्ने धर्म स्थान र भक्ति प्रकट गर्ने प्रसिद्ध देव भवन भनेर मन्दिरलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकारिएको छ । श्रद्धाभाव प्रकट गर्ने स्मारक, झुक्ने कला र सिक्ने प्रयोगशालाको नाम हो मन्दिर ।

यो आस्था र भरोसाको देश हो । विमर्श, निष्ठा र प्रत्ययको प्रयोगविज्ञान स्थल हो । मन्दिर उपासनाको उद्देश्य, अर्चनाको अनुवाद्य र पूजाको प्रयोजन प्रकट गर्ने देवघर हो । मन्दिर सनातन सांस्कृतिक सभ्यताको स्मृति जगाउने देव आयतन हो । यो प्रबल प्रकरी जस्तै घटनाको वर्णनका लागि अत्यन्त उत्कृष्ट कथाहरू कोरिने केन्द्र हो । विकसित कलाको उच्चतम नमुना सङ्गह गर्ने ऐतिहासिक धरोहर, आराम अभिव्यक्त गर्ने देवालय हो । यो ऐश्वर्यको आधार हो । छ वटा भग मिलेर बन्ने भगवान्लाई पूजा गर्नको निम्ति स्थापना गरिने यो परम पवित्र धाम हो । छ वटा भग यस प्रकार छन्

ऐश्वर्यस्य समग्रस्य वीर्यस्य यशसःश्रियः
ज्ञान वैराग्ययोश्चैव षण्णां भग इतिरणाः

सर्व व्यापक प्रभुका शक्तिहरू धेरै हुन्छन् । जस्तै प्रभावशाली मन्त्रशक्ति, प्रेरकशक्ति, रचनाशक्ति, दिव्यशक्ति, शस्त्रशक्ति, शब्दशक्ति आदि । यी समस्त शक्तिहरूले परिपूर्ण आधिपत्यलाई ऐश्वर्य भनिन्छ । पराक्रम, आभा, प्रसिद्धि, समृद्धि, ज्ञान, सांसारिक इच्छा र वासनाहरूको अभाव यी सबैलाई मिलाएर भग बन्छ । भग नै भगवान् हुन्छ । 'भग एव भगवान्' (यजुर्वेद) ।

वैदिक सनातन हिन्दू पथमा धेरै सम्प्रदायहरू छन् । ती सम्प्रदायका आ-आफ्नै प्रधान र उपदेवता छन् । देवीका पनि महादेवी, महाकाली, महासरस्वती, महालक्ष्मी आदि अनगिन्ती रूपहरू छन् । सबै प्रधान देवीदेवताका सहस्र नाम छन् । भगवान् शिवको पनि सहस्र नाम उपलब्ध छ त्यो पनि छ प्रकारका । ती नाम मध्ये श्रीपशुपतिनाथ पनि एक हुन् ।

श्रीपशुपतिनाथ शरीरधारी जीवहरूका मालिक हुन् । कतिपयलाई लाग्छ पशु, जंगली जनावर वा घरपालुवा मात्र हुन्छ । नृपशु, नरपशु मात्र छुट्टिने होइन । पशुचर्चा पशुको मात्र हुने होइन । सबै जीवहरूले आफुलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनरूत्पन्न गर्नुपर्दा पशुचर्या नै गर्ने गर्छन् । दाम्लोमा बाँधिएको पशुले पनि सबैलाई एकै नजरले हेर्दैन । पशुपालन जस्तो ग्वाला, गोठालाको मात्र यहाँ चर्चा हुँदैन । पशु भनेको शरीरको बन्धनमा परेको जीव नै हो । त्यसैले जीवहरूकै मालिक श्रीपशुपतिनाथ हुन् । शिव सहस्र नाममा लोककर्ता र महाकर्ता बीच पशुपतिको चर्चा छ ।

लोककर्ता पशुपतिर्महाकर्ता ह्यनौषधः
अक्षरं परमं ब्रह्म बलवान् शक्त एव च
५०, शिवसहस्रनाम

कालपूजित शिव सबै प्राणीहरका पति पनि हुन् ।

सर्वेषां प्राणिनां पतिः (७८)

यसरी अन्वेषण गर्दा संसारका सबै प्राणीहरूका मालिक श्रीपशुपतिनाथ चाँदिको ढोका र सुनको छानो भएको मन्दिरमा विराजमान छन् । श्रीपशुपतिनाथको पूजा लिङ्ग रूपमा होइन चक्र रूपमा हुने हो । लिङ्गायत सम्प्रदायका केही व्यक्तिहरू सत्य र तथ्य नबुझेर अनास्थाको कारक बनिरहेका छन् । यथार्थमा यस्तो होइन ।

श्रीपशुपतिनाथ र श्रीविद्या

मन्त्राख्यं तु महाज्ञानम् ईशानात्तु विनिर्गतम् ।
सद्योजातस्तु ऋग्वेदो वामदेवो यजुः स्मृतः ॥
अघोरः सामवेदस्तु तत्पुरूषोऽथर्व उच्यते ।
ईशानश्च सुरश्रेष्ठ सर्वविद्यात्मशः स्मृतः ॥
स्वच्छन्द तन्त्र

मन्त्र नामक महाज्ञान ईशानबाट निक्लियो । सद्योजात ऋग्वेद, वामदेव यजुर्वेद, अघोर सामवेद, तत्पुरूष लाई अथर्ववेद जान्नु । कालाग्नि रूद्र तन्त्र हो । देवताहरूमा प्रमुखतम ईशान सबै विद्याहरूको प्रशासक बुझ्नु । ताच्छिल्य अर्थमा ईश देखि चानश् प्रत्यय गरेर बन्ने ईशान शब्द

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शासक, स्वामी, मालिक आदि अर्थहरू प्रकट गर्न समर्थ छ । मस्तिष्कको प्रयोजनका लागि प्रधान बिन्दुक्षेत्र भएकाले ईशानलाई सर्वश्रेष्ठ मानिन्छ । वेद, वेदाङ्ग, सूत्र, दर्शन, धर्म, स्मृति लौकिक काव्यशास्त्रहरू ईशानबाट प्रस्फुटित भएका हुन् । उच्च स्वरले बोलिने छन्दोबद्ध मन्त्र समूह ऋग्वेद, मन्दस्वरले बोलिने गद्यमय मन्त्र समूह यजुर्वेद, छन्दोबद्धताका साथ गेयता पनि भएको मन्त्र समूह सामवेद नामले विख्यात छ ।

अथर्ववेदमा औषधि विज्ञान, विपत्ति-पाप-दुर्भाग्य, शान्ति, सुरक्षाका असङ्ख्य उपायहरूको बारेमा प्रार्थना पाइन्छन् । धार्मिक र औपचारिक संस्कारहरूमा देवताहरूको अभिनन्दनको निम्ति प्रयुक्त हुने विनति सबै वेदमा उपलब्ध छन् । मणि मन्त्र र औषधिको प्रभाव असीमित हुन्छ । मन्त्र ईश्वरसँग गरिने गुप्त परामर्श हो । मन्त्रज्ञ कुशल विचारकहरू कार्य सिद्धिका लागि मन्त्रकाल पर्खेर बस्छन् । मन्त्रको महत्त्व व्याख्या गरेर टुङ्गिदैन ।

श्रीपशुपतिनाथमा महाविद्या र महामन्त्रको सन्दर्भ उठ्छ । सर्व श्रेष्ठबाट महामन्त्र प्रकट हुन्छ । श्रीपशुपतिनाथ वेद रूप हुन् । वेद बनाएर बन्दैन । मानवता र पर्यावरणको सन्तुलनका लागि ईश्वरबाट प्रकट भएको वेदलाई श्रुति भनिन्छ । महर्षिहरूले दिव्य साधनाबाट वेदलाई देखे । वेद श्रीपशुपतिनाथबाट निक्लिएको हो । जतिखेर वेदको विभाजन भएको थिएन, त्यतिखेर श्रीपशुपतिनाथ ईशान रूपमा प्रख्यात थिए । वेदको विभाजन सँगै रूपहरू पनि फैलिए । छुट्टाछुट्टै उद्देश्यका लागि भिन्न भिन्न रूपहरू प्रकट भए । शरीर एउटै हो तर यो भिन्नभिन्न तत्त्वबाट बनेको हुन्छ । समस्या बढेपछि समाधानका उपायहरू पनि बढ्दै जान्छन् । प्राच्य मनीषाले वेदलाई विचार र सिद्धान्तको स्रोत मानेको छ । श्रीपशुपतिनाथ पनि ज्ञान र विज्ञान दुबैका स्रोत हुन् । श्रीपशुपतिनाथमा सृष्टि तत्त्व समाहित छ । वैदिक सनातन हिन्दुहरूका सबै विशिष्ट सम्प्रदायले, श्रमण, जैन, बौद्धहरूले साझा देवताका रूपमा श्रीपशुपतिनाथको आराधना गर्छन् । श्रद्धा र समर्पण अनुसार इष्टलाभ पनि प्राप्त गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीविद्यां जगतां धात्रीं सर्गस्थिति लयेश्वरीम् ।
नमामि ललितां नित्यं महात्रिपुरसुन्दरीम् ॥

सृष्टि, स्थिति र संहारलाई सञ्चालन गर्ने जगत्की पूज्या स्वतन्त्र नायिकालाई नमस्कार छ । प्रकृति र पुरूष मिलेर यो अखिल विश्व ब्रह्माण्ड बनेको छ । समृद्धिको ज्ञान, राजकीय शिक्षा र ऐश्वर्यको विज्ञान नै श्रीविद्या हो ।

षडंगमिश्रिता वेदा धर्म शास्त्रं पुराणकम् ।
मिमांसा तर्कशास्त्रञ्च एता विद्याश्चतुर्दश ॥

चौध विद्या प्रसिद्ध छन् । वेद ४, वेदाङ्ग ६, धर्म १, मिमांसा १, तर्क १, पुराण १ यिनै चौध विद्या हुन् । शब्दज्ञानको प्रक्रिया, लालित्यको महिमा यी विद्यासँग जोडिएर आउँछ । श्री पूज्य व्यक्ति र देवताहरूको नाम अगाडि लगाइने सम्मानसूचक पद हो । प्रसिद्ध धार्मिक ग्रन्थ, र ज्ञानको स्रोतका अगाडि पनि श्रीको प्रयोग हुन्छ । कतै सूत्ररूपमा विद्याको परिचर्चा छ र ती प्रसिद्ध छन् । आन्विक्षिकी - तर्कशास्त्र, त्रयी (ऋग् यजुःसामवेद) वार्ता-जीवन निर्वाह गर्ने साधन वृत्ति, दण्डनीति नागरिक तथा सैनिक प्रशासन हुन् । यी चारमा आत्मविद्या वा ब्रह्मविद्या थपेर पाँच गरेको पनि पाइन्छ । श्रीविद्या मन्त्रविद्या हो र यसले साहसको प्रवर्द्धन गर्छ । साहसी व्यक्तिमात्र ज्ञानको बाटोमा हिड्न सक्छ । मन्त्र नायिका श्रीविद्या वारे तन्त्रशास्त्रमा व्यापक परिचर्चा छ । देवताहरूका लागि पनि दुर्लभ श्रीविद्या परीक्षा नलिई शिष्यलाई पनि नदिनु भन्ने शास्त्रको आदेश छ । शिव, विष्णु, नृसिंह र चन्द्रशेखरलाई नमस्कार गरेर श्रीविद्याको उपदेश गरिएको छ । सोह्र अक्षर हुने श्रीविद्यालाई यसरी गुप्त राखिएको छ कि आत्मा दिनु, शिर दिनु तर श्रीविद्या नदिनु भनेर लुकाइएको छ ।

मन्त्र विज्ञानको सत्यता केवल साधनाबाट मात्र सिद्ध हुन्छ । असल उपकारक गुरूको सन्निध्यमा गरिने साधनाको परिणाम नै मन्त्रको प्रमाण हो । यो व्यवसायिक युगमा बजारमा धेरै व्यक्तिले गुरूको नाममा व्यवसाय चलाइरहेकाले यहाँ असल विशेषण प्रयोग गरिएको हो । साधनाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभावमा प्रभाव शक्ति प्राप्त नहुने भएकाले तन्त्रशास्त्रमा वर्णित प्रायः सबै विषयहरूलाई गुप्त राख्न आदेश दिइएको हुन्छ । देवताहरूका लागि पनि दुर्लभ मनोरम श्रीविद्या विचारहीन व्यक्तिलाई कहिल्यै नदिनु भन्ने उपदेश छ । प्रयोग जानेन भने अमृत पनि विष झैं नोक्सानदेह हुन्छ । कार्यविधिको क्रम जान्यो भने विष पनि अमृत हुन जान्छ ।

किताबमा लेखेको मन्त्र शक्तिहीन र निष्प्रभावी हुन्छ । प्रत्येक मन्त्रलाई जागृत गर्नको निम्ति विधिवत् साधनाको सांस्कृतिक कृत्य आवश्यक पर्छ । देवता, दैत्य, यक्ष, गन्धर्व, किन्नर, योगिनी, अप्सरा, देवकन्या, नागकन्या, भूत, प्रेत, पिशाच, मनुष्य, पशुपन्छी आदि एउटै विधि र मन्त्रबाट खुशी हुँदैनन् । वशमा पनि पर्दैनन् । सात्त्विक भावशुद्धिबाट प्रभावित हुने र तामसिक अभिचार कर्मको प्रभावबाट पग्लिने इष्ट पृथक् हुन्छन् । छुट्टाछुट्टै सन्दर्भका लागि उत्पत्ति भएका देवता पनि भिन्न भिन्न छन् । उच्चारणको स्थान मिलेन भने सार्थक प्रयोजनका लागि प्रयोग गरिने मन्त्रपनि अर्थ प्रदायक बन्दैन । त्यतिमात्र होइन वाग्बज्र बनेर अनिष्टकारक बन्ने पनि खतरा हुन्छ । त्यसैले गुरुमुखबाट अर्थतत्त्वको निश्चय र बोध नगरी मन्त्र प्रयोग गर्दा अभीष्ट लाभ नहुने कुरा वर्णन गरिरहनु पर्दैन ।

षट्चक्र र महात्रिपुर सुन्दरी

मूलाधारात्सभारभ्य आज्ञाचक्रावधि प्रिये
चक्र षट्कं समाख्यातं योगशास्त्र विशारदैः
१८, पूजापद्धति

शरीरका रहस्यमय छ चक्र नै षट्चक्र हुन् । मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा यिनै षट्चक्र हुन् । जननेन्द्रियको भित्री तहमा एउटा रहस्यमय वृत्त हुन्छ । यसलाई शक्तिको आवास स्थान भनिन्छ । यो शक्तिको उद्गम स्थल हो । वाणीका चार भेद मध्ये परावाक् यही मूलाधार चक्रमा रहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परावाङ् मूलचक्रस्था पश्यन्ती नाभिसंस्थिता ।
हृदिस्था मध्यमा ज्ञेया वैखरी कण्ठदेशगा ॥

- वाक्यपदीय

शरीरका छ मुख्य ठाउँमा वर्तुलाकार वृत्तहरू हुन्छन् । यिनको जीवनदायिनी शक्तिसँग सम्बन्ध हुन्छ ।

दश विद्यामयी देवी महात्रिपुर सुन्दरी ॥ ५९२

पूजापद्धति

काली, तारा, षोडशी, परमाभुवनेश्वरी, सत्कारयोग्या-त्रिपुराभैरवी, छिन्नमस्ता, धूमावती, बगला, मातङ्गी, कमला यी दश महाविद्या हुन् । निर्वाण भैरव तन्त्रमा यसरी उल्लेख भएपनि यथाशास्त्र अर्चाको विधान छ । सबै आम्नायकी पूजार्हा महात्रिपुर सुन्दरी हुन् । यीनलाई दश विद्यामयी भनेरपनि संवोधन गरिन्छ । सर्वप्रथम दश प्रकारका महाविद्या सुन्ने एक्लै भएकीले सबै प्रकारका ज्ञान यिनमा समाहित छ भन्ने शास्त्रीय वचन छ । विश्वको संहारक कालचक्र परमात्मा शिवकी अर्द्धाङ्गिनी पार्वतीका विविध रूप मध्ये काली एक हुन् । कालो बादलको पङ्क्ति कालीमा जस्तै रूप भएकी स्त्रीतत्त्व नै कालीतत्त्व हो । महाविद्याका अन्य नाम रूपहरू पराम्वा भगवतीको अवस्था विशेषले बन्न गएका हुन् ।

कुलाचार र देशाचार अनुसार पूजा पद्धतिका प्रकारहरू पृथक् पृथक् हुने गर्छन् । कुलाचारमा पनि पितृकुल र गुरुकुलको प्रसङ्ग उठ्छ । विधि र प्रक्रियाहरूमा अन्तर पाइन्छ । कुल परम्परा शास्त्रीय सिद्धान्त भित्रकै एउटा प्रभावकारी अंश हो । त्यसैले महाविद्याहरूको ज्ञान र प्रयोगमा पनि पाञ्चायन जस्तै मुख्य र गौणको प्रसङ्ग उठ्ने गर्छ । दश महाविद्यामा षोडशी महात्रिपुरसुन्दरीको आराधना बढी चर्चित छ । द्युलोक, अन्तरिक्ष र भूलोकको प्रतीक त्रिपुरसुन्दरीको वासस्थान श्रीयन्त्र हो । आचमन, प्राणायाम, चक्र चिन्तनबाट आरम्भ गरेर यन्त्रोद्धार जलशोधन आयतनपूजा द्वारदेवताको पूजनक्रम यसमा चल्छ । ब्रह्माण्डको करोडौं योजनमा फैलिएको श्रीयन्त्रलाई एक ठाउँमा उभिएर अर्चना गर्नु आफैमा रहस्यमय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । ब्रह्माण्डलाई पिण्डमा, विस्तीर्ण स्थूललाई सूक्ष्म आकारमा समेटेर भावना प्रकट गर्ने गरिन्छ ।

जोगीको पूजा पद्धति

'यतिदण्डैश्वर्य विधानम्' आचार्य शङ्कर विरचित एक महत्त्वपूर्ण ग्रन्थ रत्न हो । आचार्य श्रीको नाउँमा उपलब्ध कृतिहरूमा यसको विशिष्ट स्थान छ । यो कुनै ग्रन्थको भाष्य नभएर सर्वथा मौलिक र स्वतन्त्र रचना हो भन्ने विद्वान्हरूको ठम्याइ छ । सम्पूर्ण ग्रन्थको अध्ययनपछि यो एक संग्रह प्रधान ग्रन्थ पनि हो । पिण्ड, ब्रह्माण्ड र दण्डको रचना रहस्यलाई उद्घाटन गरेर योग र तन्त्रको समन्वित स्वरूपद्वारा अभिनव साधनाको पथ प्रशस्त गर्नु यसको कार्य हो । 'यतिदण्डैश्वर्य विधानम्' को श्रीगणेश 'ज्योतिर्मठ' मा भएको हो । यसको समापन 'रूद्रगाढेश्वर' मा सम्पन्न भयो । मूलरूपमा यो ग्रन्थ ब्राह्मी लिपिमा थियो, कालान्तरमा यो विविध लिपिमा रूपान्तरित हुँदै आयो ।

आचार्य शङ्करले एक वर्ष नेपाल यात्रामा बिताए । आचार्य शङ्करका कृतिहरूमा उनको दुईवटा यात्रा कैलाश यात्रा र नेपाल यात्राको विशेष प्रभाव छ । कैलाश यात्रा गर्दैगर्दा उनले परशुराम दर्शनको लाभ पाए र उनकै अनुग्रहले अचिन्त्य रहस्यहरूको अनुभूति पनि बटुले । नेपाल यात्रा कालमा काठमाडौ उपत्यकाको भादगाँउमा भगवान् दत्तात्रेयको श्रीविग्रहको दर्शन र अर्चापछि आचार्य शङ्कर एक शिलाखण्डमाथि ध्यानमग्न भएर बसेका थिए, त्यसैबेला उनलाई सहज समाधि लाग्यो भन्ने गरिन्छ । समाधिस्थ अवस्थामा उनले अपूर्व ज्ञान विज्ञानको रहस्य पत्ता लगाए । त्यतिखेर आचार्य शङ्करको उमेर २० वर्ष थियो । त्यो उमेरलाई आचार्य शङ्करको जीवनमा उच्चतम प्रौढकाल भन्ने गरिन्छ ।

काठमाडौ वा वरिपरिको निवास कालमा एक दिन आचार्य शङ्करलाई धेरै तिर्खा लागेछ । यताउति हेर्दा पानी पिउने ठाउँ देखिएन । तिर्खाले व्याकुल भएर अत्तालिए पछि स्वयं जगदम्बा प्रकट भएर आचार्य शङ्करलाई मोही पिलाइन् भन्ने किंवदन्ती छ । मोही पिउने बितिक्कै आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शङ्करलाई अद्भुत रहस्यको बोध बढ्न थाल्यो । भगवान् दत्तात्रेय, भगवान् परशुराम तथा जगज्जननी जगदम्बाको विशेष अनुग्रह पाएरै आचार्य शङ्कर 'यतिदण्डैश्वर्य विधानम्' जस्ता ग्रन्थ प्रणयन गर्न समर्थ भए, यस्तो ऐतिहासिक तथ्य श्रुति परम्परामा जीवित छ ।

प्रर्यावरण र मानवताको संश्लेषण

हिमालयको कष्टसाध्य यात्रामा 'यतिदण्डैश्वर्य विधानम्' का पाउहरू घटित भए । आचार्य शङ्करको नेपाल आगमन कालमा नव प्रचलित जैन र बौद्ध धर्मबाट प्रभावित वृषभदेवको शासनकाल थियो । त्यतिखेर वैदिक धर्म संकटापन्न अवस्थामा थियो । आचार्य शङ्कर नेपाल आएपछि राजा वृषभदेव शैव धर्ममा प्रतिष्ठित भए । राजा वृषभदेवको कुनै सन्तान थिएन । आचार्य शङ्करको आशिर्वाद स्वरूप उनले पुत्र प्राप्त गरे र शङ्करको आशिर्वादबाट प्राप्त भएकोले राजा वृषभदेवले छोराको नाम शङ्करदेव राखे ।

शास्त्रार्थहरूमा आचार्य शङ्करले अनेकन् जैन र बौद्ध धर्मका आचार्यहरूलाई पराभव गरे । आचार्य शङ्करले श्रीपशुपतिनाथको मन्दिर र अन्य केही दिव्यक्षेत्रको समेत उद्धार गरे । परमहंस परिव्राजकाचार्य ब्रह्मलीन मूर्खारण्य उपनामले परिचित श्री १०८ विद्यारण्य स्वामीले 'यतिदण्डैश्वर्य विधानम्' को भूमिका लेखेर ग्रन्थको महत्त्व अझ बढाउनु भयो । अभिधानको दृष्टिले यस ग्रन्थको सारा सन्दर्भ जोगीहरूसँग जोडिएको छ । आवश्यक आन्हिक कर्तव्यहरूको ठाउँ ठाउँमा उल्लेख छ । दण्डविषयक सन्दर्भ र अन्य रहस्यहरू स्पष्ट पारिएका छन् । सनातन वैदिक मात्रका लागि यो ग्रन्थ अत्यन्त उपयोगी र अभ्युदय कारक छ ।

'यतिदण्डैश्वर्य विधानम्' लाई चार पाउमा बाँडिएको छ । पहिलो ७५ प्रसङ्गमा ३१८ श्लोक उनेर 'विभूतिपाद' नामाकरण गरिएको छ । दोस्रो ४१ प्रसङ्गमा १९८ श्लोक राखेर 'तत्त्वपाद' अभिधान गरिएको छ । ८९४ श्लोकलाई ७४ प्रसङ्गमा समेटेर तेस्रो 'साधनापाद' संबोधन गरिएको छ । ७२२ श्लोकलाई ३० प्रसङ्गमा संयोजन गरेर 'सिद्धिपाद' भनिएको छ । विन्दु स्थिरीकरण प्रसङ्गमा अतिरिक्त २४ श्लोक पनि संग्रहित छ । 'यतिदण्डैश्वर्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधानम्' को अन्त्यमा पूजा पद्धति समावेश छ । यही नै आचार्य शङ्करद्वारा विरचित पूजाविधि हो । पाशुपत क्षेत्र मै तयार पारिएको यो पूजा पद्धतिको सरणि जोगीहरू श्रीपशुपतिनाथको पुजारी रहुन्जेल चलिरहेको थियो ।

श्रीपशुपतिनाथ मन्दिरको व्यवस्थापन सन्दर्भमा कुरा उठ्दा जोगीहरूको पूजा पद्धति उल्लेख गरिएन भने व्यवस्था बुझ्न गाह्रो पर्छ । मानवता र पर्यावरणको संकल्प सुदृढ र समुन्नत हुन सकेन भने यस पछिका सम्भावनाहरू, पूजा पद्धतिका प्रकारहरू बोधगम्य बन्दैनन् ।

योग र तन्त्रको समन्वय

संस्कृत वाङ्मयमा योग र तन्त्रको अत्यन्त महत्त्वपूर्ण स्थान छ । लक्ष्य र उपलब्धिको दृष्टिले दुबै समान भएपनि योगको अपेक्षा तन्त्रको लोकपरक पक्ष बढी मजबुत छ । तान्त्रिक वाङ्मय खण्डित र विश्रृंखलित छ । साधक र मनीषीहरू ती खण्डित र लुप्त कडीहरूको अन्वेषणमा सतत प्रयत्नशील छन् । योग र तन्त्रको दिशामा आद्य शङ्करले जो उपलब्धिहरू मानव जातिलाई प्रदान गरे ती अत्यन्त दिव्य र पावन छन् ।

आचार्य शङ्करको अल्पकालिक जीवन मानव जीवनको बहुमुखी दिशाहरूको द्वार खोल्न समर्थ भयो भन्ने मान्यता अद्यावधि छ । योगमा वर्णित विभूतिहरूको रहस्य 'यतिदण्डैश्वर्य विधानम्' ग्रन्थमा सजीव नाडीहरूको रूपमा चित्रित गरिएको छ । साधक शरीरस्थ नाडीहरूलाई प्रबुद्ध गरेर कुनै पनि विभूतिलाई हात पार्न सक्छ । योगमा वर्णित सम्पूर्ण विभूतिहरू एक एक सजीव नाडीहरू हुन् जो हाम्रो आफ्नै शरीरमा रहन्छन् । यही नाडी समूहलाई आधार बनाएर गरिने साधना नै तन्त्रपथको साधना हो । जुन लक्ष्यको उपलब्धिका लागि योगमार्ग कठोर साधनाको निर्देश गर्दछ, त्यही लक्ष्यको उपलब्धि तन्त्रविधिद्वारा सहज र सरल रूपबाट प्राप्त गर्न सकिन्छ ।

तन्त्रविधिद्वारा उपलब्ध गरिने विभूतिहरू योगको अपेक्षा धेरै सुगम र चिरस्थायी हुन्छन् । योगीको प्रत्येक कार्य चैतन्ययुक्त हुन्छ । होसपूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्ममा प्रयत्नशील रहने बानी योगीमा परिसकेको हुन्छ । जन्म लिँदा, जीवन निर्वाह गरिरहँदा र मृत्युकालमा पनि योगी चैतन्ययुक्त बनिरहन्छ । यसको ठीक उल्टो भोगी जे कार्य गर्छ त्यो सबै बेहोसीमा गर्छ । प्रायः उसको प्रत्येक कार्यमा चेतनाको अभाव रहन्छ । उसले कुनै कार्य गर्दा बुद्धि र मनको आश्रय लिएर गर्छ ।

चेतन तत्त्वको नजिक भोगी पुग्न सक्दैन । चेतन तत्त्व भनेको आत्माको आफ्नै स्वतन्त्र ऊर्जा शक्ति हो । त्यही ऊर्जा र स्वतन्त्र शक्तिको साधना योग साधना हो र तन्त्र साधना पनि । तन्त्र एक सुल्झिएको स्पष्ट व्यवहारिक शास्त्र हो । जसमा दार्शनिक जिज्ञासाहरूको समाधानका साथै प्रत्येक प्रकारको सांसारिक आशा र अभिलासाहरूलाई पूर्ण गर्न तथा रोग निवारणको निम्ति कुनै न कुनै साधना उपलब्ध छ । तन्त्रमा विशेष गरेर मन्त्र, यन्त्र, मण्डल, न्यास एवं महाविद्याहरूको महत्त्वपूर्ण स्थान छ । प्रत्येक कार्य सम्पादनको निम्ति छुट्टै मन्त्र, यन्त्र र महाविद्याको व्यवस्था निर्दिष्ट छ । सभ्यता र विज्ञानको चमत्कारिक विकाससँगै तन्त्र र योग सर्वाधिक जीवित शास्त्रको रूपमा विख्यात रहिआएको छ ।

प्रतिपाद्य विषय र भावभूमि

'यतिदण्डैश्वर्य विधानम्' को विषयवस्तु चार पाउमा विभाजित गरिएको छ । ती चार पाउहरू हुन् विभूतिपाद, तत्त्वपाद, साधनापाद र सिद्धिपाद ।

विभूतिपाद - यो पहिलो पाउ हो । यसमा दण्डमहिमा र दण्डको आवश्यकता वर्णन गर्दै दण्डलाई प्रणवमात्रा, शिव वक्त्राम्नाय, तत्त्वचक्र, दिशा उपदिशापूर्वक श्रीचक्रको रूपमा प्रस्तुत गरिएको छ । प्राणप्रतिष्ठा एवं न्यास आदिले दण्डलाई अलौकिक प्रदर्शन गर्दै दण्डवन्दन, वन्दनको समयमा पूजा तर्पण, अर्घ्यप्रदान गर्ने विधि उल्लेख छ । वन्दन बेलामा करणीय कार्यको विशद वर्णन विभूतिपादमा गरिएको छ ।

तत्त्वपाद - यो दोस्रो पाउ हो । तत्त्वपादमा प्रणवको महत्त्व प्रतिपादन गरिएको छ । यसमा प्रणवका मात्राहरूको स्वरूप तथा प्रणवको वर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवता एवं शक्तिहरूको वर्णन यथाक्रम सन्निवेश छ । मन्त्र र ध्यान तथा मात्राहरूमा आम्नाय व्यवस्था (आम्नाय मानव शरीरका छ चक्र हुन् र ती नै भगवान् शिवका छ मुख हुन्) सृष्ट्यादि व्यवस्था कादि हादि एवं सादि क्रमकूट व्यवस्थाहरूको वर्णन तत्त्वपादमा गरिएको छ । जोगीहरूका लागि साधनापथको स्पष्ट दिशा उद्भासित गर्ने दृष्टि तत्त्वपादमा अनुस्यूत छ ।

साधनापाद - यो तेस्रो पाउ हो । यो पाउ "यतिदण्डैश्वर्य विधानम्" ग्रन्थको प्रमुख अंग हो । साधनाका लागि शरीर र अवयवहरूको ज्ञान परमावश्यक छ । यस पाउमा शारीरिक रचनाको वर्णन गर्दै शरीरस्थ वायुहरूको स्थान, वर्ण एवं कार्यहरू सन्निवेश छ । शरीरस्थ नाडीहरूलाई प्रबुद्ध गरेर ती नाडीहरूबाट सुगमतापूर्वक कार्य सम्पादन गर्ने प्रक्रियाहरूको वर्णन समेत समावेश छ । शरीरस्थ चक्रहरू तथा तिनको माध्यमले गरिने जप ध्यान आदिको महत्त्व प्रस्फुटन गर्नुका साथै नाद, विन्दु, योग एवं महारजो वीर्ययोग आदि यौगिक प्रक्रियाहरूको विवेचना यस पादमा गरिएको छ ।

सिद्धिपाद - यो ग्रन्थको अन्तिम चौथो पाउ हो । यसमा चक्रराज एवं श्रीयन्त्रको विशद वर्णन भएको छ । नवार्णमन्त्रको महिमा वर्णन गर्दै नवार्ण मन्त्रलाई देवीको स्वरूप मानिएको छ । आम्नायलाई श्रेष्ठ मान्दै त्यसलाई देवीको सादिकूटको सूचक भनिएको छ । षट्चक्रहरू मध्ये विभिन्न मुखहरूको ध्यान गर्ने विधान वर्णन गरिएको छ । ब्रह्म, इडा, पिङ्गला, सुषुम्ना आदि नाडीहरू एवं तिनका द्वारस्थानहरूको निरूपण गर्दै अन्तमा सिद्धिका स्वरूपहरू स्पष्ट पारिएको छ ।

"यतिदण्डैश्वर्य विधानम्" को पाण्डुलिपिका केही पृष्ठमा दीक्षाक्रम र यात्राको वर्णन, जस्तै "शरीरस्थ चक्राणां नामानि, शिवशक्ति नामानि" आदि विषयहरू समावेश छन् । वडवानल तन्त्र र प्रपञ्चसार आदि अन्य ग्रन्थमा भेटिएका विषय नै यसमा समावेश भएको र यो संग्रह प्रधान ग्रन्थ हो भन्ने संकेत माथि उल्लेख भइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेद, पुराण र उपनिषद्को सार गीतामा भेटिए जस्तै 'यतिदण्डैश्वर्य विधानम्' मा पनि सबै निगम एवं आगम ग्रन्थहरूमा वर्णित शरीर रचना, विभिन्न साधना पद्धतिहरू एवं तत्सम्बन्धी जप ध्यान आदि प्रक्रियाहरू र मुद्राहरूको सम्यक् वर्णन सरल र सुबोध भाषामा प्रस्तुत गरिएको छ । यस कारण यो ग्रन्थ तद्विषयक अन्य ग्रन्थहरूको सार मात्र होइन ती ग्रन्थहरूमा वर्णित सम्बन्धित विषयहरूको सम्यक् बोधका लागि पथ प्रदर्शक पनि छ ।

वास्तवमा यो ग्रन्थ सनातन सांस्कृतिक परम्परा एवं गौरवलाई अक्षुण्ण बनाइ राख्ने कतिपय ग्रन्थहरू मध्ये एक हो । यस ग्रन्थको मूल प्रतिपाद्य विषय हो दण्ड, पिण्ड, ब्रह्माण्ड र श्रीयन्त्रको एकत्व । यस दृष्टिले यसमा **'परोक्ष प्रिया हि देवाः'** भन्ने नैगमिक र **'संकेतविद्या गुरूवक्त्र गम्या'** भन्ने आगमिक सिद्धान्तलाई पाउ पाउमा उजागर गरेको देख्न पाइन्छ । दण्ड जस्तो प्रतीकमा सनातन मनीषीद्वारा उपलब्ध आध्यात्म, अधिदेव र अधिभूत सम्बन्धी रहस्य समेटिएको छ ।

विविध खण्डमा विभक्त 'यतिदण्डैश्वर्य विधानम्' मा अनेकन् आध्यात्मिक एवं साधनापरक रहस्यहरूको उद्घाटन आचार्य शङ्करले लोक कल्याणको निम्ति प्रस्तुत गरेका छन् । दण्डमूल, दण्डाग्र र मुद्राहरूमा सृष्टि, स्थिति तथा लयको बोध गराइएको छ ।

प्रत्येकमा बाह्र बाह्र तत्त्वहरूको प्रतिपादन गरेर आचमनको विधान गर्दै आत्मतत्त्वमा परिगाणित सांख्य सम्मत चौबीस तत्त्वहरूको विवेचन सूक्ष्म ढंगले भएको छ । विद्यातत्त्वमा पुरूष, नियति, काल, धर्म, योग, अविद्या एवं माया नामक सात तत्त्वहरू र शिवतत्त्वमा शिव, शक्ति, सदाशिव, ईश्वर र विद्या नामक पाँच तत्त्वहरूको एक ठाउँमा समाहार गरेर तत्त्वशुद्धि हेतु चाहिने आवश्यक मन्तव्य स्पष्ट पारिएको छ । यसै प्रकारले अनाख्या एवं भाषा संस्थितिहरूको विवेचना तथा आम्नाय विषयक मान्यताको प्रतिपादन ठीक ढंगले भएको छ ।

चक्रहरूको वर्णन गर्दै आचार्य शङ्करले विलक्षण रहस्यहरूलाई एकै साथ प्रस्तुत गरेका छन् । ऊर्ध्वमुख र अधोमुख चक्रहरूको वर्णन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्युदयका लागि अधोमुख चक्रहरूको साधना महत्त्व, निःश्रेयस्का लागि समग्र चक्रहरूको साधनाको महत्त्व, प्रत्येक चक्रको स्वरूप तथा स्थान विवेचना, मातृकाहरूको चक्रगत स्थितिको वर्णन गरिएको छ । दल एवं बीजहरूको तथा देवताहरूको वर्णन तथा मातृकासँग सम्बद्ध विशिष्ट वायुको नाम उल्लेख आदि सरल एवं सुबोध भाषामा यस ग्रन्थमा एकसाथ समेटिएको छ ।

यसको अतिरिक्त अधोमुख चक्रहरू मध्ये कसको ध्यान ऊर्ध्वमुख रूपमा गर्नुपर्ने र किन यसको निर्देश आवश्यक छ भन्ने गहन कुरा यो ग्रन्थमा स्पष्ट ढंगले उपलब्ध छ । कुन कुन चक्रमा जप र ध्यान गर्दा जिज्ञासा, आकर्षणशक्ति, बुद्धि-विकास, ज्ञान-विज्ञान, सिद्धि तथा आफ्नु इष्टदेवको स्वरूप ऐश्वर्य, वैभव र सामर्थ्य आदिको वृद्धि यथार्थ रूपमा अनुभव गरेर साधकले दिव्यता हासिल गर्न सक्छ । त्यो सबै चक्रको वर्णनमा स्पष्ट छ । मानव शरीर रचनामा १०८ चक्रहरूको उल्लेख पाइन्छ ।

अष्टोत्तरशते चक्रे मन्त्रपिण्डक्षरात्मके ।
द्विशताम्नों पुनः प्रोक्तः उदयः सर्वसिद्धिदः ॥

यी चक्रहरूलाई प्रबुद्ध गर्नको निम्ति गणपति अष्टोत्तरशतनाम, सप्तशती, बज्रकवच, शिव अष्टोत्तरशतनाम एवं दशमहाविद्या, सिद्धमहाविद्या आदिको पनि अष्टोत्तरशतनाम प्रयोग गरिन्छ । यी नामहरूमा रहस्य गर्भित नाम छन् । सबै नाम एक सय आठ चक्रहरूलाई प्रबुद्ध गर्नका लागि महर्षिहरूले विशेष अनुकम्पा गरेर लेखेका छन् ।

देश, काल र वातावरणको कारण धेरै विषयहरू रहस्यको गरिराइमा हराइसकेका छन् । कुन नामले कुन चक्रलाई प्रबुद्ध गर्छ, यसको यथार्थबोध हुने बितिक्कै चक्रहरूको क्रिया आफैं देखिन थाल्छ । त्रिशती र सहस्रनाम प्रायः सबै देवताहरूका मिल्छन् । ती सहस्रनामहरूमा विविध प्रकारका प्रयोगहरूको महत्त्व उल्लेख छ । यथार्थ प्रक्रिया ज्ञात भयो भने मात्र प्रयोग सम्भव हुन्छ । सहस्रनामहरूको गणना मुख रूपले भनिएको छ । मुख अग्निको स्वरूप हो । त्यसमा परेको बीजले सम्पूर्ण शरीरलाई सञ्चालित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छ । सम्पूर्ण शरीरको निर्माण गर्छ । सहस्रनाम पाठको समय अग्निका दश कलाहरूको ध्यान गर्नुपर्छ । यिनै दश कलाहरू मध्ये एक एक कलामा सय सय नाम छन् । यसको पूर्णसंख्या नै सहस्रनाम हुन्छ ।

अग्निको कला 'मणिपुर' चक्रमा हुन्छ । 'मणिपुर' चक्रमा दश पत्रहरू हुन्छन् । यिनै पत्रहरू नै अग्निका दश कला हुन् । यी प्रज्वलित भएर बाष्प बन्छन् । 'मणिपुर' चक्रमा नै महारजको निवास स्थान छ । यो संकेत विद्या हो । महारज रातो रङ्गको हुन्छ । त्यो महारज आगोमा तापिएर शुद्ध स्फटिक झैं बन्छ । त्यसले जीवनको सर्वोत्तम शुद्ध बुद्ध नित्य मुक्त मानवी शक्ति निर्माण गर्छ । यहाँबाट एउटा नाडी मष्तिष्कमा पुगेर अधोमुख पुरूषको 'मणिपुर' चक्रसँग जोडिन्छ । यसै कारण आचार्य प्रवरले मष्तिष्कबाट गुरूको आज्ञा पाएर 'मणिपुर' देखि जप प्रारम्भ गर्नु भन्ने निर्देश दिएका छन् । शारीरिक रचनाको जप प्रकरणमा यो विषय उपलब्ध छ । शरीरस्थ नाडीहरूको वर्णन क्रममा ८४ नाडीहरू प्रमुख रूपले प्रासङ्गिक छन् । यी ८४ नाडीहरू मध्ये ७२ नाडीहरूको नाम उपलब्ध छ । तिनको कार्य, उद्भव, भूमि र उपयोग आदिको विस्तृत विवेचना 'यतिदण्डैश्वर्य विधानम्' मा उपलब्ध भएजति अन्यत्र भेटिंदैन । यस ग्रन्थमा सात भागमा विभक्त मस्तिष्कको सम्बन्धमा जो वर्णन उपलब्ध छ । त्यसलाई साधक जगत् र आयुर्वेदिकहरूका लागि प्रकाश स्तम्भको समान दिशा निर्देशकारी मान्नै पर्छ । साधनाको माध्यमबाट यी विभिन्न नाडीहरूलाई जगाएर साधक अलौकिक कार्य सम्पादन गर्न समर्थ हुन्छ । विभिन्न यौगिक मुद्राहरूको साधनाद्वारा मनुष्य दिव्य शक्तिहरूको आधान आफूमा कसरी गर्न सक्छ यस ग्रन्थमा सबै अनुस्यूत छ । यसबाट स्पष्ट हुन्छ आचार्य शङ्करले मानव जातिको कल्याणको पथ आलोकित गरेका छन् ।

साधना र नाडी विज्ञान

शारीरिक संरचना भित्रको नाडी ज्ञान भयो भने निमिष मात्रमा सबै क्रियाहरू साध्य हुन्छन् । भगवान्को नाम, जप, विभिन्न प्रकारका मन्त्रहरूको अनुष्ठान तथा विविध प्रकारका यौगिक नाडीहरूको सम्यक्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानबाट मात्र सम्भव हुन्छ । जुन क्रियाको साधन गर्नुछ त्योसँग सम्बन्धित नाडीहरूलाई थिचेर त्यसलाई प्रबुद्ध गर्नु नै साधना सम्पादन गर्ने आधार हो । सम्बन्धित स्थानको नाडीलाई प्रबुद्ध गर्दा दुर्गम र दुरूह मार्ग पनि सुगमताले साध्य बन्न सक्छ ।

मष्तिष्क आदि शरीरका विभिन्न अङ्गहरूमा सूक्ष्म रूपले फैलिएका नाडीहरूको सम्यक् ज्ञानबाट दूरदृष्टि, दूरश्रवण, परकाय प्रवेश एवं मानस वृत्ति परिवर्तित गर्ने सामर्थ्यहरू आर्जन गर्न सम्भव छ । रूग्ण अवस्थामा सम्बन्धित अङ्गहरूको चिकित्सा पनि सुगमतापूर्वक गर्न सम्भव छ । जोगीहरूको पूजा पद्धतिमा सिद्धान्तहरूको चर्चाहरू मात्र छैन, अपितु स्थापित सिद्धान्तहरूको उपलब्धिका लागि साधनापथ पनि निर्दिष्ट छ । तन्त्रागममा प्रतिपादित काली र सुन्दरीका नित्याहरूको देहगत नाडी समूहसँग अभिन्न र अविच्छिन्न सम्बन्ध छ । यो सम्बन्ध किन छ । उपासना क्षेत्रमा काली र सुन्दरीको अभेद रूपमा परिणत हुने कारण र रहस्य के छ ? यी सबैको विवेचना मनग्य ढंगले भएको छ ।

शास्त्रमा १० आम्नायहरूका साधनमार्ग उपलब्ध हुन्छन् । ६ आम्नाय सर्वतन्त्र स्वतन्त्र छन् । चार आम्नाय दुई दुई आम्नायको योगले बन्छ । यिनै १० आम्नाय शारीरिक रचनाको दृष्टिले ऊर्ध्वमुख र अधोमुख चक्र नामले अभिव्यक्त हुन्छन् । शारीरिक संरचनामा १६ आधार भनिएका छन् । प्रत्येक आम्नायको मूल मन्त्रलाई १६ भागमा छुट्याइन्छ । १६ भागमा बाँडिएका मन्त्रलाई योगीजन निश्चित १६ आधारस्थानहरू माथि ध्यान एवं मन्त्रार्थ विचार गर्दै मन्त्र चैतन्यको पनि अभ्यास गर्छन् । मन्त्रलाई मनन गर्दा एक विशेष प्रकारको स्पन्दन बढ्छ र त्यसबखत चक्रहरूको नाद पनि सुनिन थाल्छ । प्राणवायुको संघर्ष हुँदा सम्बन्धित आम्नायको चक्र मन्त्रको रूपमा अनावर्त बन्छ । त्यही अनावर्त वायु संघर्षसँगै मृणाल तन्तु (कमल तन्तु, कमलको सन्ततिमय जडभैं) समान ब्रह्मरन्ध्रबाट वायु निक्लिएर उत्पत्तिको कारण तिर फैलिन्छ । त्यसले बिस्तारै बिस्तारै ब्रह्मरन्ध्रलाई खोल्न थाल्छ । त्यो खोलिंदै गरेको ब्रह्मरन्ध्रबाट एक प्रकारको सेतो वाष्परश्मि निक्लन्छ, अस्तित्वमा आउँछ र दृश्यमान हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन प्रकार आगोको झिल्कालाई सुकेको घाँसमा राखेर फुक्दा अग्नि समूह बन्न जान्छ । जसको विपरीत त्यो झिल्कालाई उपेक्षा गरेर चिसोमा फ्यांकिदियो भने त्यो आफैं निभेर जान्छ, सेलाएर जान्छ । प्रत्येक जीवको माथि उल्लिखित तन्तुका माध्यमले ब्रह्मरन्ध्रसँग सम्बन्ध जोडिएको हुन्छ । त्यो तन्तुलाई जसले हिफाजत गर्न सक्छ उ तन्तुको माध्यमले ब्रह्मका साथनै एकता हासिल गर्न समर्थ हुन्छ र शिव स्वरूप बन्छ । त्यसलाई उपेक्षा गर्ने व्यक्ति पशुतामा नै परिरहन्छ र बन्धनमा नै बाँधिरहन्छ ।

ब्रम्हरन्ध्रबाट निक्लिएको श्वेतबाष्प नै ब्रह्मतन्तु हो । यो तन्तु प्रत्येक जीवमा एकदमै सूक्ष्म रूपले विद्यमान रहन्छ । यो कुनै आश्चर्यको कुरा होइन । अभ्यासको दृढताले यसलाई सुगमतापूर्वक हेर्न र बुझ्न सकिन्छ । यो तन्तुको ज्ञान जुन माध्यमद्वारा गरिन्छ त्यसलाई नै तन्त्र भनिन्छ । जीवबाट शिव बन्ने यो एक प्रकारको महान् जुक्ति हो । घडीमा साँचो घुमाउँदा घडीभित्रका सारा यन्त्रहरू स्वतः चल्न थाल्छन् । साँचो घुमाउने क्रम सकिएपछि चल्ने एउटा यन्त्रको प्रभावबाट अरु सहयोगी यन्त्र पनि चल्दै जान्छन् ।

त्यस्तै शरीरस्थ यन्त्रको सम्बन्ध जोडिंदै गएपछि यन्त्रहरू सक्रिय हुन थालेपछि विविध प्रकारको ज्ञान आफैं बढ्न थाल्छ । शरीरस्थ नाडीहरूको विशेषज्ञ हुनुका साथै अन्य व्यक्तिहरूको नाडी विज्ञान जागृत र प्रबुद्ध गर्ने क्षमता आर्जन गर्ने सद्गुरु चक्रहरूलाई सञ्चालन गरेर सुप्त नाडी विशेषसँग सम्वन्ध जोड्न समर्थ हुन्छन् । सद्गुरु त्यही हुन्छ जसले आफ्नु शरीरमा रहेका नाडीहरूको सम्यक् परिचालन गर्न सक्छ । यस्ता सद्गुरूले चक्रहरूलाई सञ्चालित गरेर सुप्त नाडी विशेषसँग सम्बन्ध जोड्दै तिनलाई चैतन्य बनाएर विविध प्रकारका ज्ञानलाई सुसम्पादित गरिदिन्छन् । सामान्य जनजीवनको साधनोपयोगी विषय मात्र नभएर साधकहरूको नभै नहुने विशिष्ट निर्देशहरू पनि जोगीको पूजा पद्धतिमा अनुस्यूत छ । आगम अनुसार शारीरिक रचना, विशेष नाडीहरूको ज्ञान, काली र सुन्दरी कल्प अनुसार चक्रहरूको संख्या, देवता आदिको वर्णन, साधनाक्रमले चक्रहरूको स्वरूप स्पष्ट पारिएको छ । धमनी नाडीहरूको निरूपण,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रस्थ नाडीहरूको नाम, सुषुम्ना मध्यस्थ नाडीहरूको नाम, दश प्रकारका जप क्रम एवं फलको विवेचना यसमा सन्निवेश छ ।

चक्रहरूको मान व्यवस्था, बहिर्याग, अन्तर्याग विधान, शाम्भव क्रम, वीर्य संरक्षण प्रक्रिया एवं औषधि विज्ञान, तद्विषयक विविध मुद्रा, साधकहरूको कर्तव्य, कुण्डलिनी जागरण आदिको विशेष महत्त्व 'यतिदण्डैश्वर्य विधानम्' बाट प्रकट हुन्छ । कादि एवं हादि कूटहरूको विवरण जहाँ तहीं भेटिन्छ । तर सादि कूटको विवरण यस ग्रन्थ र पूजा पद्धतिमा मात्र फेला पर्छ । आचार्य शङ्करले कादि, हादि एवं सादि कूटहरूको विवरण प्रस्तुत गरेर साधक समुदायको ग्रन्थीहरूलाई हल्लाई दिएका छन् । प्रत्येक मन्त्रको ध्यान, मन्त्रोद्धार र आम्नायको निर्णय पनि दिएका छन् । आचार्य शङ्करले 'साधनपथ' लाई राजमार्ग बनाउँदै साधकहरूको गन्तव्य सुलभ पार्नको निम्ति साधकहरूको हितलाई मनबाटै ख्याल गरेर अत्यन्त उपयोगी कार्य सम्पन्न गरेका छन् । आश्रम व्यवस्थाको अन्तिम कालमा जीवनको पछिल्लो मोडमा गरिने पद्धति मात्र नभएर समग्र जीवन दर्शनको एउटा खाका प्रस्तुत गरेका छन्, आचार्य शङ्करले 'यतिदण्डैश्वर्य विधानम्' मा ।

दण्ड र शरीरको परिचय

'यतिदण्डैश्वर्य विधानम्' को अध्ययन चिन्तन र मनन गरिसकेपछि यो ज्ञात हुन्छ कि शास्त्रमा ५ प्रकारका दण्डको वर्णन छ ।

१. सुदर्शन दण्ड
२. नारायण दण्ड
३. गोपाल दण्ड
४. वासुदेव दण्ड
५. अनन्त दण्ड

दण्डको यो विधान शरीर रचना अनुसार भएको छ । 'दण्ड र शरीर' शरीरस्थ चक्रहरूको साधन मार्गसँग सम्बन्धित छ । दण्डको शरीर भित्रका चक्रसँग अभिन्न सम्बन्ध छ । सुदर्शनको स्वाधिष्ठानसँग, नारायणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधोमुख मणिपुरसँग, गोपालको ऊर्ध्वमुख मणिपुरसँग, वासुदेवको अनाहत र अनन्तको अधोमुख विशुद्ध चक्रसँग पूर्ण सम्बन्ध हुन्छ । अध र ऊर्ध्व सहस्रार पनि यी सँग सम्बन्धित रहन्छन् । यसको प्रमुख स्थान स्वाधिष्ठान हो । प्रत्येक चक्रदेखि अध र ऊर्ध्व सहस्रारसँग सम्बन्ध राख्ने एउटा नाडी चल्छ र त्यसले विभिन्न प्रकारका कार्य सम्पादन गर्छ ।

त्यस्तै प्रकारले दण्डको पनि कार्य हुन्छ । दण्डप्रणाम विभिन्न ग्रन्थिहरूको स्पर्श गरेर मात्र गर्ने विधान छ । शरीरस्थ नशाहरूसँग सम्बन्धित कुरा रहेकोले विशेषज्ञ अगाडि नराखी यो विषय बुझ्न सकिंदैन । विशेषज्ञ सर्वज्ञ भनेकै गुरु हो । मस्तिष्कका विकसित नाडीहरू दण्डसँग सम्बन्धित विभिन्न मन्त्रहरूको जप गर्दा आफैं सजग र सानन्द अनुभूत गर्छन् । सुदर्शन दण्ड ग्रहण गर्दा स्वाधिष्ठानका छ पत्र र दण्डकै छ ग्रन्थिहरू एकपना हुन्छन् । यो मन्त्रयोगलाई जगाउने विधि हो । सुदर्शन दण्डले पूर्वाम्नायलाई बुझाउँछ । श्रीयन्त्र र दण्डलाई 'यतिदण्डैश्वर्य विधानम्' मा समता प्रकट गरिएको छ । श्रीयन्त्र र दण्डमा एकता हुन्छ । यसबाट के कुरा सिद्ध हुन्छ भने मन्त्र संकेत, यन्त्रसंकेत र तन्त्रसंकेत आदि धेरै गम्भीर रहस्य गर्भित ज्ञानका विविध आयामहरू यसमा समाविष्ट छन् ।

'नारायण दण्ड' अधोमुख मणिपुरसँग सम्बन्धित छ । अधोमुख मणिपुर पूर्वाम्नाय र दक्षिणाम्नाय मिलेर बन्ने आग्नेय अष्टदल (स्वाधिष्ठानका ६ र मणिपुरका १० पत्र मिलाएर आधा भाग गर्दा अष्ठदल हुन्छ) दण्डकै आठ ग्रन्थि हुन् । यही दण्ड आम्नायात्मक र श्रीयन्त्रात्मक बनेर भक्तियोग प्रदायक हुन्छ । पूर्वाम्नायको मन्त्रयोग र दक्षिणाम्नायको भक्तियोग मिलेर 'नारायण दण्ड' बनेको हुन्छ । 'गोपाल दण्ड' ऊर्ध्व मणिपुरसँग सम्बन्धित छ । ऊर्ध्व मणिपुरको देवता भगवान् विष्णु हुन् र अधिष्ठात्री शक्ति दक्षिणकाली, यी दुबै शक्ति मिलेर 'गोपाल दण्ड' बन्छ । 'गोपाल दण्ड' को दश ग्रन्थीहरू नै मणिपुरका दश दल हुन् । अग्निका दश कलाहरू पनि यिनै दश ग्रन्थीहरू हुन् । यी साझा सबैलाई बुझ्ने गरी 'गोपाल दण्ड' बनेको हुन्छ ।

'वासुदेव दण्ड' अनाहतसँग सम्बन्धित छ । अनाहतका द्वादश दल छन् । वासुदेव दण्डको बाह्र ग्रन्थिहरू यसैका प्रतीक हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'अनन्त दण्ड' अधोमुख विशुद्ध चक्रकै स्वरूप हो । अधोमुख विशुद्ध चक्रका चौध दल छन् । यिनै चौध दल अनन्त दण्डको चौध ग्रन्थीहरूबाट विभूषित छन् । श्रीयन्त्रात्मक आम्नायात्मक एकताको प्रतिपादन चक्रहरूबाट बुझ्न सकिन्छ ।

श्रीयन्त्रको मानव शरीरमा स्थित स्वरूपबारे विशेष ख्याल गरिन्छ । श्रीयन्त्रको एक विन्दु स्थान स्वाधिष्ठान र अर्कोको सम्बन्ध सहस्रारसँग हुन्छ । यसै सीमाभित्र श्रीयन्त्र बनेको हुन्छ । दण्डको केन्द्र पनि यही हो । दण्ड र श्रीयन्त्रको एकताको चर्चा हुन्छ भने यसैलाई आधार मानेर हुन्छ । सृष्टि, अनाख्या र भासा गरी श्रीयन्त्रका तीन रूप हुन्छन् । स्वाधिष्ठानको विन्दुबाट स्थिति र संहार गरी दुई प्रकारका श्रीयन्त्रको छुट्टै चर्चा छ । पूजा पद्धति, देवीहरूको ध्यान सबै उपलब्ध छन् । पञ्चपूजा, सृष्टिपूजा, स्थितिपूजा, लयपूजा, अनाख्यापूजा र भासापूजाको विधान छ । अनाख्यापूजा र भासापूजा जोगीहरूका लागि विशेष महत्त्व राख्छ । यो गुरुगम्य भएकोले यसलाई संकेत विद्या भन्दछन् । उच्चतम सुदीर्घ साधनाको अवधि पार गरिसकेपछि यो विधिको ज्ञान हासिल हुन्छ ।

जोगीको कर्तव्य र चक्र चिन्तन

चक्राणां क्रमशो ध्यानं जपनं चिन्तनं तथा ।
प्रणवस्य च मात्राणां शक्तेश्च चिन्तनं खलु ॥
कर्तव्यानि षडेतानि यतिभिर्नियतं मुदा ।
सम्प्रोक्तक्रमनिर्वाहादैश्वर्यं प्राप्यते ध्रुवम् ॥
शौचं स्नानं जपो ध्यानं सुरार्चनं भिक्षाटनम् ।
कर्तव्यानि षडेतानि सर्वथा नृपदण्डवत् ॥ (विभूतिपाद ३१६ - ३१८)

चक्र शोधन एक महत्त्वपूर्ण कला हो । महारजो वीर्यको योगलक्षणमा दिइएको छ कि साधकहरूले यसमा विशेष ध्यान दिनुपर्छ । यतिहरूको प्राण्, साधकहरूको कर्तव्यपथ, शास्त्रको गहिरो अन्वेषण गरेर प्रकाशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको छ । साधकहरूलाई परिपुष्ट र उन्नतशील बनाउनुका साथै मेधा र प्रज्ञाको विकासले ओतप्रोत बनाउने ध्येयका साथ उपदिष्ट यी कर्तव्य विधिहरू गुरुगम्य छन् ।

शरीरहरूको वर्णनक्रम अनुसार बोध र व्यवहार सम्पन्न गर्नुपर्ने हुन्छ । शरीर संख्यामा नौ हुन्छन् । मस्तिष्कमा तीन, कान र आँखामा एक एक, हात र खुट्टामा दुई दुई । यी नौ स्थानहरूमा सम्पूर्ण शरीरको वर्णन छ । जसलाई एकतित्र रूपले शरीर भन्ने गरिन्छ । प्रकृतिले जुन मानव घडीको निर्माण गरेको छ । त्यो जन्मिदा सञ्चालित हुन्छ र अन्तिममा सदाका लागि बन्द हुन जान्छ । प्रकृतिको प्रेरणा भयो भने मात्र परिवर्तन सम्भव छ ।

गुरुकृपा, ईश्वर अनुग्रह, शास्त्र अध्ययन र स्वयंप्रयास (मनोयोग) प्राप्त भयो भने आफ्नु इच्छाको केही अर्थ हुन्छ । इच्छा अनुसार साधकले केही गर्न सक्ने सम्भावना रहन्छ । आफ्नु इच्छामा गुरुकृपा संयोजन हुन सकेन भने 'अल्लारे गाई मल्लारे बाच्छो' झैं विघ्न बढ्दै अव्यवस्था प्रकट हुन्छ । अध्यात्म पथका पथिकहरूका लागि कल्याणप्रद यो कर्तव्य विधि योग र तन्त्र सम्बन्धी वाङ्मयसँग जोडिएको छ ।

आचमन, प्राणायाम, चक्रचिन्तन र आयतन पूजा जोगीका विशेष विधिभित्र पर्दछन् । चक्रचिन्तनको प्रसङ्ग उठ्दा आरम्भ र परिसमाप्तिको कुरा पनि उठ्छ ।

मूलाधारात्समारभ्य आज्ञाचक्रावधि प्रिये ।
चक्र षट्कं समाख्यातं योगशास्त्रविशारदैः ॥ (पूजा पद्धति १८)

मूलाधारस्तथा स्वाधिष्ठानञ्च मणिपूरकम् ।
अनाहतं विशुद्धञ्च आज्ञा चेति स्मृतानि षट् ॥ (तत्वपाद १०५)

देहलाई देवालय ठानेर "सोऽहम्" भावमा पूजा आराधनाको क्रम चल्छ । चक्रनायिका षोडशीको षोडश आवरणमा पूजा गर्ने पद्धति विकसित छ । सृष्ट्यात्मक त्रैलोक्य मोहन चक्रको प्रथम आवरणमा, ब्रहमाण्ड सृष्ट्यात्मक स्वर्ग साधक चक्रको द्वितीय आवरणमा, सृष्टि स्थित्यात्मक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वाशापूरक चक्रको तृतीय आवरणमा र सृष्टि लयात्मक सर्व संक्षोभण चक्रको चतुर्थ आवरणमा अर्चनाको विधान गरिएको छ । यहाँ पूर्वाम्नायको समष्टिक्रम अनुसार यो विधि प्रचलित छ ।

सर्व सौभाग्यदायक स्थित्यात्मक चक्रको पञ्चम आवरणमा बहिर्दशारक स्थित सर्वार्थ साधक चक्रको षष्ठ आवरणमा, स्थिति लयात्मक सर्वरक्षाकर चक्रको सप्तम आवरणमा पूजा गर्ने विधान पूजा पद्धतिमा व्यवस्थित छ । दक्षिणाम्नाय समष्टिक्रम अनुसार यो विधि सम्पादन हुन्छ । लयसृष्टि स्वरूप सर्वरोगहर चक्रको अष्टम आवरणमा पूजा गर्दै गुरु स्मरणको विधान छ । संहार स्थित्यात्मक सर्वशिद्धि प्रदायक त्रिकोण महाचक्रको नवम आवरणमा, संहार संहारात्मक सर्वानन्दमय महात्रिपुर सुन्दरी चक्रको दशम आवरणमा अर्चनाको विधान छ । यहाँ आइपुग्दा पश्चिम आम्नाय समष्टि क्रमको पनि ख्याल हुन्छ । श्रीगायत्री स्वरूप मन्वस्रादि त्रिकोणान्त विनिर्मित स्पन्दी चक्रको एकदश आवरणमा पूजा विधान छ । त्रिपदा र चतुष्पदा गायत्री साथ पूजाको निर्देशन आचार्य शङ्करले गरेका छन् । महाविद्या स्वरूप स्पन्दी चक्रको द्वादश आवरणमा अर्चना गरिरहँदा दश महाविद्याको समष्टि पूजन गर्नुपर्ने हुन्छ । महात्रिपुर सुन्दरी स्पन्दीहरूमा विन्दु चक्रको त्रयोदश आवरणमा, वेदाद्य त्रिशक्तिरूप प्रणवात्मिका ब्रह्माणी, रूद्राणी र वैष्णवी चक्रको चतुर्दश आवरणमा पूजा विधान छ । सृष्टिक्रममा विन्दु षट्कोण शिव चक्रको पञ्चदश आवरणमा, भूपूरदेखि बाह्य आकार पर्यन्त कलातत्त्व र वर्णबोधक चक्रको षोडश आवरणमा अर्चनाको विधान छ । पात्रसाधन, षोढान्यास र महाषोढान्यासको विशेष प्रावधान छ । पूर्वादि क्रमले पूर्व दक्षिण पश्चिम उत्तर ईशान आदि द्वारदेवताको पूजन त अनिवार्य हुन्छ नै । सबै आम्नायकी पूज्या महात्रिपुर सुन्दरीको निर्वाण भैरवतन्त्रमा उल्लेख भएको विधि अनुसार पनि पूजा हुन्छ र गुरुकुल परम्परा प्राप्त यथाशास्त्र र यथामति अनुसार पनि भगवतीको विविध आवरणमा पूजा हुन्छ ।

सर्वाम्नायात्मिका पूज्या महात्रिपुरसुन्दरी ।
निर्वाण भैरवं चात्र यथाशास्त्रं समर्पयेत् ॥ (पूजा पद्धति, ६३८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आम्नाय नायिकाहरूको पनि वर्णन यथाक्रम सन्निवेश छ । अधराम्नाय- तारा, पूर्वाम्नाय- भुवनेश्वरी, दक्षिणाम्नाय- दक्षिणकाली, पश्चिमाम्नाय- कुब्जिका, उत्तराम्नाय- गुह्यकाली र ऊर्ध्वाम्नायकी अधिष्ठात्री- षोडशी वाला त्रिपुरसुन्दरी हुन् । आध्यात्मिक तत्त्वहरूलाई नै उपकरण मानेर मानस पूजाको रूपमा ध्यान धारणा आदि द्वारा जो आराधन हुन्छ । त्यसलाई अन्तर्याग=भावनात्मक र बहिर्याग=क्रियात्मक गरी बुझ्न सकिन्छ । सूत संहितामा वर्णन भएअनुसार बहिर्याग वैदिक र तान्त्रिक विधिमा विभाजित छ ।

क्रमबद्ध प्रणालीको अन्त्य

प्रथम गोपालवंशी राजा भुक्तमानले श्रीपशुपतिनाथको दिव्य ज्योति प्रकट भएको देखेर पाशुपत क्षेत्रमा देवल बनाएका थिए । लिच्छवी राजा मानदेव प्रथमले सम्वत् ३८१ मा भक्तिपूर्वक पाशुपत क्षेत्रमा विक्रान्ति मूर्ति स्थापना गरेको अभिलेखबाट स्पष्ट हुन्छ । लिच्छवी सम्राट् सामन्त अंशुवर्मा श्रीपशुपतिनाथको पूजा आफैं गर्थे । वि. सं. १७१४ भन्दा अघि सन्यासीहरू श्रीपशुपतिनाथका पुजारी थिए ।

आचार्य शङ्करद्वारा निर्धारित रीतिले आजसम्म श्रीपशुपतिनाथको पूजा अर्चना भइरहेको छ भन्ने भ्रम कतिपय मानिसहरूमा परेको छ । जोगीहरूको आन्हिक कर्तव्य "यतिदण्डैश्वर्य विधानम्" को अध्ययन गरिसकेपछि यो भ्रम आफैं हटेर जान्छ । उद्देश्य र प्रयोजन नै फरक परिसकेपछि प्रयोग विज्ञानको सन्दर्भ किन कोट्याउनु । जोगी चक्ररूपमा तन्त्र र योगको समन्वय गरेर श्रीपशुपतिनाथको पूजा गर्थे ।

मानवता र पर्यावरणको सन्तुलन, सनातन आस्था र सांस्कृतिक वैभवको निरन्तर प्रगति, नेपाल र नेपालीको कल्याणका निम्ति होइन, भारतीय हित र भारतीयताको विस्तारका निम्ति श्रीपशुपतिनाथको पूजा चल्दै आएको छ । यो दुर्भाग्यको श्रृंखला चलिरहेकै छ । गणतन्त्र आउँदा समेत यो अध्ययनको बिषय नबन्नु आश्चर्य लाग्छ । एकल कब्जाको परम्परा अझै सशक्त भएर आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधनामा महाविधाको प्रयोग

जीवनको आन्तरिक सत्य अनुभूतिलाई प्रकट गर्ने माध्यम धेरै छन् । शब्द, मुद्रा, नृत्य, दृष्टिभाव, सङ्केतभाव आदि । साधनाबाट आउने उपलब्धिहरू सार्थक र समुन्नत भएर आए कि ? मुख्य उपचार जादुटोनामा मिश्रित भएर फर्किए यो सधै साधकले हेक्का राख्नुपर्ने विषय हो । सृष्टिबोध लयबद्ध ढंगले एकीकृत नहुन्जेल धर्म र अध्यात्मको बारेमा बन्ने धारणाहरू बढी भ्रमात्मक देखिने गरेका छन् ।

अस्तित्वको सजीव बोध सम्भव छ । यसलाई शब्दले मात्र अर्थ्याएर पुग्दैन । किन भने शब्दले शब्दमात्र दिन सक्छ । रामकृष्ण परमहंसले कालीको ज्ञान शब्दको माध्यमबाट मात्र दिएका होइनन् । त्यहाँ धर्म आत्मसात् गरिएको थियो । शब्दरूपात्मक यो अखिल विश्व ब्रह्माण्ड शाश्वत सनातन धर्मबाट परिचालित छ ।

धर्म भन्नाले कुनै एक महापुरूष वा अवतारी व्यक्तिबाट निर्देशित संस्कार, विचार र जीवन पद्धतिलाई मात्र बुझ्ने प्रयत्न भयो भने मानव निर्मित धार्मिक संगठन तिर बढ्ने खतरा हुन्छ । विश्वव्यापी धर्मको वास्तविक मर्म र सनातन शास्वत रहस्यबाट टाढिने सम्भावना हुन्छ । तसर्थ तत्तत् सामाजिक सन्दर्भहरूलाई लिएर बनेका निर्णायक चिन्तन र कर्मकाण्ड पद्धति भन्दा पृथक् विश्वव्यापी नियम जसभित्र सूर्य, चन्द्र, पृथ्वी अन्य ग्रह नक्षत्र र त्यसका कारण तत्त्वहरू अन्तर्निहित भई चलायमान हुन्छन् ती सबै शास्वत धर्ममा टिकेका हुन्छन् ।

चेष्टावान् शरीरको वास्तविक स्वभाव कर्म हो । त्यहाँ शरीरबाट गरिने सत्कर्म धर्म हुन जान्छ । निरन्तर साधनाको माध्यमबाट जब साधक वैयक्तिक जीवनबाट व्यापकत्वमा प्रवेश गर्न थाल्छ, धर्म मार्गका ढोकाहरू आफैं खुल्दै जान्छन् । आनन्द र उत्सवको समग्रतामा बिउँझिन गरिने क्रियामा बोध मिसिएको हुन्छ । यो बोध धर्मबाट फैलिन्छ । जीवन र जगत्को मर्म धर्ममा टिकेको हुन्छ । धर्म भनेको शास्वत नियम त हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लौकिक र अलौकिक जस्तै नियम दुई प्रकारका हुन्छन् । एक अनादि अनन्त अक्षर र अर्को मानव निर्मित । मानव निर्मित नियम लौकिक हुन्छ । एकीकृत सामाजिक संस्कारहरूले बौद्धिक र आध्यात्मिक व्यक्तिहरूको समर्थन बटुल्दै लामो कालखण्ड पार गरेपछि शास्त्रमा परिणत हुने नियम लौकिक हुन्छ । यो मानव मस्तिकको उपज हो । वेद वेदाङ्ग र काव्यका कथाहरू मानव जीवनसँग गाँसिएकाले यिनले धर्मको बाटोमा हिंड्न प्रेरित गर्छन् ।

धर्म मावनताको ज्ञान हो । आध्यात्मिक साधनाको पथमा अग्रणी परमार्थ साधकहरू भन्छन् धर्मको रहस्य गहिराइमा हुन्छ । गहिराइको परीक्षा लिन आफै प्रवेश नगरी सम्भव हुँदैन । सनातनी हिन्दुहरू भन्छन् उपासना, अध्ययन, असहाय सेवा, कार्यमा जाँगर, पूर्ण आनन्द, भएको छोडीदिने र अब चाहिदैन भन्ने प्रबल भावना धर्म हो ।

पर्यावरण र मानवताको हित प्रवर्द्धन गर्ने, शास्वत जीवन मूल्यहरूको निर्धारण र परिपालनमा जोड दिने, सामाजिक न्यायको मूल विन्दुमा टेकेर विश्वबन्धुत्वको अन्वेषण गर्ने कार्य धर्मको नाउँले परिचित छ । मानव निर्मित अधिकांश धर्महरूको समान उद्देश्य भएपनि ज्ञान, वैराग्य र भक्तिको प्रस्थान विन्दु इष्टदेव, उपासना प्रकार र इष्ट साक्षात्कार गर्ने बाटोहरू फरक ढंगले विश्लेषण गरिएका छन् ।

जब हामी अज्ञानतावस शास्वत र सनातन मार्गको उल्लंघन गरेर धर्मको बाटो त्याग्छौं, नियमको अतिक्रमण गरेर बाँच्ने प्रयत्न गर्छौं, अनि हामी आत्मिक रूपले कमजोर हुन्छौं । विखण्डनको बाटोमा लाग्छौं । द्वन्द्वमा बल्जिन्छौं । द्वन्द्वले अहंकार र हिंसाको वातावरण सृजना गर्छ । त्यसपछि आरम्भ हुन्छ दुःखदायी आत्मिक यात्राहरू । द्वन्द्वबाट सृजित दुःख निवृतिको लागि उपाय के छ त भन्ने प्रश्नको उत्तर हो पाशुपत साधना ।

पाशोबाट छुटकारा गराउने, पाशोबाट मुक्ति दिने पाशुपततत्त्व शास्वत सनातन मूल्यहरूको प्रतिबिम्ब हो । पाशुपततत्त्वले चमत्कारमा होइन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियममा चल्न प्रेरित गर्छ । सृष्टिपाशुपत, स्थितिपाशुपत, संहारपाशुपत, अनाकुलपाशुपत, भासापाशुपत, निर्वाणपाशुपत, र गुरुप्राशुपत आदि गरी सप्तपाशुपतको चर्चा गुरुकुलको साधना क्रममा गर्ने गरिन्छ ।

साधकले पाशुपततत्त्वको साधना शैवागम माध्यमबाट गर्ने कि रूद्रागम माध्यमबाट गर्ने प्रश्न पनि उठ्छ । **पाशुपत क्षेत्रको पर्यावरण र तन्त्रसाधना** विषयमा अध्ययन-अनुसन्धान गरिरहँदा एकदशक अघि श्रीबोधानन्द परमहंस भन्नुहुथ्यो श्रीकण्ठी सम्प्रदायले शैवागम र रूद्रागममा सानो भेद देखाएको छ । शैवागम भेदप्रधान शैवतन्त्र हो र रूद्रागम भेदाभेद प्रदान । शैवागमलाई साधकहरूको बीचमा कायिक आगम समेत भन्ने चलन छ । त्यस अनुसार आगमहरूको स्रोत श्रीपशुपतिनाथ सदाशिव नै हुन् । यिनकै पाचँ मुख (तत्पुरूष, सद्योजात, वामदेव, अघोर र ईशाान) बाट तन्त्रागमको प्रादुर्भाव भएको हो ।

तन्त्र एक सुल्झिएको प्राविधिक ज्ञान हो । जसमा दार्शनिक जिज्ञासाहरूको तृप्तिका साथै प्रत्येक प्रकारको सांसारिक आशा र अभिलासाहरूलाई पूर्ण गर्न र शरीरस्थ रोग निवारण गर्न कुनै न कुनै साधन उपलब्ध छ । श्री पशुपतिनाथको मुखबाट पाँच लौकिक र पाँच वैदिक आगमहरू व्यक्त भएका छन् । लौकिक र वैदिक गरी पचास आगमशास्त्रको विशाल भण्डारपथ विकसित भएको छ ।

युद्धमा दुश्मनको गणमा मारण, उच्चाटन, वशीकरण आदिको प्रयोग गर्ने विधि समेत तन्त्र र महाविद्यामा पाइन्छ । तर यो विषय पाशुपत साधनामा आवश्यक छैन ।

सभ्यता र विज्ञानको चमत्कारिक कालमा पनि सर्वाधिक जीवित शास्त्र भनेर तन्त्रलाई चिनिन्छ ।

तन्त्रको प्रतिपाद्य विषय ज्ञान, योग, क्रिया र चर्या हो । इष्ट साधनामा यसको भरपुर प्रयोग हुन्छ । तन्त्रको प्रसिद्ध दुई मार्ग मध्ये दक्षिण मार्गको उद्देश्य हो जीवन मुक्ति । जीवन मुक्ति भनेको आत्म साक्षात्कार हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शारीरिक र मानसिक बाधाहरूको शमन, रोग निवारणमा लागि रासायनिक विधिको प्रयोग र राष्ट्रको लागि शक्ति आर्जन कसरी सम्भव हुन्छ ? यो जिज्ञासाको विषय छ । उपचार विधिको जानकारी नराखी तान्त्रिक साधनामा लाग्ने व्यक्ति विक्षिप्त हुन सक्छ, त्यस्तो अवस्थामा अनावश्यक विघ्नबाधाहरू आइपर्छन् । यसमा कालको निर्धारण पनि महत्त्वपूर्ण पक्ष हुने गर्छ ।

स्थूल, सूक्ष्म र परा गरी तन्त्रसाधनामा तीन सोपान छन् । प्रतिमा र यन्त्र गरी स्थूलको पनि दुईवटा रूप हुन्छ । उपासक, वैदिक-शाखा र आगमभेदले गर्दा साधना र मन्त्रमा फरक आउँछ ।

पाशुपत साधनामा काठ, धातु र पाषाणमूर्ति प्रयोग हुन्छ । उपयुक्त कक्षको निमार्ण, एकान्तभाव जागरणको लागि यन्त्र विशेषको प्रबन्ध मिलाउनु पर्ने हुन्छ ।

भक्तभाज चन्दने बाहुन

धर्मनिष्ठ कार्यमा सुरूदेखिनै प्रशस्त अनुराग थियो । ईश्वर आराधनामा दृढ निष्ठा यतिसम्म कि हिमालमा घाम नभुल्किदै निधारमा चन्दन टल्किसक्ने गर्थ्यो । चराचुरूङ्गीहरू गुँडबाट उठेर आँगनमा आइपुग्दा वेदपाठ सकिसकेको हुन्थ्यो । जोखनाको अक्षता खोज्न चिरबिरेको हुल आँगनमा आउँदा उनीहरू एक प्रकारले गाइरहेका हुन्थे म अर्के प्रकारले गाइरहेको हुन्थे । **'प्रभाते निद्रा आयुर्हरणम्'** यो प्रचलित वचन हो । त्यसैले ब्रह्ममुहूर्त अगावै उठिसक्ने बानी सानैदेखि बस्यो । पँधेरो टाढा थियो त्यसैले बाल्टी वा हत्तरमा पानी लिएर आँउदा साहसिक कार्य गरेजस्तो लाग्थ्यो । नयाँ शिक्षानीति लागू भएपछि गाँउमा प्राथमिक स्कुल खुल्ने छाँटकाँट देखिएको थियो । स्कुले पढाई सुरू गर्ने अवसर मेरा अग्रजहरूरूले पाएनन् किनभने वारिपारि गाँउको नजिक त्यतिवेला कुनै स्कुल थिएन । गोठमा गाईबस्तुको स्याहारसुसार गर्दै समय सहज बनेपछि मेरो स्कुले जीवन आरम्भ भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्तमा कोइरालको बोट चढेर फुल टिप्न र ठुलोवन गएर कटुस खोज्न मन लाग्थो । गाई गोठालो जानु पखेरामा घाँस काट्नु बाल्यकालको नियति पनि थियो । रणभुवनेश्वरी मा.वि. देवीघाटमा पढ्न थालेपछि पार्वतीचौर जिलिङ्गमा प्राथमिक विद्यालय खुल्ने निश्चित भयो । घरमा आमालाई काम सधाउँदै मेरो बाल्यकाल चल्यो ।

घरमा नित्य शिव पाञ्चायनको पूजा हुन्थ्यो । एकाविहानै स्नान गरेर फर्केपछि फूल दुवो टिपेर पूजाको सामान सजाउँदै म पूजामा बस्थें । व्रतबन्ध गर्नुपूर्व नैतिक नियम निष्ठाले बाटो लिएको थिएन । व्रतबन्ध सम्पन्न भएपछि भक्तिभाव बढ्दै गयो । वेद पढ्न जाँगर चलेर आउन थाल्यो ।

आत्मिक अनुशासन सबैभन्दा ठूलो कुरा हो । यसले असल नागरिक बन्ने सपनालाई साकार गर्छ । दबाबको अनुशासनले विकसित व्यक्तिमा अराजकताको खतरनाक सम्भावना लुकिरहेको हुन्छ । मलाई दबाबले होइन विश्वासले सहयोग गरिरहेको हुन्थ्यो । सबै मानिस एउटै बाटोबाट आएका हुन्छन । कर्मक्षेत्र, व्यवहार र जीवन चलाउने दृष्टिकोणले गर्दा मानिसको अन्त भिन्न भिन्न प्रकारले हुन सक्छ । तर जन्म एकै किसिमले हुन्छ । त्यसैले जातपात, उँचनीच र छोइछिटोको कुरामा म कट्टर भइन । एउटै शक्तिले मानिसको विस्तार र जीवनको निर्माण गरिरहेको छ भन्ने कुरा मेरो मनमा कहाँबाट आउँथ्यो पत्तै भएन ।

देव आराधना र नित्यकर्ममा म सानैदेखि जागरूक रहन्थें । सधै चन्दन लगाएको देखेर रणभुवनेश्वरी मा.वि. देवीघाटमा पढ्दा कक्षाका शिक्षकहरू समेत मलाई चन्दने बाहुन भनेर बोलाउँथे । विस्तारै कक्षाका साथीहरू पनि चन्दने बाहुन भनेर बोलाउन थाले । गाउँमा मेरो नामै चन्दने बाहुन हुन गयो । ईश्वरीय सत्ताको गहिरो अनुभव कसरी हासिल भयो, म कसरी आस्तिक बनें, त्यसका कारण छुट्टै छन् ।

स्कुलका प्रारम्भिक दिनमा पनि मेरो स्वभाव अरूको भन्दा छुट्टै थियो । छुट्टै यस अर्थमा कि म शान्त स्वभावको थिए । नितान्त अन्जान गहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तस्करणमा मन बरालिएको जस्तो, अप्रत्यासित तरङ्गले घेरिए जस्तो, सधै शान्त र गतिशील बनीं रहने । भक्तिवादमा विश्वास कुनै त्रासका कारणले पलाएको होइन । ईश्वरको अनुषद अवलम्वन गर्न भित्रैदेखि जाँगर चलेर आउँथ्यो । ब्रह्मनिष्ठ बन्ने उत्कण्ठा विलक्षण थियो । नीलकण्ठ सरोवरको (गोसाईकुण्ड) यात्रामा प्रकृतिसँग गहिरो आत्मीयता गाँस्ने अवसर जुऱ्यो । समुन्द्र मन्थनपछि हलाहल विष पिएर नील सरोवरमा सुतेपछि भगवान महादेव नीलकण्ठ बनेका थिए । गङ्गाकी दिदी त्रिशुलीको मुहान नीलकण्ठ सरोवरमा शिवासनको छाया देखिन्छ भनेर वेत्रावतीमा केही व्यक्तिले भनेका कुरा मानसपटमा छाइरहन्छ । चार दशक विल्न लाग्यो । बालमनोविज्ञान न हो म त्यो दिन शिव खोज्दै हिमाली कुण्डको छेउछाउ घुमिरहेको थिएँ ।

वि.सं. २०३६ सालमा ठूलो राजनीतिक परिवर्तन हुन्छ भनेर हल्लीखल्ली मच्चिरहेको थियो । स्कुलका सिनियर विद्यार्थीहरू राजनीतिक नाराबाट आकर्षित हुँदै थिए । म भने भगवान् खोज्न घर छाडेर हिंडे । पहिला धन कमाउन भनेर यहाँका मानिसहरू भोट र लाहौर जान्थे । धनकमाउने उद्देश्यमा पछिल्लो समय कहाली लाग्दो भयावह अवस्था बनिरहेका छ ।

घर छोडेर हिंडेपछि लाहुर जाने सपना पनि नबनेको होइन । तर मेरो धन कमाउने, जीवनवृत्तिको विकास गर्ने कुनै सपना थिएन । गोसाईकुण्डमा खोजिएको शिव नभेटेपछि कहाँ भेटिन्छन्, खोज्दै हिड्दा श्रीपशुपतिनाथ पुगेछु । त्यसपछि जीवनले नयाँ बाटो समात्यो । स्कुलका नयाँ शिक्षानीतिका पाठ्यपुस्तकहरू घरमै छोडियो । खाल्टे खेतमा दिउँसो बाँदर र राती दुम्सी कुर्ने सबै कामहरू छुटे ।

लोसेको पाशुपत परिक्रमा

आत्माराम बनेर, आत्मज्ञानको अन्वेषक भएर म पाशुपत साधनामा लागें । श्रीपशुपतिनाथबाट वेदको उत्पत्ति भयो । श्रीपशुपतिनाथबाट निक्लेको वेद भारतवर्षभरि ११३१ शाखामा फैलियो । श्रीपशुपतिनाथबाट वेद र वैदिक शाखा विकसित भयो । तर आश्चर्य यहाँ एउटा मात्र शाखाले आधिपत्य जमाएको छ । यहाँ अरु वैदिक शाखाहरू उपेक्षित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । नेपालमा अध्ययन अध्यापन हुने कुनै पनि वैदिक शाखाको मन्त्र श्रीपशुपतिनाथमा प्रयोग हुँदैन । यहाँ उल्टो भइरहेको छ ।

वैदिक ज्ञानले पृथ्वीलाई स्वर्ग बनाउने योगीको चाहना अद्भुत थियो । योग स्वास्थ्यमा, भोक तृप्तिमा र अभाव समृद्धिमा रूपान्तरित गर्ने उनको अटुट धारणा रह्यो । त्यतिखेर देशलाई स्वर्ग बनाउने महान् उद्देश्यहरू प्रकाशमा आए । साधनामा लीन बनेपछि मान्छे आफै व्यवस्थित हुदै जान्छ । तर त्यसका लागि नैतिक चरित्र बल र सामाजिक न्यायको आवश्यक प्रक्रिया पनि सँगै विकसित हुनुपर्छ । अन्यथा एकातिर पूँजीको संग्रह र दुरूपयोग, अर्कातिर अभाव र अराजकता बढ्दै जान्छ । चिन्तन र प्रयोगको तालमेल ठीक ढँगले बसाल्न प्रशिक्षित जनशक्तिको निर्माण र असल व्यवस्थापन ठूलो चुनौति हो । भोपाल, दिल्ली र ऋषिकेश भन्दा अझ व्यवस्थित र समुन्नत पारेर संचालन गर्ने लक्ष्य राखेर नेपालमा 'महर्षि वेद विज्ञान विद्यापीठ' को सुरूवात भएको थियो । म त्यहीं भर्ना भएँ ।

व्रतबन्ध गरेपछि शान्त भवनमा वेद अध्ययन गर्न थालेको तीन वर्ष भएको थियो । वैदिक ज्ञानको बाटो अवरूद्ध हुने गरी व्यवस्थापकीय कचिङ्गल बढेर एक्कासी विद्यापीठ बन्द भयो । शिक्षामा ठूलो व्यवधान र अप्रत्याशित अवरोध आइपऱ्यो । कुनैपनि विषयलाई गम्भीर रूपमा नलिने आम नेपालीको स्वभाव 'महर्षि वेद विज्ञान विद्यापीठ' मा पनि प्रकट भयो ।

कर्मयोगी बनाउने, नयाँ समाजको निर्माण गर्न सिकाउने र भौतिक अभाव हटाएर आत्मिक समृद्धि हासिल गर्न प्रेरित गर्ने शिक्षानीतिमा अझ बढी बाल मस्तिष्कलाई नियोजित गर्नुपर्ने वेला विघ्नहरू झन फैलिएर आए । घर फर्केर गए अरु डर थियो । रित्तो गोजी बसपार्क गएर हेर्दा गन्तव्य देखिँदैन । फेरि कल्पनामा नउब्जेको यात्रा फलदायी पनि बन्दैन । कहाँ गएर पढाइलाई निरन्तर अघि बढाउने होला । विषम परिस्थितिले उब्जाएका प्रश्नहरूले तर्साइरहेका वेला एक्कासी सडकमजदुर र गाडीको हेल्पर बन्ने मोडमा जीवन साँघुरिने भयो । गाउँबाट शहर पसेका किशोर हरूका लागि यातायात क्षेत्र एउटा सहारा पनि बन्ने गर्छ । आधुनिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शहरिया जीवनको दुईवटा रङ र अनुहार भएपनि किशोरहरूले अनुशरण गर्ने काम त्यो कदापि होइन ।

फेरि सन्ध्या-आचमन, वेदाध्ययनको विधि, योगासन र भावातीत ध्यानको सुलत, त्यतिखेर जोगाउनु थियो । नयाँ ढंगले शैक्षिक भविष्य सुदृढ पार्ने संकल्प बटुलेर वेदाध्ययन र ध्यानमा रमाइरहेको वेला एक्कासी वज्रपात भए जस्तो संकट काल आइपऱ्यो । यसलाई राम्ररी पढाउने भनेको यसको भाग्यमा नै रहेनछ भन्दै आफन्त पनि चिन्तित बन्न थाले । पैरो रोक्न बसेका ओडारका देउता सामु कोइरालको फूलले पूजा गरौंला भनेर गरेको भाकल सञ्चित त थिएन । मूलको पानी खोल्साखाल्सी हुँदै नदीमा मिसिएर कहाँ पुगिसक्यो । अव फर्केर त्यस्तो भाकल गर्नु पनि थिएन । सद्भाव र सद्विचार पलाउने, अभिनव दृष्टि र नवपथमा बढ्न प्रेरित गर्ने त्यस्तो स्रोत केन्द्रको खोजमा म थिएँ । जहाँबाट सबै विघ्नहरू तह लागेर एउटा शैक्षिक भविष्यको बाटो सुदृढ बन्न सकोस् ।

त्यो राती मैले पाशुपत परिक्रमा गरेको स्वप्न देखें । र त्यहीं परिक्रमा गरिरहदाँ सन्निटक आएर एउटा श्वेतवस्त्रले बेरिएका जोगीबाबाले भने किन दश थरी नानाकुरा मनमा खेलाइरहन्छस् बाबु ! यहीं आएर बस । तिम्रो जीवनका सबै समस्याको समाधान यहींबाट हुन्छ । झल्याँस्स बिउँझिएँ । बिहानको नित्यकर्म टुङ्ग्याएर म ज्ञानेश्वरबाट पाशुपत क्षेत्र तिर लागें । पाशुपत परिक्रमापछि श्रीपशुपतिनाथको प्राङ्गणमा रूद्रपाठ गर्न, शिवमहिम्न र शिव ताण्डव स्तोत्र गाउन थालें । सहस्रनाम पाठपनि आरम्भ गरें । हप्ताको एक दिन वेद पाठपनि सम्पन्न गर्न थालें । श्रीपशुपतिनाथ भित्र हुने लघुरूद्रमा पनि सहभागी बन्न थालें ।

मलाई त्यहाँ एउटा कुराले आश्चर्य पार्न थाल्यो । मोटाघाटा, रसिला र सुकिला व्यक्तिहरूको हातको नोट हेरेर भट्टले चन्दन लगाएर प्रसाद दिएको देखें । साना, दुब्ला-पातला मानिसहरूले भगवान्को नाम जप्दै निधार थाप्दापनि वास्ता नगर्ने भट्टको चरित्रलाई मैले नजिक बाट नियालें । म निकै दिनसम्म भित्र जाँदा यो घटना प्रायः हेरिरहन्थें । तर त्यतिखेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो उद्देश्य अर्कै थियो । दर्शनार्थीहरू प्रतिगर्ने भट्टको पक्षपात पूर्ण व्यवहार सच्याउनुको विकल्प थिएन । तर उनीहरू कमाइको जोहोलाई किन छोड्थे ? मेरो बोल्ने र टीका टिप्पणी गर्ने परिस्थिति पनि थिएन । म भक्तिभावले परिपूर्ण बनेर विद्यालयीय शिक्षामा पुनः कसरी प्रवेश गर्ने परिस्थिति खोज्दै पाशुपत प्रङ्गणमा स्तुति जप गर्दै थिएं । भट्टको कमाउने तरिका देखेर मलाई आश्चर्य लाग्यो ।

म गाउँ छोडेर प्राचीन वास्तुकलाको शहर ललितपुरमा वेद पढ्न भनेर गएँ । पढ्दै गर्दा वेद पढ्ने विद्यापीठ बन्द भयो । फेरि श्रीपशुपतिनाथ फर्किएँ । उपत्यकामा संस्कृत पढ्ने विद्यालयहरू अरु पनि छन् तर त्यहाँ मेरो पहुँच पुगेन । भनसुन नपुग्ने साधारण जनका लागि श्रीपशुपतिनाथको आँगन महाविद्यालय हो । श्रीपशुपतिनाथको आँगनमा पाठ, जप र स्तोत्रादि गाउँदा गाउँदै केही परिवर्तन महसुस भयो । उज्वल भविष्यको नयाँ बाटो खाज्दै म काशी तिर लागें । म भारतको सांस्कृतिक राजधानी पुगें ।

"विद्या चाहिए काशी जानु, न्याय चाहिए गोर्खा जानु" भन्ने उक्ति गोर्खा राज्य छउन्जेल खुब चल्यो । देशको एकीकरण भएर राजधानी काठमाडौं सरेपछि पनि यो उक्तिले ठाउँ पाएको छ । देशको एकीकरण भएर राजधानी काठमाडौ सरेपछि गोरखाको न्यायका कुरा गौण बने । तर काशीको महत्त्व भने कम भएन । श्रीपशुपतिनाथमा वैदिक मन्त्रहरूको पाठ गर्दागर्दै काशी जाने कुरा कहाँबाट आयो मलाई सम्झना छैन । त्यो तरङ्गले जीवनमा एउटा नयाँ मोड भने अवश्य ल्याइदियो । पहिलो दिन गङ्गाको घाट देखेर मन प्रफुल्ल बन्यो ।

"सुबह ए बनारस" भन्ने भनाइ प्रसिद्ध रहेछ । पाठशालामा भर्ना भएर किताब जुटाएपछि नयाँ विश्वास पलायो । काशीले शैक्षिक जीवन, असल सृजनात्मक संस्कार र पुरूषार्थ खोज्ने वातावरण बनाइदियो । काशीको म सधै सम्मान गर्छु । काशी जाने प्रेरणा श्रीपशुपतिनाथबाट पाएकाले पाशुपतसत्ता र शक्ति प्रति मेरो अटल भक्ति सुरूदेखि नै रहँदै आयो । ती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आस्था र श्रद्धा विकसित हुनुमा धेरै कारणहरू रहे । शान्तभवन छोडेपछि श्रीपशुपतिनाथतिर नलागेर अन्यत्र भौंतारिएको भए मैले हासिल गरेको शैक्षिक र सामाजिक जीवन उपलब्ध हुने थिएन । यस बीचमा मैले धेरै प्रकारले पात्रताको साधना गरें । ज्ञान र प्रयोगको प्रशिक्षण पाउन सतत प्रयत्नशील बनें । सांसारिक विघ्न बाधाहरूको प्राचुर्य रहेपनि आफ्नो उद्देश्य र लक्ष्यबाट विचलित बनिन ।

सृजनात्मक बोधको आरम्भिक कालमा, जीवनको संघर्षपूर्ण काल खण्डमा पनि अवरोध र सममस्याहरू चाङ् बनेर जादाँ म श्रीपशुपतिनाथलाई सम्झिन्थे । सधै केही न केही समाधान भेटाउँदै आएँ । भन्नलाई केही मेरो रहुन्जेल भौतिक जीवन प्यारो हुन्छ । त्यसपछि पनि समय त बाँचिरहन्छ । शरीरको यान्त्रिक कलपुर्जाहरूको अवधि शेष छउन्जेल कुनै न कुनै माध्यमलाई साक्षी राखेर सास त फेरिरहनु पर्छ । उत्साह र उमङ्गमा सास फेर्ने कि ग्लानि र अवसादमा ? प्रश्न कहिल्यै मर्दैन । मान्छे फेरिदै जान्छ, यो प्रश्न फेरिदैन ।

ऐतिहासिक सांस्कृतिक सम्पदाको हृदय तलमा भगवान्को बास हुन्छ किनकि भगवानकै लागि सांस्कृतिक सम्पदाको निर्माण भएको हो । ऐश्वर्य सर्वत्र विद्यमान रहेपनि आस्था र भाव बिसाउने केन्द्र यही हुन्छ । सभ्यताको इतिवृत्त प्रदर्शित गर्ने यो प्रतीक हो । मानवीय संवेदनाले जहाँबाट पोषण पाउँछ, पर्यावरण र जीवनले जहाँबाट पवित्र भएर हुर्किने प्रेरणा हासिल गर्छ, ईश्वर त त्यहाँ पनि हुन्छ । भक्तको हृदयमा पूजा र समर्पणको भाव प्रबल बन्यो भने कसैसँग पनि भगवान्को व्यवहार हुन सक्छ । त्यसैले भक्तको हृदयमा पलाउने भाव प्रमुख हो । भक्त जहाँ झुक्छ त्यहाँ भगवान् हुन्छ । भगवान् मन्दिरमा हुन्छ र अन्यत्र पनि । भगवान् यत्रतत्र सर्वत्र विद्यमान छन् ।

जव पूजा भाव झल्कियो नसोध आराध्य कस्तो ।
माटोको डल्लोसँग भन तिमी अव भगवान् बन ॥

भक्तको भाव प्रकट हुन थालेपछि भगवान् कहाँ लुकिरहन सक्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रह्लादले भगवान्लाई साँझ दैलोमा नरसिंह रूपमा प्रकट गराए त्यसको कथा चर्चितै छ । शरीरको बन्धनमा परेको जीव ईश्वरको भक्तिमा प्रयत्नशील रहन्छ । भक्तिले दुःखहरूलाई आफैं कमजोर बनाउदै लग्छ । पाशुपत आराधनाको उद्देश्य दुःख निवृत्ति पनि हो । समाजले विकसित गरेका मूल्य, मान्यता, शाश्वत-चिन्तन र उपासनाक्रमहरूमा पूजाको भाव झल्किन्छ । मानिसको विश्वास र सतत कर्मले मानिसलाई धेरै उपलब्धिहरू हासिल गराएको छ ।

नास्तिकहरू भन्छन् यो अन्ध विश्वास हो । आस्तिकहरू भन्छन् यो अज्ञानता हो । कसैले भनेको भरमा कसैबाट सुनेकै भरमा भित्रबाट प्रकाशको अनुभव नगरी सांसारिक वैभव र अहङ्कार बटुल्न मिथ्या सहारा लिइन्छ भने त्यो अन्ध विश्वास हुन सक्छ । उपदेश गर्ने व्यक्ति आप्त पुरूष हो कि होइन ? कुन उद्देश्यका लागि उपदेश दिन प्रयत्नशील छ यो पनि विचारको विषय हो । तर विचारको पनि सीमा हुन्छ । शब्दको पनि सीमा हुन्छ । विचारमा शब्दहरू उर्लिन्छन् । साधनामा शब्दहरू पनि हराउन सक्छन् । त्यसपछि मुद्राको प्रयोग हुन्छ ।

भित्रबाट प्रकाशका किरणहरू फैलिसकेपछि, भक्त बन्ने साहस बटुलिसकेपछि भगवान् प्रकट हुन्छ नै । सांसारिक वैभव जसलाई सधैं मायाको छाया परिरहेको हुन्छ । भक्त त्यहाँ कहिल्यै बरालिंदैन । आप्त पुरूषको उपदेश ग्रहणमा प्रयत्नशील बनिरहेका वेला स्वयम् आफैंपनि शब्द र विचारको सीमामा गएर पर्खिनु पर्ने हुन्छ । त्यसैले त वेदले पनि ईश्वरलाई नेति नेति भनेको छ । त्यस्तो ईश्वरको खोजमा लाग्ने प्रेरणा सद्गुरुबाट मिल्न सक्छ । सद्गुरु श्रीपशुपतिनाथको कृपाबाट भेटिन्छन् ।

ज्योतिर्मय मनुज ब्रह्मचारी

पानीको स्वाद र वाणीको महत्त्व बुझ्न मानिस एक ठाँउमा बसेर सम्भव हुँदैन । त्यसैले चारै वेदको ज्ञान बटुल्न मैले भारतबर्षको चक्कर लगाएँ । वैदिक सिद्धान्तको सार बुझ्न प्रर्याप्त सांस्कृतिक, धार्मिक यात्रा र परिक्रमा गरें । धेरै डुलें । महाकालेश्वरको दर्शनपछि प्रयागको महाकुम्भ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नानः गरेर म आयोध्याजी हुदै गंगोलियाको वेद विद्याश्रममा पुगें । त्यो किशोर अवस्थामा मन मन्त्र बन्न कोशिस गरिरहेको थियो । आनन्दमय आध्यात्मिक जागरणको कालखण्डमा वैदिक शाखा र ऋषिकुल परम्पराको ज्ञान आर्जन गर्ने धोको पुरा गर्न म चरैवेति स्वीकार्न पुगें । ऋजु र ऋतधामा भामण्डलहरूको सान्निध्यमा मन्त्रसिद्धिको उपाय खोज्न म त्यतिवेला प्रयासरत थिएं ।

म काशी पुगेर त्यहाँ घाट, गल्ली, मुहल्ला, मठ मन्दिर डुल्दै छात्रावास बस्न पुगें । सरस्वती फाटकको किरायाको डेरा छोडेर गीता मन्दिर तिर लागें । त्यहाँ जोगीहरूले नाम राखें श्रद्धालु भक्तदास । भोजनकालागि सेवागर्ने मानिस अर्थ रोजेर भक्तदास नाम राखेका होइनन् । निष्ठावान् पुजारीको नाउँ अरु के रोजून्, अरु के खोजून् ।

सूर्योदयको वेला गंगाको घाटमा पुगेन भने त्यो दिन मेरो मन गरूङ्गो हुन्थ्यो । गोमन सर्पले पनि उदाउदो सूर्यलाई नमस्कार गर्छ । मनिस भएर सूर्य उपस्थान गरेन भने उसको जीवन कसरी प्रकाशित हुनसक्छ । त्यतिवेला म सत्यम् शिवम् सुन्दरम्को पारखी बन्न प्रयत्नशील थिएँ । सूर्य पनि जीवनको स्रोत हो । विभिन्न रोग व्याधिबाट बच्ने उपाय हो सूर्य उपासना । घर बाहिर मेरो इष्ट भनेका गुरु, शिव र सूर्य हुन् ।

ब्रह्ममुहूर्त अगावै उठिसक्ने, नित्यकर्म सकेर सूर्य नमस्कार गर्ने मेरो बानी थियो । पुण्यस्थल वा देवालयमा प्रस्थान गरेर दिनको आरम्भ गर्ने मेरो दैनिकी थियो । अर्थात् प्रकट हुँदै गरेको सूर्यको सामीप्यमा अभिवादन प्रस्तुत गर्दा छुट्टै आनन्दको प्रवाह बढ्दछ भन्ने ज्योतिर्मय मनुज ब्रह्मचारीको विश्वास थियो । त्यतिवेला सन्ध्या र हवन भइसक्थ्यो । त्रिकाल सन्ध्यामा रमाउँदै संस्कृत वाङ्मय अध्ययन गर्न मलाई रमाइलो लाग्थ्यो । सन्तुलित पर्यावरणभित्र मानवताको सम्वर्धन र यथोचित विकास एवं विस्तार गर्ने उद्देश्य राखेर प्रज्ञावान् महामानव मनीषीहरूले संस्कृत शिक्षाको उन्नयन गर्दै आए । सबल, सक्षम र समुन्नत व्यक्तित्व निमार्णको निम्ति संस्कृतको सन्दर्भ र महत्त्व अतीतमा थियो, वर्तमानमा विद्यमान छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र भविष्यमा पनि रहिरहने छ । त्यसैले संस्कृतलाई समग्रमा हेर्न उपयुक्त हुन्छ । सद्भाव र समन्वयको बहुआयामिक मार्ग दर्शनमा संस्कृतले पुऱ्याउने योगदानलाई बिर्सन हुन्न । संस्कृत भाषा, जीवन दर्शन, कला, संगीत, स्वास्थ्य, पवित्रता, जीवन बोधका लागि नभै नहुने परिकार हो । त्यसैले म किशोर अवस्थामा भारत भ्रमण गर्दै संस्कृतको अध्ययन गर्न प्रयासरत थिएँ ।

वाणी, विद्या र महाविद्याको अवबोध गर्न म विशेष प्रयत्नशील थिएँ । विचार विमर्शका माध्यमले मात्र ज्ञान र साधना परिपक्व हुने होइन । पुण्यकालमा पूर्णता प्राप्त आध्यात्मिक गुरुजनको सामीप्यमा मौन मुद्रा साधेपछि गुरुलाई प्रदेय प्रतीत लाग्यो भने अनि अवबोधको सातत्य प्रवाहित हुन्छ । मणिकर्णिकाका घाटे गुफाहरूमा महानिशाको त्यो परितुष्ट कालधर्म व्यतीत हुँदा प्रवर्तनको साहस एक्कासी बढेको थियो । ज्ञान काकरूको विषय बन्न सक्दैन । जति साम उपायहरूसँग साधर्म्य बढ्दै जान्छ त्यतिनै मधुमय प्रज्ञाको आश्रय मिल्दै जान्छ । बतासे चैतारीमा एकायन पथिल बनेर तत्त्वन्यास गरिहँदा अपार आत्यन्तिक शिवताति पत्ता लागेको थियो । त्यो आनन्द काननका घाटहरूमा पनि साक्षी बनिरहेकै छ । त्रिपुराभैरवी, पीताम्बरा र ललिताको स्नेहले इतिहासका पहेलीहरू पनि प्रफुल्ल बन्दै आइरहेकै छ ।

प्रभुता पाएर पनि अभिमान शून्य हुनु ज्ञानीको लक्षण हो । अद्भुत आनन्दको संचार भइरहँदा समेत तल्लीनता हराएन । अपितु प्रकट भइरह्यो । धैर्य, प्रयत्न र आस्थाको संयोजन आफैमा फलदायी हुन्छ । त्यसबाट प्रद्योतको आभा पनि फैलिन्छ । अध्यात्म विज्ञानको सांस्कृतिक धरातलमा भिज्ने र फैलिने अवसर सबैका लागि अनुकूल नहुन सक्छ । जसलाई मिल्छ उसले आफुलाई हितानुबन्धी मान्नै पर्छ ।

श्रीपशुपतिनाथको महत्त्व अपरम्पार छ । यो बुझ्न ठूलो त्याग र तपस्या हुनु पर्छ । जसले यस्तो गर्न सक्छ त्यो पशुत्त्वबाट मुक्त हुन्छ ।

❖❖❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट १

पाशुपत क्षेत्र

भगवान् श्रीपशुपतिनाथको मन्दिर र पावन पशुपति क्षेत्र प्राचीनकालदेखि नै विश्वभरका सनातन हिन्दूजनहरूको श्रद्धा र आस्थाको केन्द्रबिन्दु एवं पवित्र तीर्थस्थलका रूपमा रहिआएको छ । देवपाटन, जयबागेश्वरी, गौरीघाट, चावाहिल, कुटुबहाल, सिफल, गौशाला, पिङ्गलस्थान र श्लेष्मान्तक वन आसपासको विशाल क्षेत्रलाई ओगटेर २६४ हेक्टरको क्षेत्रफलमा फैलिएको पशुपति क्षेत्रमा ४९२ साना-ठूला विभिन्न शैलीका मठ मन्दिर, सत्तल, ढुंगेधारा, चैत्य, देवालय आदि धार्मिक तथा ऐतिहासिक स्थल र लगभग एक हजार शिवलिंग रहेका छन् । लिच्छवीकालदेखि नै पाशुपत क्षेत्रका रूपमा प्रसिद्ध भएको यस क्षेत्रमा ईशा पूर्व तेस्रो शताब्दी सम्मका विभिन्न मूर्तिहरू पाइएका छन् ।

शकसम्वत ३८१ (ई ४५९) को तिथिमिति सहितको हाल सम्मको पहिलो लिच्छवी-अभिलेख पनि यहीं भेटिएको छ । यसरी यो क्षेत्र काठमाडौं उपत्यकाकै प्राचीनतम धार्मिक स्थल प्रमाणित भएको छ र अति प्राचीन पूजा स्थल मठ मन्दिर र मूर्तिहरू तथा प्राचीन अभिलेखहरूको अवस्थितिले गर्दा यो क्षेत्र खुला संग्रहालय र सभ्यताको केन्द्र बनेको छ । नेपालको राष्ट्रिय संस्कृतिको मूल आधार भएको धार्मिक समन्वयको विकासमा यस क्षेत्रको योगदान सर्वोपरि छ । यहाँ प्राचीनकालदेखि नै विभिन्न मतको समन्वय भएको पाइन्छ । शैव, शाक्त, वैष्णव, बौद्ध, जैन, सौर्य, गाणपत, नाथ, सिख आदि प्रमुख सम्प्रदायका भक्तजनहरूका लागि यो क्षेत्र सदैव सम्मान, आस्था एवं श्रद्धाको केन्द्र बनेको छ । ती विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्प्रदायका स्मारक, एवं पूजा स्थल एवम् अखाडा यस क्षेत्रमा रहेका छन् । भगवान् श्रीपशुपतिनाथको नित्य पूजाका क्रममा शालिग्रामको पूजाका साथै श्रीयन्त्रमा तान्त्रिक विधिले शक्ति पूजा समेत गरिने हुनाले र भगवान् श्रीपशुपतिनाथलाई प्रत्येकवर्ष बुद्धमुकुट पहिऱ्याउने भएकाले पनि भगवान् श्रीपशुपतिनाथ स्वयं धार्मिक समन्वयको प्रतीक हुनुहुन्छ र हामीलाई संधै पारस्परिक सद्भावनाको प्रेरणा प्रदान गरिरहनु हुन्छ भन्ने स्पष्ट हुन्छ ।

एक समय भारत र वरपरका देशहरू र कम्बोडिया जस्ता टाढाका देशहरूमा पनि पाशुपत मतको व्यापक प्रचार थियो । श्रीपशुपतिनाथ पाशुपतहरूका प्रधान देवता थिए र अना इष्टदेवको दर्शन गर्न विभिन्न ठाउँबाट श्रद्धालुहरू र ठूलाठूला साधकहरू समेत नेपाल आउने गर्थे । यसरी धेरै अघिदेखि नै श्रीपशुपतिनाथ र पाशुपत क्षेत्रको प्रसिद्धि अन्तर ष्ट्रिय जगत्सम्म फैलिएको थियो र यो क्षेत्र नेपाल र नेपालीको चिनारीको सशक्त माध्यम बनेको थियो । वर्तमानमा पनि "विश्व सम्पदा सूची" मा समाविष्ट रहेको यस क्षेत्रको महत्त्व र प्रसिद्धिले विश्वभरिका सबै श्रद्धालु एवम् इतिहास र संस्कृतिका अध्येताहरूलाई आकर्षण प्रदान गरिरहेको छ । अतः यस क्षेत्रको संरक्षण र विकास गरी पारस्परिक सद्भाव र विश्वबन्धुत्वको प्रतीकका रूपमा यस क्षेत्रलाई अझै सशक्त रूपले विश्वभर परिचित गराउने तर्फ लाग्नु नेपालीको दायित्व हुन आउँछ । आफ्ना अनेकौं विशेषताहरूले सम्पूर्ण हिन्दूजगत्लाई स्वधर्मनिष्ठा, पारस्परिक सद्भावना, आत्मीयता र विश्वबन्धुत्वको प्रेरणा प्रदान गर्दै दिव्यताको प्रतीकका रूपमा अवस्थित पावन पाशुपत क्षेत्रलाई यसको प्रतिष्ठा एवं गरिमा अनुरूप सुव्यवस्थित र विकसित पार्ने उद्देश्यले वि.सं. २०४३ सालमा एक अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाका रूपमा पशुपति क्षेत्र विकास कोष स्थापना भएको हो ।

विश्वको विभिन्न भागमा रहेर असीम श्रद्धाभावका साथ श्रीपशुपतिनाथको दर्शन गर्न आउने भक्तजनहरूलाई स्थान, दर्शन, पूजन र परिक्रमा आदिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सु-अवसर उपलब्ध गराउने दिशामा लागि पर्नुका साथै पाशुपत क्षेत्रको धार्मिक, सांस्कृतिक एवंम ऐतिहासिक सम्पदाको संरक्षण गरी प्राकृतिक सौन्दर्य तथा वातावरणमा समेत सन्तुलन कायम राख्ने काममा प्रयत्नशील रहनु परिषद् र नेपालीजनको कर्तव्य हो । र यो आवश्यक छ ।

श्रीपशुपथिनाथको श्वेतपत्र

१) पशुपति क्षेत्र विकास कोषको स्थापना २०४३ सालमा अध्यादेश मार्फत् भएको हो र २०४४ सालमा पशुपति क्षेत्र विकास कोष ऐन तर्जुमा भई यस क्षेत्रको सुरक्षा, सम्भार, विकास र संरक्षणको कार्य सुरू भएको हो ।

२) पशुपति क्षेत्र विकास कोषका प्रमुख उद्देश्यहरू देहाय बमोजिमका छन् :

क) आराध्यदेव श्रीपशुपतिनाथको पाशुपत क्षेत्र हिन्दू मात्रको उपसना केन्द्र र सनातन तीर्थस्थलका रूपमा रही आएकोले यस पशुपति क्षेत्रलाई सोही बमोजिम कायम गर्ने ।

ख) श्रीपशुपतिनाथको आदर्श, गरिमा एवं महत्त्व अनुरूप पशुपति क्षेत्रको योजनाबद्ध रूपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

ग) पशुपति क्षेत्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका वस्तु वा स्थलहरू श्रीपशुपतिनाथका चलअचल सम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा संवर्द्धन गर्ने ।

घ) स्वदेश तथा विदेशका तमाम हिन्दू धर्मावलम्वीहरू तथा पयर्टक समेतको सुविधाका लागि यस पावन तीर्थस्थललाई यथोचित रूपमा योजनाबद्ध रूपले सुधार गरी अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्ने ।

३) पशुपतिक्षेत्र विकास कोष ऐनको दफा ५ बमोजिम प्रधानमन्त्री संरक्षक हुने व्यवस्था छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४) पशुपतिक्षेत्र विकास कोष ऐनको दफा १० क बमोजिम 'श्रीपशुपतिनाथको मन्दिरको मूलपुजारी तथा अन्य पुजारी र वासुकीनाथको मन्दिरको पुजारीको नियुक्ति परिषद्को सिफारिसमा संरक्षकबाट हुनेछ' भन्ने व्यवस्था रहेको ।

५) श्रीपशुपतिनाथका पुजारीको योग्यता :

कार्यव्यवस्था नियमावलीको नियम ३.१ बमोजिम 'श्रीपशुपतिनाथको पुजारी हुन जन्मसिद्ध हिन्दू धर्मावलम्वी, वेदाध्यायी, सदाचारी, धर्मशास्त्रमा विशिष्ट ज्ञान भएको, संस्कृतज्ञ, स्नातक, विद्वान् ब्राह्मण तथा स्वजातिमा विवाह भएको व्यक्ति हुनुपर्ने छ र विधुर वा एकभन्दा बढी पत्नी भएको व्यक्ति मूल पुजारी हुनेछैन' भन्ने व्यवस्था रहेको छ ।

६) पशुपतिनाथका मूल पुजारी र पुजारीको राजीनामा :

क) श्रीपशुपतिनाथ मन्दिर उत्तर मुहारका पुजारी श्रीकृष्ण योग भट्टले कोषमा मिति २०६५/५/६ मा स्वास्थ्यको कारण देखाई सिद्धार्थ हस्पिटलको प्रेस्किप्सन संलग्न गरी पुजारी पदबाट राजीनामा दिनु भएको । सो को व्यहोरा यस प्रकार छ :

"म कृष्णयोग भट्ट, श्रीपशुपतिनाथको उत्तर मुखका पुजारीको रूपमा १४ वर्षदेखि पूजा गरीरहेको छु । हाल केही समयबाट मेरो स्वास्थ्य पटक पटक बिग्रेर श्रीभगवान्को पूजा निरन्तर रूपले गर्न बाधा परिरहेको छ । त्यसैले म आत्माले श्रीपशुपतिनाथको नित्य पूजा राम्ररी गर्न नसकीरहेकोले म कृष्णयोग भट्ट उक्त उत्तर मुखका पुजारीको पदबाट निवृत्त हुन चाहन्छु ।"

ख) श्रीपशुपतिनाथका मूल पुजारी श्रीमहाबलेश्वर भट्टले कोषका संरक्षक सम्माननीय प्रधानमन्त्री समक्ष स्वास्थ्यको कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाइ मिति २०६५/७/९ मा राजीनामा पेश गर्नु भएको राजीनामाको व्यहोरा यस प्रकार छ :

"विक्रम सम्वत् २०४४ सालमा श्रीपशुपतिनाथको पुजारीमा नियुक्ति पाएपछि हालसम्म परम्परा अनुसार श्रीको सेवा गर्दै आएको र हाल मेरो शारीरिक अस्वस्थताका कारण श्रीको सेवामा संलग्न हुन नसक्ने भएकोले श्रीपशुपतिनाथको मूल पुजारीबाट राजीनामा पेश गरेको छु । महोदय, यथाशीघ्र मेरो राजीनामा स्वीकृत गरीदिनु हुन सादर अनुरोध गर्दछु । राजीनामा स्वीकृत भएपछि मलाई आफ्नो घर भारततर्फ जाने व्यवस्था समेत मिलाई दिनुहुन सादर अनुरोध गर्दछु ।"

उक्त राजीनामा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको प.स.सा.वि (क) ५४/०६५/६६ च.न. १४ मिति २०६५/०७/२० को पत्र मार्फत् संस्कृति तथा राज्य पुनः संरचना मन्त्रालयमा गएको ।

ग) श्रीवासुकीनाथका पुजारी श्री के.पी. रामचन्द्र भट्टले स्वास्थ्यको कारण देखाई मिति २०६५/०६/०६ मा मूल पुजारी श्रीमहाबलेश्वर मार्फत् राजिनामा पेश गर्नुभएको र मूल पुजारीबाट सिफारिस सहित राजीनामा स्वीकृतिका लागि मिति २०६५/०६/०९ मा कोषका अध्यक्ष समक्ष पेश हुन आएको ।

घ) श्रीपशुनाथका पुजारी श्री गणेश भट्टले मिति २०६५/०९/२० गते स्व-इच्छाले राजनामा पेश गरेको भनी निवेदन दर्ता गराउनु भएको ।

७) राजीनामा स्वीकृति :

क) उपर्युक्त राजीनामा मध्ये मूल पुजारी श्रीमहाबलेश्वर भट्ट, पुजारी श्रीकृष्णयोग भट्ट र वासुकीनाथका पुजारी श्री के. पी. रामचन्द्र भट्टको राजीनामा पशुपति क्षेत्र विकास कोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चालक परिषद्को मिति २०६५/०८/३० को बैठकले स्वीकृत गरी मूल पुजारी श्रीमहाबलेश्वर भट्टलाई अर्को व्यवस्था नभएसम्म साविक बमोजिमको पूजा आजा गर्न लगाउने गरी सिफारिस गरेको ।

ख) कोष सञ्चालक परिषद्को सिफारिस बमोजिम कोषका संरक्षकबाट सदस्य सचिव श्रीपरमानन्द शाक्यलाई मूल पुजारी र पुजारीको राजीनामा र नियुक्ति स्वीकृत सम्बन्धी अधिकार प्रत्यायोजन भएको ।

ग) कोष सञ्चालक परिषद्का सदस्य सचिवलाई प्रत्यायोजित अधिकार बमोजिम सदस्य सचिवले मिति २०६५/०९/१३ मा राजीनामा स्वीकृतिको पत्र दिएको ।

घ) मूल पुजारीलाई भने साविक बमोजिम काम गर्न पत्र दिएको ।

८) रिक्त पुजारी पदमा नियुक्ति :

क) राजीनामा स्वीकृत भई खाली हुन आएको श्रीपशुपतिनाथका उत्तर मुहारका पुजारीमा डा. श्री विष्णुप्रसाद दहाललाई नियुक्तिका लागि सञ्चालक परिषद्को मिति २०६५/०८/३० को बैठकले सिफारिस गरेको र सोही सिफरिसको आधारमा प्रत्यायोजित अधिकार बमोजिम सदस्य सचिवले उहाँलाई पुजारी पदमा नियुक्ति गरिएको छ ।

ख) त्यसै गरी श्रीवासुकीनाथको पुजारी पदमा श्रीशालिग्राम ढकाललाई सञ्चालक परिषद्को मिति २०६५/०८/३० को बैठकले नियुक्तिका लागि सिफरिस गरेकोमा प्रत्यायोजित अधिकार बमोजिम सदस्य सचिवले मिति २०६५/०९/१३ मा नियुक्त गरेको ।

९) पुजारीको शुद्धीकरण र विधि पुऱ्याउने कार्य :

मिति २०६५/०९/१४ गतेदेखि नवनियुक्त पुजारीलाई शुद्धीकरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र विधि पुऱ्याउन श्रीपशुपतिनाथ मन्दिर प्राङ्गणभित्रै राखी चौथो दिन अर्थात् २०६५/०९/१७ गते विधिवत् पशुपति क्षेत्रका एकादश शिवालयको परिक्रमा एवं दर्शन गराई सोही बिहान १०:३० बजे श्रीपशुतिनाथ मन्दिर प्रवेशका लागि मन्दिरको दक्षिण ढोकामा पुऱ्याइएको ।

१०) नवनियुक्त पुजारीलाई विधिपूर्वक दीक्षा दिने र मन्दिर प्रवेश गराउने बारेमा कोषका सदस्य सचिव, कोषध्यक्ष, निर्देशक मिति २०६५/०९/१६ गते साँझ ६:०० बजे मूल पुजारी निवासमा गई छलफल एवम् सहमति गरिएको ।

११) भण्डारीहरूसंग छलफल :

मिति २०६५/९/१५ गते नवनियुक्त पुजारीको मन्दिर प्रवेश गराउने बारेमा कोष कार्यालयमा मूलभण्डारी र शिवशरण राजभण्डारी संग छलफल गरिएको ।

१२) मिति २०६५/९/१७ गते बिहान १०:३० बजेसम्म मूल पुजारी र अन्य पुजारी मन्दिर प्रवेश नगरेपछि परिषद्का सदस्य सचिव, कोषाध्यक्ष, निर्देशक मूल पुजारी निवासमा गई मन्दिरमा पूजा गर्न जानका लागि अनुरोध गरेकोमा मूलपुजारीले भण्डारीहरू बाट नजान दबाब आएको कुरा व्यक्त गर्नुभयो ।

१३) सो बारेमा मूलभण्डारी ४ जना र अन्य केही भण्डारीहरूसहित मूल पुजारी निवासमा लामो छलफल गरी मन्दिरको नित्यपूजा खण्डित नगर्न प्रयास भएको तर पुजारीहरू मन्दिर प्रवेश गर्न इन्कार गरेको र पालोवाला भण्डारीले मन्दिरको मूल ढोकामा ताला लगाई एकाएक गायव भएको । नवनियुक्त पुजारीलाई मन्दिर प्रवेश गराई पूजा गराउन खोज्दा पालोवाला भण्डारीले ताला लगाई साँचो लिएर बेपत्ता भएपछि पटक पटक प्रहरी, सुक्षाकर्मी र भण्डारको रैख्कर्मीले निजलाई खोजी गर्दा फेला नपरेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४) मन्दिरमा तालाबन्दी गरिएको र साविकका पुजारी मन्दिरमा गई पूजा गर्न नमानेपछि नवनियुक्त पुजारीलाई मन्दिर प्रवेश गराई पूजा गराउन अपरान्ह ४:१५ बजे पशुपतिक्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्ष एवं संस्कृति तथा राज्य पुनः संरचनामन्त्री श्रीगोपाल किराँतीको आदेशमा प्रहरी, दर्शनार्थी, परिषद् सदस्य पदाधिकारीहरूको रोहवरमा मन्दिरको पश्चिम मूल ढोकाको ताला तोडी नयाँ पुजारीलाई प्रवेश गराई पूजा गराइएको ।

१५) मिति २०६५/९/१७ गतेदेखि हालसम्म पनि साविकका पुजारीहरू मन्दिरमा नगएका र भण्डारीहरू पनि सम्पर्कमा नआएका, पुजारीलाई सहयोग गर्न सहयोगीका रूपमा २ जना (मन्दिरमा वर्षौंदेखि जल बोक्ने कार्यमा कार्यरत) ब्राह्मणलाई काममा लगाइएको र प्रत्येक दिन पूजा कार्य हुँदै आएको ।

१६) मिति २०६५/९/१८ गतेदेखि मन्दिरमा भक्तजनहरूबाट अर्पण गरिएको भेटीघाटी (नगद) र जिन्सी सामानहरू विभिन्न प्रतिनिधि एवं दर्शनार्थीको रोहवरमा दैनिक गणना गरी आम्दानी बाध्ने कार्य प्रारम्भ गरिएको छ । पुराना पुजारीहरूबाट राजीनामा दिएपछिको हालसम्मको यथार्थ विवरण स्वेतपत्रका रूपमा प्रस्तुत गरिएको छ । श्रीपशुपतिनाथ क्षेत्रको विकासको नयाँ सुधारको पक्षमा चालिएको यस कदमलाई सबै सनातन हिन्दू धर्मावलम्वी, नेपाली जनता, पत्रकार र यसमा चासो र सद्भाव राख्ने सबै पक्षलाई सहज रूपमा लिइदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

मिति २०६५ पुष २१ पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट २

हालसम्म श्रीपशुपतिनाथ मन्दिरमा मूलभट्टको कार्य सम्पादन गर्ने भट्ट पुजारीहरू

१.	कृष्ण भट्ट	वि.सं. १८०४-१८५१ सम्म
२.	रामचन्द्र भट्ट	वि.सं. १८५१-१८६७ सम्म
३.	नीलकण्ठ भट्ट	वि.सं. १८६७-१८७३ सम्म
४.	गोपाल भट्ट	वि.सं. १८७३-१८९९ सम्म
५.	रामचन्द्र भट्ट	वि.सं. १८९९-१९०५ सम्म
६.	श्याम भट्ट	वि.सं. १९०५-१९२१ सम्म
७.	अनन्तराम भट्ट	वि.सं. १९२२-१९४५ सम्म
८.	कृष्ण शास्त्री	वि.सं. १९४५-१९७४ सम्म
९.	दामोदर भट्ट	वि.सं. १९७४-१९८० सम्म
१०.	सुब्रमण्यम् शास्त्री	वि.सं. १९८०-२०२२ सम्म
११.	पद्मनाथ शास्त्री	वि.सं. २०२२-२०५० सम्म
१२.	सुब्रमण्यम् मार्कण्डेय	वि.सं. २०५०-२०५५ सम्म
१३.	अनन्तकृष्ण सोमयाजी	वि.सं. २०५५-२०५८ सम्म
१४.	महाबलेश्वर	वि.सं. २०५८-२०६५ पुष १६ सम्म
१५.	डा. विष्णु दहाल	वि.सं. २०६५ पुष १७-२०६५ पुष २३ सम्म
१६.	महाबलेश्वर	वि.सं. २०६५ पुष २४-२०७१ अषाढ ५ सम्म
१७.	गणेश भट्ट	वि.सं. २०७१ असार ६ देखि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. विष्णु दहाल

शिक्षाः शिक्षाशास्त्री (नागरिकशास्त्र), आचार्य (नव्य व्याकरण), विद्यावारिधि (पि.एच्.डी.) पाणिनि व्याकरण ।

अध्ययनः वागेश्वरी प्रा.वि., जिलिङ, नुवाकोट । रणभुवनेश्वरी मा.वि., देवीघाट, नुवाकोट । महर्षि वेद विज्ञान विद्यापीठ, शान्तभवन, ललितपुर । गुरुकुल, सेमरा रूपन्देही । विश्वनाथ संस्कृत पाठशाला, त्रिपुराभैरवी, वाराणसी, भारत । दक्षिणमूर्ति संस्कृत महाविद्यालय, वाराणसी, भारत । सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, भारत ।

प्राध्यापनः टीकामाणी संस्कृत कालेज, वाराणसी भारत । नेपाल संस्कृत विश्वविद्यालय (याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ, मटिहानी, महोत्तरी जनकपुर । विश्वविद्यालय विद्यापीठ, बेलझुण्डी, दाङ । वाल्मीकि विद्यापीठ, काठमाडौं नेपाल ।)

सामाजिक, सांस्कृतिक र राजनीतिक जीवनः महामन्त्री-छात्रसंघ (सन् १९९५-९६) सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, (भारतीय विश्वविद्यालयको छात्रसंघमा लगातार दुई पटक प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुने अन्तर्राष्ट्रिय विद्यार्थी ।)

अध्यक्षः अखिल नेपाली छात्र मञ्च (संवत् २०५१) (हिमाली सभ्यता, लोकजीवन र नेपालीभाषा प्रति ममत्व राख्ने, नागरिक स्वतन्त्रता, सह अस्तित्व र नेतृत्वको विकास हेतु कार्य गर्ने नेपाल, भारत र भूटानका युवा विद्यार्थीहरूको प्रशिक्षण स्थल ।)

महासचिवः उत्तराखण्ड संघर्ष वाहिनी (ऐतिहासिक उत्तराखण्ड आन्दोलनमा चार वर्ष नेतृत्व ।)

संयोजकः प्रगतिशील संस्कृत छात्र मोर्चा (सन् १९८६)

अध्यक्षः अमर भाषा महासमिति (सन् १९९१) (प्रखर साहित्यिक चेतनाको वाङ्मय, सनातनवादको आवरण, वैश्विक प्रज्ञाबाट प्रवाहित स्फोट संस्कृतको महत्त्व रेखाङ्कित गर्न ।)

संस्थापकः मिथिला सांस्कृतिक विकास केन्द्र (संवत् २०५६) प्रादेशिक आन्दोलन, राष्ट्रिय भाषा, संस्कृति र ललितकलाको संरक्षण-संवर्द्धनका लागि जलेश्वरमा स्थापित ।

प्रचारकः सनातन राष्ट्रिय मोर्चा (संवत् २०५८)

सचिवः जयतु संस्कृतम् महासभा (सवत् २०५९)

संरक्षकः शंखनाद साहित्यिक आन्दोलन (सवत् २०६२)

सङ्कल्पः लोकाः समस्ताः सुखिनो भवन्तु

हाल नेपाल संस्कृत विश्वविद्याय अनुसन्धान केन्द्रको कार्यकारी निर्देशकका रूपमा कार्यरत ।

दृष्टिकोण

डा. विष्णु दहाल नेपाली राष्ट्रवाद के प्रखर पोषक सांस्कृतिक क्रान्ति चेता नेपाली युवा राजनेता हैं । प्राचीनता और अभिनव नवीनता सम्मिश्रण उनकी विशेषता है । उत्तराखण्डकी जनता डा. दहालको भूल नही सकती । नेपाल भारत सम्बन्ध के हर पहलु में जनपक्षीय प्रस्तावना बनने के लिए मंगलकामना ।

उत्तराखण्ड आन्दोलन, भारत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



पाशुपत परिक्रमा गर्नुपूर्व प्रायश्चित संकल्प र गोदान गर्न वागमतीको तटमा जाँदै



वागमती नदीको किनारमा प्रायश्चित गोदान र सङ्कल्पपछि पाशुपत परिक्रमा आरम्भ गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



श्रीपशुपतिनाथ मन्दिर प्रवेश गर्नुपूर्व पाशुपत परिक्रमा सम्पन्न गर्ने उद्देश्यसहित वागमती तटमा प्रायश्चित गोदान संकल्प र पूजापछि प्रार्थना गर्दै (बायाँ र तल)



पाशुपत परिक्रमा र एकादश रूद्रको अर्चना एवं वन्दना क्रममा जल अर्पण गर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकतान्त्रिक संस्कृतिको विकास र सांस्कृतिक चेतनाको उन्नतिका लागि सांस्कृतिक नवजागरण आन्दोलनको शुभारम्भमा प्रशिक्षण दिँदै । (वि.सं. २०६०, दाङ)

मिथिला सांस्कृतिक विकास केन्द्रको वार्षिक सम्मेलन जानकी नवमीका अवसरमा केन्द्रका संस्थापक एवं आजीवन सदस्य स्वागत मन्तव्य प्रकट गर्दै (वि.सं. २०५७, महोत्तरी)

सम्पूर्णानन्द संस्कृति विश्वविद्यालय (वाराणसी, भारत)का कुलपति एवं छात्रसंघ संरक्षक वि. वेङ्कटाचलम्बाट छात्रसंघ महामन्त्रीको शपथग्रहण गर्दै (सन् १९९४) । भारतीय विश्वविद्यालयहरूको छात्रसंघ इतिहासमा लगातार दुईपटक प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुने अन्तर्राष्ट्रिय विद्यार्थी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय छात्रसंघको चुनाव प्रचारको सिलसिलामा बनारसको ग्रामीण इलाकामा पुगेर भोट माग्दै (सन् १९९४, भारत)



भारत यात्राको क्रममा महाराष्ट्रको नासिकमा (सन् १९८९)

त्रिपुराभैरवीमा स्वाध्याय गर्दै (वि.सं. २०४१ वाराणसी, भारत)



परिवारका साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

A45 3



संस्कृत वाङ्मय दर्शनका विशिष्ट विद्वान् डा. विष्णु दहाल नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक हुन् । भारतमा बसेर वेद-वेदाङ्ग र तन्त्रशास्त्रको अध्ययनपछि पाणिनि व्याकरणमा बौद्ध आचार्यहरूको योगदानबारे अनुसन्धान गर्दै उनले विद्यावारिधि उपाधि हासिल गरे । प्राज्ञिक र प्रशासनिक दुवै क्षेत्रमा प्रतिष्ठा प्राप्त गर्ने डा. दहाल विद्यार्थीकालदेखि नै कर्मठ र जुझारू थिए । धर्म र संस्कृतिमा देखिएको भारतीय साम्राज्यलाई चुनौती दिँदै देश र समाजको प्रतिनिधि बनेर श्रीपशुपतिनाथको भट्ट पुजारी बने । भूराजनीतिक चलखेलले श्रीपशुपतिनाथको भट्ट पुजारीबाट बहिर्गमनमा परेका उनी अनुशासन र सङ्घर्षको द्वन्द्वमा जीवन खोज्ने एक साधक हुन् । यो देशमा जन्मिएर गर्व गर्ने र यही माटोलाई सर्वोत्तम ठान्ने डा. दहाल नयाँ पुस्ताका लागि प्रेरक व्यक्तित्व हुन् ।

मण्डप बुक्स
भृकुटीमण्डप, काठमाडौँ
mandapbooks@gmail.com
9 789937 912723

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal